*येशूसँगको एक यात्रा*

**पुस्तक २**

# कटनीमा

*यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।-- मत्ती ९:३८*

**माइकल गिब्सन**

## A Journey with Jesus

# Book 2 – Into the Harvest

Copyright © 2010 by Michael Gibson

7869 Greenleaf Lane

Denver, Colorado 80221

All Rights Reserved

3rd Printing 2017

Scripture taken from the NEW AMERICAN STANDARD BIBLE®,

© Copyright The Lockman Foundation 1960, 1962, 1963, 1968, 1971, 1972, 1973, 1975, 1977

Used by permission.

Library of Congress Catalog Card Number: TX-7-334-703

International Standard Book Number: 978-0-9654179-1-4

Scripture excerpts from the following resource:

**Follow Me**

**"A Message from God"**

Copyright ©1996 by Michael Gibson

7869 Greenleaf Lane

Denver, Colorado 80221

All Rights Reserved

"Scripture taken from the NEW AMERICAN STANDARD BIBLE®,

© Copyright The Lockman Foundation 1960, 1962, 1963, 1968, 1971, 1972, 1973, 1975, 1977

Used by permission."

Library of Congress Catalog Card Number: 96-094630

International Standard Book Number: 0-9654179-0-5

# येशू प्रभुसँगको एक यात्रा
## पुस्तक २: कटनीमा

# मेरो पछि लाग
*“बाइबलबाट परमेश्वरको एउटा सन्देश”*

## कथा
परमेश्वरले मानिससित गर्नुभएको क्रियाकलापनै ब्रह्माण्डको सबैभन्दा पत्याउनै नसकिने रोचक कथा हो। हामी यो कथा बाइबलमा पाउँछौं। यसमा यो कथा सात साहित्य विद्याहरूका एउटै मालाको रूपमा राखिएको छ। यी साहित्यहरूलाई पुरानो नियम, नयाँ नियम र सुसमाचारहरू गरी थप तीन भागहरूमा विभाजन गरिएका छन्। *पुरानो नियम व्यवस्था, अगमवाणी तथा अन्य प्रकारका लेखहरूले बनेको छ।* यी लेखहरूले मानिसहरूलाई आउँदै गरेको मसीहतिर ध्यान खिचेका छन्। यही नै पुरानो नियमको प्राथमिकता हो। त्यसरी नै नयाँ नियममा *प्रेरितहरूका काम, पत्रहरू र येशू प्रभुको प्रकाश गरी तीन प्रकारका लेखहरू पाइन्छ।* अनि मसीहले मानिसलाई लाभावन्ति हुने के कस्ता काम गर्नुभयो भन्ने कुरा यही नयाँ नियममा पाइन्छ। तेस्रो अर्थात् अन्तिम समूहमा हामी सुसमाचारका पुस्तकहरू पाउँछौं जसले कथाको महत्वपूर्ण तथा मुटुलाई निर्माण गरेको छ र मसीह पृथ्वीमा किन आउनुभयो भन्ने उद्देश्यलाई प्रष्टयाएको छ। अनि परमेश्वरको पुत्र येशू मसीहमार्फत पुरानो र नयाँ नियम दुवैलाई एउटै विवरणमा समेट्नु नै सुसमाचारका पुस्तकहरूका उद्देश्य हो।

व्यवस्था
अगमवक्ताहरू
अन्य लेखहरू — पुरानो नियम
सुसमाचारहरू — ख्रीष्ट मसीह
प्रेरितका कामहरू
पत्रहरू — नयाँ नियम
येशू ख्रीष्टको प्रकाश

मेरो यो पुस्तक सुसमाचारका पुस्तकहरूमा केन्द्रित छ। मत्ती, मर्कूस, लूका र यूहन्नाले यो कथालाई सुनाएका छन्। प्रत्येकले आफ्नै दृष्टिकोणबाट मसीहलाई व्याख्या गरेका छन्। मत्तीले यहूदी दृष्टिकोणबाट, लूकाले कालक्रमिक ढंगमा र यूहन्नाले आत्मिक सत्यता प्रकट गर्ने हेतुले लेखेका छन्। अनि मर्कूसले तिनैवटा सुसमाचारलाई समाहित गर्ने टाँस्ने तत्वका रूपमा आफ्नो पुस्तकलाई लेखेका छन्। परमेश्वरले मसीहद्वारा गर्नुभएका कामहरू तिनीहरूका आँखा, कान र हृदयद्वारा हामीले देख्न, सुन्न र बुझ्न सक्छौं। यसरी मानिसलाई उहाँले गर्नुभएको प्रेमको गहिराइमा पुग्न सक्छौ।

## उद्देश्य

पाठकवर्गहरूले मसीह तथा उहाँ पृथ्वीमा आउनुभएका घटनाहरूलाई राम्ररी बुझ्न सकून् भनेर मैले मेरो यस पुस्तकमा सुसमाचारका चारैवटा पुस्तकहरूलाई एउटै कथाको रूपमा रुपान्तरण गरेको छु। यही नै पुस्तकको उद्देश्य हो। तपाईं येशूसँग हिँडिरहनुभएको छ र उहाँले तपाईंलाई सिकाइरहनुभएको छ भन्ने महसुस गराउनु नै मेरो अभिप्राय हो।

चारैवटा सुसमाचारहरूलाई अन्य महत्वपूर्ण विशेषताहरूसँगै एउटै कथामा बुनेर पाठकवर्गहरूका सचेतना र समझलाई बढौती दिने काम गरिएको छ।

## दुई अद्धितीय विशेषताहरू

येशू प्रभुले आफू स्वर्गमा उचालिनुभन्दा अघि आफ्ना चेलाहरूलाई यस्तो एटउटा आज्ञा दिनुभयो जुन उहाँ नर्फकिउन्जेलसम्म त्यसलाई पूरा गरिरहो भन्नुभयो। त्यो आज्ञा यो हो: "यसकारण **जाओ** र सबै देशका **जातिहरूलाई चेला बनाओ** र पिता, पुत्र र पवित्र आत्माको **नाउँमा बप्तिस्मा देओ।**" त्यसैले उहाँले आफ्ना चेलाहरूलाई दिनुभएका सबै निर्देशनहरूलाई मैले गाढा कालो बनाएर देखाएको छु र उहाँको आज्ञाप्रतिको यो मेरो प्रतिक्रिया हो।

अनि येशू तिनीहरूलाई सिकाइरहनुभएका पाठहरूमा ती सारा निर्देशनहरूलाई देख्न सकिन्छ। उहाँले सिकाउनुभएका छपन्न पाठहरूलाई **"येशूसँगको एक यात्रा"** नामक सहयोगी सृङ्खलामा समेटिएको पाउनुहुन्छ। तीन पुस्तकहरूका यो शिक्षण **सृङ्खलामा "मानिस समात्ने माछुवाल,"** "कटनीमा," र **"मन्दिर निर्माण" छन्।**

## अरू विशेषताहरू

*कालक्रम:* यो पुस्तकमा सुसमाचारका चार विवरणहरूसँग मिल्दोजुल्दो हुने गरी सारा घटनाहरूलाई तुलना गर्दै कालक्रमअनुसार सजाइएका छन्।

*मिति:* पुस्तकमा उल्लेखित मितिहरूले पाठकवर्गहरूलाई येशूको कथा जुन समयमा घटेका थिए, ती अनुमान लगाउन सहायता गर्नेछ।

*विभाजन:* पुस्तक १८ भागमा विभाजन गरिएको छ र तिनीहरूले येशूको जीवनी र कामको "पूर्ण तस्विर" पाठकहरूसमक्ष छर्लङ्ग पारेको छ।

*शीर्षकहरू:* येशूको जीवनमा घटेका निर्दिष्ट घटनाहरूमा पुस्तकको खण्डहरू सह-विभाजित छन्।

*शीर्षकात्मक सन्दर्भहरू (कोष्ठमा):* ती हुन जसले उक्त शीर्षकअन्तर्गत पुस्तकमा प्रयोग गरिएको यथार्थमय शास्त्रीय खण्डहरूलाई बुझाउँछन्।

*पाद टिप्पणी:* प्रत्येक खण्डको अन्तमा पाद टिप्पणी राखिएका छन्। नियमित ढंगमा यस्ता सन्दर्भ शब्दहरू र वाक्यांशहरू राखिएका छन्। छड्के अक्षरहरूमा धर्मशास्त्र खण्डहरू छन्।

*शब्दावाली:* तपाईंले पुस्तकभरि सामान्य रूपले प्रयोग गरिएका शब्दहरूका परिभाषाहरू र टीकाटिप्पणीहरूलाई शब्दावालीमा भेट्नुहुन्छ।

*धर्मशास्त्र:* उदृत बाइबलका खण्डहरू नयाँ नेपाली संशोधित संस्करणबाट लिइएको छ। पाठकका लागि

## पाठकका लागि

यो पुस्तकले प्रस्तावित गरेका सबै कुराहरूमा सबैले सहमति जनाउनेछन् भन्ने जरुरी छैन। त्यसैले तयारी गर्दा धेरै स्रोतसाधनहरू अध्ययन गरियो। यो पुस्तकले सुसमाचारका लेखकहरूका व्यक्तिगत विवरणलाई प्रतिस्थापन गर्ने असम्भव काम गर्दैन। बरु, पूरकका रूपमा टेवा दिन्छ। विभिन्न घटनाहरूका मिति निर्धारण गर्ने काम ऐतिहासिक दस्तावेजहरू, खगोलीय प्रमाणहरू, यहूदी पात्रो तथा १९ वर्षदेखि यसको दोहोरिने चक्रहरू, प्रभुका चाडहरू र यहूदी रीतिरिवाजहरूमा आधारित छ। लामो समयसम्म परमेश्वरको वचन अध्ययन गर्ने र हामी प्रत्येकलाई सिक्न मद्दत गर्ने सबैप्रति म ख्रीष्टमा वहाँहरूका परिश्रमप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु।

## मेरो आशा

यो पुस्तकका दाबीहरूलाई सबैले सर्वसम्मत स्वीकार गर्नेछन् भन्ने जरुरी छैन। तर यसलाई लेख्ने क्रममा धेरै जानकारी तथा ज्ञानमूलक स्रोतहरू अध्ययन गरेको छु। त्यसैले सुसमाचार लेखकका व्यक्तिगत विवरणलाई प्रतिस्थापन गर्दैन, तर तिनीहरूलाई बढौती दिने अतिरिक्त थप सामग्रीको रूपमा काम गरेको छ। विभिन्न घटनाहरूका मिति ऐतिहासिक दस्तावेज, खगोलीय प्रमाण, १९ वर्षीय दोहोरो चक्रहरूका साथ यहूदी पात्रो, विभिन्न पर्वहरू र यहूदी जातिहरूका परम्पराहरूमा आधारित छन्। ती जसले परमेश्वरको वचन अध्ययनमा निक्कै लामो परिश्रम गरेर हामी प्रत्येकलाई सिक्न सहायता गरेका छन्, वहाँहरू प्रत्येकले देखाउनुभएको ख्रीष्टिय प्रेमप्रति हामी कृतज्ञ र धन्यवादी भएका छौं।

मेरो हृदयको चाहना यो हो कि स्वर्गमा रहनुभएको मेरो पितालाई यस पुस्तकमा उहाँको पुत्रलाई गरेको आदरले महिमित तुल्याओस् र पाठकवर्ग प्रत्येक प्रभु येशू ख्रीष्टको स्वरूपमा परिवर्तन हुन सकेका होऊन्।

## लेखकको अभिप्राय

*येशूसँगको एक यात्रा* नामक शिक्षण सृङ्खलाले तपाईंलाई प्रभु येशू ख्रीष्टको सक्रिय चेला बनाउन मद्दत गरून् भन्ने मेरो उद्देश्य हो। यदि तपाईं येशूले भन्नुभएको र देखाउनुभएको कुरा कट्टर प्रकारले मान्नुहुन्छ भने, तपाईंको जीवन यस पुस्तकद्वार पूर्ण रुपले परिवर्तन हुने कुरामा कुनै शंका छैन। तसर्थ तपाईं उहाँजस्तै गुणकारी बन्न सक्नुहुन्छ।

पहिलो शताब्दीको मनोस्थिति प्रदान गर्दै धर्मशास्त्रलाई प्रत्यक्ष बोल्न दिनु मेरो शिक्षण लक्ष्य हो। पुरानो नियमको सारवस्तु, परम्पराहरू, धारणाहरू र प्रकाश, जुन येशूका चेलाहरूले राम्रोसँग बुझेका थिए, तिनै कुरातिर आकर्षित गरेर तपाईंको मनोस्थिति विकास गरिन्छ।

कतै मेरो पुस्तकले मोशाको व्यवस्थातिर फर्किने आब्हान गरिरहेको त छैन? बेला बेलामा तपाईंलाई त्यस्तो लाग्न सक्छ। तर त्यो सत्य होइन। किनकि व्यवस्थालाई मानेर कुनै ख्रीष्टियनले मुक्ति पाउने होइन, तर उहाँको अनुग्रहले हो। तर यो कुरामा म निक्कै सचेतन छु: कतै अनुग्रह शब्दलाई प्रयोग गरेर जताभावी जीवन त बितिरहेको छैन? ख्रीष्टियनहरू पवित्र जातिहरू हुन् र कुनै व्यवस्थाविहिन ढंगमा जिउने मानिसहरू होइनन्। नत्रता परमेश्वरको अनुग्रहलाई उल्टो अर्थले बुझ्छन्। बरु, आत्माको व्यवस्थाअनुसार जिउन सिक्नुपर्छ। त्यो भनेको परमेश्वरलाई प्रेम गर्दै मानिसलाई प्रेम गर्नु हो। येशूले भन्नुभयो, *"तिमीहरूले मलाई प्रेम गरेका छौं भने मेरो आज्ञाहरूलाई पालन गर्नेछौं।"*

येशूसँगको यात्रा गर्नु भनेको कुनै प्राज्ञिक काम वा टीकाटिप्पणी होइन। बरु, चिन्तनशील र जीवन परिवर्तन गर्ने हेतुले गरिन्छ। त्यसैले यो पुस्तकलाई त्यही सत्यतामा डोऱ्याउने र मार्गनिर्देशन दिने पवित्र आत्माको काममा ख्रीष्टियनहरू पूर्ण भरोसा गर्न सकून् र विचलित नहोऊन् अनि सबै परिस्थितिमा आनन्द मनाउन सकून् भनेर तयार पारिएको छ।

ख्रीष्टमा फलदायिक जीवन जिउने कार्यमा, यस सृङ्खला तपाईंलाई सहायता गर्ने टेवामूलक औजार बनोस् भन्ने हाम्रो नियमित प्रार्थना छ।

**धन्यवाद**

जेनी तिमीले मलाई वर्षौंदेखि प्रेम, उत्साह र सहयोग गर्दै आइरहेकी छौ। के तिमीबिना यो पुस्तक सम्भव थियो होला र? तिमीप्रति म निक्कै धन्यवादी छु। तिम्रो खुबी, क्षमता र कला येशूसँगको एक यात्रा नामक पुस्तकको आवरणले सधैं प्रतिबिम्ब गरिरहन्छ। त्यसलाई देखेर म प्रेरित हुन्छु।

## चेलापन सेवकाइमा लेखकसँग सहकार्य गर्ने व्यक्तिबाट सन्देश

माइकल गिब्सन मेरो झट्केलो बुबा र २६ वर्षदेखि मलाई चेलाको रुपमा हुर्काउने अगुवा, २०१९को प्रारम्भतिर आठ वर्ष क्यान्सरसँग लडाइगरिसकेपछि स्वर्गवास भएका छन्। यो तीतो-मिठो, अविस्मरणीय, बहुमूल्यका पलहरू तपाईलाई यसकारणले सुनाइरहेको छु कि येशूको *शिक्षा, विधि र* नमूनामा आधार पारेर तयार पारिएको तीन पुस्तके यो सृङ्खलका लेखक हुन् उनी।

मेरो झड्केलो बुबाको आफ्नै शब्दमा, *"रायन, तिमी यस सन्देशको भविष्य हौ। चेलापनको यस यात्रालाई पत्ता लगाउने क्रममा परमेश्वरले मलाई दिनुभएको दर्शन पूरा गर्ने क्रममा मैलेभन्दा तिमीहरूले निक्कै ठूला कुराहरू गर्ने र देख्नेछौ भन्ने कुरामा म निश्चित छु। अनि मैले आफ्नो जीवनकालमा कहिल्यै कल्पना गर्न नसकेको आयामामा तिमीहरूले यो येशूको यो शिक्षालाई पुऱ्याउनेछौ भन्ने मलाई थाहा छ। त्यसैले सांसारैभरि जाऊ र येशूले सिकाउनुभएका कुराहरू सिकाउँदै चेला बनाऊ। म तिमीलाई प्रेम गर्छु।"*

यी शब्दहरू लेख्दै गर्दा मेरो आँखाभरि आनन्दका आँसुहरू भरिएका छन्, वास्तवमा प्रचुर मात्रामा कटनीको काम र मिसनको लागि पहिलेभन्दा अझ बढी हौसिएका छन्, कि उहाँ बित्नुभएको पहिलो तीन वर्षको अवधिमा, हामीले यो ***"येशूसँगको एक यात्रा"*** चेलापन प्रशिक्षण केवल ५ चेला-निर्माणकर्ताहरूबाट १०० भन्दा बढी चेला-निर्माणकर्ताहरूमा वृद्धि भएको देखेका छौं र अब निम्न क्षेत्रहरूमा सक्रिय रूपमा तिनीहरूले चेला बनाइरहेका छन्।

आफ्नै देश अमेरिका, उडिस्सा *(भारत),* तिलङ्गाना *(भारत),* मणिपूर *(भारत),* बनारस *(भारत),* काठमाण्डौं *(नेपाल),* माकेडोनिया *(दक्षिणपूर्वी यूरोप),* अलबानिया *(दक्षिणपूर्वी यूरोप),* यूगाण्डा *(अफ्रिका),* केन्या *(अफ्रिका),* इङ्लैण्ड, टर्की र इरानलगायत देशहरूका परिधिभित्र व्यक्तिगततौरमा तथा अनलाइन गरी *ज्ञात* **हजारौं** मानिसहरूलाई हालसालै चेलाका रूपमा हुर्काइरहेका छन् र अनुवादित थुप्रै भाषाहरू र भविष्यमा अनगिन्ती ढंगमा विश्वभरि विकास हुनेछ भन्ने प्रतिवेदन रहेको छ।

***"येशूसँगको एक यात्रा"*** *नामक तीन पुस्तक सृङ्खलालाई* येशूले सिकाउनुभएको चेलापन तालिमअन्तर्गत उहाँकै *वचन, विधि* र सारा जातिलाई चेला बनाउन दिनुभएको उहाँको आदेशको *नमूनामा* आधार मानेर विकास गरिएको छ: "मैले आज्ञा दिएका सबै कुराहरू *सिकाउँदै र ती पालन गर्न लगाउँदै चेलाहरू बनाओ,"* मत्ती २८:१९-२०। *'चेला बनाओ'* भन्ने आज्ञा २६३ पटक बाइलबमा प्रकट भएको यथार्थलाई आधार मानेर नै माइकल गिब्सनले यो पुस्तक लेखेका हुन्। *पहिलो आज्ञा* ***"मेरो पछि लाग"*** देखि उहाँले दिनुभएको अन्तिम आज्ञा ***"चेला बनाओ"*** सम्म गरी ५८ वटा पाठहरू यसमा छन्। सन् २०१२मा पहिलो पटक अग्रेजी भाषा (१४५३ करोड मानिसले विश्वव्यापी रूपमा बोल्ने)मा प्रकाशन भएको यो पुस्तक (येशूसँगको एक यात्रा) **अहिले** साना समूहमा र एका-एक गरी *चेला निर्माण* गर्दा प्रयोग गरिन्छ। यसरी एकल व्यक्तिहरू र समूहलाई येशूले आज्ञा गर्नुभएको सबै कुरा पालन गर्न सिकाइन्छ र सिकाइएका ती व्यक्तिहरूले अरूहरूलाई पनि सिकाउनुपर्ने हुन्छ। यसरी अहिले माइकल गिब्सनको स्वर्गवास (२०१९)पछि चलनचल्तीका भाषा तथा क्षेत्रिय भाषाहरूमा ३-पुस्तकहरूका यो सृङ्खलाको *अनुवाद कार्य* चलिरहेको छ।

१. **स्पेनी भाषामा पूर्ण संस्करण (अन भियाजे कोन जेसुस** / येशूसँगको एक यात्रा – ३७० करोड मानिसले विश्वव्यापी रूपमा बोल्ने), यही कोलोराडोमा अनुवाद गरिएको छ। ("येशूसँगको एक यात्रा", नामक ३ पुस्तक सृङ्खलको यो पहिलो अनुवादित भाषा थियो। माइकलको मृत्युभन्दा ठीक अघि अनुवाद गर्न सुरु भएको यो पुस्तक उनको मृत्यु पछि ग्रीष्मकालीन पूरा भयो)।
२. **सेल्भिक संस्करण** (विश्वव्यापी रुपले ३१५ करोडले बोल्ने) मेसोडोनियास्थित चेला निर्माण समूहबाट अनुवाद गरिएको हो।
३. **अल्बेनियन संस्करण** (विश्वव्यापी रूपले ७६ करोड मानिसले बोल्ने) पनि अल्बेनियास्थित चेला निर्माण समूहबाट अनुवाद गरिएको हो।
४. **हिन्दी संस्करण** (विश्वव्यापी रूपले ६१५ करोडले बोल्ने), **हिन्दूहरूका** मक्का भनेर चिनिने भारतको बनारसस्थित चेला निर्माण समूहमा अनुवाद गरिएको हो। यो पुस्तकलाई यही क्लोराडोस्थित एक गैरनाफामूलक ख्रीष्टियन संस्थाका कार्यकारी निर्देशक ज्यूले तिनीहरूमाभ परिचित गराएका थिए र सन् २०२०-२०२१को महामारीको समयसम्म तिनले करिब २००० नयाँ चेलाहरूलाई चिन्ने मौका पाइसकेका थिए।
५. आज **उडिस्सा भाषाको पूर्ण संस्करण** (५ करोडले विश्वव्यापी रूपले बोल्ने), भारत देशका हाम्रा क्षेत्रिय निर्देशक, पाष्टर कार्तिक (सन् २०१२मा हाम्रो पहिलो अन्तराष्ट्रिय चेला)द्वारा यो भाषामा अनुवाद गरियो। भारतको *उडिसा* (भारतमा ख्रीष्टियनहरूलाई अत्याधिक सताउने प्रान्त)मा आज १३००भन्दा बढी चेलाहरू, ५० भन्दा बढी चेला बनाउने अगुवाहरू र ३८भन्दा बढी मण्डली स्थापना गर्ने अगुवाहरू छन्।
६. **तेलुगु भाषामा पूर्ण संस्करण** (७ करोडले विश्वव्यापी रूपले बोल्ने) भारतको *तिलङ्गनास्थित* पाष्टर वेणु र उनका चेला निर्माण टोलीले अनुवाद गरेका हुन्। सन् २०२१मा, "येशूसँगको एक यात्रा"लाई मैले अनलाइनमार्फत तिनीहरूलाई सिकाएको थिएँ।

७. **फारसी संस्करण** (११० करोडले विश्वव्यापी रूपले बोल्ने भाषा)। इरानी तथा अन्य थुप्रै मध्यपूर्वी देशहरूका भाषाको यो संस्करण टर्कीका एक जना अनुवादकले तयार पारएका थिए। इरानमा सेवकाइ गर्ने एउटा संजालको मातहतमा यो पुस्तकलाई सिकाइन्छ।

८. केन्याको पूर्वीतिर माटुदा भन्ने सहरमा रहेका पाष्टर तथा अन्य स-साना थुप्रै झुण्डहरूका रेखदेखकर्ता हाम्रा आफ्नै चेलाले **स्वाहिली संस्करण** तयार गरिरहेका छन्। माटुदा भन्ने यो भाषा २० करोडभन्दा बढीले बोल्छन्। सन् २०२१को अप्रिलमा मैले तिनलाई चेलाको रुपमा हुर्काउने मौका पाएँ।

९. हाल **नेपाली संस्करण** (येशूसँगको एक यात्रा) काठमाण्डौं नेपालका एक अनुवादकले अनुवाद गरिरहेको छ। यो भाषा १.७ करोडले बोल्ने गर्छन्। नेपालका लागि हाम्रा नयाँ क्षेत्रीय निर्देशक, जेसन र लेह माडलोमको सहकार्यद्वारा नेपालका हिमाली भेगका गाउँघरतिर पाष्टरीय सेवकाइ गरिरहेका ११५ स्थानीय पाष्टरहरूका माझमा यो चेलापन सामग्री परिचित गराएका थियौं जब सन् २०१९को पछिल्लो समयमा रायन त्यही थिए।

१०. **बंगाली संस्करण** पनि अनुवाद कार्य जारी छ। २७ करोड ३० लाख मानिसले विश्वव्यापी रूपले यो भाषा बोल्ने गर्छन् र जेसन तथा मादलोमको प्रयासबाट यो कार्य अघि बढिरहेको छ, जसले नेपालको अनुवाद कार्यलाई पनि अघि बढाइरहेका छन्।

११. **इन्डोनेसियन संस्करण** पनि तयार भइरहेको छ। १.९८ करोडले यो भाषालाई विश्वव्यापी रूपमा बोल्ने गर्छन्। यसलाई पनि नेपालस्थित मिसेनरीद्वेय जेसन र लेह माडलोमले हेरिरहेका छन्।

१२. त्यसरीनै **थाइ संस्करणमा** पनि अनुवाद कार्य जारी छ र ३९.८ करोडले यो भाषा विश्वभरि बोल्ने गर्छन् र नेपालस्थित मिसनेरीद्वयले नै यसलाई पनि हेरिरहेका छन्।

१३. यसरी माथिको आंकडालाई हेर्ने हो भने, विश्वभरि ३.७ अर्ब मानिसहरूले पढ्न सक्ने र चेला बनाउन सक्ने गरी ***"येशूसँगको एक यात्रा"*** नामक पुस्तक फैलिरहेको छ र यसले ***"चेला बनाओ"*** भन्ने महान् आज्ञालाई पूरा गर्ने क्षमता बोकेको छ भन्ने थाहा गरिन्छ।

*"येशूसँगको एक यात्रा–मानिसका मछुवाल"* को यो पछिल्लो संस्करणमा, हामीले सुसमाचारका पुस्तकहरूका बारेमा माइकलको एकल बौद्धिक कार्य, *"परमेश्वरको सन्देश-मेरो पछि लाग"* समावेश गरेका छौं। यो संशोधित पुस्तकलाई उनले आफ्नो निधन अघि तयार पारेका थिए र यसमा *"येशूसँगको एक यात्रा"* नामक चेला निर्माण गर्ने पुस्तकको अनुभव र प्रभावलाई गहकिलो बनाउने माइकलका अद्यावधिक फूटनोटहरू, सैद्धान्तिक शिक्षणसम्बन्धी लेखहरूलाई प्रयोगकर्ता उपयोगी सजावटमा पस्किएका छौं।

मत्ती ९:३७-३८मा उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, *"फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू (चेला निर्माण गर्ने अगुवाहरू) पठाइदेऊन्।"* यसै वचनको प्रकाशमा हामी चेला बनाउने विरासत जारी राख्ने प्रयत्न गर्नेछौं। अनि यस खण्डको प्रार्थनाको जवाफ तपाईं स्वयम् हुनुहुन्छ र येशूले भन्नुभाको शब्दहरूद्वारा म तपाईंलाई पुन: उत्साह दिन्छु: *"मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूका मछुवाल बनाउनेछु* (मत्ती ४:१९)।"

रायन रोबर्ट्स, कि टु चेन्जेसका अध्यक्ष

**गवाहीहरू**

पूर्वी भारतको उडिस्सामा परमेश्वरले गर्नुभएको कामबारे सुनाउनुभयो। धन्यवाद। त्यो पल मेरो जीवनमा रुपान्तरणको एउटा अनुभव थियो। तपाईंको शिक्षा र तालिममा म परमेश्वरको पूर्ण शक्ति र उपस्थिति देख्न र महसुस गर्न सक्थें। तपाईंले तयार पार्नुभएका सामग्रीहरू अध्ययन गर्दै अरू चेलाहरूलाई सिकाउन र व्याख्या गर्न पाउँदा बढो आनन्द मिल्छ। त्यसैले सिकाउने क्रममा ती धेरैभन्दा धेरै प्रयोग गर्ने कोसिस गर्छु र यहाँ भारतको उडिस्सामा ख्रीष्टको चेला बनाउने कार्यमा आफूलाई सुम्पिँदै अर्पण गरेको छु।
**रेभ कार्तिक पी,** चेला निर्माणकर्ता तथा पाष्टर पूर्वी भारत।

म १० वर्षदेखि एक यूवा पाष्टरको रूपमा सेवकाइ गरेर आइरहेको थिएँ। केही उत्कृष्ट तालिम तथा कोर्शहरू पूरा गरेर सेवकाइको संसारमा हुत्तिएको थिएँ। त्यसपछि, मैले यो चेलापन सामग्रीद्वारा येशूका शिक्षाहरू सिक्न र त्यसलाई अभ्यास गर्न थालें। तब पत्ता लाग्यो कि मैले धेरै सिकेको रहेनछु। कुनै पनि मण्डली, सेमिनार, पुस्तक, पाठ्यक्रम, वक्ता, कक्षा वा अधिवेशनले मलाई यस सामग्रीमार्फत सिकेका कुराहरू कहिल्यै सिकाएको छैन अर्थात् हाम्रो मसीहले वास्तवमा हामीलाई के भनिरहनुभएको थियो र किन भनिरहनुभएको थियो भन्ने कुरा मैले कहिल्यै सिकेजस्तो लागेन। अहिले म सदाको लागि परिवर्तन भएको छु, जागेको छु र जीवित भएको छु, र म अझ धेरै ज्वलन्त हुन चाहन्छु!

**ब्रेंडन एस।**

आर्थिक सल्लाहकार  तथा जवान/वयस्क पूर्व पास्टर

चेलापन शृङ्खला येशूसँगको एक यात्राले मेरो जीवन परिवर्तन गऱ्यो। यदि तपाईं वास्तवमा येशूजस्तो बनेर बाँच्न र हिंड्न चाहनुहुन्छ र चेला बनाउने तरिका सिक्न चाहनुहुन्छ भने, अध्ययन गर्नुपर्ने पुस्तक यही हो। यसले तपाईंको जीवनलाई साँच्चै परिवर्तन गर्न सक्छ।

**मिशेल एम।**

गृहिणी, आमा र चेला निर्माण अगुवा

*येशूसँगको एक यात्रा* नामक पाठ्यक्रम परमेश्वरलाई आदर गर्ने ख्रीष्ट केन्द्रित छ। म येशू ख्रीष्टलाई विश्वासीको रूपमा पछ्याउने निर्णय गरिरहेका मानिसहरूलाई यो सामग्री प्रयोग गरेर परमेश्वरको वचन पढ्न र अध्ययन गर्न प्रतिबद्ध हुन अत्याधिक सिफारिस गर्दछु।

**नूह जी।**

उद्यमी र पूर्व मिसनरी

अहिले म अरूहरूलाई चेलाको रूपमा हुर्काइरहेको छु र शिक्षादीक्षाको मेरो समय जब टुङ्गिन लागिरहेको थियो, त्यतिबेला यसमा पाइने शिक्षण तत्वले मेरो जीवनमा आशिष्को उर्जा थपेको छ। आजको मण्डलीमा आवश्यक चेलापनको लागि यो पुस्तक सरल र व्यावहारिक मार्गदर्शन हो। यो प्रत्येक ख्रीष्टियनलाई महान् आज्ञा पूरा गर्न दिइएको आह्वानलाई उफ्रिएर पक्रिने एउटा राम्रो पुस्तक हो।

**ब्रेंडन बी।**

जग्गाजमिन व्यवसायी र चेला निर्माता

# विषयसूची

## पुस्तक २

*येशूसँगको एक यात्रा*

# कटनीमा

*"फसलका परमप्रभुलाई उहाँको खेतमा काम गर्ने खेतलाहरू पठाइदेऊन् भनी प्रार्थना गर।" मत्ती ९:३८*


*पाठ १८* राज्यको दृष्टान्त

*पाठ १९* समझमा वृद्धि

*पाठ २०* राज्यका थप सत्यताहरू

*पाठ २१* कटनी गर्न खेतमा जानु

*पाठ २२* सुसमाचार प्रचार

*पाठ २३* सर्प र ढुकुर

*पाठ २४* गम्भीर निर्णय

*पाठ २५* परमेश्‍वरको समाधान खोज्नु

*पाठ २६* नडराओ

*पाठ २७* साना खमीर

*पाठ २८* क्रूस उठाउनु

*पाठ २९* येशूको कुरा सुन्नु

*पाठ ३०* रिसाउनु

*पाठ ३१* ठेस लाग्ने कारणहरू

*पाठ ३२* विश्वासीलाई दण्ड दिनु

*पाठ ३३* पश्चात्ताप गर्ने विश्वासीहरूलाई क्षमा दिने

*पाठ ३४* आनन्दित हुने कारण

*पाठ ३५* विश्वासका साथ प्रार्थना गर्नु

*पाठ ३६* पाखण्डी

*पाठ ३७* डरबाट मुक्ति

*पाठ ३८* जीवनका चिन्ताहरूबाट मुक्ति

*पाठ ३९* सेवकपन

के बाइबलमा "नरक" छ? मृत्युपछिको जीवन कस्तो हुनेछ?

पदअनुसार चेलापन

*पाठ १८*

# राज्य दृष्टान्तहरू

**समूह चिनजान**

तपाईंलाई परिवारको कुनचाहिँ कथा मनपर्छ र तपाईंको जीवनमा त्यसले के महत्व राख्छ?

**परिचय:**

डाँडाको उपदेशसँगै येशूका जीवनमा धेरै उल्लेखनीय घटनाहरू घटेको देख्न सकिन्छ। डाँडाबाट ओर्लेलगत्तै उहाँले कुष्ठरोगीलाई निको पार्नुहुन्छ र त्यसपछि कफर्नहुम फर्कनुहुन्छ। साथै उहाँले एक जना रोमी सेनापतिको नोकरलाई निको पार्नुहुन्छ किनकि ऊ बिरामी छ र मर्न लागेको छ। त्यसको केही समयपछि येशू नैन शहरमा जानुहुन्छ जहाँ उहाँले एउटा अन्त्येष्टि जुलुसको सामना गर्नुहुन्छ र एक विधवाको मरेको छोरालाई जीवित पार्नुहुन्छ। येशू नै मसीह हुनुहुन्छ भनी आश्वासन पाउन झ्यालखानामा रहेका बप्तिस्मा दिने यूहन्ना आफ्ना चेलाहरूलाई उहाँको अन्तरवार्ता लिन पठाउँछन्। यसपछि येशू एक फरिसी सिमोनको घरमा प्रवेश गर्नुहुन्छ, जहाँ उहाँको एक पापी स्त्रीसँग भेट हुन्छ। तिनले आफ्ना आँसुले उहाँका खुट्टाहरू धोइदिन्छे र अत्तर दलेर मालिस गर्छिन्। त्यसपछि विवादको बीचमा उहाँले तिनका पापहरू क्षमा गर्नुहुन्छ।

त्यसपछि येशू आफ्ना चेलाहरू र उहाँलाई समर्थन गर्ने स्त्रीहरूसित मिसनरी यात्रामा जानुहुन्छ। वरपरका शहरहरू र गाउँहरूमा गएर उहाँले परमेश्वरको राज्यको प्रचार र घोषणा गर्नुहुन्छ। कर्फनहुममा पुन: उहाँ फर्किने क्रममा, उहाँलाई भीडले घेर्दछन्। त्यहाँ यरूशलेमका शास्त्रीहरूले उहाँलाई शैतानको अधीनमा परेको आरोप लगाउन थाल्छन्। उहाँले दृष्टान्तहरूको शृङ्खलामा तिनीहरूका आरोपहरूको सामना गर्नुहुन्छ र पवित्र आत्माको निन्दा बाहेक मानिसहरूका सबै पापहरू क्षमा गरिनेछ भनी घोषणा गर्नुहुन्छ। त्यसपछि येशू डुङ्गामा चढ्नुहुन्छ र परमेश्वरको राज्यबारे आठवटा दृष्टान्त सिकाउनुहुन्छ।

येशूको शिक्षामा बढ्नुअघि, दुइटा आधारभूत अवधारणाहरू बुझ्नुपर्छ: पहिलो दृष्टान्त भनेको के हो र दोस्रो परमेश्वरको राज्य भनेको के हो? पहिलो, दृष्टान्त भनेको के हो, विचार गरौं:

१. दृष्टान्त भनेको **आख्यान** वा लघुकथा हो।
२. जब मानिसहरूले दृष्टान्त सुन्छन्, तिनीहरूले त्यसको **शाब्दिक अर्थ** सजिलै बुझ्न सक्छन्।
३. दृष्टान्तमा **मुख्य** एउटा विषयवस्तु रहेको हुन्छ र त्यसैसँग सम्बन्धित एक वा एकभन्दा बढी **सत्यताहरू, अवधारणाहरू वा सिद्धान्तहरू** रहेका हुन्छन्।
४. अनि दृष्टान्तको उद्देश्य मुख्य विषयसित सम्बन्धित सत्यता, धारणा र सिद्धान्तहरूलाई **अर्को** विषयसित तुलना गर्नु हो जुन बुझ्न निक्कै **गाह्रो** छ।

**समूह छलफल:**

१. तपाईंले आफूलाई मुख्य विषयवस्तु बनाएर एउटा सरल दृष्टान्त बनाउनुहोस् र समूहलाई

बताउनुहोस्।

२. उक्त दृष्टान्तद्वारा तपाईंले के कस्ता सत्यताहरू, अवधारणाहरू वा सिद्धान्तहरू संचार गर्न चाहनुभएको छ, समूहलाई अनुमान लगाउन दिनुहोस्।
३. अनि केही समयपछि उक्त दृष्टान्तद्वारा तपाईंले के कस्ता सत्यताहरू, अवधारणाहरू वा सिद्धान्तहरूलाई संचार गर्न चाहनुभएको छ, समूहलाई सुनाइदिनुहोस्।
४. उदाहरण: कुनै समय एउटा ठूलो सेतो घोडा जंगलमा बस्दथ्यो र त्यो निक्कै बलियो र अट्टेरी थियो। कसैले त्यसलाई आफ्नो कब्जामा राख्न सकेका थिएनन्। अनि एक दिन कुनै अर्कै देशका एक जना राजकुमार त्यहाँ आइपुगे र घोडालाई कानमा खासखुस कुरा गरेजस्तो गर्न थाले। तिनको प्रेमीलो शब्दहरूले गर्दा, घोडा अनुशासनमा आउन थाल्यो। बाँकी जीवन राजकुमारले त्यही घोडामा सवार गरेर बिताए। (व्याख्या: दृष्टान्तमा उक्त सेतो घोडासँग म थिएँ। येशूको वचन सुनिसकेपछि, मैले मेरो जीवन उहाँमा सुम्पिदिएँ र त्यसबेलादेखि उहाँले मलाई डोऱ्याइरहनुभएको छ)।

**परिचय जारी:**

अब, परमेश्वरको राज्यको अर्थबारे विचार गरौं। परमेश्वरको राज्यको अर्थ **परमेश्वरको शासन हो।** त्यसैले, *परमेश्वरको राज्य र यसको आगमनको* विचारलाई दृढतापूर्वक बुझ्न कहिलेकाहीं गाह्रो हुन्छ। म यसलाई अलि सजिलो बनाउने प्रयास गर्नेछु। राज्य हुनको लागि, पाँच तत्वहरू उपस्थित हुनुपर्दछः

१. **एक जना व्यक्ति,** जो राजा हो।
२. राजाका प्रजाहरूमाथि शासन गर्ने, एउटा **प्रक्रिया** ( यसरी नै राजाले शासन गर्छन्)
३. **मानिसहरू**, जो राजाका प्रजाहरू हुन् र उनका इच्छा पूरा गर्न तिनीहरू अधीनमा छन्।
४. **एउटा क्षेत्र** जहाँ राजाको अधिकार फैलिएको छ।
५. अस्तित्वको **एक अवधि,** जुन राजाले शासन गर्ने समयको लम्बाइ हो।

त्यसैले यसो भन्न सकिन्छ: (१) परमेश्वर राजाले (२) पवित्र आत्माद्वारा (३) ख्रीष्ट येशूमार्फत (४) स्वर्गमा रहेका (५) आफ्ना मानिसहरूमाथि सदासर्वदा शासन गरिरहनुभएको छ।

राज्यहरू **सौगात वा युद्धको** माध्यमबाट विस्तारित हुन्छन्। प्रायजसो तिनीहरू युद्धको माध्यमबाट विस्तारित हुन्छन्, एउटा राज्यका मानिसहरूले विरोधी राज्यका मानिसहरूसित लड्नुपर्छ। इलाका विस्तार गर्न युद्धमा विरोधी मानिसहरूलाई परास्त गर्नु आवश्यक छ। विरोधी मानिसहरूको विजय तीन मध्ये एक तरिकामा हुन सक्छ:

१. विरोधी राज्यलाई पक्ष परिवर्तन गर्न लगाएर वा **निष्ठा** परिवर्तन गर्न विवश पारेर।
२. विरोधी राज्यलाई **पराजय गरेर**, कब्जा गरेर, कैदमा राखेर वा सखाप पारेर। (तथापि, यस प्रकारको विजयमा मानिसहरूको केही निष्ठा परिवर्तन नहुन सक्छ। नयाँ राजाको सेवा गर्न बाध्य भए तापनि तिनीहरू विद्रोह गर्ने मौकाको पर्खाइमा रहेका हुन सक्छन्)
३. मानिसहरूलाई **हत्या गरेर**।

सादृश्यद्वारा, येशू ख्रीष्टलाई यस संसारका राज्यहरू शैतानले[1] उपहारको रूपमा प्रस्ताव गरेको थियो। तिनीहरूलाई प्राप्त गर्न येशूले परमेश्वरबाट शैतानमा आफ्नो वफादारी परिवर्तन गर्नुपर्थ्यो। उहाँले त्यसो गर्नुभएन र युद्ध सुरु भयो। परमेश्वरको राज्य अहिले यस संसारका राज्यहरूको शासक शैतानविरुद्ध युद्धमा जुटेको छ। येशू ख्रीष्ट र उहाँका सबै (ख्रीष्टियनहरू) शैतान, त्यसका दुष्टात्माहरू, शासकहरू र शक्तिहरूविरुद्ध पृथ्वीको लागि लडिरहेका छन्। तिनीहरूले परमेश्वरको राज्यलाई पृथ्वीमा फैलाइरहेका छन्।

वर्तमान समयमा परमेश्वरको राज्यले विरोधी मानिसहरूलाई पक्ष परिवर्तन गर्न उत्प्रेरित गरिरहेको छ। निकट भविष्यमा, येशू फर्कनुहुनेछ, विरोधी राजालाई पक्रनुहुनेछ र त्यसलाई हजार वर्षसम्म कैद गर्नुहुनेछ। येशूले यो हजार वर्षको अवधिमा राज्य गर्नुहुनेछ र पृथ्वीमा भएका सबैले परमेश्वरको सेवा गर्नेछन्। त्यस समयको अन्तमा, विरोधी राजालाई झ्यालखानाबाट छुटाइनेछ र ती मानिसहरूलाई त्यसले नेतृत्व गर्नेछ जसको हृदय निष्ठा परमेश्वरको राज्यविरुद्ध विद्रोह गर्नबाट परिवर्तन भएको छैन। मृत्यु तिनीहरूका गन्तव्य हो।

परमेश्वरले आफ्ना प्रतिद्वन्द्वीलाई सजिलै परास्त गर्न सक्नुहुन्छ, तर उहाँको इच्छा मानिसहरूको मन जित्नु हो ताकि तिनीहरूले स्वेच्छाले आफ्नो वफादारी परिवर्तन गर्न सकून्। उहाँ आफ्ना पुत्र येशू र उहाँका जनहरूमार्फत मायालु अनुग्रहका कार्यहरू प्रदर्शन गर्ने प्रेमद्वारा त्यसो गर्नुहुन्छ। येशूका चेलाहरूले यसरी परोपकारी युद्ध लड्नुपर्छ कि जहाँ तिनीहरूले आफ्ना राजाको खातिर शत्रुका विरुद्ध आफ्नो ज्यान पनि जोखिममा पार्न किन नपरोस्।

परमेश्वरले येशूलाई मृत्युबाट ब्यूँताउनुको एउटा कारण उहाँमा जीवन र मृत्युको शक्ति छ भनेर देखाउनु थियो। यसले चेलालाई परमेश्वरको राज्य विस्तार गर्न गरेको सङ्घर्षमा प्रोत्साहन दिने काम गर्छ। येशूले आफ्ना चेलाहरूलाई राजदूत बनाउनुहुन्छ ताकि तिनीहरूले आफ्ना शत्रुहरूलाई क्षमा दिन सकून्। आममाफी सम्झौतामा परमेश्वरले उहाँ र उहाँका जनहरूको विरुद्धमा शत्रुहरूले गरेको हरेक पाप र अत्याचार क्षमा गर्ने प्रतिज्ञा गर्नुहुन्छ। आफ्नो वफादारी उहाँतिर परिवर्तन गर्नेहरूलाई परमेश्वरले अनन्त जीवनको प्रतिज्ञा गर्नुहुन्छ।

**बाइबल पठन:**

**मत्ती १३:१-२३, मर्कूस ४:१-२०, लूका ८:४-१५**

**बीउ छर्ने दृष्टान्त**

**मत्ती १३:१-९, मर्कूस ४:१-९, लूका ८:४-८**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

---

1 मत्ती ४:८-९ र लूका ४:५-७

अनि उहाँले फेरि समुद्रको किनारमा सिकाउन थाल्नुभयो। अनि यति ठूलो भीड उहाँकहाँ भेला भयो कि उहाँ समुद्रमा डुङ्गामा चढेर बस्नुभयो; अनि सारा मानिसहरू समुद्रको किनारको भूमि थिए। अनि उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा धेरै कुराहरू सिकाउँदै हुनुहुन्थ्यो, र आफ्नो शिक्षामा तिनीहरूलाई भनिरहनुभएको थियो, "यो सुन! हेर, त्यो बीउ छर्ने मानिस बीऊ छर्न निस्केको थियो; त्यसले बीउ छर्दै गर्दा केही बीउ बाटोको छेउमा खस्यो अनि चराहरू आएर त्यसलाई खाए। अनि अरू बीउहरू चट्टानी जमिनमा खसे जहाँ धेरै माटो थिएन; र तुरुन्तै यो उम्रियो किनभने त्यो माटोको गहिराइमा पुगेको थिएन। अनि सूर्य उदाएपछि, ती जलेका थिए; अनि त्यसको जरा नभएकोले यो सुकेर गयो। अरू बीउहरू काँडाहरूको बीचमा झरे अनि काँडाहरू आए अनि तिनीहरूले त्यसलाई दबाए। तर त्यसले कुनै फसल उब्जाएन। अनि अरू बीउहरू असल माटोमा खसे र हुर्कंदै जाँदा र बढ्दै जाँदा तिनीहरूले एउटा बाली फलाए र तीस, साठी र एक सय गुणा उत्पादन गरे।" जब येशूले, "जसको सुन्ने कान छ, उसले सुनोस्," भनी ठूलो सोरमा त्यसले सुनाउनुभयो।

**किन तपाईंले तिनीहरूसँग दृष्टान्तमा बोल्नुभयो?**

**मत्ती १३:१०-१७, मर्कूस ४:१०-१२**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

चेलाहरू आएर येशूलाई भने, "तपाईं किन तिनीहरूसँग दृष्टान्तहरूमा बोल्नुहुन्छ?" येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरूलाई स्वर्गको राज्यका रहस्यहरू[2] जान्न दिइएको छ, तर तिनीहरूलाई त्यो दिइएको छैन। किनभने जससित छ, उसलाई धेरै दिइनेछ, अनि उसले प्रशस्त पाउनेछ। तर जोसँग छैन, ऊसित जे छ त्यो पनि उसैबाट खोसिनेछ। यसकारण म तिनीहरूलाई दृष्टान्तहरूमा भन्दछु। किनभने देख्ने बेलामा तिनीहरूले देख्दैनन्, सुन्दा तिनीहरूले सुन्दैनन् र बुझ्दैनन्। तिनीहरूको सन्दर्भमा यशैयाको अगमवाणी पूरा भइरहेको छ, जसमा भनिएको छ, 'तिमीहरूले सुन्दै जानेछौ, तर बुझ्नेछैनौ; अनि तिमीहरूले देख्दै जानेछौ, तर देख्नेछैनौ। किनभने यी मानिसहरूको हृदय निस्तेज भएको छ, र तिनीहरूका कानले तिनीहरूले कमै मात्र सुनेका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन् ताकि तिनीहरूले आफ्नो आँखाले देख्न सकून्, र कानले सुन्न सकून्, र तिनीहरूको हृदयले बुझून् र फर्केर आऊन्, अनि मैले तिनीहरूलाई निको पार्नु पर्छ।[3]

तर तिमीहरूका आँखाहरू धन्य छन् किनभने तिनीहरूले देख्छन्। अनि तिमीहरूका कानहरू,

[2] रहस्यहरू। लुकेका, वा प्रकट नगरिएका कुराहरू वा गोप्य कुराहरू।

[3] यशैया ६:९-१०उहाँले मलाई भन्नुभयो, "'तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ'। यी मानिसहरूका हृदय कठोर, र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना कानले सुन्लान्, र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्।"

किनभने तिनीहरूले सुन्छन्। म तिमीहरूलाई साँचो भन्दछु, धेरै अगमवक्ताहरू र धर्मी मानिसहरूले तिमीहरूले देखेका कुराहरू हेर्न चाहन्थे तर तिनीहरूले देखेनन्। तिमीहरूले जे सुन्छौ त्यो सुन् छौ, तर सुनेनौ।"

## येशूले बीउ छर्नेको दृष्टान्तको व्याख्या गर्नुहुन्छ

**मत्ती १३:१८-२३, मर्कूस ४:१३-२०, लूका ८:६-१५**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

अनि उहाँका चेलाहरूले यो दृष्टान्त के हुन सक्छ भनेर उहाँलाई सोध्न थाले। येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले यो दृष्टान्त बुझ्दैनौ? अनि सबै दृष्टान्तहरूलाई तिमीहरूले कसरी बुझ्नेछौ? अब बीउ छर्नेको दृष्टान्त सुन: बीउ परमेश्वरको वचन हो। बीउ छर्नेले शब्द छर्छ। अनि बाटोको छेउछाउका मानिसहरूले सुनेका छन्। तब शैतान आएर तिनीहरूको हृदयबाट वचन खोसेर लैजान्छ, ताकि तिनीहरूले विश्वास नगरून् र उद्धार पाउन सकून्। त्यस्तै गरी यी ती मानिसहरू हुन् जसमाथि चट्टानी ठाउँहरूमा बीउ छरिएको थियो। तिनीहरूले वचन सुनेपछि तुरुन्तै आनन्दका साथ बीउ ग्रहण गर्छन्। अनि तिनीहरूको आफैमा कुनै बलियो जरा छैन, तर तिनीहरू केवल अस्थायी छन्; अनि वचनको कारण दुःख वा सतावट जब उत्पन्न हुन्छ, तिनीहरू तुरुन्तै पतन हुन्छन्। अनि अरूहरू ती हुन् जसमाथि काँडाहरूमा बीउ छरिएको थियो। यी ती मानिसहरू हुन् जसले वचन सुनेका छन् तर संसारको चिन्ता, धन-सम्पत्तिको छल, तथा अन्य चीजहरूको इच्छाहरू तिनीहरू भित्र पस्छन् र वचनलाई दबाउँदछन्, र त्यो फक्रिनबाट निष्फल हुन्छ। अब बाँकी असल माटोमा छरिएका बीउ संकेत गर्ने मानिसहरू, जसले वचन सुन्छन् र त्यसलाई ग्रहण गर्छन् अनि तीस, साठी र एक सय गुणा फल फलाउँछन्।"

**आज्ञाहरू**

- हेर! यो सुन।
- जसको कान छ, उसले सुनोस्।
- तब बीउ छर्नेको दृष्टान्त सुन।

**पाठ**

येशूले दृष्टान्तहरू सिकाउन थाल्नुअघि उहाँले आफ्ना कुराहरू सुन्न भीडलाई बोलाउनुहुन्छ। उहाँले पहिलो दृष्टान्त "हेर" शब्दबाट सुरु गर्नुहुन्छ, जसको अर्थ देख्नु वा बुझ्नु हो र यी शब्दहरूको साथ टुङ्ग्याउनुहुन्छ, "जसको कान छ, उसले सुनोस्।" यी वाक्यांशहरू प्रयोग गरेर येशूले भीडलाई उहाँले भन्नुभएको कुरा बुझ्न चुनौती दिइरहनुभएको छ, तर उहाँका शब्दहरूको आवाज सुन्न वा कथाको कल्पना गर्न मात्र होइन। तर येशूले जे भन्न खोज्नुभयो, त्यो मानिसहरूले बुझेनन्।

चेलाहरू पनि छक्क पर्छन्, त्यसैले तिनीहरूले येशूलाई दृष्टान्तहरूमा किन बोल्नुभएको छ भनेर सोध्छन्। येशूले तिनीहरूलाई स्पष्ट पार्नुभयो कि उहाँले भविष्यवाणी पूरा गरिरहनुभएको छ: कोही-कोहीले दृष्टान्तहरू बुझ्नेछन् र कोही-कोहीले बुझ्नेछैनन्। चेलाहरूलाई परमेश्वरको राज्यका रहस्यहरू बुझ्ने अधिकार

दिइएको छ तर तिनीहरूभन्दा अघिका अगमवक्ताहरू र धर्मी मानिसहरूलाई त्यो मौका थिएन भनी उहाँले स्पष्ट पारिदिनुभयो।

परमेश्वरको राज्यको रहस्य वा प्रकट नगरेको ज्ञानबारे थाहा पाउनेहरू चेलाहरू मात्र थिए भनेर येशूले भन्नुभएको देखिन्छ। तर त्यो सत्य होइन । भीडले चमत्कारहरू देख्न सक्थे तर "कसले" ती चमत्कारहरू गरिरहेको थियो वा किन भइरहेको थियो भनेर बुझ्न सक्दैनन् थिए। तिनीहरूले "परमेश्वरको वचन" सुने तर उहाँका वचनहरू बुझ्न सकेनन्। तिनीहरूको रुचिको स्तर यति कम थियो कि तिनीहरूले येशूलाई उहाँले भन्नुभएको अर्थ के हो भनेर पनि सोधेनन्।

दृष्टान्तको शाब्दिक अर्थ बुझ्न सजिलो भए तापनि यसलाई कुन सन्दर्भमा प्रयोग गरिएको छ भनेर बुझ्न गाह्रो हुन सक्छ। दृष्टान्त प्रयोग गर्ने व्यक्तिले त्यसको प्रयोगबाट के सङ्केत गरिरहेको छ भनी सोध्नु सधैं बुद्धिमानी हुन्छ। उदाहरणका लागि, तपाईं फलाँटको रूखजस्तै हुनुहुन्छ भनेर बताइयो भने त्यसको अर्थबारे तुरुन्तै अनुमान लगाउन सक्नुहुन्छ, तर स्पष्टीकरण पाउनु बुद्धिमानी हुनेछ। हामीमध्ये धेरैले तुरुन्तै सोच्ने छौं कि हामी फलाँटको रूख जस्तै छौं भन्ने व्यक्तिले हामी बलियो छौं भनेर संकेत गरिरहेको थियो। तर त्यो अर्थ नहुन पनि सक्छ। यस विषयलाई अझ स्पष्ट पार्न मैले धेरै चीजहरू सूचीबद्ध गरेको छु र यी सबै आशय हुन सक्छ।

१. तपाईंलाई सजिलै निरास पार्न सकिँदैन।
२. तपाईं खरो देखिनुहुन्छ।
३. तपाईं दरो हुनुहुन्छ र तपाईंलाई थोरै पनि बङ्ग्याउन सकिँदैन।
४. तपाईंले अरूलाई आश्रय दिनुहुन्छ।

चेलाहरूले येशूलाई उहाँको अर्थ के हो भनेर सोध्नु बुद्धिमानी थियो किनभने त्यो परमेश्वरको राज्यसम्बन्धी लुकेका कुराहरू प्रकट गराउने चाबी थियो। येशूले जवाफ दिँदै भन्नुभयो, "के तिमीहरूले यो दृष्टान्त बुझ्दैनौ? अनि कसरी अरू सबै दृष्टान्तहरू बुझ्नेछौ त?" यदि अन्य दृष्टान्तहरू बुझ्ने हो भने पहिलो दृष्टान्तलाई बुझ्नु आवश्यक छ भन्ने तथ्य उहाँले यहाँ सङ्केत गरिरहनुभएको छ। तिनीहरूले त्यसका अवधारणाहरू र शब्दार्थहरूलाई बुझ्नुपर्छ। येशूले तिनीहरूलाई भन्नुभयो, "बीउ छर्नेको दृष्टान्त सुन।" येशू चाहनुहुन्छ कि तिनीहरूले समझका साथ सुनून्, उहाँका वचनहरूमा मनन गरून् र परमेश्वरको राज्यको सत्यता पत्ता लगाऊन्।

**समूह छलफल:**

५. यस दृष्टान्तबाट बुझ्न सकिने परमेश्वरको राज्यसम्बन्धी मुख्य सत्य के हो? (परमेश्वरको वचन बोलेर परमेश्वरको राज्य विस्तारित हुन्छ)
६. येशूका अनुसार निम्न शब्दहरूका सीधा अर्थ के हुन्?

क. बीउ (परमेश्वरको वचन)

ख. माटो (मानिसहरूको हृदयको अवस्था)

ग. चराहरू (शैतान, शत्रु)

घ. घाम (दुःख वा सतावट)

ङ. काँढाहरू (यस संसारको चिन्ता, धन-सम्पत्तिको छल, र अरू कुराहरूको लालसा।)

७. परमेश्वरको वचन भनेको के हो? (येशू ख्रीष्ट र परमेश्वरले भन्नुभएका सबै कुराहरू)

८. बीउ छर्ने को हो? (मुख्यतया येशू ख्रीष्ट, मानिसको पुत्र तर यसमा विश्वासका पुर्खाहरू, अगमवक्ताहरू, प्रेरितहरू र हामीलगायत परमेश्वरको वचन बोल्ने जो कोही पनि समावेश हुन सक्छन्)

९. रोपाइँ कसरी पूरा हुन्छ? (बोलेर) येशूले वर्णन गर्नुभएको विधिलाई प्रसारण भनिन्छ। बीउ छर्नेले आफ्नो झोलाबाट एक मुठी बीउ निकाल्छ र चाप बनाएझैं गरी हावामा हुर्‍याउँदै छर्दछ।

१०. रोपाइँ कसरी हुन्छ र यसलाई केसँग तुलना गरिन्छ? (सुन्नु) र (विश्वास गर्नु)

११. सतही माटो, चट्टानी माटो, काँडेदार माटो र मलिलो माटोले हामीलाई कुन दुइटा कुरा बताउँछ? (मानव हृदयको अवस्था र त्यहाँ रोपिएको बिरुवाले उत्पादन गर्ने फसल) बीउ छर्ने प्रसारण विधिमा जताततै बीउ छरपस्ट छरिन्छ। किसानले जानीजानी अनुत्पादक जमिनमा बीउ छर्दैन किनभने त्यो बेकार हुन्छ। तर, तीमध्ये कुनै बीउ अनुत्पादक माटोमा पर्नबाट बचाउन सकिँदैन। बीउ छर्ने मानिस बीउ छर्दै खेतहुँदै हिँड्ने बाटो सतही कडा माटो हो। चट्टानी माटो त्यो हो जुन अहिलेसम्म तयार गरिएको छैन र सामान्यतया राम्रो माटोको छेउमा हुन्छ। काँडेदार जमिन सामान्यतया तारबारको रेखा नजिकको खेतको टुप्पोमा पाइन्छ।

१२. खेत तयार पार्ने जिम्मेवारी कसको हो? (खेतको मालिकको)

१३. विभिन्न प्रकारका माटोहरूलाई मलिलो बनाउने जिम्मेवारी कसको हो?

क) सतही कडा माटोमा - (हलो जोत्न सकिन्छ, चराहरू लखेट्न सकिन्छ, र बीउ छर्नेले माटोलाई कडा हुनबाट रोक्न प्रत्येक पटक फरक बाटो लिन सक्छ।)

ख) चट्टानी माटो - (चट्टानहरू हटाउन खनेर प्रयोग योग्य माटोमा परिणत गर्न सकिन्छ।)

ग) काँडेदार माटो - (काँडाहरू र झारपातलाई सफा गर्न सकिन्छ)।

घ) मलिलो माटो - (पोषक तत्वहरू थपेर वा जमीनलाई केही समय बाँझो राख्न दिएर सुधार गर्न सकिन्छ। परमेश्वरले इस्राएलीहरूलाई सातौं वर्षमा आफ्ना खेतहरूलाई विश्राम गर्न दिन आज्ञा दिनुभयो।)

**पाठ सार**

**बीउ छर्नेको दृष्टान्त बुझ्नुहोस्।**

पाठ १६

# समझ विकास

**समूह चिनजान**

"तपाईंले हथौडाले शिरमा किला हान्नुभयो," अर्थात् "तीर ठ्याक्कै निशानामा लाग्नु" सांकेतिक भनाइसँग सम्बन्धित निम्न प्रश्नहरूका उत्तर दिनुहोस्।

- मुलभूत आशय के हो? (तपाईंले राम्रो विचार वा अवलोकन गर्नुभयो)।
- किला ठोक्न कुन उपकरण प्रयोग गरिएको छ (हथौडा–आशयलाई गन्तव्यमा पुऱ्याउनु)
- यो हथौडाले कुन कुरालाई संकेत गर्छ? (तपाईंले बोल्नुभएका शब्दहरू)
- किलाले कुन कुरालाई संकेत गर्छ? (मुल आशय वा अवलोकन)

**परिचय:**

परमेश्वरको राज्यका दृष्टान्तहरूबारे विस्तृत दृष्टिकोण प्राप्त गर्न मत्ती, मर्कूस र लूका जस्ता तीन वटा सुसमाचारका पुस्तकहरू एकसाथ मिलाउनु आवश्यक छ। यसो गर्दा हामीले येशूले दृष्टान्तहरू भन्नुहुँदा उहाँ कहाँ हुनुहुन्थ्यो र ती कसलाई भनिरहनुभएको थियो भन्ने क्रमिक विवरण पाउँछौं। यसबाट हामी पत्ता लगाउँछौं कि सबैले साझा प्रकारले एउटै जानकारी पाएका थिएनन्।

जब येशूले परमेश्वरको राज्यको दृष्टान्तहरू दिन थाल्नुभयो, उहाँ गालील समुद्रमा डुङ्गामा बस्नुभयो। यस ठाउँलाई दृष्टान्तहरूको खाडी भनिन्छ र यो एरेमोस पर्वतको फेदमा छ। यो "सात वटा झरना" भएको ठाउँ तगबा र कफर्नहुम शहरको करिब मध्य भागमा रहेको छ। उहाँका श्रोताहरू धेरै सर्वसाधारण मानिसहरू र उहाँका चेलाहरू मिलेर बनेका छन्। येशूले पहिलो बीउ छर्नेको दृष्टान्त सबैलाई बताउनुहुन्छ।
त्यसपछि उहाँ आफ्ना चेलाहरूतिर फर्कनुहुन्छ र तिनीहरूलाई त्यस दृष्टान्तको अर्थ बताइदिनुहुन्छ। त्यसपछि उहाँले त्यसैको आधारमा चेलाहरूलाई दुई आज्ञाहरू दिनुहुन्छ। यी आज्ञाहरूमा बत्ती र नाप्ने एकाइ समावेश छ। त्यसपछि उहाँ तिनीहरूलाई हुर्किरहेको बोटबारे दोस्रो दृष्टान्त सुनाउन अघि बढ्नुहुन्छ।

चेलाहरूसित कुरा गरिसकेपछि येशू फेरि फर्कनुहुन्छ र बाँकी सबै मानिसहरूलाई उहाँले तेस्रो दृष्टान्त सुनाउनुहुन्छ, त्यो गहुँ र सामाबारे हो। त्यसपछि उहाँले क्रमिक रायोको दाना र खमीरको चौथो र पाँचौं दृष्टान्तहरू सुनाउनुहुन्छ। अनि उहाँले शिक्षा दिने कामलाई टुङ्ग्याएर भीडलाई छोडेर जानुहुन्छ।

त्यसपछि, आफ्ना चेलाहरूलाई मात्र आफूसित लिएर उहाँ एउटा घरमा प्रवेश गर्नुहुन्छ जहाँ उहाँले छलफल जारी राख्नुहुन्छ। येशूले चेलाहरूलाई तेस्रो दृष्टान्त, गहुँ र सामाको व्याख्या गर्दै फेरि सिकाउन थाल्नुहुन्छ। अनि तिनीहरूलाई छैटौं दृष्टान्त गाढधन, सातौं बहुमूल्य मोती, आठौं समुद्रमा हानेको जालबारे सुनाउन अघि बढ्नुहुन्छ। उहाँले चेलाहरूलाई यसो भन्दै समाप्त गर्नुहुन्छ: "अब, दृष्टान्तहरू बुझिसकेपछि; तिमीहरूले परमेश्वरको राज्यको विषयमा पहिले नै बताइएका कुराहरू र आउने कुराहरू बुझ्न सक्ने छौं।"

**बाइबल पठन**

## समझ विकास

## मर्कूस ४:२१-२६, लूका ८:१६-१८

*बाइबलबाट परमेश्‍वरको सन्देश: "मेरो पछि लाग"*

यदि कुनै मानिससँग सुन्ने कान छ भने, उसले सुनोस्।" उहाँले तिनीहरूलाई भन्‍नुभयो, "के कसैले बत्ती बालेर पाथीमुनि वा खाटमुनि राख्‍न भनेर भित्र ल्याउँछ? के सामदानमाथि राख्‍न भनेर होइन र? कुनै थोक लुकाएर राख्‍न सकिँदैन जो प्रकट गरिनेछैन, अनि कुनै थोक गुप्‍त छैन जो **प्रकाशमा ल्याइनेछैन।**[4] यदि कुनै मानिसको सुन्ने कान छ भने त्यसले सुनोस्।" उहाँले तिनीहरूलाई फेरि भन्‍नुभयो, "**तिमीहरू जे सुन्छौ, त्यसमा ध्यान देओ।** किनकि जुन नापले तिमीहरू दिन्छौ त्यही नापमा तिमीहरूले पाउँछौ। र तिमीहरूलाई झन् बढ़ी दिइनेछ। किनभने जससँग छ त्यसलाई दिइनेछ, र जससँग छैन त्यससँग भएको पनि त्यसबाट खोसिनेछ।" येशूले यसो भन्‍नुभएको थियो, ""परमेश्‍वरको राज्य यस्तो हो— कुनै एक जना मानिसले जमिनमा बीउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्छ, तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन। जमिन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ। तर जब अन्‍न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ।"

**आज्ञाहरू:**

- ❖ यदि कुनै मानिससित सुन्ने कान छ भने उसले सुनोस्।
- ❖ तपाईं के सुन्नुहुन्छ ध्यान दिनुहोस्।

**पाठ - भाग एक:**

मर्कूसको सुसमाचारअनुसार, बीउ छर्नेको दृष्टान्तबारे आफ्नो व्याख्या पूरा गरेपछि येशूले दुइटा दृष्टान्त थप्‍नुभयो। एउटा बत्तीसँग सम्बन्धित छ भने अर्को मापनसँग सम्बन्धित छ। यी दृष्टान्तहरूको संयोजनमा उहाँले दुइटा आज्ञाहरू जारी गर्नुहुन्छ। ती हुन्, *"यदि कुनै मानिससँग सुन्ने कान छ भने उसले सुनोस्" र "तिमीहरूले सुनेको कुरामा ध्यान देओ।"* यी दृष्टान्तहरू र आज्ञाहरू दुवै बीउ छर्नेको दृष्टान्त र त्यसको व्याख्यासित सम्बन्धित छन्।

दृष्टान्तको व्याख्यामा, बीउ परमेश्वरको वचन हो। "परमेश्वरको वचन" शब्दले थुप्रै रूपहरू लिन सक्छ: धर्मशास्त्र, येशू ख्रीष्ट स्वयम्, वा परमेश्वरले कसैमार्फत बोल्नुभएको कुनै कुरा। "परमेश्वरको वचन" कुन स्वरूपमा आउँछ भन्ने कुराले कुनै फरक पार्दैन, दृष्टान्त र आज्ञाहरूमा भएका सिद्धान्तहरू सत्य छन्।

येशूले आफ्ना चेलाहरूलाई बत्तीको उद्देश्य प्रकाश प्रदान गर्नु हो भन्नुहुन्छ। उहाँले दृष्टान्तलाई सङ्केत गरिरहनुभएको छ र परमेश्वरको राज्यका रहस्यहरू प्रकट गरिरहनुभएको छ भनेर चेलाहरूले बुझेका छन्।

[4] **प्रकाशमा ल्याइने।** प्रकट गरिने वा बुझिने

येशूले हालै डाँडाको उपदेशमा पनि यस्तै शब्दहरू प्रयोग गर्नुभएको कुरा तिनीहरू सम्झन्छन्। त्यतिबेला येशूले भन्नुभयो, *"तिनीहरू संसारका ज्योतिहरू थिए।"* चेलाहरूले पहिलो पटक आफूलाई बोलाइएको उद्देश्य समात्न थालेका थिए। तिनीहरू "परमेश्वरको वचन" प्रकट गरेर ज्योति हुनेछन्, जुन परमेश्वरको राज्य हो। येशूले तिनीहरूलाई यो कुराको आश्वासन दिनुहुन्छ जब उहाँ यसो भन्नुहुन्छ, *"कुनै थोक लुकाएर राख्न सकिँदैन* ***जो प्रकट*** *गरिनेछैन, अनि कुनै थोक गुप्त छैन जो* ***प्रकाशमा ल्याइनेछैन।"***

मानिसहरूले बहुमूल्यका वस्तुहरूलाई त्यतिबेलासम्म लुकाएर नदेखिने गरी राख्छन्, जतिबेला ती निकाल्ने उचित समय आएको हुँदैनन्। त्यो एउटा बीउ जमिनमा उचित समयमा नउर्मिएसम्म गाडिएर रहेजस्तो हो। बीउको मूल्य र यसले के उत्पादन गर्नेछ भन्ने कुरा सूर्यको प्रकाशले प्रकट नगरेसम्म थाहा हुँदैन। मानिसहरूले पनि आफ्ना गोप्य कुराहरू विश्वास गर्न सक्ने कसैलाई फेला नपारेसम्म गोप्य र रहस्यनै बनाएर राख्छन्। येशूले चेलाहरूलाई तिनीहरू भरपर्दो व्यक्तिहरू हुन् र यो "परमेश्वरको वचन" प्रकट गर्ने समय हो भनेर भनिरहनुभएको छ। अन्तमा उहाँले यस्तो निर्देशन दिनुभयो: *"यदि कुनै मानिससित सुन्ने कान छ भने उसले सुनोस्।"*

चेलाहरूले भर्खरै सुनेको बीउ छर्नेको दृष्टान्तमा आधारित यो आज्ञाले नयाँ शक्ति लिन्छ। तिनीहरूले कानले सुनिरहेका वचनहरू रोपेर तिनीहरूको हृदयको उर्वरा माटोमा रहिरहनेछन्। तब शब्दहरू बढ्नेछन् र अरू हृदयहरूमा रोप्नका लागि थप शब्दहरू उत्पादन गर्नेछन्।

चेलाको हृदयरुपी माटो उर्वरा हुने भएकोले येशूले यहाँ सावधान गराउनुहुन्छ: *"तिमीहरूले के सुन्दछौं, ध्यान देओ।"* अर्को शब्दमा भन्ने हो भने, आफूले आफ्ना हृदयमा रोप्न र रहन दिने कुराहरूलाई रोज्नुहोस्। किन? किनभने जे-जति शब्दहरू रोपिएका छन् र हृदयमा रहन्छन् चाहे असल होस् वा नराम्रो, तिनै कुराहरू बढ्नेछन् र बोलिनेछन्। अनि तपाईंले उमार्न दिने सबै चीजहरू गुणात्मक ढंगमा बढ्ने छन्।

**समूह छलफल**

१. कसरी वृद्धिलाई प्रकाश र पानीले वृद्धिलाई असर गर्छ? (दुवै विकासको लागि आवश्यक छन्। थोरै प्रकाशमा बीउ राम्रोसँग हुर्किन सक्दैनन्। साथै पानीको मात्रा थोरै भएमा, घामले बोटविरुवालाई सुख्खा बनाउँछ। अनि पानी मात्र धेरै भएमा, बोटविरुवाहरू कुहिएर मर्नेछन्।
२. सूर्यको प्रकाशले केलाई सङ्केत गर्छ? (दु:ख वा सतावट)
३. पानीले केलाई सङ्केत गर्छ? (यूहन्ना ७:३७-३९ अनुसार पवित्र आत्मा)
४. सूर्यको प्रकाश र पानी कहाँबाट आउँछ? (स्वर्ग)

**पाठ–भाग दुई:**

बीऊ छर्ने दृष्टान्त अध्ययन गर्दा राज्यसम्बन्धी अन्य दृष्टान्तहरूका नियमहरूलाई पनि प्रकाश पारेको हुनाले सजिलै बुझ्न सकिनेछ।

- परमेश्वरको राज्यको प्रत्येक विषय उहाँको शासन हो।
- परमेश्वरको शासनसम्बन्धी सत्यकुराहरू कुनै व्यक्तिविशेष वा उहाँद्वारा शासित सबैलाई लागू गर्न सकिन्छ।
- प्रत्येक दृष्टान्तले परमेश्वरको राज्यबारे **एउटा** मूल पाठलाई सिकाइरहेको हुन्छ ।
- दृष्टान्तमा प्रयोग गरिएका अवधारणा र सिद्धान्तहरू परमेश्वरको शासनसम्बन्धी सत्य हुन् । यी सत्यहरूले  चर्चा विषय र मुख्य पाठमा गहिराइ र स्पष्टता थप्छन्। तिनीहरूलाई एउटा राज्य दृष्टान्तबाट अर्को राज्य दृष्टान्तमा लैजान सकिन्छ। यी सत्यहरूमध्ये एउटा उदाहरण हो, बीउले **बोटबिरुवा** उत्पादन गर्छ।
- येशूले कुनै पनि शब्दको विशिष्ट अर्थ एउटा दृष्टान्तमा जे राख्नुभएको छ, अन्य दृष्टान्तहरूमा प्रयोग गर्दा त्यो अर्थ उस्तै रहन्छ। उदाहरणका लागि, बीउहरू **शब्दहरू** हुन्।

येशूले आफ्ना चेलाहरूलाई हुर्कंदै गरेको बोटको दृष्टान्त बताउनुहुँदा अझ धेरै सत्यता हरू प्रकट हुन्छन्। दृष्टान्तको मुख्य कुरा के हो भने, परमेश्वरको राज्य बढ्छ। यो वृद्धि व्यक्तिगत र सामूहिक रूपमा अवलोकन गर्न सकिन्छ। दृष्टान्तअनुसार हृदयमा रोपेको शब्द परिपक्व हुनुभन्दा अघि बढ्न समय लाग्छ र यो तीन वटा पहिचान योग्य चरणमा बढ्छ। विकासको तीन चरणहरू बोट, हाँगा र टुप्पोमा पाकेको फलको रूपमा उल्लेख गरिएको छ। विकासको यी चरणहरू मुक्तिको वचनमा विश्वास गर्नेहरूसित मिल्दोजुल्दो छ। प्रेरित यूहन्नाले आफ्नो पहिलो पत्रमा यी तीन चरणलाई केटाकेटी, जवान र बुबा भनेर चिनाएको छ। पाकेको समयमा नै नयाँ बीउ बन्छ र प्रजनन हुन्छ।

**समूह छलफल:**

५. खेती किसानको दृष्टान्तबाट थाहा पाउन सकिने अरू सत्यहरू के-के हुन्?

क) सुरु-सुरुमा कुनै शब्द (बीउ) सप्रिएला भन्ने प्रमाण छैन। त्यसैले एक जना किसानले हरेक बीउ सप्रिन्छ भन्ने विश्वास गर्नुपर्छ।

ख) हुर्कन समय लाग्ने भएकोले बीउ छर्ने व्यक्तिले बोलेका शब्दहरू फष्टाउन पनि धैर्यता चाहिन्छ।

ग) बीउ रोपेपछि पानी हाल्न सुरु हुन्छ र सम्पूर्ण विकास अवधिभर जारी रहन्छ।

घ) पातहरू देखिएपछि मात्र सूर्यको प्रकाशले काम गर्न सुरु गर्छ।

ङ) बोटबिरुवा तथा झारपात छर्लङ्ग चिन्ने भएपछि मात्र, पछिल्लोलाई उखेल्ने काम हुन्छ।

**पाठ सार**

सावधान! तपाईंले के सुनिरहनुभएको छ?

**प्रयोग:**

अर्को सभामा समूहलाई निम्न पाँच दृष्टान्तहरूमध्ये कुनै एकमा छोटो प्रस्तुति दिन तयार पार्नुहोस्।

- तोरीको बीउ

- खमीर
- खेतमा गाडेर लुकाएको धन
- बहुमूल्य मोती
- समुद्रमा हानेको जाल

मुख्य पाठ र त्यसलाई पुष्टि गर्ने सत्यताहरू विकास गर्नुहोस। त्यसपछि यस दृष्टान्तलाई व्यक्तिगत वा सामूहिक तवरमा कसरी लागू गर्न सकिन्छ, त्यसबारे छलफल गर्नुहोस्।

पाठ २०

# राज्यका थप सत्यहरू

**परिचयः**

जब येशू किनारको छेउमा डुङ्गामा बस्नुहुन्छ, उहाँले भीडलाई परमेश्वरको राज्यको बारेमा थप तीन वटा दृष्टान्तहरू बताउनुहुन्छः गहुँ र सामा, रायोको दाना र खमीर। त्यसपछि उहाँ भीडलाई छोडेर एउटा घरमा पस्छनुहुन्छ। त्यहाँ पुगेपछि उहाँले आफ्ना चेलाहरूलाई गहुँ र सामाको दृष्टान्तको अर्थ भन्नुहुन्छ र तिनीहरूलाई थप तीन वटा दृष्टान्तहरू सुनाउनुहुन्छः खेतमा भएको खजाना, बहुमूल्यको मोती र समुद्रमा हानिएको जाल।

**बाइबल पठन**

**मत्ती १३:२४-५२, मर्कूस ४:३०-३४**
**सामाको दृष्टान्त**
**मत्ती १३:२४-३०**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

येशूले तिनीहरूलाई अर्को दृष्टान्त प्रस्तुत गर्दै भन्नुभयो, "स्वर्गको राज्यलाई आफ्नो खेतमा राम्रो बीउ छर्ने मानिससित तुलना गर्न सकिन्छ। तर जब मानिसहरू **सुतिरहेका** थिए[5], तब तिनका शत्रुहरू आए अनि गहुँको माझमा सामा[6] छरेर गए। तर जब गहुँ उम्रियो र अन्न उब्जायो, तब ती सामाहरू पनि छर्लङ्ग देखिने गरी ठूल्ठूला भए। तब खेतका मालिककहाँ दासहरू आए र तिनलाई भने, "मालिक, के तपाईंले आफ्नो खेतमा गहुँको बीउ छर्नुभएको होइन र? त्यसोभए यसमा कसरी सामा फलेको त?' तब मालिकले तिनीहरूलाई भने, "शत्रुले आएर यस्तो काम गरेको छ।" तब नोकरहरूले जवाफ दिए, "त्यसोभए के तपाईं चाहनुहुन्छ कि हामी गएर ती संकलन गरौं?" तर उहाँले भन्नुभयो, 'होइन; नत्रता जब तिमीहरू सामाहरू बटुल्दछौ, तब तिमीहरूले त्यो टिप्दा गहुँ पनि उखेलेर फाल्न सक्ने सम्भावना हुन्छ। कटनी नहुञ्जेलसम्म दुवैलाई एकसाथ बढ्न देओ; अनि कटनीको समयमा म कटनी गर्नेहरूलाई भन्नेछु, "पहिले ती सामाहरू जम्मा गर अनि तिनीहरूलाई गाँठो बाँधेर जलाऊ। तर गहुँलाई मेरो भकारीमा जम्मा गर।'"

---

[5] **मानिसहरू जब सुतिरहेका थिए** भन्नुको अर्थ तिनीहरू जेभइरहेको थियो, त्यसबारे तिनीहरू अन्जान थिए वा ध्यान दिइरहेका थिएनन्।

[6] **सामा:** प्राचीन कालमा शत्रुको गहुँको खेतमा बीउ छर्ने चलन थियो। येशूले भन्नुभएको सामाहरू "डाँठको बाला " एक विषालु राई घाँस हो जुन गहुँबाट अलग हुँदैन जबसम्म अन्न पाकेर टुप्पोमा देखिँदैन। पूर्वजहरूका अनुसार, सामा फरक प्रकारको बीउ होइन, तर केवल एक कमसल प्रकारको गहुँ हो। रोपाइँ गर्दा गहुँको बाली घट्छ, किनकि सामाहरूले गहुँको घाँटी निमोठ्ने र माटोमा भएका पोषक तत्वहरू लिने गर्छन्। यसले गहुँलाई सामाबाट छुट्याउन किसानको थप कामको माग पनि गरेको छ ।

## येशूले सामाको दृष्टान्त स्पष्ट पार्नुभयो

## मत्ती १३:३६-४३

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

तब येशूले मानिसहरूलाई छोडेर त्यो घरभित्र जानु भयो। तब उहाँका चेलाहरू आए र भने, "खेतमा सामा उम्रिएको दृष्टान्तको अर्थ हामीलाई बताइदिनुहोस्।" तब उहाँले जवाफ दिनुभयो, "जसले असल बीउ छर्छ, त्यो मानिसको पुत्र हो, र खेत संसार हो। अनि असल बीउहरू परमेश्वरको राज्यका छोराहरू हुन्। अनि सामाहरूचाहिँ दुष्टका छोराहरू हुन्। ती छर्ने शत्रु शैतान हो र कटनीको समय भनेको युगको अन्त हो। अनि कटनी गर्नेहरू स्वर्गदूतहरू हुन्। यसकारण जसरी सामाहरू जम्मा हुन्छन् र आगोले जलाइन्छ, त्यसरी नै युगको अन्तमा पनि हुनेछ। मानिसको पुत्रले आफ्ना स्वर्गदूतहरू पठाउनुहुनेछ, अनि तिनीहरूले उहाँको राज्यबाट सबै ठोकर खानेहरू र अधर्म गर्नेहरूलाई जम्मा गर्नेछन्, र तिनीहरूलाई आगोको भट्टीमा फ्याँक्नेछन्। त्यस ठाउँमा रुने र दाँत काट्ने काम हुनेछ। त्यसपछि **धर्मीहरू तिनीहरूका पिताको राज्यमा सूर्यजस्तै[7] चम्किनेछन्।** जसको कान छ, उसले सुनोस्।"

## भीडलाई सुनाइएका अरू दृष्टान्तहरू

## मत्ती १३:३१-३५, मर्कूस ४:३०-३४

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

येशूले तिनीहरूसामु अर्को दृष्टान्त प्रस्तुत गर्नुभयो। उहाँले भन्नुभयो, "स्वर्गको राज्य रायोको बीउ जस्तै छ, जसलाई एउटा मानिसले लगेर आफ्नो खेतमा छऱ्यो। अनि यो अन्य सबै बीउहरू भन्दा सानो छ; तर जब यो पूर्ण रूपमा उम्रिन्छ, त्यो बगैंचाका अरू बोटहरूभन्दा ठूलो हुन्छ, र रूख बन्छ, ताकि आकाशका चराहरू आएर यसको **हाँगाहरूमा गुँड बनाउन सकून्।**[8] उहाँले तिनीहरूलाई अर्को दृष्टान्त सुनाउनुभयो, "स्वर्गको राज्य खमीरजस्तै हो, जसलाई एउटी स्त्रीले लिइन् र ती सबै खमीर नहोउन्जेल सम्म तिनले त्यो मुछेको पिठोमा मिसाइन्। येशूले ती सबै कुराहरू मानिसहरूलाई दृष्टान्तहरू भन्नुभयो र बिना दृष्टान्त बोल्नुभएन। अगमवक्ताहरूले बोलेका कुराहरू पूरा होऊन् भनेर उहाँले यस्ता दृष्टान्तहरू बोल्नुभयो किनकि लेखिएको छ: **"म दृष्टान्तहरूमा मेरो मुख खोल्नेछु। संसारको स्थापनादेखि लुकेका कुराहरू म उच्चारण गर्नेछु।"**[9]

## मत्ती १३:४४-५२

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

[7] धर्मीहरू सूर्यजस्तै चम्किनेछन्।-- दानियल १२:३

[8] आकाशका चराहरू आएर यसको हाँगाहरूमा गुँड बनाउन सकून्।–इजकिएल १७:२३

[9] "म दृष्टान्तहरूमा मेरो मुख खोल्नेछु। संसारको स्थापनादेखि लुकेका कुराहरू म उच्चारण गर्नेछु।–भजन ७८:२

"स्वर्गको राज्य खेतमा लुकाइएको खजाना जस्तै हो, जसबारे मानिसले थाहा पायो र त्यो कसैलाई भनेन। अनि ऊ खुशीले गदगद हुँदै घर जान्छ र आफूसित भएका सबै चीजहरू बेचेर त्यो खेत किन्छ।
फेरि स्वर्गको राज्य एउटा व्यापारीजस्तै हो जसले असली मोतीहरूका खोजिरहेको छ। जब उसले एउटा निक्कै महँगो मूल्य पर्ने मोती भेट्टाउँछौ, तब आफ्ना शिरसम्पत्ति बेचेर त्यो किन्छ।

फेरि स्वर्गको राज्य समुद्रमा हानेको जाल जस्तै हो। त्यसमा सबै प्रकारका माछाहरू परे। त्यसलाई मानिसहरूले तानेर समुद्र तटमा त्याए अनि तिनीहरूले राम्रा माछाहरू भाँडाहरूमा जम्मा गरे। तर नराम्रा माछाहरू तिनीहरूले फ्याँकिदिए। यो युगको अन्तमा पनि त्यस्तै हुनेछ; स्वर्गदूतहरू बाहिर आउनेछन् अनि दुष्ट मानिसहरूलाई धर्मी मानिसहरूबाट निकाल्नेछन् र तिनीहरूलाई आगोको भट्टीमा फ्याँक्नेछन्। त्यहाँ रुनेहरू र दाह्रा किटनेहरू मात्र हुनेछन्।

के तिमीहरूले यी सबै कुराहरू बुझेका छौ?" तिनीहरूले येशूलाई भने, "बुझ्यौं।" येशूले तिनीहरूलाई भन्नुभयो, "यसकारण प्रत्येक शास्त्री जो स्वर्गको राज्यको चेला भएको छ, त्यो एउटा घरको मुखिया जस्तै हो, जसले आफ्नो भण्डारबाट नयाँ र पुराना कुराहरू निकाल्छ।"

**आज्ञा**

❖ जसको कान छ, उसले सुनोस्।

**पाठ सार**

येशूले आफ्ना चेलाहरूलाई आज्ञा दिएर गहुँ र सामाको दृष्टान्त व्याख्या समाप्त गर्नुभयो। "*जसको कान छ, उसले सुनोस्।"* येशू चाहनुहुन्छ कि उहाँका चेलाहरूले उहाँले भन्नुभएको कुरा दृढतापूर्वक बुझून्, किनभने गहुँ र सामाको दृष्टान्तले बीउ छर्ने र फसल हुर्काउने दृष्टान्तहरूबाट प्राप्त सत्यताहरूलाई पुष्टि गर्न सहायता पुगोस्। यसले राज्यका अन्य दृष्टान्तहरूबारे थप अन्तरदृष्टि र निर्देशन प्रदान गर्दछ।

येशू प्रभुले गहुँ र सामाको व्याख्या अघिनै गरिसक्नुभएको हुनाले, तपाईंको बुझाइलाई अझ निखार्ने यो पाठ शब्दार्थमा अन्तर्दृष्टि प्रदान गर्ने कुरामा केन्द्रित छ। दृष्टान्त यो कथनसाथ सुरु हुन्छ, *"स्वर्गको राज्यलाई आफ्नो खेतमा राम्रो बीउ छर्ने मानिससित तुलना गर्न सकिन्छ"।*[10] उहाँको भनाइबाट निम्न टिप्पणीहरू गर्न सकिन्छ:

१. "स्वर्गको राज्य" भन्ने अभिव्यक्ति परमेश्वरको राज्य भन्ने अर्को तरिका हो र यो अभिव्यक्ति मत्तीको सुसमाचारभरि प्रयोग गरिएको छ। यहूदीहरूले आफ्नो साहित्यमा "परमेश्वर" भन्ने शब्दलाई श्रद्धाको हेतुले प्रयोग गरेनन् र त्यसको सट्टामा स्वर्ग शब्द प्रयोग गरे।
२. येशूले "मानिस" शब्दलाई "मानिसको पुत्र" भनेर व्याख्या गर्नुभयो। शाब्दिक अर्थमा यसको अर्थ आदमको कुनै पनि वंशज हुन सक्छ, तथापि दानिएलको पुस्तक, अध्याय

[10] मत्ती १३:२४

७, पद १३-१४ बाट लिइएको मसीहको शीर्षकको रूपमा पनि यो शब्द प्रयोग गरिएको थियो।

३. बीउ छर्नेको दृष्टान्तबाट बीउले शब्दलाई बुझाउँछ भनेर हामीले सिक्यौं। येशूले असल बीउलाई परमेश्वरको राज्यका सन्तानको रूपमा व्याख्या गर्नुहुन्छ। सन्तान शब्दलाई छोरा, वंशज वा सन्तानको रूपमा पनि पढ्न सकिन्छ। यसबाट परमेश्वरको वचनले ईश्वरीय सन्तान जन्माउँछ भन्ने कुरा सिक्न सक्छौं । यी सन्तानहरू तब सृष्टि गरिन्छ जब परमेश्वरको वचनलाई मानिसले हृदयमा विश्वास गर्छन्। तिनीहरू परिपक्व हुँदै जान्छन् र अरूको हृदयमा रोप्न सकिने थप बीउ उत्पादन गर्छन्।

४. खेत भनेको संसार हो। 'संसार' लाई ग्रीकमा **'कसमस'** भनिन्छ। यसको अर्थ पृथ्वी होइन, बरु सबै चीजहरू सृष्टि गरिएको तरिका हो। पृथ्वी **कसमसको** भाग हो। त्यसरी नै खगोलीय पिण्डहरू, वनस्पतिहरू, जनावरहरू र भौतिक शास्त्रका नियमहरू आदि पनि।

५. यो संसार, जसमा विभिन्न माटोहरू छन्, ती मानिसको पुत्रको हो, शैतानको होइन।

दृष्टान्तको अर्को हरफमा यस्तो लेखिएको छ: *"तर जब मानिसहरू सुतिरहेका थिए, तिनका शत्रुहरू आए र गहुँमा सामा पनि छरे र गए। तर जब गहुँ उम्रियो र अन्न उब्जायो, तब ती सामाहरू पनि स्पष्ट भए।"* उहाँको कथनबाट निम्न टिप्पणीहरू गर्न सकिन्छ:

१. 'मानिसहरू सुतिरहेका बेला' भन्ने उपवाक्यले के भइरहेको थियो भन्ने सम्बन्धमा तिनीहरूले थाहा पाएनन् वा तिनीहरूले ध्यान दिइरहेका थिएनन् भन्ने कुरा बुझिन्छ।

२. येशूले मानिसको पुत्रको शत्रु शैतान हो भनेर घोषणा गर्नुभयो। शैतान शब्दको अर्थ **आरोपी** हो। शैतानलाई दुष्ट पनि भनिन्छ, जसको अर्थ **विरोधी हो।**

३. प्राचीन कालमा शत्रुको गहुँको खेतमा सामा छर्ने चलन सामान्य थियो। येशूले भन्नुभएको सामाहरू "दाह्री रूपी घाँस हो" एक विषालु बाला घाँस हो जुन गहुँबाट तबसम्म छुट्टयाउन सकिँदैन जबसम्म त्यो पाकेर अन्नहरू देखा पर्दैन। पूर्वजहरूका अनुसार, सामा गहुँभन्दा फरक प्रकारको बीउ होइन, तर केवल एक बिग्रेका गहुँका प्रजाति हुन्। रोपाइँ गर्दा गहुँको बाली घट्छ, किनकि सामाहरूले गहुँको घाँटी निमोठ्ने र माटोमा भएका पोषक तत्वहरू लिने गर्छन्। यसले गहुँलाई सामाबाट छुट्ट्याउन किसानको थप कामको माग पनि गरेको छ ।

४. यस दृष्टान्तबाट हामी सिक्न सक्छौं कि शैतानले मानिसको पुत्रले जस्तै आफ्नो बीउ छर्ने तरिका प्रयोग गर्छ: **बोलेर।** शैतानले पृथ्वी (माटो)लाई भ्रष्ट पार्छ, जसबाट मानिस सृष्टि गरिएको छ र बोलेर त्यसले त्यो गर्छ। जब शैतानले बोलेको कुरा मानिसले विश्वास गर्छन्, त्यसबाट दुष्ट कुराहरू जन्मिन्छ र त्यस्ता दुष्टताहरूलाई अरू मानिसहरूसम्म त्यसले पुऱ्याउँदछ। येशूका अनुसार, शैतानका सन्तानहरू ती हुन् जसले अरूलाई ठेस पुऱ्याउँदछन् र जो आफ्ना लागि आफै व्यवस्था हुन्।[11]

[11] मत्ती १३:४०-४२

दृष्टान्तको अन्तिम पङ्क्तिमा यस्तो लेखिएको छ, *"गहुँ र सामाहरू कटनी नहुञ्जेलसम्म एकसाथ हुर्कन देओ; अनि कटनीको समयमा म कटनी गर्नेहरूलाई भन्नेछु, "पहिले सामाहरू जम्मा गर अनि तिनीहरूलाई थाक थाकका रूपमा बाँधेर जलाऊ। तर गहुँलाई मेरो भकारीमा जम्मा गर।"* येशूको भनाइबाट निम्न टिप्पणीहरू गर्न सकिन्छ:

१. गहुँ र सामाहरू एकसाथ हुर्कन दिनुले यस संसारमा कटनी नहुञ्जेलसम्म असल र नराम्रो एकसाथ रहन्छन् भन्ने सङ्केत गर्छ।
२. कटनी गर्नेहरूलाई मानिसका स्वर्गदूतहरूको पुत्रको रूपमा वर्णन गरिएको छ। स्वर्गदूत शब्दको अर्थ दूत हो। **यी सन्देशवाहकहरू** स्वर्गीय दूत वा मानव हुन सक्छन्।
३. येशूले भन्नुभयो कि कटनी युग (संसारको) अन्त हो। युग वा संसारको लागि प्रयोग गरिएको ग्रीक शब्द **आयन** हो। यसले अस्तित्वको अवधिलाई सङ्केत गर्छ।
४. एउटा अर्थमा भन्ने हो भने, मानिसको हृदयमा रोपिएको परमेश्वरको वचन मौलाउँदै जब कटनी हुन्छ, तब युगको अन्त हुन्छ। यसले गर्दा, नयाँ सृष्टि हुन्छ र ख्रीष्टियन सेरोफेरोमा यसलाई नयाँ जन्म भएको मानिन्छ।
५. सामूहिक अर्थमा, परमेश्वरले प्रकाश २०:११-१५ र २१:१ को पुस्तकमा वर्णन गरेझैं नयाँ स्वर्ग र नयाँ पृथ्वी सृष्टि गर्नुहुँदा युगको अन्त हुन्छ। यस घटनालाई एक हजार वर्ष पहिले हुने प्रभु येशू ख्रीष्टको पुनरागमनसँग भ्रमित पार्नु हुँदैन।

येशूले मानिसहरूसित भन्नुभएका **आठवटा** दृष्टान्तलाई समग्रमा विचार गर्दा परमेश्वरको राज्यबारे विस्तृत दृष्टिकोण देखिन्छ । तिनीहरूले बीउ छर्ने, त्यो हुर्किने र अन्तमा गहुँ र सामा कसरी छुट्टयाइन्छ भन्ने आदि कुरा देखाउँछन्। राज्यको वृद्धि एकै समयमा देखिने गरी (रायोको बीउ) र नदेखिने (खमीर)का रूपमा दुवै एकसाथ भइरहेको छ। परमेश्वरको राज्यको महत्व सजिलै देख्न सकिंदैन (खेतमा गाडिएको खजाना) तैपनि यसको मूल्य अतुलनीय छ (अनमोल मोती)। अनि जो शुद्ध र पवित्र छन् तिनीहरू मात्र बाँच्नेछन् (जालमा परेका विभिन्न कुराहरूबाट राम्रा माछा अलग गरिएका)।

**अरू दृष्टान्तहरू:**

रायोको दानाको दृष्टान्तले परमेश्वरको राज्य अत्यन्तै सानो आकारमा सुरु भए तापनि ठूलो आकारमा बढ्छ भनेर देखाउँछ । इस्राएलमा तोरीको बोट पन्ध्र फिटसम्म अग्लो हुन सक्छ र यो रूखजस्तो देखिन्छ। यो एक सर्वविदित तथ्य हो कि चराहरू रायोको बोटहरूमा आकर्षित हुन्छन् र हाँगाहरूमा गुँडहरू बनाउँछन्। जेहोस्, येशूले अर्कै कुरा संकेत गरिरहनुभएको छ।

नबिर्सनुहोस्, बीउ छर्नेको दृष्टान्तमा चराहरूले शैतानको प्रतिनिधित्व गर्थे। जब परमेश्वरको राज्य बीउको आकारमा हुन्छ, तब शैतानले त्यसलाई सजिलै निल्न सक्छ। तर रायोको रूखले चित्रण गरेझैं पूर्ण तवरमा हुर्केपछि उसले त्यसलाई नष्ट गर्न सक्दैन। तर परमेश्वरको राज्य ठूलो भएपछि शैतानले त्यहाँ आफ्नो घर बनाउन सक्छ र त्यसबाट उत्पन्न हुने बीउलाई खान सक्छ। चराहरूले सामान्यतया रूखको काँटामा वा

नयाँ हाँगा बनेको ठाउँमा आफ्नो गुँड निर्माण गर्छन्। जुन मण्डलीमा विभाजन हुन्छ त्यहाँ शैतान भेट्टाउन सकिन्छ।

खमीरको दृष्टान्तले परमेश्वरको राज्यले सम्पर्कमा आउने सबै कुरा परिवर्तन गर्छ भनेर देखाउँछ। यस्ता ख्रीष्टियनहरू धेरै छन् जसले खमीरले पापलाई बुझाउँछ भनी विश्वास गर्छन्। तर त्योभन्दा सटीक दृष्टिकोण रहेको छ। खमीर एक परिवर्तन गराउने तत्व हो। यसलाई कुनै पनि कुरामा मिसाउनुभयो भने, त्यसका सबै विशेषताहरूलाई परिवर्तन गर्दछ। पछि येशूले चेलाहरूलाई *"फरिसीहरू र सदूकीहरूको खमीरबाट होशियार रहो"*[12] भन्नुहुँदा शिक्षालाई खमीरसित तुलना गर्नुभयो। शिक्षा साँचो होस् वा झूटो, त्यसले कि त असल प्रभाव पार्छ वा खराब।

दृष्टान्तमा खमीरलाई भोजनको तीन भागमा राखिएको थियो। यी तीन भागले खमीर भएको सम्पूर्ण कुराको प्रतिनिधित्व गर्छ। हिब्रू गुणस्तरीय मानक एकाई भनेको एपा हो र तीन शीह (अर्को एकाई) बराबर एक एपा हुन्छ। यसद्वारा येशूले प्रत्येक मानिसका तीन भाग हुन्छन् भनी सङ्केत गरिरहनुभएको छः आत्मा, प्राण र शरीर। जब खमीर वा परमेश्वरको राज्यलाई, प्रत्येक भागसँग परिचित गराइन्छ, व्यक्तिको सम्पूर्ण प्रकृति परिवर्तन हुनेछ।

खेतमा लुकेको धनको दृष्टान्तले परमेश्वरको राज्यबारे अझ धेरै सत्यकुराहरू प्रकट गर्दछ। खजानाले यो बहुमूल्य छ भनेर सङ्केत गर्छ। खेतले विश्वको प्रतिनिधित्व गर्छ। परमेश्वरको राज्य खेतको माटोमा लुकेको थियो, जसले मानिसको हृदयको प्रतिनिधित्व गर्दछ। यस दृष्टान्तमा एक जना मानिसले त्यो खजाना खोजिरहेको थियो, जुन उसले पत्ता लगायो। मानिसको पुत्रले येशू ख्रीष्टको प्रतिनिधित्व गर्दछ। त्यो सम्पत्ति भेट्टाइसकेपछि, पुन: त्यसलाई उसले लुकाउँछ। त्यसपछि, उहाँले संसारलाई किन्न आफ्नो जीवन बलिदान दिनुभयो जुन उहाँसँग भएको सर्वस्सो थियो।

मानिसका हृदयमा येशूले खोजिरहनुभएको खजाना भनेको ख्रीष्ट  जीवित परमेश्वरको पुत्र हुनुहुन्छ भनी राख्ने विश्वास हो। उहाँले जब पत्रुसलाई यसरी सोध्नुभयो, "म को हुँ, तिम्रो विचारमा?," यो खजनालाई येशूले तिनको हृदयमा खोजिरहनुभएको थियो। पत्रुसले उहाँ जीवित परमेश्वरको पुत्र ख्रीष्ट हो भनि जवाफ दिए। त्यसपछि, येशूले भन्नुभयो, *"योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।"*[13] चेलाहरूलाई आफू ख्रीष्ट हो भन्ने कुरा कसैलाई नभन्नु भनी पुन: उक्त खजानालाई उहाँले लुकाउनुभयो।

बहुमूल्यको रत्न दृष्टान्तले परमेश्वरको राज्य भनेको कुनै पनि मानिसको जीवनमा सबैभन्दा बहुमूल्यको सम्पत्ति हो भन्ने यथार्थलाई बुझाउँछ। व्यापारी त्यो हो जसले किनबेच गरेर जीवन गुजारा गर्छ। ऊ एक जानकार व्यापारी हो र व्यापारको महत्वलाई उसले जान्दछ। आफूले सबैभन्दा बहुमूल्यको कुरा प्राप्त

---

[12] मत्ती १६:११-१२

[13] मत्ती १६:१७

गर्न सक्नेछ भनी उसले जब थाहा गर्छ, तब त्यो किन्नको लागि उसले सबैथोक बेच्छ। यसरी किन्नेक्रममा उसले आफ्ना सारा श्रीसम्पत्ति लगानी गरेको हुनाले, अब ऊसँग बेचबिखन गर्ने केही पनि हुँदैन। तर यदि उसले आफ्नो बहुमूल्यको रत्नलाई बेचेर अरू कम मूल्यका रत्नहरू किन्ने विचार गरेमा के हुन्छ होला?

व्यापारीले यस संसारमा आफ्नो लागि सबैभन्दा बहुमूल्यको रत्न किन्न कोसिस गर्ने जोकोहीलाई बुझाएको छ। परमेश्वरको राज्य प्राप्त गर्न एक जना व्यक्तिले आफ्ना सारा बहुमूल्य ठान्ने कुराहरूलाई परित्याग गर्न तयार रहनुपर्छ। अनि त्यसबेला किन कुनै व्यक्तिले आफूसँग पहिले भएका सम्पत्तिहरूलाई पुन:प्राप्त गर्न परमेश्वरको राज्यलाई परित्याग गर्न सक्थ्यो होला र?

बहुमूल्यको रत्नसम्बन्धी दृष्टान्तको दोस्रो व्याख्या पनि लाभदायिक छ। यो सेरोफेरोमा, व्यापारी भनेको परमेश्वरको राज्य हो। परमेश्वरको राज्य आजका दिनमा मण्डलीद्वारा संसारमा आएको छ भन्नु उत्तम अभिव्यक्ति हो। तसर्थ, मण्डलीले कुनै कुरा लगानी गर्न वा कुनै कुरा हासिल गर्न खोजिरहेको छ भन्न सकिन्छ। बहुमूल्यको रत्नल हासिल गर्न सकिने सबैभन्दा महँगो गहना हो भन्ने कुरा झल्काउँछ। वास्तवमा यो यति बहुमूल्य छ कि मण्डलीले यसको खोजी गर्नुपर्छ। यो के हो? कुलपिता अय्यूबले आफ्नो नाउँ भएको पुस्तकको अध्याय २८ मा बुद्धिसम्बन्धी प्रवचनको क्रममा यसको जवाफ दिन्छन्। पद १८ मा उनले भन्छन्, *"मूगा र बिल्लौरको ता कुरै गर्नुपर्दैन, बुद्धिको मूल्य मानिकभन्दा धेरै हुन्छ।* अय्यूबले बुद्धि भनेको के हो भनेर परिभाषित गरेर आफ्नो प्रवचनको अन्त गर्छन्। *"हेर, परमप्रभुको भय, यो ज्ञान हो; अनि दुष्टताबाट अलग हुनु नै समझ हो।"*[14]

समुद्रमा फ्याँकिएको जालको दृष्टान्तले यो युगमा परमेश्वरको राज्य चयनात्मक छैन भनेर देखाउँछ। दृष्टान्तमा माछाले मानिसहरूको प्रतिनिधित्व गर्छ। पत्रुस, अन्द्रियास, याकूब र यूहन्ना गरी येशूले चार जना मछुवाहरूलाई बोलाउनुभयो भन्ने यथार्थबाट यो निष्कर्ष निकालिएको हो। येशूले भन्नुभयो कि त्यस समयदेखि तिनीहरूले मानिसहरूलाई पक्रनेछन्। परमेश्वरको राज्य, जसलाई आज मण्डलीमार्फत काम गर्ने सर्वोत्तम चित्रको रूपमा चित्रण गरिएको छ र यसले सबै प्रकारका मानिसहरूलाई आफूतर्फ आकर्षित गर्छ।

जाललाई पानीबाट तान्दा माछा मार्नेले के पक्रिरहेका छन् भनेर देख्न सक्दैनन् र जाललाई किनारामा नतानेसम्म माछाको प्रकार पनि निर्धारण गर्न सकिंदैनन्। यसरी जाल तानिसकेपछि, यहूदीहरूले आफ्ना माछाहरूलाई दुई समूहमा विभाजन गर्थे, खान सकिने सफा र खान नसकिने अशुद्धहरू। सफा माछाहरूमा कत्ला र पखेटाहरू दुवै भएकाहरू हुन्थे भने अशुद्ध माछाहरू ती थिए जसमा यी मध्ये कुनै एक वा अर्को गुणको अभाव हुन्छ। नयाँ स्वर्ग र पृथ्वी प्रकट हुने अर्को युगको आगमन अघि त्यहाँ परमेश्वरको राज्यमा तानिएका व्यक्तिहरूलाई अलग गर्नेछन्। धर्मीहरू सुरक्षित हुनेछन् र अधर्मीहरूलाई त्यागिनेछ।

[14] अय्यूब २८:२८

**पाठ सार**

परमेश्वरको राज्यका कुराहरूमा हुर्किनुहोस्।

**प्रयोग**

परमेश्वरको आठवटा राज्यका दृष्टान्तहरूबारे तपाईंका कुनै पनि प्रश्नहरू, जुन हामीले पहिले अध्ययन गरिसकेका छौं, तिनीहरूलाई अर्को समूहको बैठकमा सामान्य छलफलका लागि ल्याउनुहोस्।

*पाठ २१*

# खेतमा कटनी गर्न जानु

**समूह चिनजान:**

१. तपाईंको लागि "कटनीको खेत" भन्ने शब्दको अर्थ के हो? (रोपेको बाली काट्न तयार भएको खेत)
२. कटनी को खेत कहाँ छ? (कुनै पनि ठाउँ जहाँ बीउ छरिसकेको छ र फल पाकेको हुनाले काट्नलाई त्यो तयार छ)
३. खेत कटनीको लागि तयार छ भन्ने मानिसलाई कसरी थाहा हुन्छ? (बाली पाकेको छ: अत्याधिक फसलहरू उत्पादन गर्न खाना बनाउन वा रोप्न तयार छ)
४. एक जना व्यक्तिले बालीको पाकेको कसरी चिन्न सक्छ? (यसलाई परीक्षण गरेर: प्रत्यक्ष गरी देखिने र सप्रेको बाली, आदिद्वारा)
५. कटनीको समयमा के हुन्छ? (फसल भविष्यमा प्रयोगको लागि टिप्ने, जम्मा गर्ने र भण्डारण गर्ने गरिन्छ)

**परिचय:**

येशूले कसरी मानिसहरूमा परमेश्वरको राज्य (शासन) स्थापित गर्न सकिन्छ भन्ने कुरा सिकाइरहनुभएको थियो। यो उनीहरूको जीवनको मिशन बन्नेछ। अघिल्ला तीन वटा पाठमा येशूले दृष्टान्तहरू प्रयोग गरेर राज्यका थुप्रै सत्यहरू प्रकट गर्नुभएको हामीले देख्यौं। ती सत्यहरू मानिसहरूलाई सामूहिक वा व्यक्तिगत तवरमा लागू गर्न सकिन्छ। आउनुहोस् तिनीहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरौं:

- परमेश्वरको राज्य मानिसहरूको जीवनमा परमेश्वरको वचन बोलेर रोपिएको हुन्छ। यो हृदयको अवस्थाअनुसार परिपक्व हुन सक्छ वा नहुन पनि सक्छ। (बीउ छर्नेको दृष्टान्त)
- परमेश्वरको राज्य मानिसहरूको जीवनमा चरणबद्ध रूपमा बढ्छ: पहिले टुसा (बाल्यकाल), त्यसपछि हाँगा (जवानी) र अन्तमा फल पाकेको अन्न (वयस्कता)। वृद्धि, पानी (हुर्किनु) र सूर्यको प्रकाश (सतावट) मार्फत आउँछ। (हुर्किरहेको बोटको दृष्टान्त)
- ठेस पुऱ्याउने र अराजक जीवन बिताउनेहरूले परमेश्वरको राज्यलाई असर गर्छन्। (गहुँ र सामाको दृष्टान्त)
    - तिनीहरूले ध्यान नदिनु अत्यावश्यक छ, किनकि हृदयले जे विश्वास गर्दछ त्यही उत्पादन हुने हुनाले, त्यो नसुन्नु आज्ञार्थी हो।
    - जब परिपक्वता हासिल हुन्छ, तब ठेस पुऱ्याउने र अराजक जीवन बिताउनेहरूले राज्यलाई कुनै असर पार्नेछैनन् ।

- परमेश्वरको राज्य बाह्य (दृश्यमूलक प्रमाण – सङ्ख्यात्मक) र आन्तरिक (आध्यात्मिक परिपक्वता – बुद्धि र ज्ञान) दुवैतिर बढ्छ। (रायोको दाना र खमीरको दृष्टान्त)
- परमेश्वरको राज्यमा पत्ता नलगाइएका लाभहरू छन्। (खेतमा लुकाइएको खजानाको दृष्टान्त)
- परमेश्वरको राज्य कुनै पनि मानिसले धारण गर्न सक्ने सबैभन्दा अमूल्य कुरा हो। (बहुमूल्यको मोतीको दृष्टान्त)
- परमेश्वरको राज्य पूर्ण नहुञ्जेलसम्म जस्ताको त्यस्तै चलिरहनेछ, र त्यसपछि असल र नराम्रा कुराहरू छुट्ट्याइनेछ। (समुद्रमा हानिएको जालको दृष्टान्त)।

**बाइबल पठनः**

**मत्ती ८:२३-३४, ९:३५-३८, मर्कूस ४:३५-५:२०, लूका ८:२२-३९**

**येशूले समुद्रलाई शान्त पार्नुहुन्छ**

**मत्ती ८:२३-२७, मर्कूस ४:३५-४१, लूका ८:२२-२५**

*बाइबलबाट परमेश्वरको सन्देश "मपछि लाग"*

त्यस दिन जब साँझ पऱ्यो, येशू र उहाँका चेलाहरू डुङ्गामा चढे अनि येशूले तिनीहरूलाई भन्नुभयो, "आऊ, हामी तालको अर्को किनारमा जाऔं।" मानिसहरूलाई छोडेर तिनीहरूले येशूलाई डुङ्गामा लिएर गए र अरू ढुङ्गाहरू पनि उहाँ चढेको ढुङ्गा नजिक थिए। अनि डरलाग्दो भीषण आँधितुफान आयो र छालले ढुङ्गालाई डुबाउन थाल्यो किनकि त्यो पानीले भरिन थालेको थियो। तर उहाँ त सिरान हालेर मस्तसँग गहिरो निद्रामा सुतिरहनुभएको थियो र तिनीहरूले येशूलाई ब्यूँझाए अनि भने, "गुरुज्यू, के तपाईं हामी नाश हुँदैछौं भन्ने देखेर वास्ता गर्नुहुन्न?" अनि उत्तेजित भएर उहाँले बतासलाई हप्काउनुभयो र समुद्रलाई भन्नुभयो, "चुपचापसँग शान्त हो।" अनि बतास शान्त भयो र छाल थामियो। येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन यति डरपोक छौ? तिमीहरूसँग रत्तिभर पनि विश्वास छैन?" तिनीहरू अत्यन्त डराए अनि आपसमा खासखुस गर्दै यसो भने, "त्यसोभए उहाँ को हुनुहुन्छ जसलाई हावा र समुद्रले पनि टेर्दो रहेछन्?"

**प्रेतहरूलाई सुँगुरमा पठाइन्छ**

**मत्ती ८:२८-३४, मर्कूस ५:१-२०, लूका ८:२६-३९**

*बाइबलबाट परमेश्वरको सन्देश "मपछि लाग"*

तिनीहरू समुद्रको अर्को किनारमा गेरासेनीहरूको देशमा आए। जब येशू डुङ्गाबाट बाहिर आउनुभयो, उहाँलाई शहरका एक जना मानिसले भेटे जो दुष्टात्माहरूले भरिएको थियो र त्यसले लामो समयदेखि कुनै लुगा लगाएको थिएन। त्यो कुनै घरमा बस्नुको सट्टामा, चिहानमा बस्ने गर्दथ्यो। अनि कसैले पनि त्यसलाई साङ्लाले बाँध्न सक्तैनथ्यो, किनभने त्यसले अक्सर आफूलाई बाँधेको साङ्लो र दाम्लोलाई चुँडालेर भाग्ने गर्दथ्यो। तर त्यसलाई कसैले पनि वशमा पार्न सक्दैनथ्यो। अनि निरन्तर रात-दिन चिहानहरू र पहाडहरूमा, चिच्याउँदै हिँड्ने र आफूलाई ढुङ्गाले शरीरमा घाउ पार्ने काम गर्थ्यो। अनि टाढैबाट येशूलाई देखेर त्यो उहाँभएतिर कुदेर गयो र

शिर झुकाएर ठूलो स्वरमा चिच्याउँदै भन्यो, "हे परमप्रधान परमेश्वरका पुत्र येशू, तपाईंसित मेरो के सम्बन्ध छ? परमेश्वरद्वारा म तपाईलाई बिन्ती गर्दछु, मलाई यातना नदिनुहोस्।" किनभने येशूले त्यसलाई भन्नुभएको थियो, "हे अशुद्ध आत्मा, त्यस मानिसबाट बाहिर निस्कि!" येशूले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो?" तब येशूलाई त्यसले भन्यो, "मेरो नाउँ **सेना** हो।[15] किनकि हामी धेरै छौं। अनि तिनीहरूलाई देशबाहिर नपठाउन त्यसले उहाँसित बिन्ती गर्न थाल्यो। अब पहाडमा सुँगुरको एउटा ठूलो बथान चरिरहेको थियो। अनि दुष्टात्माहरूले येशूलाई बिन्ती गर्दै भने, "हामीलाई सुँगुरहरूमा पठाउनुहोस्[16] ताकि हामी तिनीहरूभित्र पस्न सकौं।" अनि उहाँले तिनीहरूलाई अनुमति दिनुभयो। अनि बाहिर निस्केर अशुद्ध आत्माहरू सुँगुरभित्र पसे। अनि ती बथानहरू **भिरालो किनाराबाट**[17] तल समुद्रमा खसे। ती लगभग दुई हजार सुँगुरहरू थिए। अनि तिनीहरू समुद्रमा डुबे। अनि तिनीहरूका गोठालाहरू भागे र शहर र देशमा यसबारे जानकारी दिए। अनि मानिसहरू त्यो घटना हेर्न आए। अनि तिनीहरू येशूकहाँ आइपुग्दा, त्यो दुष्टात्माले भरिएको मानिस बसिरहेको, लुगा लगाएको र दिमाग ठीक भएर बसिरहेको देखे। त्यो मानिससित "भूतात्माका बथान" थियो। अनि तिनीहरू डराए। अनि ती मानिसहरू जसले ती घटना देखेका थिए तिनीहरूले त्यहाँ आएका नयाँ मानिसहरूलाई बताए कि भूतले ग्रस्त मानिस र सुँगुरहरूलाई के भएको थियो। अनि तिनीहरूले उहाँलाई आफ्नो इलाकाछोड्न बिन्ती गर्न थाले। अनि जब उहाँ डुङ्गामा चढ्दै हुनुहुन्थ्यो, त्यो मानिस जो दुष्टात्माले ग्रस्त भएको थियो, त्यसले उहाँसँगै जान बिन्ती गरिरहेको थियो। येशूले त्यसलाई अनुमति दिनुभएन, तर उहाँले भन्नुभयो, "तिम्रा मानिसहरूकहाँ जाऊ अनि परमप्रभुले तिम्रो निम्ति के-कस्ता महान् कामहरू गर्नु भएको छ र उहाँले तिमीमाथि कसरी दया गर्नुभएको छ भनी तिनीहरूलाई बताऊ।" त्यसपछि त्यो गयो र दिकापोलिसमा घोषणा गर्न थाले कि येशूले उसको जीवनमा के-कस्ता महान् कामहरू गर्नुभएको थियो; अनि त्यो सुनेर सबै जना छक्क परे।

## सुसमाचार प्रचार

**मत्ती ९:३५-३८**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

### सन् २९ गर्मीको अन्त्य/शरदको प्रारम्भ

येशू विभिन्न शहरहरू र गाउँहरूमा भ्रमण गरिरहनु भएको थियो। उहाँले तिनीहरूका सभाघरहरूमा शिक्षा दिनु भएको थियो। उहाँले राज्यको सुसमाचारको घोषणा गर्नु भएको थियो। उहाँले सबै प्रकारका रोगहरू र बिमारीहरू निको पार्नु भएको थियो। मानिसहरूको भीड देखेर येशूले तिनीहरूप्रति दया देखाउनुभयो, किनभने तिनीहरू गोठालो विनाका भेडाहरू जस्तै दुःखी तथा थकित थिए। त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "फसल प्रशस्त छ, तर कामदारहरू

[15] **सेना। येशूको समयमा एउटा "रोमी सेना"-मा ६,००० पैदल सेना र घोडसवार सेनाहरू हुन्थे।.**

[16] सुँगुरहरू "अशुद्ध" पशुहरू हुन्।

[17] **भिरालो किनार। गालील सागर आसपास केवल एउटा ठाउँ छ जुन यस वर्णनसंग मेल खान्छ, कुर्सीको सानो गाउँ नजिकैको क्षेत्र।**

थोरै छन्। यसकारण फसल काट्ने परमप्रभुलाई बिन्ती गर, कि उहाँको कटनीमा कामदारहरू पठाइदिनुभएको होओस्।"

**आज्ञाहरू:**

- आऊ हामी तालको अर्को छेउमा जाऔं।
- कटनी प्रशस्त छ, तर कामदारहरू थोरै छन्। यसकारण फसलको परमप्रभुलाई बिन्ती गर्नुहोस् कि उहाँको फसलमा कामदारहरू पठाइदेऊन्।

**पाठ**

परमेश्वरको राज्यको घोषणा गर्ने आधारभूत कुरा येशूको चिन्ह र चमत्कारहरूको सेवकाई हो। राज्य कस्तो छ भनेर उहाँले आफ्ना **दृष्टान्तहरूद्वारा सिकाउनुहुन्छ**। अनि उहाँले आफ्ना आश्चर्यकर्महरूद्वारा राज्यको शक्ति **देखाउनुहुन्छ।** "तर यदि मैले परमेश्वरको आत्माद्वारा दुष्टात्माहरूलाई निकालिदिएँ भने परमेश्वरको राज्य तिमीहरूमाथि आएको छ" (मत्ती १२:२८)। यी दृष्टान्तहरू परमेश्वरको राज्यको बारेमा मौखिक घोषणाहरू हुन्। यी चमत्कारहरू परमेश्वरको राज्यका **प्रत्यक्ष अभिव्यक्तिहरू** हुन्।

परमेश्वरको राज्यको दृष्टान्तहरूमा उहाँको शिक्षा भर्खरै पूरा गरिसकेपछि, येशू र उहाँका चेलाहरू डुङ्गाहरूको सानो दलसहित गेरासेनीहरूको क्षेत्रमा रहेको तालको पूर्वी भागतिर जानुभयो।

तालको पूर्वी भाग डेकापोलिस वा "दश सहरका टोली" को भाग थियो, जुन हिप्पोस शहरद्वारा नियन्त्रित थियो। रोमी सेनापति, पोम्पेले ईसापूर्व ६३ मा सिरियाबाट फर्केपछि डेकापोलिसको स्थापना गरे र यसलाई मूर्तिपूजक शहरको दर्जा प्रदान गरे। तिनीहरू जुन विशेष क्षेत्रतिर जाँदै थिए, त्यो थियो गेरासेनीहरू। हिब्रू भाषामा गेरुशिम वा गेराशिम शब्दको अर्थ "निष्कासित मानिसहरू" हो। अनि यहूदी परम्पराअनुसार यो कनानका सात जना आदिवासीहरूमध्ये एक गिर्गासीहरूको भूमि थियो, जसलाई यहोशूले त्यस भूमिबाट निकालेर भगाएका थिए।

पाँच माइलको चेलाहरूका समुद्री यात्रामा तिनीहरूका ज्यानलाई नै जोखिममा पार्ने एउटा ठूलो आँधीबेहरीलाई सामना गर्छन्। त्यसैले चेलाहरूले येशूलाई उठाउँछन्छ र उहाँले आँधी बेहरी र समुद्रलाई शान्त रहन आज्ञा दिनुहुन्छ। कुर्सी गाउँ नजिकैको पूर्वी किनारमा आइपुग्दा यो समूहले चिहानको बीचमा बस्ने एक भूत लागेको मान्छेलाई भेट्छन्। येशूले त्यस मानिसका दुष्टात्माहरू, लगभग ६,००० जनालाई निकालेर सुँगुरको बथानमा पठाइदिनुहुन्छ र दुष्टात्माहरूले समातेपछि सुँगुरको बथान भीरतिरबाट भाग्दै खोलामा खसेर मर्छन्।

**समूह छलफल:**

१. येशू आफ्ना चेलाहरू तालको अर्को किनारमा जाऊन् भन्ने चाहनुहुन्थ्यो। किन?
(शैतानको राज्यसित मुठभेडमा परमेश्वरको राज्यको शक्ति प्रदर्शन गर्न वा चेलाहरूलाई असहज परिस्थितिमा पार्न उहाँले चाहनुभएको हुन सक्छ ताकि तिनीहरूले कठिन परिस्थितिमा

परमेश्वरको शक्तिलाई नियाल्न सकून्)

२. बतास र समुद्रलाई हप्काएपछि येशूले आफ्ना चेलाहरूलाई किन यसो भन्नुभयो, "तिमीहरू किन यति डरपोक छौ" र "तिमीहरूमा विश्वास नै छैन?" (उहाँले चेलाहरूलाई परमेश्वरमा विश्वास गर्न र तिनीहरूका परिस्थितिमाथि नियन्त्रण लिन चुनौती दिइरहनुभएको थियो। येशूले आफ्नो सेवकाईको दौडान, मानिसको पुत्रको रूपमा पृथ्वी र दुष्ट आत्माहरूमाथि आफ्नो शक्तिहरू प्रदर्शन गर्नुभयो तर मानिसहरूको स्वतन्त्र इच्छामाथि कहिल्यै पनि होइन।)
३. के तपाईं परमेश्वरको राज्यको सन्देशलाई अज्ञात इलाकाहरूमा लैजान डराउनुहुन्छ?

**पाठ जारी**

तालको उत्तरी किनारमा फर्केपछि येशूले बाह्र वर्षदेखि रक्तस्राव बेथा लागेकी एउटी स्त्रीलाई निको पार्नुभयो। त्यसै दिन बेलुकीतिर उहाँले एउटी सानी केटीलाई मृत्युबाट पुनः जीवित पार्नुहुन्छ, दुई जना अन्धा मानिसहरूको आँखाका ज्योति पुनर्स्थापित गर्नुहुन्छ र लाटोलाई बोल्ने बनाउनुहुन्छ। त्यहाँबाट येशू आफ्नो जन्मस्थान नासरत फर्कनुहुन्छ जहाँ उहाँले अरू थप केही बिरामीहरूलाई हात राखेर निको पार्नुहुन्छ।

येशू आफ्नो अर्को प्रचार यात्रामा जाने क्रममा[18] उहाँले गोठालो बिनाका भेडाहरूजस्तै व्यवहार गरिरहेका मानिसहरूलाई देख्नुभयो। शत्रुहरूले तिनीहरूलाई एक-एक गरी लखेट्दै जाँदा तिनीहरू उद्देश्यविहीन भएर, लक्ष्यबिना सबै प्रकारका रोगहरू र कष्टहरूलाई भोगेर हिंडिरहेका थिए। तिनीहरूलाई हेरचाह गर्नु, डोऱ्याउनु र सुरक्षा प्रदान गर्नु आवश्यक थियो। तिनीहरूप्रति दया देखाउँदै ती सबैको हेरचाह आफूले मात्र गर्न उहाँले भ्याउनुहुन्न भन्ने बुझेर येशूले आफ्ना चेलाहरूलाई प्रार्थना गर्न बोलाउनुहुन्छ।

**समूह छलफल**

४. गोठालो बिनाको भेडाजस्तो व्यवहार गर्ने कुनै व्यक्तिलाई तपाईंले चिन्नुहुन्छ? तिनीहरूले कस्तो व्यवहार गर्छन्? (शत्रुहरूले तिनीहरूलाई एक-एक गरी लखेट्दै जाँदा तिनीहरू उद्देश्यहीन, लक्ष्यहीन भएर, सबै प्रकारका रोगहरू र कष्टहरू भोगेर हिंड्छन्।)
५. किन येशूले आफ्ना चेलाहरूलाई बीउ छर्नेहरूभन्दा बढी धेरै कटनी गर्नेहरूको लागि प्रार्थना गर्न अह्राउनुभयो? (किनकि छर्नभन्दा कटनी गर्न धेरै मानिस चाहिन्छ)

**पाठ सार:**

कटनीको खेत पत्ता लगाउनुहोस् र त्यहाँ काम गर्न जानुहोस्।

**प्रयोग:**

फसलको परमप्रभुले आफ्नो खेतमा कटनी गर्ने प्रशस्त कामदारहरू पठाउन भनी दिनहुँ प्रार्थना गर्नुहोस्।

[18] सायद सन् २९को अप्रीलदेखि अक्टोबरसम्म होला।

*पाठ २२*

# सुसमाचार प्रचार

**समूह चिनजान**

"सुसमाचार प्रचार" भन्ने शब्द सुन्दा तपाईंको मनमा कस्ता चित्र वा चित्रहरू आउँछन्?

**बाइबल पठन**

**मत्ती १०:१-१५, मर्कूस ६:७-१३, लूका ९:१-६, १०:१-१६**

**बाह्रजनालाई सुसमाचार प्रचार गर्न पठाइयो**
**मत्ती १०:१-१५, मर्कूस ६:७-१३, लूका ९:१-६**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

आफ्ना बाह्र जना चेलाहरूलाई बोलाएर येशूले तिनीहरूलाई अशुद्ध आत्माहरूमाथि शासन गर्ने, ती धपाउने र सबै प्रकारका रोगहरू र बिमारीहरूलाई निको पार्ने अधिकार दिनुभयो। अब बाह्र प्रेरितहरूको नाउँ यस प्रकार छ: पहिलो, शिमोन, जसलाई पत्रुस भनिन्छ, र अन्द्रियास तिनका भाइ; जब्दीका छोरा याकूब अनि तिनका भाइ यूहन्ना। फिलिप र बारथोलोमाइ; थोमा र मत्ती कर उठाउने व्यक्ति; याकूब अल्फियसका छोरा थिए। याकूब थेदियस थिए। सिमोन उग्रपन्थी अनि यहूदा इस्करियोत, जसले उहाँलाई धोका दिए। येशूले तिनीहरूलाई निर्देशन दिइसकेपछि प्रचार गर्न पठाउनु भयो। येशूले भन्नुभयो, **"गैर-यहूदीहरूको मार्गमा नजाऊ अनि सामरीहरूको कुनै पनि शहरमा प्रवेश नगर। तर बरु इस्राएलको घरानाको हराएका भेडाहरूकहाँ जाऊ। अनि जब तिमीहरू जान्छौ, 'स्वर्गको राज्य नजिकै छ'** भनेर प्रचार गर।'[19] बिरामीहरूलाई निको पार, मरेकाहरूलाई ब्यूँताऊ, कुष्ठरोगीहरूलाई शुद्ध पार, अनि दुष्टात्माहरूलाई निकाल। तिमीहरूले सित्तैं पायौं र सित्तैंमा देओ। सम्पत्तिस्वरूप कुनै सुन, चाँदी, वा तामा नमाग वा आफ्नो यात्राको लागि झोला, वा दुईजोर वस्त्रहरू, वा चप्पल, वा लौरो पनि नमाग। किनकि कामदार उसको ज्यालाको योग्य छ। तिमीहरू जुन शहर वा गाउँमा प्रवेश गर्छौ, त्यहाँ को योग्य छ, सोधखोज गर। जबसम्म तिमीहरू अन्यत्र जाँदैनौ तबसम्म त्यहीं बस। अनि जब तिमीहरू ती घरभित्र पस्छौ, त्यसलाई आफ्नो **अभिवादन देऊ**।[20] अनि यदि त्यो घर योग्य छ भने, तिमीहरूको शान्तिको अभिवादन त्यसमाथि आओस्; तर

[19] स्वर्गको राज्य नजिकै छ। "परमेश्वरले यहाँ र अहिले शासन गरिरहनुभएको छ" भन्ने अर्को तरिका।

[20] अभिवादन। "शालोम अलिखेम" वा "शान्ति तपाईंमाथि होस्"। शालोम शब्दले शान्तिको अवधारणा मात्र होइन तर कल्याण, पूर्णता, स्वास्थ्य, सफलता, निष्ठा र सान्त्वनालाई पनि बुझाउँछ।

यदि यो योग्य छैन भने, तपाईंको शान्तिको अभिवादन तिमीहरूकहाँ फर्कोस्। यदि कसैले तिमीहरूलाई ग्रहण गर्दैनन् र तिमीहरूका कुराहरू पालन गर्दैनन् भने तिमीहरू त्यो घर वा शहरबाट निस्कँदा तिमीहरूको खुट्टाको धूलोसम्म टकटक्याइदेऊ। म तिमीहरूलाई साँचो भन्दछु, न्यायको **दिनमा सदोम र गमोराको**[21] भूमिको निम्ति त्यो शहरभन्दा धेरै सहनीय हुनेछ।

## सत्तरी जनालाई पठाउनु
## मत्ती ११:२०-२४, लूका १०:१-१६

*बाइबलबाट परमेश्वरको सन्देश: "मपछि लाग"*

यसपछि प्रभुले अरू सत्तरी जनालाई नियुक्त गर्नुभयो, र आफू जान लाग्नुभएको हरेक सहर र गाउँमा आफूभन्दा अगाडि तिनीहरूलाई दुई-दुई जना गरी पठाउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्। **जाओ,**[22] हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाका पाठाहरूझैँ पठाउँछु। न त पैसाको थैली, न झोली, न जुत्ता बोक, **न बाटोमा कसैलाई अभिवादन गर।**[23] "जुन घरमा पस्छौ पहिले भन, 'यस घरलाई शान्ति होस्!' यदि त्यहाँ शान्तिप्रिय मानिस रहेछ भने तिमीहरूको शान्ति त्यससँग रहनेछ, तर रहेनछ भने त्यो शान्ति तिमीहरूकहाँ नै फर्किआउनेछ। तिनीहरूले दिएका थोकहरू खानपान गरेर त्यसै घरमा बस। किनभने खेताला आफ्नो ज्यालाको योग्य हुन्छ। घर-घर नपसी हिंड़। "जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्छन्, तब तिमीहरूका सामु राखिदिएको भोजन खाओ, त्यहाँ भएका रोगीहरूलाई निको पार, र तिनीहरूलाई भन, **'परमेश्वरको राज्य तिमीहरूका नजिक आइपुगेको छ।'**[24] तर जब तिमीहरू कुनै सहरमा पस्छौ, र तिनीहरूले तिमीहरूलाई स्वागत गर्दैनन्, तब निस्केर त्यस सहरका सड़कहरूमा जाओ, र भन, 'हाम्रा खुट्टामा टाँसिएको तिमीहरूका सहरको धूलोसमेत हामी तिमीहरूका विरुद्धमा टकटक्याउँछौं। तापनि यो जान, कि परमेश्वरको राज्य नजिकै आइपुगेको छ।' म तिमीहरूलाई भन्दछु, त्यस दिन त्यस सहरको भन्दा सदोमको हालत सहनीय हुनेछ। "धिक्कार तँलाई, खोराजीन! धिक्कार तँलाई, बेथसेदा! किनकि तिमीहरूमा भएका सामर्थ्यका काम टुरोस र सीदोनमा गरिएको भएदेखि तिनीहरूले अघि नै भाङ्ग्रा लाएर खरानीमा बसी पश्चात्ताप गर्नेथिए। तर न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत सहनीय हुनेछ। अनि तँ, कफर्नहुम! के तँ आकाशमा उचालिने र? तँ पातालमा खसालिनेछस्।

**आज्ञाहरू:**

- गैर-यहूदीहरूको मार्गमा नजाऊ।

---

[21] **सदोम र गमोराको भूमि:** अब्राहामको समयमा परमेश्वरले मृत सागरको दक्षिणीको पुच्छरमा रहेको एउटा इलाकालाई त्यहाँका बासिन्दाहरूको दुष्टताको कारण नाश गर्नुभयो।

[22] **आ-आफ्नो बाटो लाग।** जुन शहरमा मैले तिमीहरूलाई खटाएको छु, त्यहाँ जाऊ।

[23] **बाटोमा कसैलाई पनि अभिवादन नगर।** बेकारको कुराकानीमा संलग्न हुन नरोकिनु।

[24] परमेश्वरको राज्य नजिकै आइपुगेको छ। **वास्तवमा तिनीहरूले यसो भनिरहेका थिए, "हामी परमेश्वरको निर्देशनअनुसार, उहाँको अधिकारमा, उहाँको शक्तिद्वारा, उहाँको उद्देश्य पूरा गर्न तिमीहरूकहाँ आएका छौं।**

- ❖ सामरीहरूको कुनै पनि शहरमा प्रवेश नगर।
- ❖ इस्राएलका घरानाका हराएका भेडाहरूकहाँ जाऊ।
- ❖ जुन शहरमा म आउन लागेको छु, त्यहाँ जाऊ।
- ❖ जब तिमीहरू जान्छौं, "स्वर्गको राज्य नजिकै छ" भनेर प्रचार गर।
- ❖ बिरामीलाई निको पार।
- ❖ तिनीहरूलाई भन, "परमेश्वरको राज्य तिमीहरूको नजिक आइपुगेको छ।"
- ❖ मरेकाहरूलाई जीवित पार।
- ❖ कुष्ठरोगीहरूलाई शुद्ध पार।
- ❖ दुष्टात्माहरू निकाल।
- ❖ तिमीहरूले स्वतन्त्र रूपमा प्राप्त गर्‍यौं, स्वतन्त्र रूपमा देओ।
- ❖ आफ्नो पैसाको पोल्टामा सुन, चाँदी वा तामा नबोक।
- ❖ तिमीहरूका यात्राको लागि झोला नबोक।
- ❖ दुई जोर लुगा पनि नबोक।
- ❖ चप्पल नलगाओ।
- ❖ लौरो नबोक।
- ❖ बाटोमा कसैलाई पनि अभिवादन नगर।
- ❖ तिमीहरू जुन शहर वा गाउँमा प्रवेश गर्छौं, त्यहाँ सद्भाव राख्ने कोही छ कि सोध।
- ❖ अनि अन्यत्र जानुपूर्व, त्यही बस।
- ❖ तिमीहरूका अघि जे राखिएको छ त्यही खाओ।
- ❖ जब तिमीहरू कसैको घरभित्र पस्छौं, तिनीहरूलाई यसरी आफ्नो अभिवादन देओ, "यस घरमा शान्ति होस्!"
- ❖ यदि त्यो घर योग्य छ भने (सद्भाव राख्ने मानिस त्यहाँ छ भने), तिमीहरूका शान्तिको अभिवादन त्यसमाथि परोस्।
- ❖ यदि घर योग्य छैन (सद्भाव राख्ने मानिस त्यहाँ छैन भने), तिमीहरूका शान्तिको अभिवादन फर्कोस्।
- ❖ यदि कसैले तिमीलाई ग्रहण गर्दैन र तिमीहरूका वचनहरू पालन गर्दैन भने, जब तिमीहरू त्यो घर वा शहरबाट निस्कन्छौं, तिमीहरूको खुट्टाको धूलोसमेत टकटक्याओ।
- ❖ शहरका गल्लीहरूमा जाऊ अनि भन, "तिम्रो शहरको धूलो जो हाम्रो खुट्टामा टाँसिएको छ, हामी तिमीहरूको विरोधमा पखालिदिन्छौं। तर यो कुरामा पक्का रहो कि परमेश्वरको राज्य तिमीहरूको नजिक आइपुगेको छ।"

**समूह छलफल:**

१. ख्रीष्टलाई पछ्याउने तपाईंको निर्णयमा सबैभन्दा प्रभावशाली व्यक्ति को थिए?
२. त्यस व्यक्तिको तपाईंसित कस्तो सम्बन्ध थियो?
३. त्यस व्यक्तिले **के गऱ्यो** जसले तपाईंलाई प्रभावित गऱ्यो?
४. त्यस व्यक्तिले तपाईंलाई कस्तो महसुस गरायो, वर्णन गर्नुहोस् ।
५. त्यस व्यक्तिले तपाईंलाई प्रभाव पार्न के **भन्यो?**

**पाठ:**

"महान् आज्ञा" दिनुअघि येशूले मानिसहरूको हेरचाह गर्न दुई पटक दूतहरू पठाउनुभयो भनी धर्मशास्त्रमा बताइएको छ। पहिलो पटक उहाँले बाह्र प्रेरितहरूलाई लगभग छ महिनाको अवधिको लागि[25] केवल इस्राएलको घरानाको हराएका भेडाहरूकहाँ मात्र पठाउनुभयो। केही महिनापछि, उहाँले आफू पछिबाट जाने सहरहरूमा अरू सत्तरी जना चेलाहरूलाई लगभग दुई महिनाको समयावधिको[26] लागि पठाउनुभयो। दुवै समूहहरूलाई उहाँले दिनुभएको निर्देशनहरू मूलतः एउटै र निक्कै विशिष्ट थिए। प्रार्थना यी दुवै उद्यमहरूभन्दा अग्रीम कार्य थियो। सबैले कटनीमा कामदारहरू पठाइदिन परमेश्वरलाई बिन्ती गरे। त्यसपछि येशूले जानेहरूलाई आज्ञा दिनुभयो। परमेश्वरका प्रत्येक वचन दुई वा दुईभन्दा बढी साक्षीहरूको मुखबाट प्रमाणित होस् भनेर येशूले तिनीहरूलाई जोडी-जोडीबनाएर पठाउनु भयो। उहाँले तिनीहरूलाई मानिसहरूले **पश्चात्ताप**[27] गर्नुपर्छ भनी प्रचार गर्न र परमेश्वरको राज्य **नजिकै छ**[28] भनेर घोषणा गर्न अह्राउनुभयो।

येशूले मानिसहरूलाई निको पार्ने वरदान तिनीहरूलाई दिनुभयो, ताकि तिनीहरूको गवाही केवल शब्दहरूमा मात्र होइन तर परमेश्वरको शक्तिद्वारा उच्च स्तरबाट आउन सकोस्। येशूले यी चेलाहरूलाई दुष्टात्माहरू निकाल्ने र सबै किसिमका रोग र बिमार निको पार्ने शक्ति दिनुभयो। उहाँले "बाह्र" जनालाई यहूदीहरूकहाँ मात्र र "सत्तरी" लाई उहाँले भ्रमण गर्नुहुने शहरहरूमा **पठाउनुभयो।**[29] जब उहाँले आफ्ना चेलाहरूलाई "महान् आज्ञा" दिनुभयो, त्यसमा यरूशलेम, यहूदिया, सामरिया र पृथ्वीका सबै भन्दा टाढाका भागहरू समावेश थिए।

---

[25] सायद सन् २९ अक्टोबरदेखि सन् ३० अप्रीलसम्म

[26] सायद सन् ३०को अक्टोबर र नोभेम्बर

[27] प्रश्चाताप: (ग्रीक शब्द मेटानोइटे)–मन परिवर्तन गर्नु-हृदय परिवर्तन गर्नु (सरलमा भन्नुपर्दा, "आफ्नो तरिकाले गर्न छोड र परमेश्वरको तरिका अपनाऊ।

[28] परमेश्वरको राज्य नजिक छ भन्ने अभिव्यक्तिलाई विभिन्न प्रकारले प्रयोग गरिएको छ। परमेश्वरले यहाँ र अहिले शासन गरिरहनुभएको छ भन्ने घोषणा। दोस्रो, जसले घोषणा गरिरहेको छ उक्त व्यक्तिको जीवनमा त्यसको शक्ति र अख्तियार रहेको छ।

[29] दोस्रो आज्ञा भनेको महान् आज्ञाको अग्रगामी रूप हो। यसले चेलाहरूको मिशनलाई जतातत‌ै विस्तार गर्दछ ताकि प्रभुको आगमन होस्। त्यस समयमा गालील, सामरिया र यहूदियाका शहरहरू समावेश हुनेथिए। तथापि, यसको अर्थ येशूले त्यस समयमा वा भविष्यमा भ्रमण गर्नुहुने कुनै पनि शहरलाई बुझ्न सकिन्छ।

तिनीहरूको गन्तव्यतर्फको यात्राबारे येशूले दिनुभएको निर्देशनहरूमा ती छिट्टै पूरा गर्नुपर्ने आत्तुरी देखिन्थ्यो। त्यसैले उहाँका चेलाहरूले यात्राको लागि कुनै औपचारिक तयारी गर्नुहुँदैनथ्यो। तिनीहरूले आफ्नो यात्राको लागि वा पैसा, लुगाफाटा, सामान वा खाना जस्ता आफ्नो सहायताको लागि केही पनि लिएर जानु हुँदैनथ्यो। अनि तिनीहरूले बाटोमा कोहीसँग पनि गफगाफ गर्ने, कुराकानी गर्ने वा बेकारमा अल्झिने काम गर्नुहुने थिएन। यस निर्देशनले ती अनुयायीहरूलाई १ राजा १३ को कथाको सम्झना दिलाउँछ: परमेश्वरले एक जना अगमवक्तालाई बाटोमा खाने र पिउने जस्ता कार्यमा नअल्झिकन विशेष निर्देशनसहित मिसनमा पठाउनुभयो। तिनले अवज्ञा गरे र तुरुन्तै मरे।

कुनै शहरमा पस्दा येशूका चेलाहरूले "**शान्तिप्रिय (सद्भाव राख्ने) मानिस**" भेट्टाउनुपर्थ्यो।[30] तिनीहरू त्यस शहरमा बस्दा त्यही व्यक्तिको घरमा बस्नुपर्थ्यो र उसैको भोजन खानुपर्थ्यो। उसको घरमा पस्दा तिनीहरूले त्यसमा रहेका मानिसहरूलाई "शालोम अलिखेम" वा "तिमीहरूमाथि शान्ति होस्" भनेर अभिवादन गर्नुपर्थ्यो। "शालोम" शब्दले शान्तिको भाव मात्र होइन तर सुरक्षा, कल्याण, स्वास्थ्य, सन्तुष्टि, सफलता, सान्त्वना, निष्ठा र पूर्णताको भावलाई पनि बुझाउँछ। जब यो अभिवादन दिइन्छ, तब परमेश्वरले त्यस घरका मानिसहरूलाई आफ्नो शान्ति र अनुग्रह प्रदान गर्नुहुन्छ। यदि येशूका चेलाहरूलाई त्यस घरद्वारा अस्वीकार गरियो भने, परमेश्वरले आफ्नो शान्ति र अनुग्रह फिर्ता लिनुहुन्छ।

आफ्ना चेलाहरूलाई विश्वसनीयता प्रदान गर्न येशूले तिनीहरूलाई सबै किसिमका बिमारी र रोग निको पार्ने शक्ति दिनुभयो। तिनीहरूले कुष्ठरोगीहरूलाई शुद्ध पार्न र दुष्टात्माहरू निकाल्न सके। कोही निको भएपछि तिनीहरूले उनीहरूलाई यसो भन्नुपर्थ्यो, "परमेश्वरको राज्य नजिकै छ।" निको पार्ने शक्तिसँगै थप जिम्मेवारी पनि आयो। येशूका चेलाहरूलाई निको पार्नको लागि कुनै पनि पैसा वा दानदक्षीणा लिने अनुमति थिएन, किनकि तिनीहरूले परमेश्वरबाट सित्तैंमा उपहार प्राप्त गरेका थिए। अनि तिनीहरूले त्यो उपहार सित्तैंमा नै दिनुपर्दथ्यो। यसले चेलाहरूलाई २ राजा ५ का कुष्ठरोगी नामानको कथाको सम्झना दिलाउँछ। अगमवक्ता एलीशाले नामानको कुष्ठरोग निको पारे तर एलीशाका नोकर गेहजीले त्यसवापत् केही पाउन नामानको पछि लागे। फलस्वरूप एलीशाले नामानको कुष्ठरोग गेहजीलाई सारिदिए।

कुनै घर वा सहरले तिनीहरूको कुरा सुन्न वा स्वीकार गर्न इन्कार गरेमा, येशूका ती चेलाहरू सडकमा निस्कनुपर्थ्यो र तिनीहरूको खुट्टाको धूलो टकटक्याउनुपर्दथ्यो। जब तिनीहरूले त्यसो गर्थे, तब तिनीहरूले यसो भन्थे, *"तिमीहरूका शहरको धूलो जो हाम्रो खुट्टामा टाँसिएको छ, हामी तिमीहरूका विरोधमा टकटक्याइदिन्छौं। तर यो कुरामा पक्का रहो कि परमेश्वरको राज्य तिमीहरूको नजिक आइपुगेको छ।"* ऐतिहासिक रूपमा, यहूदीहरूले गैर-यहूदी शहरका धार्मिक अशुद्ध धूलोलाई आफ्नो खुट्टाबाट टकटक्याउँदै इस्राएलको आफ्ना भूमिमा फर्कन्थे। येशू चाहनुहुन्छ कि उहाँका चेलाहरूले तिनीहरूलाई इन्कार गर्नेहरूलाई त्यो किन गरियो भनेर बताउन। तिनीहरूले यहूदीहरू भएकोले परमेश्वरको वचन ग्रहण नगर्ने हुनाले अबदेखि तिनीहरू उनीहरूका निम्ति गैर-यहूदीहरू जस्तै थिए।

[30] शान्तिको मानिस" भन्ने शब्दले नम्र, अतिथिसत्कार गर्ने र परमेश्वर (परमेश्वरको भय मान्ने) व्यक्तिलाई बुझाउँछ। योग्य हुन तिनी यहूदी वा ख्रीष्टियन हुनैपर्छ भन्ने छैन।

प्रेरित १३:५१ मा यो अवधारणा देखाइएको थियो। यस विचारको साथसाथै रक्त दोषहीनताको अवधारणा पनि आउँछ। जब मानिसहरूले परमेश्वरको वचनलाई इन्कार गर्छन् तब उहाँले इन्कार गर्ने मानिसहरूको विरूद्धमा दण्ड ल्याउनुहुन्छ र त्यसबेला प्रचारकहरू निर्दोष साबित हुन्छन्। प्रेरित १८:६ मा यो अवधारणा स्पष्टसित देखाइएको छ।

**पाठ सारः**

येशूका अनुसार सुसमाचार प्रचार त्यसरी नै गर्नुपर्छ।

**प्रयोगः**

- दिनहुँ फसलका परमेश्वरलाई खेतलाहरू पठाइदिनुहोओस् भनी प्रार्थना गर्नुहोस्।
- यो हप्ता कम्तीमा एक जनालाई येशूले भन्नुभएझैं ढंगमा सुसमाचार प्रचार गर्नुहोस्।

*पाठ २३*

# सर्प र ढुकुर

**समूह चिनजानः**

तपाईंको विचारमा ख्रीष्टियनहरू सुसमाचार प्रचार गर्न किन असमर्थ र भयभीत महसुस गर्छन्?

**परिचयः**

परमेश्वरको राज्यको सन्देश कसरी घोषणा गर्नुपर्छ भनेर आफ्ना चेलाहरूलाई निर्देशन दिएपछि येशूले तिनीहरूलाई अमैत्रीपूर्ण वातावरणमा प्रवेश गर्न तयार पार्नुभयो। उहाँले चेलाहरूलाई ती मानिसहरूको बीचमा पठाइरहनुभएको छ जसले उहाँको सन्देशको विरोध गर्नेछन् र मौका पाएमा मार्नसमेत तयार हुन्छन्।

**बाइबल पठनः**

**मत्ती १०:१६-२३, लूका १०:३**

**सर्प र ढुकुर**

**सुसमाचार प्रचार गर्न बाह्र जनालाई पठाइयो**

**मत्ती १०:१६-२३**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

**"हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाझैँ पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष होओ। तर मानिसहरूदेखि होशियार होओ**, किनभने तिनीहरूले तिमीहरूलाई अदालतहरूमा सुम्पिदिनेछन्, र तिनीहरूका सभाघरहरूमा तिमीहरूलाई कोर्रा लाउनेछन्। तिमीहरू मेरो खातिर हाकिम र शासकहरूका सामुन्ने खड़ा गराइनेछौ र तिनीहरू र अन्यजातिहरूका निम्ति साक्षी हुनेछौ। **तर जब तिनीहरूले तिमीहरूलाई पक्राइदिन्छन्, तब कसरी र के बोलौंला भनी फिक्री नगर।** किनभने तिमीहरूले के बोल्नुपर्ने हो, त्यही घड़ी तिमीहरूलाई बताइनेछ। किनभने बोल्ने तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ। "भाइले भाइलाई मृत्युको लागि पक्राइदिनेछ, र बाबुले छोरा-छोरीलाई, र छोरा-छोरीहरू आमा-बुबाहरूका विरुद्धमा उठ्नेछन् र तिनीहरूलाई मार्न लाउनेछन्। मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ। **जब तिनीहरूले तिमीहरूलाई एउटा सहरमा सताउँछन् तब अर्कोमा भाग।** किनकि साँच्चै म तिमीहरूलाई भन्दछु, मानिसको पुत्र आउन अघि तिमीहरू कुनै रीतिले इस्राएलका सबै सहरहरू डुलिसकेका हुनेछैनौ।

**सत्तरी जनालाई पठाउनु**

**लूका १०:३**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

**तिमीहरूका आफ्नो बाटामा हिँड्**[31], हेर म तिमीहरूलाई ‍व्वाँसाहरूका बीचमा थुमाझैं पठाउँदै छु।

**आज्ञाहरू:**

- ❖ "हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाझैँ पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैँ चनाखो र ढुकुरझैँ निर्दोष होओ।
- ❖ मानिसहरूदेखि होशियार होओ।
- ❖ तर जब तिनीहरूले तिमीहरूलाई पक्राइदिन्छन्, तब कसरी र के बोलौंला भनी फिक्री नगर। किनभने तिमीहरूले के बोल्नुपर्ने हो, त्यही घड़ी तिमीहरूलाई बताइनेछ।
- ❖ जब तिनीहरूले तिमीहरूलाई एउटा सहरमा सताउँछन् तब अर्कोमा भाग।

**पाठ:**

येशूले चेलाहरूलाई भन्नुभयो कि उहाँले तिनीहरूलाई ब्वाँसोहरूको बीचमा भेडाको रूपमा पठाउँदै हुनुहुन्छ। अघिल्लो पाठमा येशूले तिनीहरूलाई कुकुर प्रजातिका परिवारबारे बताउनुभएको थियो। येशूले भन्नुभयो, *"पवित्र कुराहरू कुकुरहरूलाई नदेओ।"*[32]

यस निर्देशनको अर्थ यो थियो कि तिनीहरूले परमेश्वर (पवित्र) बाट आएका कुनै पनि चीजहरू परमेश्वरलाई पहिले नै इन्कार गर्नेहरूलाई दिनु हुँदैनथ्यो। अर्को शब्दमा भन्ने हो भने, तिनीहरूले यी मानिसहरूलाई राज्यको सन्देश प्रचार गर्नु हुँदैनथ्यो। चेलाहरू सर्पहरूजस्तै चतुर हुनुपर्थ्यो, र परमेश्वरलाई इन्कार गर्ने मानिसहरूका सम्पर्कबाट टाढै बसेर सरल जीवनयापन गर्दै विस्तारै उद्देश्यपूर्ण ढंगमा अघि बढिरहनुपर्छ। तिनीहरूमा ढुकुरजस्तै शान्त स्वभाव पनि हुनुपर्थ्यो। चेलाहरूले असल आचरण देखाउनुपर्थ्यो र मानिसहरूलाई झगडा गर्न वा ख्रीष्टियनहरूलाई सतावट दिन उक्साउनु हुँदैनथ्यो।

येशूले चेलाहरूलाई यी मानिसहरूबाट होसियार रहन भन्नुभयो, त्यसैले तिनीहरू कस्ता प्रकारका मानिसहरू हुन् भनेर चिन्नु महत्त्वपूर्ण हुन्छ। ब्वाँसोहरूजस्तै तिनीहरूमा पनि थुप्रै सामान्य गुणहरू छन्। तिनीहरू समाजमा एकसाथ **दल बनेर** हिंड्छन्, लजालु **देखिन्छन्**, बलियो अगुवा राख्छन्, सबैभन्दा **कमजोर** व्यक्तिलाई समूहको रूपमा **आक्रमण** गर्छन् र सामान्यतया कुनै कुराको नारा लगाउँछन्। येशूले चेलाहरूलाई भन्नुभयो: (१) प्रेममा हिंड्नुको सट्टा शरीरको पछि लाग्नु, (२) अरूलाई परमेश्वरका छोराछोरीको पतन गराउन सिकाउनु र (३) परमेश्वर र उहाँका मार्गहरूविरुद्ध गनगन र गुनासो गर्नु आदि फलहरूद्वारा तिनीहरू चिनिन्छन्।

यी सावधानीहरू अपनाए तापनि येशूले चेलाहरू सबै प्रकारका आक्रमणबाट बच्ने छैनन् भन्नुभयो। कोही-कोहीलाई अदालतमा मुद्दा चलाइयो र तिनीहरूको सन्देशको लागि सताइयो। येशूले तिनीहरूलाई

[31] **तिमीहरूका आफ्ना बाटोमा हिँड**, मैले भनेको सहरमा जाओ।

[32] मत्ती ७:६–"पवित्र कुरा कुकुरलाई नदेओ।"

आश्वासन दिनुभयो कि परीक्षामा पर्दा तिनीहरूले कसरी आफ्नो रक्षा गर्ने भनेर चिन्ता गर्नुपर्दैन, किनकि पवित्र आत्माले तिनीहरूलाई के भन्ने भनेर प्रकाश पार्नुहुनेछ। चेलाहरू एउटा सहरमा सताइएपछि तिनीहरू तुरुन्तै अर्को शहरतिर भाग्ने गर्दथे।

यो सिद्धान्त आजका ख्रीष्टियनहरूमा लागू हुन्छ। एक पटक ख्रीष्टबारे कसैलाई सुनाइसकेपछि, सुनाउने व्यक्तिलाई सताइएमा, उसले पुन: त्यो व्यक्तिलाई फेरि सुसमाचार सुनाउने काम गर्न सक्दैन किनकि ऊ त्यहाँबाट भाग्नुपर्ने हुन्छ। त्यसैले परमेश्वरले त्यो मानिसको रगतको दोष सुसमाचार सुनाउनेलाई लगाउनुहुन्न यदि त्यो उसको पापमा मऱ्यो भने।

परमेश्वरको राज्यको प्रचारसम्बन्धी आफ्नो निर्देशनको यसबारेमा येशूले एउटा रोचक कुरा भन्नुभएको छ, *"किनकि म तिमीहरूलाई साँचो भन्दछु, मानिसको पुत्र नआउन्जेल तिमीहरू इस्राएलका शहरहरू भएर जाने छैनौ।"* यहाँ उहाँले आफ्नो दोस्रो आगमनलाई इस्राएलभरि सुसमाचारको प्रचारसित तुलना गरिरहनुभएको छ। धेरै वर्षसम्म यो प्रचार कार्य गर्न गाह्रो थियो किनभने यहूदीहरू विभिन्न राष्ट्रहरूमा छरिएका थिए[33] र आफ्नो भूमिको नियन्त्रणमा थिएनन्। सन् १९४८ मा, इस्राएल फेरि एक स्वतन्त्र राष्ट्र बन्यो र "गैर-यहूदीहरूको समय"[34] अगमवाणी पूरा भएको छ। इस्राएलमा सुसमाचार प्रचार गर्न अझै गाह्रो छ किनभने त्यो गर्नु त्यहाँको कानून विरुद्धमा छ तर ख्रीष्टियनहरूले आफ्नो मातृभूमिमा रहेका यहूदीहरूलाई सन्देश सुनाउने काम जारी राख्नु प्राथमिक महत्व हो।

**समूह छलफल:**

१. आफूले रोपेको कुरा काट्नपूर्व "परमेश्वरको वचन" छर्न कति समय लाग्छ? २ कोरिन्थी ६:२मा यस्तो लेखिएको छ: *"हेर, अब "ग्रहण योग्य समय आएको छ र यही नै "मुक्तिको दिन" हो।* आमोस ९:१३ मा परमप्रभु भन्नुहुन्छ, "हेर*, दिनहरू आउँदैछन्," परमप्रभु भन्नुहुन्छ, "जब हलो जोत्नेले कटनी गर्नेलाई पछि पार्नेछ।"*
२. उपदेशक ११:४ को अर्थ के हो जस्तो तपाईंलाई लाग्छ? *जसले बतासलाई हेर्छ उसले बीउ छर्ने छैन र जसले बादललाई हेर्छ उसले कटनी गर्दैन।* (यस पदले हामीलाई बताउँछ कि आदर्श अवस्थाको खोजी गर्ने भयभीत व्यक्तिले न त बीउ छर्नेछ, न कटनी नै गर्नेछ। तिनीहरूका औचित्य यस प्रकार छ: १) हावाले मेरो बीउलाई अनुत्पादक भूमिमा उडाउन सक्छ; यसैले म बर्बाद हुन सक्छु र २) बादलहरूले वर्षा हुन सक्ने सङ्केत गर्छ; यसकारण बाली नाश हुनेछ।)
३. कुनै व्यक्तिले आफ्नो डरलाई कसरी परास्त गर्न सक्छ? (आफ्नो सोच्ने तरिका परिवर्तन

[33] डायसपोरा: हिब्रू गलुत (निर्वासन), इस्राएलभन्दा बाहिर गैरयहूदीहरूका माझमा यहूदीहरू छरपष्ट

[34] अन्यजातिहरूको समय। सन् ७० मा रोमीहरूले यरूशलेमको विनाश गरेपछि यहूदीहरूलाई बार कोखबा विद्रोह (सन् १३१-१३५) सम्म त्यहाँ बस्न दिइयो। तिनीहरूलाई सन् १३४ मा यरूशलेम शहरबाट निकालियो र यसको नाम एलिया क्यापिटोलिना राखियो। सन् १९६७ जुन ८ सम्म यो शहर विदेशी (गैर-यहूदी) नियन्त्रणमा रह्यो जब यो छ दिने युद्धमा जोर्डनबाट मुक्त भएको थियो। सन् १९८० मा यरूशलेमलाई इजरायलको सार्वभौमिकताअन्तर्गत संयुक्त शहर घोषणा गरियो।

गरेर। उदाहरणका लागि, माथिको अवस्थामा त्यसले आफ्नो बीऊ छर्ने दिशा परिवर्तन गर्न सक्थे र आफ्नो बाली ढाक्ने प्रबन्ध गर्न सक्थे।)

४. परमेश्वरको वचन छर्ने उत्तम समय कहिले हो? (*बिहान आफ्नो बीउ छर, र साँझमा खाली नहोओ, किनकि तिमीहरूलाई थाहा छैन कि बिहान वा साँझको रोपाइँ सफल हुन्छ कि हुँदैन, वा ती दुवै समान रूपमा असल हुनेछन् कि छैनन्* — उपदेशक ११:६.)

५. भजन १२६:५-६ ले तपाईंलाई के बुझाउँछ? *आँसुसाथ छर्नेहरूले आनन्दले चिच्याउँदै कटनी गर्नेछन्। यदि कुनै मानिस आफ्नो बीउको थैलो बोकेर रोइरहेको छ भने, त्यो मानिस खुशीले चिच्याउँदै फेरि आउनेछ। उसले आफ्ना बोक्राहरू आफूसँगै लिएर आउनेछ।*

क)आँसुले रोप्ने समयलाई सङ्केत गर्छ।

ख)जमिन भाँचिएको छ र राम्ररी पानी दिइएको छ

ग) आँसु अरूको वा तपाईंको आफ्नै हुन सक्छ।

घ) आँसु छ प्रकारका हुन्छन्:

i. आनन्द (उत्पत्ति ३३:४)
ii. दुःख (२ राजा २०:५)
iii. निराशा (एस्तर ४:१,३)
iv. कष्ट – बच्चा जन्माएजस्तै (यशैया ४२:१४)
v. पश्चात्ताप (योएल २:१२-१३)
vi. करुणा (यूहन्ना ११:३५)

६. बीउ छर्ने बुद्धिमानी तरिका के हो? (शान्तिमा छर्नुहोस्। याकूब ३:१७-१८ ले भन्छ, "*तर माथिबाट आएको बुद्धि पहिले शुद्ध, त्यसपछि शान्तिप्रिय, कोमल, विवेकी, दया र असल फलले भरिएको, अटूट, कपटरहित हुन्छ। अनि त्यो बीउ जसको फल धार्मिकता हो, शान्ति कायम गर्नेहरूले शान्तिमा छर्छन्।*"

७. कति रोपाइँ गर्नुपर्छ ? २ कोरिन्थी ९:६ यसो भन्छ, *"अब म यो भन्दछु, जसले थोरै मात्र बीउ छर्छ उसले पनि थोरै कटनी गर्नेछ; र जसले प्रशस्त मात्रामा बीउ छर्छ, उसले प्रशस्त कटनी पनि गर्नेछ।"*

८. तपाईंले के रोपिरहनुभएको छ? ( *धोका नखानुहोस्, परमेश्वरसँग ठट्टा गर्न सकिँदैन। किनभने मानिसले जे छर्छ, त्यसले त्यसैको कटनी पनि गर्नेछ।*)

**पाठ सार**

सुसमाचार घोषणा गर्ने तरिकामा बुद्धिमान् हुनुहोस्।

**प्रयोग**

- फसलको परमप्रभुले आफ्नो कटनीमा कामदारहरू पठाइदेऊन् भनी हरेक दिन प्रार्थना गर्नुहोस्।
- अर्को हप्ता कम्तीमा एक जनालाई येशू प्रभुले भन्नुभएको तरिकामा सुसमाचार प्रचार गर्नुहोस् र उहाँको विधि नजिक रहने कोसिस गर्नुहोस्।

*पाठ २४*

# गम्भीर निर्णयहरू

**समूह चिनजान**

के तपाईं येशू ख्रीष्टका लागि शहीद हुन चाहनुहुन्छ? किन वा किन होइन?

**परिचय**

धर्मशास्त्रमा शहीदको लागि प्रयोग युनानी शब्द "मार्टस" हो। यसको सरल अर्थ "साक्षी वा गवाही" हो र यसले मृत्युको विचारलाई व्यक्त गर्दैन। सम्पूर्ण धर्मशास्त्रमा यो शब्द कुनै कुराको प्रमाण दिनुसित सम्बन्धित छ। मृत्यु शहीद शब्दसँग सम्बन्धित हुन थाल्यो किनभने साक्षी दिनेहरू आफूले विश्वास गरेको कुराको लागि मर्ने हदसम्म पनि आफ्नो गवाहीको वैधताबारे विश्वस्त थिए। ख्रीष्टियनहरूका रूपमा हामीले शहीदको रूपमा बाँच्नुपर्छ, हाम्रा शब्दहरू र कामहरूद्वारा ख्रीष्टमा परिवर्तित जीवनको प्रमाण दिनुपर्दछ।

**बाइबल पठन**

**गम्भीर निर्णयहरू**

**मत्ती १०:२४-४२**

*बाइबलबाट परमेश्वरको सन्देश "मेरो पछि लाग"*

"चेला आफ्ना गुरुभन्दा र कमारो आफ्ना मालिकभन्दा श्रेष्ठ हुँदैन। चेला आफ्ना गुरुजस्तो र कमारो आफ्ना मालिकजस्तो हुनु यथेष्ट छ। यदि तिनीहरूले घरका मालिकलाई नै बालजिबुल भनेका छन् भने, उनका परिवारकाहरूलाई झन् कति बढ़ी भन्लान्? **"यसकारण तिनीहरूसँग नडराओ।** किनभने ढाकेर प्रकट नहुने र लुकेर थाहा नहुने केही छैन। **जे म तिमीहरूलाई अन्धकारमा भन्दछु, त्यो तिमीहरूले उज्यालोमा भनिदेओ, र जे तिमीहरूले कानमा सुन्छौ, त्यो घरका धुरीहरूबाट प्रचार गर। तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।** के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन। तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्। यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ। "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु। **"म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नठान।**[35] शान्ति ल्याउन होइन, तर तरवार चलाउनलाई म आएको हुँ। किनकि म मानिसलाई उसका बाबुको विरुद्ध, र छोरीलाई उसकी आमाको विरुद्ध, र बुहारीलाई उसकी

[35] **पृथ्वीमा शान्ति:** येशूले मान्छे र परमेश्वरबीच शान्ति ल्याउन आउनुभयो तर सबै मानिसहरूमा होइन।

सासूको विरुद्ध गराउन आएँ। मानिसका शत्रु उसको आफ्नो परिवार भित्रकैहरू हुनेछन्।[36] “जसले मलाई भन्दा बढ़ी आफ्ना बुबा वा आमालाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जसले मलाई भन्दा बढ़ी आफ्ना छोरा वा छोरीलाई प्रेम गर्दछ, त्यो मेरो योग्यको हुँदैन। जो आफ्नो क्रूस[37] उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन। जसले आफ्नो प्राण जोगाउँछ, त्यसले त्यो गुमाउनेछ, र आफ्नो प्राण मेरो निम्ति गुमाउनेले त्यो बचाउनेछ। “तिमीहरूलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ, र मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ। अगमवक्तालाई अगमवक्ता नै मानेर ग्रहण गर्नेले अगमवक्ताको इनाम पाउनेछ। धर्मी जनलाई धर्मी जन नै मानेर ग्रहण गर्नेले धर्मी जनको इनाम पाउनेछ। जसले यी सानाहरूमध्ये एउटालाई मेरो चेला मानेर एक कचौरो चिसो पानी मात्र भए पनि पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले आफ्नो इनाम कदापि गुमाउनेछैन।” अनि यस्तो भयो कि येशूले आफ्ना बाह्र जना चेलाहरूलाई निर्देशन दिइसकेपछि तिनीहरूका शहरहरूमा सिकाउन र प्रचार गर्न त्यहाँबाट जानुभयो। अनि तिनीहरू बाहिर गए र मानिसहरूले पश्चात्ताप गर्नुपर्छ भनेर प्रचार गरे। अनि तिनीहरूले धेरै दुष्टात्माहरू निकालिरहेका थिए। तिनीहरूले धेरै बिरामीहरूलाई तेलले अभिषेक गरेर निको पारेका थिए।

**आज्ञाहरू:**

- ❖ त्यसैले तिनीहरूसँग नडराओ।
- ❖ म तिमीहरूलाई अँध्यारोमा जे भन्दछु, त्यो उज्यालो हुँदा घोषणा गर।
- ❖ तिमीहरूले कानेखुशी गरेर जे सुन्छौ, घरका टुप्पोहरूमा घोषणा गर।
- ❖ शरीरलाई मार्ने तर आत्मालाई मार्न नसक्नेहरूसित नडराओ।
- ❖ तर नरकमा शरीर र आत्मालाई नाश गर्न सक्नुहुनेसँग डराओ।
- ❖ त्यसैले नडराओ ।
- ❖ म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनेर नसोच। म शान्ति ल्याउन आएको होइन तर तरवार ल्याउन आएको हुँ।

**पाठ:**

येशू व्यावहारिक हुनुहुन्थ्यो र उहाँले आफ्ना चेलाहरूलाई उत्प्रेरित गर्न उहाँले उग्र जोश प्रयोग गर्नुभएन। येशूले तिनीहरूका आफ्नो विश्वास र तिनीहरूले प्रचार गरेको सन्देशको कारण सताइनेछन् भनी सत्य कुरा बताउनुभयो। यसरी सतावट कुनै पनि समय सामना गर्नुपर्ने जानकारी दिंदै येशू प्रभुले आफ्ना चेलाहरूलाई धेरै आज्ञाहरू दिनुभयो जुन तिनीहरूले डर महसुस गरे तापनि सिधैं पालन गर्नुपर्ने हुन्थ्यो।

उहाँले आफ्ना चेलाहरूलाई मानिसहरूसित नडराउन तर परमेश्वरको डर मान्न आज्ञा दिनुहुन्छ। आज्ञा दिएर येशूले चेलाहरूलाई निर्णय गर्न बाध्य पारिरहनुभएको छ। के तिनीहरूले परमेश्वर वा आफ्ना

[36] **मीका ७:६:** किनकि छोराले आफ्नो बुबाको अपमान गर्दछ, छोरी आफ्नी आमाको विरुद्धमा उठ्दछे, बुहारी आफ्नी सासूको विरुद्धमा। मानिसका दुश्मनहरू आफ्नै घरका मानिसहरू हुन्छन्।

[37] **उहाँको क्रूस:** उहाँको कष्ट र मृत्यु ल्याउने वस्तु

भावनाहरूद्वारा शासित हुने छनोट गर्नेछन्? परमेश्वरलाई छान्नुको औचित्य सरल छ। मानिसहरूले शरीरलाई मार्न सक्छन्, जुन कुनै पनि हालतमा सधैंभरि बाँच्ने छैन। तर तिनीहरूसित आत्मालाई नाश गर्ने शक्ति छैन, जुन सदासर्वदा रहनेछ। त्यो शक्ति परमेश्वरसँग मात्र छ। त्यसैले मानिसहरूभन्दा परमेश्वरको डर मान्नु बेस हो।

येशूले चेलाहरूलाई सान्त्वना दिनुहुन्छ र तिनीहरूलाई भन्नुभयो कि उहाँ तिनीहरू प्रत्येकको गवाही दिने कार्यमा सक्रिय रहनु हुनेछ। वास्तवमा, उहाँले तिनीहरूलाई जे भन्नुपर्ने हो, सो कुरामा डोऱ्याउनुहुनेछ। "म तिमीहरूलाई अँध्यारोमा जे भन्दछु, त्यो ज्योतिमा बोल। यहाँ येशूले भनिरहनुभएको छ कि उहाँले सपना र दर्शनको माध्यमबाट उनीहरूसँग कुराकानी गर्नुहुनेछ। यसका धेरै सन्दर्भहरू छन्:

*“एउटा कुरा सुस्त-सुस्त मेरो कानमा आयो, र त्यसको कानेखुसी मेरो कानले सुन्यो। रातका बेचैन सपनाहरूमा, जब मानिसहरू घोर निद्रामा परेका हुन्छन्, त्रास र थरहरीले मलाई पक्रे, र मेरा हाड़हरूलाई कमायो। एउटा आत्मा मेरो छेउ भएर गयो, र मेरो शरीरको रौँ खड़ा भयो। त्यो रोयो, तर त्यो के हो मैले ठम्याउन सकिनँ, एउटा आकार मेरो आँखाकोअघि खड़ा भयो। यसो भन्ने एउटा मधुर सोर मैले सुने* (अय्यूब ४:१२-१६)।

*“त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु। तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्। तिमीहरूका बूढ़ा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्* (योएल २:२८, प्रेरित २:१७)।

*राती पावललाई एउटा दर्शन भयो— माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, “माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।” जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्‍चय गऱ्यौं कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्‍वरले हामीलाई बोलाउनुभएको रहेछ* (प्रेरित १६:९-१०)।

येशूले आफ्ना चेलाहरूलाई यो पनि भन्नुभयो, *“तिमीहरूले कानेखुशी गरेको कुरा, घरका धुरीबाट घोषणा गरिनेछ।”*[38] यहाँ उहाँले तिनीहरूसँग सुन्ने गरी कुराकानी गर्नुहुनेछ भनी भनिरहनुभएको छ, जुन तिनीहरूसँग गरिएको कानेखुशीजस्तो हो। परमेश् वरले अदनको बगैंचादेखि नै मानिसहरूसित कुरा गरिरहनुभएको छ । कोही-कोही मानिसहरूपरमेश्वरको आवाज सुन्न इन्कार गर्छन् भने कोही-कोही परमेश्वरको आज्ञा पालन गर्दैनन्।

[38] इस्राएलमा घरका छानाहरू समतल छानाहरू थिए जहाँ मौसम सुहाउँदो हुँदा मानिसहरू भेला हुन्थे। घरहरू एकसाथ नजिक भएकोले मानिसहरू आफ्नो घरको टुप्पोबाट चिच्याउन सक्थे र तुरुन्तै श्रोताहरूलाई घोषणा गर्न सक्थे।

येशूले जवाफ दिनुभयो, “सबैभन्दा मुख्यचाहिँ यो हो: *‘हे इस्राएल सुन्, परमप्रभु हाम्रा परमेश्‍वर एउटै परमप्रभु हुनुहुन्छ। तैंले परमप्रभु आफ्ना परमेश्‍वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले, तेरो सारा समझले, र तेरो सारा शक्तिले प्रेम गर्।’ दोस्रोचाहिँ यो हो, ‘तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।’ योभन्दा ठूलो आज्ञा अर्को छैन”* (मर्कूस १२:२९-३१)।

के तपाईंले यो ध्यान दिनुभयो? पहिलो आज्ञा **सुन्नु** हो, त्यसपछि प्रेम गर्नु हो। परमेश्वरले उहाँलाई प्रेम गर्नु र उहाँको कुरा सुन्नुलाई आज्ञापालन गर्नुसित तुलना गरिरहनुभएको छ! येशूको अर्को भनाइले यसलाई समर्थन गर्दछ, *"यदि तिमीहरूले मलाई प्रेम गर्‍यौं भने, तिमीहरूले मेरा आज्ञाहरू पालन गर्नेछौ"* (यूहन्ना १४:१५)।

चेलाहरूले येशूको आवाज सुनेका केही सन्दर्भहरू तल दिइएका छन्:

*ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर सुन्छन्, र उसले आफ्ना भेड़ाहरूलाई नाउँ काढ़ी-काढ़ी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ। जब उसले आफ्ना सबै भेड़ाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगिअगि हिँड्छ, र भेड़ाहरूले उसलाई पछ्याउँछन्, किनभने तिनीहरूले उसको सोर चिन्छन्। तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्"* (यूहन्ना १०:३-५)।

"*मेरा भेडाहरूले मेरो आवाज सुन्छन्, र म तिनीहरूलाई चिन्दछु, र तिनीहरू ले मलाई पछ्याउँछन्।"* (यूहन्ना १०:२७)।

"*जो सत्य मान्छ, उसले मेरो आवाज सुन्छ*" (यूहन्ना १८:३७)।

तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, *“शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?” तिनले भने, “प्रभु, तपाईं को हुनुहुन्छ?” अनि उहाँले भन्नुभयो, “म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ”* (प्रेरित ९:४-६)।

*त्यसकारण पवित्र आत्माले भन्नुभएजस्तो कुरा सार्थक हुन्छ “यदि तिमीहरूले उहाँको आवाज सुन्यौं भने,”* (हिब्रू ३:७)।

**समूह छलफल**

१. थुप्रै क्रिसमस कार्डहरू लूका २:१४ को वाक्यांशबाट सुरु हुन्छ, "पृथ्वीमा शान्ति, मानिसहरूप्रति सद्भाव"। येशूले भन्नुभएको कुरासित यो दृष्टिकोण कसरी मेल खान्छ, *"म पृथ्वीमा शान्ति ल्याउन आएको हुँ भनी नसोच; म शान्ति ल्याउन आएको होइन तर तरवार ल्याउन आएको हुँ?"* (लूका २:१४ को अझ सही अनुवाद यो हो, "पृथ्वीमा मानिसहरूबीच शान्ति छ, जससित परमेश्वर प्रसन्न हुनुहुन्छ।" अर्को शब्दमा भन्ने हो भने, "परमेश्वर प्रसन्न हुनेहरूका बीचमा मात्र पृथ्वीमा शान्ति छ।" येशूको मुख्य उद्देश्य मानिसहरूलाई परमेश्वरसित मिलाप गर्नु थियो, पृथ्वीमा शान्ति ल्याउनु होइन। उहाँले घोषणा गर्नुभएको कुराले

मानिसहरूलाई विभाजित गर्नेछ भनेर उहाँलाई थाहा थियो। तिनीहरू या त उहाँको पक्षमा हुनेछन् वा उहाँको विरुद्धमा हुनेछन्।

२. कुन बढी सुन्दर छ, सेतो लिली वा रातो गुलाब?

३. प्रत्येकको विशेषताहरू सूचीबद्ध गर्नुहोस् र समूह निर्णयमा आउनुहोस्।

**पाठ जारी:**

प्रारम्भिक मण्डलीले प्रभु येशू ख्रीष्टको विषयमा व्यक्तिगत गवाहीको महत्त्वलाई बुझ्यो र उहाँको गवाहीका दुई पक्षहरूलाई प्रतिनिधित्व गर्ने प्रतीकहरू विकास गऱ्यो। बेंसीको **लिली** सेतो थियो, जसले सन्तहरूको **असल कामलाई** सङ्केत गर्थ्यो। यसले आफू **जीवित छँदा** मानिसहरूसामु कुनै व्यक्तिको गवाहीलाई प्रतिनिधित्व गर्थ्यो। स्यारोनको **गुलाब** रातो थियो, जसले शहीदहरूको **रगतलाई** सङ्केत गर्दछ। यसले कुनै व्यक्तिको **मृत्युको** तरिकामा परमेश्वरसामु उसको गवाहीलाई प्रतिनिधित्व गऱ्यो। दुवै फूलहरू सुगन्धित हुन्छन्। जसरी फूलको सुगन्धले आनन्दित तुल्याउँछ, त्यसरी नै एक जना ख्रीष्टियनले आफू बाँचे पनि वा मरे पनि परमेश्वरलाई खुसी पार्नुपर्छ ।

के आफ्नो विश्वासको लागि बाँच्नु वा आफ्नो विश्वासको लागि मर्नु राम्रो हो? प्रेरित पावलले पनि त्यस्तै दुविधाको सामना गर्नुपऱ्यो। फिलिप्पीका मानिसहरूलाई लेखेको पत्रको पहिलो अध्यायमा तिनले यस विषयमा छलफल गरेका छन्। सन् ६२ मा आफ्नो पत्र लेख्दा पावल येशू ख्रीष्टको सुसमाचार प्रचार गरेकोमा सजायको पर्खाइमा रोममा नजरबन्दमा थिए। के उनी बाँच्ने थिए कि मर्ने थिए?

उनले भनेका कुरा सुन्नुहोस्। *“मेरो उत्कट प्रतीक्षा र आशा यो हो, कि म कदाचित् लज्जित हुनेछैनँ, तर ममा प्रशस्त साहस हुनेछ, र सधैँझैँ अहिले पनि मेरो शरीरमा ख्रीष्ट सम्मानित हुनुहुनेछ, चाहे मृत्युद्वारा होस्, अथवा जीवनद्वारा। किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो। यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ। तर पनि मैले कुनचाहिँ चुन्नुपर्ने हो, त्यो म भन्न सक्दिनँ। म त दोधारमा परेको छु। बरु बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ, तर शरीरमा रहन तिमीहरूका खातिर झन् आवश्यक छ। यस कुरामा निश्चित भएर म जान्दछु कि विश्वासमा तिमीहरूको प्रगति र आनन्दको निम्ति म जीवितै रहनेछु र तिमीहरू सबैसँग बस्नेछु।”* र पावल बाँचे। त्यस वर्षको अन्त्यतिर तिनी जेलबाट छुटे र थप चार वर्ष सुसमाचार सुनाउँदै बिताए। सन् ६७ वा ६८ मा आफ्नो विश्वासका कारण उनी फेरि कैदमा परे र शहीद भए।

बाँच्नु वा मर्नु नै उत्तम हो कि होइन भन्ने पावलको निर्णय मृत्यु वा व्यक्तिगत क्षतिको डरले प्रेरित थिएन। येशूमाथि तिनले पहिलो पटक विश्वास गर्दा नै ती मुद्दाहरूको निर्णय गरिएको थियो। येशूले दिनुभएको "नडराऊ" भन्ने निर्देशन पछ्याउँदै पावलले आफू बाँचे पनि वा मरे पनि आफ्नो शरीरमा ख्रीष्टलाई उच्च पार्ने निर्णय गरे। हरेक ख्रीष्टियनको जीवनको केन्द्रबिन्दु र उद्देश्य यही हुनुपर्छ।

पावलले जीवन र मरणको निर्णयहरू गर्दा दुईवटा जाँचहरूलाई प्रयोग गरे जसले तिनलाई मद्दत गरे।

- के यो **परमेश्वरको** महिमाको लागि मात्र होइन र? **(मेरो** लागि बाँच्नु ख्रीष्ट हुनुहुन्छ र मर्नु उहाँसँग

हुनु हो)

- के यो मेरो मात्र होइन, **अरूको** हितमा छ? (**म** आफूभन्दा अरूलाई बढी महत्त्वपूर्ण ठान्छु)

**समूह छलफल**

४. के तपाईं मृत्युसँग नडराउने निर्णय गर्नुहुन्छ? (के तपाईं साँच्चै ख्रीष्टको विषयमा आफ्नो सन्देशमा विश्वास गर्नुहुन्छ?)

५. के तपाईं व्यक्तिगत नोक्सानीबाट नडराउन चाहनुहुन्छ? (के तपाईं यस संसारका कुराहरूलाई असाध्यै माया गर्नुहुन्छ?)

६. के तपाईं सतावटसँग नडराउने छनौट गर्नुहुन्छ? (के तपाईं मानिसहरूको प्रशंसाको लागि बाँच्नुहुन्छ वा परमेश्वरको?)

**फूटनोटः**

सेतो लिली र रातो गुलाब दुवै विजेताको मुकुट बुन्न प्रयोग गरिन्छ। प्रत्येक विश्वासीले एउटा प्राप्त गर्नेछन्, जसको विश्वासले जीवनमा विजय प्राप्त गरेको छ र जसको विश्वास मृत्युद्वारा पराजित भएको छ।

**पाठ सारः**

परमेश्वरमाथिको विश्वासले मानिसहरूको भयलाई परास्त गर्छ।

**प्रयोग**

- फसलको परमेश्वरले आफ्नो खेतमा खेतलाहरू पठाइदेऊन् भनी प्रार्थना गर्नुहोस्।
- येशू प्रभुले भन्नुभएको शैलीमा आगामी हप्ता कसैलाई सुसमाचार सुनाउनुहोस् र उहाँको तरिका नजिक रहनुहोस्।

*पाठ २५*

# परमेश्वरका समाधान खोजी

**समूह चिनजान:**
कसैले परमेश्वरको वचन प्रचार गर्दै चिन्हहरू र चमत्कारहरू गरेको सुन्नुभयो र तपाईंले देख्नुभयो भने तपाईं के गर्नुहुन्छ?

**परिचय:**
चेलाहरू मार्चको अन्ततिर आफ्नो पहिलो प्रचार यात्राबाट फर्कंदा,[39] येशूले तिनीहरूलाई आफूसँगै बेतसैदामा लैजानुहुन्छ।[40] तर बेतसैदामा सेवकाईको व्यस्तताले गर्दा तिनीहरूलाई खाने समय नै पाउँदैनथे। त्यसैले येशूले तिनीहरूलाई डुङ्गामा चढेर केही समय आराम र विश्रामको लागि  कुनै शान्त ठाउँमा जान सल्लाह दिनुभयो।

तथापि, दुष्टात्माहरूलाई बाहिर निकाल्ने, मानिसहरूलाई निको पार्ने र चिन्हहरू र चमत्कारहरू प्रदर्शन गर्दा भीडलाई आकर्षित गर्छ। तालको किनारा हुँदै दौडेर मानिसहरू डुङ्गालाई पछ्याउँछन् र डुङ्गाभन्दा अघि नै किनारमा आइपुग्छन्। आफ्नो थकावटको बावजुद येशूले भीडप्रति दया देखाउनुहुन्छ र बाँकी दिन तिनीहरूलाई सिकाएर बिताउनुहुन्छ।

**बाइबल पठन**

**मत्ती १४:१५-२१, मर्कूस ६:३५-४४, लूका ९:१२-१७, यूहन्ना ६:३-१४**

**प्रेरितहरू फर्किन्छन्**

**मत्ती १४:१३-१४, मर्कूस ६:३०-३४, लूका ९:१०-११, यूहन्ना ६:१-४**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

अनि प्रेरितहरू येशूसँगै भेला भए; अनि तिनीहरूले आफूले गरेका र सिकाएका सबै कुराहरू उहाँलाई बताए। अनि तिनीहरूलाई आफूसित लिएर येशू आफै बेथसदा भन्ने शहरमा जानुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, "**तिमीहरू आफै एकान्त ठाउँमा आऊ अनि केही समय विश्राम गर।**" (किनभने त्यहाँ धेरै मानिसहरू आउँथे र जान्थे। तिनीहरूसित खाने समय पनि थिएन।) अनि तिनीहरू डुङ्गामा चढेर एकान्त ठाउँमा गए। मानिसहरूले तिनीहरूलाई जाँदै गरेको देखे। धेरै मानिसहरूले तिनीहरूलाई

---

[39] यूहन्ना ६:४ ले यहूदीहरूको निस्तार चाड नजिकिंदै थियो भनी अभिलेख राख्दा मार्चको समयावधि सही भएको देखिन्छ। त्यो वर्ष अप्रिलको प्रारम्भतिर हुनुपर्छ।

[40] बेथसैदा वा "माछा मार्ने घर" कफर्नहुमबाट लगभग तीन माइल पूर्वमा गालील समुद्रको उत्तरपूर्वी किनारमा अवस्थित एउटा सहर थियो जहाँ यर्दन नदी टुङ्गिन्छ। बेथसैदा अन्द्रियास, पत्रुस र फिलिपको गृहनगर थियो।

चिने। तिनीहरू सबै शहरहरूबाट पैदल हिंडेर त्यहाँ पुगे। तिनीहरू चेलाहरूभन्दा अघि गए। जब उहाँ किनारमा जानुभयो, उहाँले ठूलो भीड देख्नुभयो, र उहाँले तिनीहरूप्रति दया देखाउनुभयो किनभने तिनीहरू गोठालो बिनाका भेडाहरू जस्तै थिए; अनि तिनीहरूलाई स्वागत गर्दै उहाँले तिनीहरूलाई परमेश्वरको राज्यको बारेमा बताउन थाल्नुभयो र निको पार्नु पर्नेहरूलाई निको पार्न थाल्नुभयो। येशू डाँडामा जानुभयो अनि त्यहाँ आफ्ना चेलाहरूसित बस्नुभयो। अब निस्तार चाड अर्थात् यहूदीहरूको चाड नजिकै थियो।

## येशूले ५००० मानिसलाई खुवाउनुभयो

**मत्ती १४:१५-२३, मर्कूस ६:३५-४६, लूका ९:१२-१७, यूहन्ना ६:५-१६**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

अब दिन ढल्कन लाग्यो, र बाह्रै जनाले आएर उहाँलाई भने, "भीड़लाई बिदा दिनुहोस्, र तिनीहरू गएर आसपासका बस्ती र गाउँ हुँदो वास बसून्, र भोजनको व्यवस्था गरून्, किनकि यहाँ हामी निर्जन ठाउँमा छौं।" तर उहाँले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूले नै तिनीहरूलाई खान देओ।"** तिनीहरूले उहाँलाई भने, फिलिपले उहाँलाई जवाफ दिए, "प्रत्येकले अलि-अलि पाए तापनि दुई सय चाँदीका सिक्काको रोटीले तिनीहरूलाई पुग्नेछैन।" उहाँले तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूसँग कति वटा रोटी छन्? गएर हेर।"** उहाँका चेलाहरूमध्ये एक जना, सिमोन पत्रुसका भाइ अन्द्रियासले भने, "यहाँ एक जना ठिटो छ, त्यससँग जौका पाँच रोटी र दुई माछा छन्। तर यति धेरैका निम्ति यतिले के पुग्ला र?" तब उहाँले भन्नुभयो, "ती मकहाँ ल्याओ।" **"मानिसहरूलाई बस्न लाओ।"** त्यहाँ धेरै घाँस भएको चउर थियो। तब प्राय: पाँच हजार पुरुषहरू त्यहाँ बसे। तब येशूले रोटी लिनुभयो, र परमेश्वरलाई धन्यवाद चढ़ाउनुभएपछि बस्नेहरूलाई बाँड़िदिनुभयो, र त्यसै गरी माछा पनि बाँड़िदिनुभयो। तिनीहरूले चाहेजति खाए। अनि जब तिनीहरूले भरपेट खाए, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, **"उब्रेका टुक्राहरू बटुल, र केही नष्ट नहोस्।"** खानेहरूले उबारेका जौका ती पाँच रोटीका टुक्राहरू तिनीहरूले बटुले र बाह्र डाला भरे। महिलाहरू र बच्चाहरू बाहेक रोटी खाने पुरुषहरू पाँच हजार थिए।[41] यसकारण उहाँले गर्नुभएको यो चिन्ह देखेर ती मानिसहरूले भने, "संसारमा आउने अगमवक्ता साँच्चै उहाँ नै हुनुहुँदोरहेछ।" तिनीहरू आएर उहाँलाई बलजफतीसँग लगी राजा बनाउन खोज्दैछन् भन्ने थाहा पाएर उहाँले तुरुन्तै आफ्ना चेलाहरूलाई डुङ्गामा चढ़ेर पारि **बेथसेदामा**[42] उहाँभन्दा अघि जान अह्राउनुभयो, र त्यतिञ्जेल उहाँले चाहिँ भीड़लाई बिदा दिनुभयो। तिनीहरूसँग बिदा भएपछि उहाँचाहिँ डाँड़ामा प्रार्थना गर्न जानुभयो र साँझ परेपछि उहाँ एक्लै हुनुभयो।

**आज्ञाहरू:**

- तिमीहरू एक्लै एकान्त ठाउँमा आऊ र केही बेर आराम गर।
- तिमीहरूले तिनीहरूलाई केही खान देओ।
- तिमीहरूसँग कतिवटा रोटी छन्? हेर!

[41] **पाँच हजार पुरुषहरू:** त्यस दिन येशूले खुवाउनुभएका मानिसहरू २००००भन्दा बढी थिए भन्ने अनुमान लाग्छ।

[42] बे**थसेदा:** पत्रुस, अन्द्रियास र फिलिपका गृहनगर भएको कर्फनहूमनजिको एउटा सहर।

❖ तिनीहरूलाई यहाँ मकहाँ ल्याऊ।
❖ तिनीहरूलाई लगभग पचास-पचासको समूहमा खानको लागि तयार पार।
❖ बचेका टुक्राहरू जम्मा गर र एक टुक्रा पनि नफ्याँक।

**समूह छलफल**

सेवकाइमा व्यस्त रहँदा तपाईंले कतिको विश्राम लिनुपर्छ?

**पाठ**

चेलाहरूका लागि सेवकाइमा नयाँ पाठहरू आइरहेका छन्। चेलाहरूले आफ्नो मिसनरी यात्राको दौडान येशूले तिनीहरूलाई कटनीको खेतमा जाने सन्दर्भमा दिनुभएको निर्देशनमा ध्यान केन्द्रित गरेका थिए। अहिले तिनीहरूले अकस्मात् सेवकाइ गर्नुपर्ने हुन्छ।

आउनुहोस्, परमेश्वर कर्मगुरु हुनुहुन्न भन्ने कुराबाट सुरु गरौं। उहाँले आफ्ना मानिसहरूलाई कडाइ गर्नुहुन्न। येशूले आफ्ना चेलालाई विश्राम र आरामको खाँचो भएको महसुस गर्नुभयो र तिनीहरूलाई त्यसको निम्ति समय अलग गर्ने आज्ञा दिनुभयो। मण्डलीको सेवकाइमा भाग लिने थुप्रै मानिसहरू वास्तवमा आफैलाई जलाउँछन् किनभने तिनीहरूले पर्याप्त विश्राम लिंदैनन्।

तिनीहरूको असफलता सामान्यतया गर्वको मुद्दासँग सम्बन्धित छ। परमेश्वरले तिनीहरूलाई दिनुभएको सेवकाइ एक मिनेट (स्वःमहत्त्व) को लागि पनि तिनीहरूबिना चल्न सक्दैन भन्ने तिनीहरूका सोचले गर्दा त्यस्तो भएको हुन सक्छ। अथवा सेवकाइ गर्ने अरू कोही पनि छैन (परमेश्वर मानिस दिन चुक्नुभयो) वा सेवकाइ गर्दा परमेश्वरलाई एक नोकरी दिने मालिकको रूपमा मात्र ठानेर खुशी पार्ने कोसिस गरेका हुनाले हुन सक्छ।

परमेश्वरले आलस्यलाई क्षमा दिनुहुन्न तर उहाँ आफ्ना जनहरूले काम नगरून् भन्ने पनि चाहनुहुन्न। यसैले उहाँले बाइबलमा यस्ता धेरै नियमहरू बनाउनुभयो जसले तिनीहरूबाट आरामको **माग** गर्दथ्यो।

- हप्ताको एक दिन विश्राम।
- प्रत्येक वर्ष सात विश्रामहरू।
- प्रति वर्ष तीन छुट्टीहरू:
  - वसन्त, ८ दिन र यात्रा समय,
  - ग्रीष्मकालीन, २ दिन र यात्रा समय, र
  - हिउँद, ८ दिन र यात्रा समय।
- प्रत्येक सातौं वर्षमा पूरा वर्ष विश्राम
- साथै हरेक पचासौं वर्षमा पूरा वर्ष बिदा।

अनि ती आवश्यक विश्राम अवधिहरू मात्र थिए!

**समूह छलफल:**

१. असाध्यै खाँचो महसुस गर्नुपर्दा तपाईं कस्तो प्रतिक्रिया देखाउनुहुन्छ?

**पाठ जारी**

चेलाहरूले सिकाइरहेका मानिसहरूका भौतिक आवश्यकताहरूबारे थाहा पाएपछि तिनीहरू आफ्नो चासो लिएर येशूकहाँ जान्छन्। हाम्रो जस्तै तिनीहरूको पहिलो समाधान भनेको मानिसहरूलाई उनीहरूको आफ्नै आवश्यकताहरूको लागि प्रबन्ध गर्न दिनु हो। यो एक विवेकपूर्ण र तर्कसंगत विचार हो। "सबै जना आत्मनिर्भर बनून् र आ-आफ्नै सामानको मालिक बनून्। अमेरिकामा, हामी यसलाई गणतान्त्रिक तरिका भन्न सक्छौं।

तर येशूले त्यो विचारलाई तुरुन्तै रोक्नुभयो। उहाँले आफ्ना चेलाहरूलाई यस्तो आज्ञा दिनुहुन्छ, *"तिमीहरू तिनीहरूलाई केही खान देऊ।"* चेलाहरूले यी मानिसहरूका आवश्यकताहरूको लागि व्यक्तिगत जिम्मेवारी स्वीकारेको उहाँले चाहनुभयो। अनि सायद यसले तिनीहरूका लागि युगौं पुरानो प्रश्नको जवाफ दियो, *"के म मेरो भाइको गोठालो हुँ"* (उत्पत्ति ४:९)। आफ्नो प्रतिक्रियाबाट येशूले खाँचोमा परेकाहरूलाई मदत गरेर प्रेमको बाटो प्रकट हुन्छ भन्ने कुरामा विश्वास गर्नुभयो।

चेलाहरूले आफ्नो व्यक्तिगत जिम्मेवारी स्वीकारेर येशूलाई वैकल्पिक समाधान प्रस्तुत गर्छन्। हाम्रा धैरै जस्तै समाधान भनेको जनताको आवश्यकता पूरा गर्न आफ्नै पैसा खर्च गर्नु हो। निस्सन्देह, यो एक विवेकपूर्ण र तर्कसंगत विचार हो। "आउनुहोस्, हामी सामाजिक उत्तरदायित्वलाई स्वीकार गरौं र यसमा केही पैसा लगानी गरौं। अमेरिकामा, हामी यसलाई प्रजातान्त्रिक तरिका भन्न सक्छौं।[43]

तर येशूले चेलाहरूलाई परिस्थितिबारे तार्किक तवरमा सोच्न बाध्य पारेर पनि त्यो विचारलाई रोक्नुभयो। किनकि तिनीहरू विकट ठाउँको बीचमा भएकोले उहाँले सोध्नुभयो, *"हामीले कहाँ गएर रोटी किन्ने ताकि तिनीहरूले खान सकून्?"* अर्को शब्दमा उहाँले यसो भनिरहनुभएको छ:

- साँझ परेको तिमीहरूलाई थाहा नै होला?
- हामी विकट ठाउँमा भएकोले तिमीहरू रोटी लिन कहाँ जान्छौं?
- के तिमीहरू यी सबै मानिसहरूलाई चाहिने पर्याप्त रोटी एउटै बजारबाट किन्छौं कि वा धैरै बजारहरूमा जानु पर्नेछ?
- तिमीहरू कुन शहरमा जान्छौं?
- के शहरमा किराना पसल छ वा तिमीहरू घर-घरमा रोटीको लागि भीख माग्नु पर्नेछ?
- यदि तिमीहरू रोटी किन्नलाई विभिन्न बजारहरूमा जान्छौं भने, पैसा कसले बोक्ने?

[43] चेलाहरूले येशूलाई दिनुभएको समाधानले मानिसहरूले अरूको आवश्यकता पूरा गर्ने दुइटा मुख्य तरिकालाई स्पष्ट पार्छ । एक्काइसौं शताब्दीको दुई दलीय प्रभुत्व भएको अमेरिकी राजनीतिक प्रणालीमा यो कुरा स्पष्ट छ। यसको परिणाम हो कि प्रजातन्त्रवादीहरूले गणतन्त्रवादीहरूलाई हृदय नभएको आरोप लगाउँछन् र गणतन्त्रवादीहरूले प्रजातन्त्रवादीलाई दिमाग नभएको आरोप लगाउँछन्।

- त्यसोभए तिमीहरूले रोटी यहाँ कसरी ढुवानी गर्नेछौं?

अन्तमा, फिलिपले भयावह परिस्थिति बुझेर यस्तो जवाफ दिन्छन्, *"तिनीहरूका लागि दुई सय दिनार*[44] *को रोटी पर्याप्त छैन, र सबैले थोरै मात्र पाउँछन्।"* फिलिपको हृदयलाई आशीर्वाद दिनुहोस्। तिनी मानिसहरूका आवश्यकताहरू पूरा गर्न आफूसँग भएको सबै पैसा खर्च गर्न इच्छुक थिए तर तिनले पनि विचारको निरर्थकता देखे। पैसा खर्च गरिसकेपछि तिनीहरूले आफ्नो हेरचाह गर्न, सेवकाइमा खर्च गर्न वा भविष्यका आवश्यकताहरू पूरा गर्न सक्दैनन् थिए भन्ने थाहा थियो।

अरूको आवश्यकता पूरा गर्ने चेलाको समाधान सुनेपछि येशूले आफै समाधान दिनुहुन्छ। यसले एउटा परिचित नमुना पछ्याउँदछ, विश्वासद्वारा जिउनु।

- **अनुरोध गर्नुहोस्** - परमेश्वरको प्रकाश वा शब्दको लागि। यसलाई **रेमा** भनिन्छः कुनै परिस्थितिमा एक जना व्यक्तिलाई परमेश्वरबाट चाहिने **व्यक्तिगत** प्रकाश वा निश्चयताको वचन। यो मदत माग्नु र जवाफ पर्खनु जस्तै हो।
  - येशूलाई थाहा थियो कि उहाँले के गर्न लाग्नुभएको छ। *र यो उहाँले फिलिपलाई जाँच गर्न भनिरहनुभएको थियो; किनकि उहाँ आफैलाई थाहा थियो कि उहाँ के गर्न गइरहनुभएको थियो भनि।*
- **खोज्नुहोस्:** परमेश्वरको योजना पूरा गर्ने स्रोतसाधन खोज्न अरूहरूलाई उहाँको दर्शन बाँड्नुहोस् ।
  - "*तिमीहरूसँग कति वटा रोटी छ? जाओ र हेर!"*
  - "*ती यहाँ मकहाँ ल्याऊ।*
  - *अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिनीहरूलाई पचास-पचास जनाको समूहमा खाना खान मिल्ने गरी बसाओ।"*
- **ढकढक्याओ** - परमेश्वरले तपाईंलाई दिनुभएको आफ्नो वचन पूरा गर्नुहुनेछ भन्ने कुरामा विश्वास गर्दै उहाँको योजनामा अघि बढ्नुहोस्।
  - परमेश्वरको प्रबन्धको लागि धन्यवाद दिनुहोस्। *येशूले ती पाँचवटा रोटी र दुइटा माछा लिनुभयो। उहाँले स्वर्गतिर हेर्नु भयो। उहाँले भोजनलाई आशीर्वाद दिनुभयो।*
  - उहाँले तपाईंहरूलाई जे अह्राउनुभएको छ, त्यही गर्नुहोस्।
    - *उहाँले रोटीहरू भाँच्नु भयो अनि चेलाहरूलाई मानिसहरूकहाँ बाँड्नलाई दिनुभयो। अनि येशूले ती दुई माछाहरू पनि तिनीहरूमाझ सबैमा बाँड्नु भयो।*
    - *"बचेखुचेका टुक्राहरू जम्मा गर ताकि केही पनि खेर जान नपाओस्।" अनि तिनीहरूले भाँचिएका टुक्राहरू अनि माछाहरूका बाह्रवटा टोकरीहरू उठाए।*

आवश्यकताहरू पूरा गर्ने प्राथमिक नमुना देखाउनुका साथै येशूले आफ्ना चेलाहरूलाई आफ्ना आज्ञाहरूद्वारा केही अन्य सिद्धान्तहरू पनि सिकाउनुभयो। आउनुहोस्, ती हेरौं। जब येशूले भन्नुभयो,

[44] "तिनीहरूका बैंक खातामा" यतिका रकम थिए भन्ने कुरा स्पष्ट हुन्छ।

*"तिमीहरूसित कतिवटा रोटीहरू छन्? जाऊ र हेर!"* तब आवश्यकता पर्दा परमेश्वरले अघिबाटै उपलब्ध गराउनुभएको स्रोतसाधनहरूलाई प्रयोग गरेर समस्या समाधान गर्ने इशारा गर्नुभएको थियो।

यसो भन्दा, *"ती यहाँ मकहाँ ल्याऊ।"* येशूले आफ्ना चेलाहरूलाई तिनीहरूसँग रहेका स्रोतहरूसाधनहरू उहाँकहाँ ल्याऊन् भन्ने चाहनुभयो। स्वर्ग र पृथ्वीका सृष्टिकर्ताको हैसियतले उहाँले तिनीहरूसँग भएका थोरै स्रोतसाधनहरूलाई प्रयोग तिनीहरूका कुनै पनि आवश्यकतालाई उहाँले पूरा गर्न सक्नुहुन्छ भन्ने बुझिन्छ।

येशूले आफ्ना चेलाहरूलाई मानिसहरूको सेवा गर्ने पुरानो नियमको नमुना पछ्याउँदै पचास र एक सय जना सेवकहरूका समूहमा विभाजन गर्न लगाउनुभयो। आधारभूत समूहहरू दश, पचास, एक सय र एक हजार जना मिलेर बनेका हुन्थे र प्रत्येक समूहको लागि एक जना अगुवा दिनुभयो। उदाहरणका लागि, दस जना मानिसहरू भेट्टाउँदा एउटा सभाघर स्थापना गरियो र एल्डरलाई नियुक्त गरियो।

परमेश्वरले दिनुभएको प्रबन्धको लागि उहाँलाई धन्यवाद दिनु सधैं उचित हुन्छ। *"अनि उहाँले पाँचवटा रोटी र दुइटा माछा लिनुभयो, र स्वर्गतिर हेरेर भोजनलाई आशीर्वाद दिनुभयो।"*[45]
त्यसपछि येशूले आफूसँग भएका कुराहरू दिन थाल्नुभयो र दिइएका कुराहरू गुणात्मक ढंगमा वृद्धि भए। यो "छर्ने र कटनी गर्ने" व्यवस्थाबाट आएको हो।

- ***देओ, र तिमीहरूलाई पनि दिइनेछ।*** *मानिसहरूले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन्।* ***किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ।"*** ---(लूका ६:३८)
- *अब म यो भन्दछु, जसले* ***थोरै*** *मात्र बीउ छर्छ उसले* ***थोरै मात्र*** *कटनी गर्नेछ,* ***अनि जसले प्रशस्त मात्रामा बीउ छर्छ उसले प्रशस्त कटनी पनि गर्नेछ।*** *हरेक ले आफ्नो हृदयमा सोचेको जस्तै गर्नु पर्छ, नकि हचुवाको भरमा वा बाध्यतामा परेर, किनकि* ***परमेश्वरले आनन्दित दातालाई प्रेम गर्नुहुन्छ।*** *अनि परमेश्वरले तिमीहरूमाथि सबै तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।* ***परमेश्वरले तिमीहरूलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ,*** *ताकि तिमीहरूसित सधैँ नै हरेक कुरा प्रशस्त होस्, र हरेक असल कामको निम्ति तिमीहरूले प्रशस्त मात्रामा दिन सक। यसरी लेखिएको छ, "* ***उसले छर्छ, र गरीबहरूलाई दिन्छ, उसको धार्मिकता सदासर्वदै रहिरहन्छ।" तिमीहरूको ठूलो उदारताको निम्ति हरेक कुरामा तिमीहरू धनी तुल्याइनेछौ, जुन उदारताले हामीद्वारा परमेश्वरमा चढ़ाउने धन्यवाद उत्पन्न गराउनेछ*** (२ कोरिन्थी ९:६-१२)।

---

[45] "उहाँले भोजनलाई आशीर्वाद दिनुभयो। वास्तवमा प्रबन्ध गरिएको (भोजन) कहिल्यै आशिषित हुँदैन, परमेश्वरले प्रबन्ध गरिदिनुभएको लागि हामीले धन्यवाद चढाएको कारण आदरणीय आशिष् पाउनुहुन्छ।

- ध्यान दिनुहोस्, येशूले आफूसित भएका **सबै** थोक दिनुभयो।

अन्तमा, येशूले आफ्ना चेलाहरूलाई बचेका कुराहरू जम्मा गर्न अह्राउनुभयो। परमेश्वरले जे-जति दिनुहुन्छ, उहाँले ती एउटा कारणका लागि दिनुहुन्छ भनेर चेलाहरूले बुझून् भन्ने उहाँ चाहनुहुन्छ। यसकारण उहाँको प्रबन्ध खेर नफाल्नुहोस्। यद्यपि तिनीहरूले अहिले नै अतिरिक्त कुराहरूका तत्काल आवश्यकता नदेखे तापनि भविष्यमा ती कुराहरूका उद्देश्य रहनेछ।

**समूह छलफल:**

३. येशूको वरिपरिका मानिसहरू को थिए र उहाँले तिनीहरूलाई के खुवाउनुभयो? (लूका ४:१८)
   - दरिद्रहरूले "सुसमाचार (असल खबर) प्रचार गरे"
   - बन्दीहरूले "मुक्तिको घोषणा गरे"
   - अन्धाले "दृष्टिको पुनरुत्थानको घोषणा गरे"
   - दलितहरूले "स्वतन्त्रताको घोषणा गरे"

४. तपाईंको वरपरका मानिसहरू को हुन्?

५. संसारको आवश्यकता पूरा गर्न आफूसित विशेष वरदानहरू छन् भनेर थाहा पाउँदा तपाईंलाई कस्तो महसुस हुन्छ?

**पाठ सार:**

मानिसहरूलाई आशिष् दिन र उहाँको नाउँको महिमा गर्न परमेश्वरले तपाईंलाई प्रयोग गर्न चाहनुहुन्छ।

**प्रयोग:**

आफ्नो वरपरका मानिसहरूलाई सेवा गर।

*पाठ २६*

# नडराऊ!

**समूह चिनजान**

के परमेश्‍वरले तपाईंहरूलाई कहिल्यै त्यस्तो काम गर्न अह्राउनुभयो जुन आज्ञा पालन गर्न तपाईंलाई निक्कै कठिन भयो? यदि त्यस्ता अनुभव छ भने, सुनाउनुहोस्।

**परिचयः**

येशूले पाँच हजार मानिसहरूलाई दुइटा माछा र पाँचवटा रोटी खुवाउनुहुँदा मानिसहरू छक्क परे। तिनीहरूले उहाँलाई राजा बनाउन चाहन्थे। यो कुरा थाहा पाएर येशूले आफ्ना चेलाहरूलाई तुरुन्तै डुङ्गामा चढेर बेथसेदामा[46] फर्कन भन्‍नुभयो र प्रार्थना गर्न डाँडामा जानुभयो।

डाँडामा रहेको आफ्नो सुविधाजनक स्थानबाट येशूले चेलाहरूलाई टाढाबाटै बतासको सामना गर्दै आफ्नो डुङ्गा चलाउन संघर्ष गरिरहेको देख्नुभयो।[47] त्यसैले रातको चौथो पहराको[48] दौडान उहाँ पानीमा हिंडेर तिनीहरूकहाँ जानुभयो।[49]

**बाइबल पठन**

**मत्ती १४:२४-३३, मर्कूस ६:४७-५२, यूहन्ना ६:१४-२१**

**येशू पानीमा हिँड्नुहुन्छ**

**मत्ती १४:२४-३३, मर्कूस ६:४७-५२, यूहन्ना ६:१७-२१**

*बाइबलबाट परमेश्‍वरको सन्देश, "मेरो पछि लाग"*

साँझ पर्दा डुङ्गा समुद्रको **बीचमा[50]** थियो, र उहाँचाहिँ एकलै पाखामा हुनुहुन्थ्यो। चेलाहरूलाई डुङ्गा ख्याउन कष्ट भइरहेको उहाँले देख्नुभयो, किनभने बतास तिनीहरूका विपरीत थियो। **तीन बजे**

---

[46] बेतसैदा वा "माछा मार्ने घर" कफर्नहुमबाट लगभग तीन माइल पूर्वमा गालील समुद्रको उत्तर-पूर्वी किनारमा अवस्थित एउटा शहर थियो जहाँ यर्दन नदी टुङ्गिन्छ। बेथसैदा अन्द्रियास, पत्रुस र फिलिपको
गृहनगर थियो।

[47] वर्षको विभिन्न समयमा तालमाथि विभिन्न प्रकारका बतासहरू चल्छन्। ग्रीष्म ऋतुमा दिउँसोको पश्चिमी हावा (घरबियाह) ले गर्मीको गर्मीलाई चिसो पार्छ, तर आँधीबेहरी आउँदैन। जाडो र वसन्त ऋतुमा पूर्वी हावा (शार्कियेह) अक्सर अचानक खतरनाक आँधीबेहरी ल्याउँछ। यूहन्ना ६:४ ले यहूदीहरूको निस्तार चाड नजिकिंदै थियो भनी उल्लेख गरेअनुसार मार्च महिनाको अन्तसही समयावधि जस्तो देखिन्छ। त्यो वर्ष अप्रिलको सुरुतिर हुन्थ्यो।

[48] बिहानको ३:०० देखि ६:०० बजे बीच

[49] प्रेरित यूहन्नाका अनुसार येशू पानीमा हिंड्दै तिनीहरूकहाँ आउनुअघि तिनीहरूले २५ देखि ३० स्टेडिया (झण्डै तीन माइल) पार गरेका थिए। स्टच्याडिया लगभग ६०६ फिट हुने गर्दछ र त्यसैले गर्दा तिनीहरूले पार गरेको दूरी करिब ३ माइल हो।

[50] स्टैडिया भनेको ६०६ फिट बराबर लम्बाइको नाप हो। प्रेरित यूहन्नाका अनुसार येशू तिनीहरूकहाँ आउनुअघि चेलाहरूले लगभग २५ देखि ३० वटा स्टेडिया (लगभग ३ माइल) यात्रा गरेका थिए।

**बिहानतिर**[51] उहाँ तिनीहरूकहाँ समुद्रमाथि हिँड्दैआउनुभयो, र तिनीहरूलाई उछिनेर जान लाग्नुहुँदा तिनीहरूले उहाँलाई समुद्रमाथि हिँड़िरहनुभएको देखेर प्रेत हो भन्ठाने, र तिनीहरू चिच्च्याए। किनकि उहाँलाई देखेर सबै डराएका थिए। तर झट्टै उहाँले तिनीहरूलाई भन्नुभयो, "**ढाड़स गर, म हुँ, नडराओ।**" अनि उहाँ तिनीहरूकहाँ डुङ्गाभित्र चढ्नुभयो, र बतास थामिहाल्यो। अनि तिनीहरू अत्यन्त अचम्मित भए, किनकि तिनीहरूले रोटीका विषयको कुरा बुझेकै थिएनन्, तर तिनीहरूको हृदय कठोर भएको थियो।

**आज्ञा:**

- ❖ ढाड्स गर म हुँ नडराओ

**समूह छलफल:**

१. यदि तपाईं चेलाहरूसित डुङ्गामा भएको भए येशूलाई पानीमा हिंडेको देख्दा के सोच्नुहुन्थ्यो होला?
२. तपाईंलाई किन लाग्छ कि येशूले तिनीहरूलाई पार गरेर जानुहुनेछ?

**पाठ**

यस कथाका घटनाहरूबाट सिक्न सकिने थुप्रै पाठहरू छन्। सर्वप्रथम त यसमा येशूले भन्नुभएको कुराको आज्ञाकारिता समावेश छ र त्यसो गर्दा उहाँले हामीलाई आफ्नो अनुरोध पूरा गर्न आवश्यक सबै उपलब्धीहरू गरिदिनुहुन्छ। आउनुहोस्, कथालाई नजिकबाट हेरौं।

यो क्रम तब सुरु हुन्छ जब येशूले चेलाहरूलाई डुङ्गामा चढेर तालको अर्को किनारामा रहेको बेथसेदामा उहाँभन्दा अघि जान अह्राउनुहुन्छ। तिनीहरूले तुरून्तै उहाँको आज्ञा पालन गरे र बतास र समुद्रले तिनीहरूलाई गाह्रो पार्दा पनि तिनीहरू अघि बढिरहे। येशूले तिनीहरूको प्रगतिलाई अग्लो ठाउँबाट हेरिरहनुभएको थियो। उहाँले हाम्रो जस्तै उहाँका आज्ञाहरू पालन गर्न तिनीहरूले भोग्नुपरेको सङ्घर्षलाई टाढाबाट देख्नुभयो। तिनीहरूप्रति करुणा देखाउँदै उहाँले तिनीहरूको सङ्घर्षको बीचमा तिनीहरूलाई प्रोत्साहन दिन तालपारि हिंड्ने निर्णय गर्नुभयो।

त्यस रात तालमा अँध्यारो थियो।[52] त्यसैले येशू तिनीहरूको नजिक जानुभयो ताकि तिनीहरूले उहाँलाई चिन्न सकून्। पानीमा हिंड्नुको चमत्कार तिनीहरूलाई आश्वस्त पार्नु थियो। अर्को शब्दमा भन्ने हो भने उहाँले भन्नुभएको थियो, "जाऊ साथीहरू, म तिमीहरूलाई बेथसेदामा भेट्नेछु। यस अकस्मात् भएको भेटबाट चेलाहरूले येशूलाई तिनीहरूका कठिनाइहरूबारे थाहा थियो भनेर बुझ्नु पर्थ्यो र बाधाहरूको बावजुद पनि तिनीहरू तालको अर्को छेउमा पुग्नेथिए भन्ने तिनीहरूबाट आशा गरिएको थियो भनेर थाहा पाउनुपर्थ्यो।

---

[51] रातको चौथो पहरा: बिहानको ३:००-६:०० बजेसम्म

[52] निस्तार-चाड नजिकिंदै थियो, जुन महिनाको मध्यमा वा पूर्णिमामा हुन्छ। सायद तिनीहरूले महिनाको आधातिर थोरै वा चन्द्रमा पटक्कै नदेखिने समयतिर नदी पार गरिरहेका थिए। आँधीबेहरीले यसलाई अझ अस्पष्ट बनाइदिएको थियो।

तर परिणाम आश्चर्यजनक रूपमा फरक थियो। चेलाहरू उहाँको अप्रत्यासित उपस्थिति देखेर डराएका थिए र तिनीहरूले भूत भन्ठाने। धर्मशास्त्रअनुसार यो डर यसकारण उत्पन्न भएको थियो किनभने तिनीहरूले रोटीको चमत्कारबारे बिर्सेका थिए र तिनीहरूको हृदय कठोर भएको थियो। येशूले अझै पनि आफ्ना जनहरूको समर्थनमा अलौकिक कुराहरू गर्नुहुन्छ भन्ने कुरा हामीमध्ये धेरै चेलाहरूले बिर्सेका छौं।

**समूह छलफल:**

१. येशू पानीमा तपाईंसँगै हिंडिरहनुभएको देख्दा तपाईंको प्रतिक्रिया कस्तो हुन्थ्यो होला?
२. के परमप्रभुले तपाईंको जीवनमा कुनै चमत्कार गर्नुभएको छ?
३. यदि उहाँले गर्नुभएको छ भने, हामीलाई बताउनुहोस् कि तिनीहरू के थिए र तिनीहरूप्रति तपाईंको प्रतिक्रियाहरू कस्ता थिए।

**पाठ जारी:**

जब हामी यस कथालाई समग्र रूपमा हेर्छौं, हामी देख्न सक्छौं कि यो यस समयमा पृथ्वीमा ख्रीष्टियनहरूको जीवनमा के भइरहेको छ भन्ने कुराको प्रतिनिधि हो। संघर्षको बीचमा येशू चाहनुहुन्छ कि हामीले उहाँको आज्ञा: *"साहस गर यो म हुँ, नडराऊ"* भन्ने कुरा याद गरौं।

- कथाको सुरुमा येशूले आफ्ना चेलाहरूलाई तालको अर्को छेउमा जाने आज्ञा दिनुभयो जहाँ उहाँले तिनीहरूलाई भेट्नुहुनेछ।
    - ख्रीष्टियनहरू सबैलाई सुसमाचार प्रचार गर्ने आज्ञा दिइएको छ र जब त्यो हुन्छ उहाँ फर्कनुहुनेछ र हामीलाई हावामा भेट्नुहुनेछ।
        - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*"

- येशूले छोड्नुभएपछि उहाँ अग्लो पहाडमा जानुहुन्छ।

  - येशूको पुनरुत्थानपछि उहाँ स्वर्ग जानुभयो।

    - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*

- डाँडामा येशूले प्रार्थना गर्नुहुन्छ।
  - येशू, हाम्रा प्रधान पूजाहारी हाम्रो लागि मध्यस्थता गर्न जीवित हुनुहुन्छ।
    - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*
- येशूले चेलाहरूलाई बतासको विपरीत दिशातिर अघि बढ्न संघर्ष गरिरहेको देख्नुभयो।
  - परमेश्वरले यस संसारमा उहाँको इच्छा (संसारभन्दा विपरीत) पूरा गर्दा हाम्रो सङ्घर्षलाई देख्नुहुन्छ ।
    - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*
- चेलाहरूलाई प्रोत्साहन दिन उहाँ चमत्कारपूर्ण तरिकामा चेलाहरूकहाँ आउनुभयो।
  - उहाँ हामीलाई प्रोत्साहन दिन चमत्कारी तरिकामा हामीकहाँ आउनुहुन्छ।
    - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*
- अलौकिक कुरा देखेर चेलाहरू डराए।
  - ख्रीष्टियनहरू अलौकिक कुराहरू देखेर डराउँछन्।
    - "*हिम्मत गर म नै हुँ, नडराऊ"।*
- चेलाहरू अलौकिक घटनाबारे निश्चित थिएनन्। के त्यो येशू नै हुनुहुन्थ्यो?
  - ख्रीष्टियनहरू अलौकिक घटनाहरूबारे पनि छक्क पर्छन्। के त्यो साँच्चिकै येशू नै हो?
    - "*हिम्मत गर, म नै हुँ, नडराऊ।*
- पत्रुसले येशूलाई आश्चर्यकर्ममा उहाँसँगै सामेल हुन सक्नुहुन्छ कि भनेर सोधे।
  - कोही-कोही ख्रीष्टियनहरू येशूले गरिरहनुभएको चमत्कारिक कार्यहरूमा भाग लिन चाहन्छन्।
    - "*हिम्मत गर म नै हुँ, नडराऊ"।*
- अरू चेलाहरू डुङ्गामा बसे।
  - कोही-कोही ख्रीष्टियनहरू चमत्कारी काममा भाग लिन चाहँदैनन्।
    - *हिम्मत गर म नै हुँ, नडराऊ"।*

- विश्वासद्वारा पत्रुसले येशूको आज्ञा पालन गरे र डुङ्गाबाट ओर्लिए।
  - विश्वासद्वारा ख्रीष्टियनहरू येशूको आज्ञा पालन गर्छन् र अलौकिक कुराहरूमा भाग लिन्छन्।
    - *हिम्मत गर म नै हुँ, नडराऊ"।*
- पत्रुसले येशूतिरबाट आफ्ना नजर हटाए र बतासले विचलित भए।
  - ख्रीष्टियनहरू येशूतिरबाट आफ्ना नजर हटाउँछन् र आफ्नो वरपरको परिस्थितिबाट विचलित हुन्छन्।
    - *हिम्मत गर म नै हुँ, नडराऊ"।*

- जब पत्रुस समस्यामा परे, तिनले येशूलाई बचाउन पुकारे र तिनलाई बचाइयो।
    - ख्रीष्टियनहरू येशूलाई पुकार्छन् र उहाँले तिनीहरूलाई बचाउनुहुन्छ।
        - *हिम्मत गर म नै हुँ, नडराऊ"।*
- येशूले पत्रुसलाई भन्नुभयो, "हे अल्पविश्वासी, तिमीले किन शङ्का गर्यौ?"
    - येशूले ख्रीष्टियनहरूलाई यसो भन्नुहुन्छ: "हे अल्पविश्वासीहरू हो, तिमीहरूले किन शङ्का गर्यौ?"
        - *हिम्मत गर म नै हुँ, नडराऊ"।*
- जब येशू डुङ्गामा चढ्नुभयो, हावा रोकियो।
    - येशू सवारीको लागि सँगै हुनुहुँदा ख्रीष्टियनहरूलाई आफ्नो उद्देश्यमा पुग्न सजिलो हुन्छ।
        - "*हिम्मत गर, म नै हुँ, नडराऊ*"

**समूह छलफल:**

१. पत्रुस पानीमा हिंडेपछि येशूले किन यसो भन्नुभयो, "तिमी अल्पविश्वासी हौ"?

२. महान् विश्वास भनेको के हो?

३. किन शङ्का गर्ने?
४. तिमीहरू किन डराउँछौं?

**पाठ सार:**

येशूले तपाईंको वास्ता गर्नुहुन्छ र तपाईंलाई मदत गर्न सक्नुहुन्छ।

**प्रयोग:**

नबिर्सनुहोस्, धर्मशास्त्रमा ३६५ वटा "नडराओ" भन्ने शब्दहरू छन्, जुन वर्षभरि दिनको एउटा गरी याद गर्न  पर्याप्त छ। त्यसैले हरेक दिन ती प्रयोग गर्नुहोस्!

*पाठ २७*

# एउटा सानो खमीर

**परिचय:**

येशू आफ्ना चेलाहरूसित डुङ्गामा चढ्नुहुँदा तालमा आएको आँधीबेहरी कम भयो तर तिनीहरू अवतरण गर्दा अर्कै किसिमको तुफान आउन थालिसकेको थियो। भीडले येशूलाई खोजिरहेका थिए त्यसैले उहाँले आफैलाई तिनीहरूका लागि उपलब्ध गराउनुभयो। येशूले पाँच वटा रोटी र दुईवटा माछासहित ५००० मानिसहरूलाई खुवाउनुभयो र भोजनको लागि काम गर्नेबारे छलफल थाल्नुभयो।

छलफलको सार दुई-विभागीय थियो: परमेश्वरले मानिसहरूबाट चाहनुभएको कुरो उहाँको पुत्र, प्रभु येशू ख्रीष्टमा विश्वास गर्नु हो र तिनीहरूले खाने भोजन उहाँको शरीर र रगत हो। यो छलफलले विवादको आँधीबेहरी मच्चायो। धेरै चेलाहरूले येशूले तिनीहरूलाई नरभक्षणमा भाग लिन भनिरहनुभएको थियो भनेर भन्न लागे। त्यसैले तिनीहरू उहाँको पछि लाग्न छोडे। त्यसपछि शास्त्रीहरू र फरिसीहरूले येशूका चेलाहरूले हात धुनुअघि रोटी खाँदै गरेको देखेपछि उहाँलाई घेरे।

**बाइबल पठन**

**मत्ती १५:१-२०, १६:५-१२, मर्कूस ७:१-२३, ८:१३-२१**

**हृदयबाट नै अशुद्धता आउँछ**

**मत्ती १५:१-२०, मर्कूस ७:१-२३**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूका चारैतिर भेला भए। येशूका कतिपय चेलाहरूले अशुद्ध हात, अर्थात् नधोएको हातले खाएका तिनीहरूले देखे। फरिसीहरू र सबै यहूदीहरू तिनीहरूका पुर्खाहरूले दिएका परम्पराअनुसार हात नधोई भोजन खाँदैनन्। बजारबाट आएपछि स्नान गरेर शुद्ध नभई तिनीहरू खाँदैनन्। यति मात्र होइन, तिनीहरूले यस्ता धेरै अरू परम्परा मान्दछन्, अर्थात् कचौराहरू, भाँड़ाहरू र काँसोका भाँड़ाहरू धुने परम्परा। तब फरिसीहरू र शास्त्रीहरूले उहाँलाई सोधे, "तपाईंका चेलाहरू पितापुर्खाले राखिदिएका परम्परामा किन चल्दैनन्, तर अशुद्ध हातले खान्छन्?" तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, *'**यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ।**[53] तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग

[53] यशैया: २९:१३"यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढ़ा छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्।

परमेश्वरको आज्ञालाई टारिदिन्छौ। किनभने मोशाले भनेका छन्, '**आफ्ना आमा-बुबालाई आदर गर**[54]**, र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।**'[55] यदि कुनै मानिसले आफ्ना बुबा वा आमालाई 'मबाट जे-जति मद्दत तपाईंहरूलाई मिल्नुपर्ने त्यो कुर्बान हो,' (अर्थात् परमेश्वरलाई चढ़ाइएको) भन्छ भने, तिमीहरू त्यसलाई आफ्ना आमा-बुबाको निम्ति फेरि केही गर्न दिँदैनौ। यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ। अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ।" उहाँले मानिसहरूलाई फेरि आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू सबैले मेरा कुरा सुन र बुझ। यस्तो केही कुरा छैन जो बाहिरबाट मानिसभित्र पसेर त्यसलाई अशुद्ध पार्न सक्छ, तर मानिसबाट बाहिर निस्कने कुराहरूले नै मानिसलाई अशुद्ध पार्छ। [जसको सुन्ने कान छ त्यसले सुनोस्।"] मानिसहरूलाई छोड़ेर घरभित्र पसेपछि उहाँका चेलाहरूले उहाँलाई यस दृष्टान्तको विषयमा सोधे। उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू पनि अझै अबुझ छौ? जे बाहिरबाट मानिसभित्र पस्छ त्यसले उसलाई अशुद्ध पार्न सक्दैन भनेर तिमीहरू जान्दैनौ? किनकि त्यो उसको हृदयमा होइन, तर पेटभित्र पस्तछ, र बाहिर निस्किहाल्छ। (यसरी उहाँले सबै भोजन शुद्ध हो भनी बताइदिनुभयो।) उहाँले भन्नुभयो, "मानिसबाट जे बाहिर निस्कन्छ त्यसैले मानिसलाई अशुद्ध पार्छ। किनकि भित्रबाट, अर्थात् मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। यी सबै दुष्ट कुराहरू भित्रबाट निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्छन्।

### फरिसीहरू र सदूकीहरूको खमीर
### मत्ती १६:५-१२, मर्कूस ८:१३-२१

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

अनि तिनीहरूलाई छोडी उहाँ फेरि डुङ्गामा चढ़ेर पारिपट्टि जानुभयो। फरिसीहरू र हेरोदको खमिर मत्ती १६:५-१२ चेलाहरूले साथमा रोटी बोक्न बिर्सेका थिए, र डुङ्गामा तिनीहरूसित एउटै मात्र रोटी थियो। येशूले चेलाहरूलाई यसो भनेर चेताउनी दिनुभयो, "तिमीहरू फरिसीहरूको खमिर र हेरोदको खमिरदेखि सतर्क रहो।" तर तिनीहरूका साथमा रोटी नभएकोले येशूले यसो भन्नुभएको हो भनी तिनीहरूले आपसमा बहस गर्न लागे। येशूले यो थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसित रोटी छैन भनी किन तिमीहरू बहस गर्दछौ? के तिमीहरू अझै पनि देख्दैनौ वा बुझ्दैनौ? के तिमीहरूको मन कठोर भएको छ? **आँखा भए तापनि के तिमीहरू देख्दैनौ? कान भए तापनि के तिमीहरू सुन्दैनौ?**[56] के तिमीहरूलाई याद छैन, जब मैले पाँच वटा रोटी ती पाँच हजारका बीचमा भाँचेथें, तब कति डालाभरि टुक्राटाक्रीहरू तिमीहरूले उठाएका थियौ?" तिनीहरूले उहाँलाई जवाफ दिए, "बाह्र।" "अनि जब ती सात वटा रोटी चार हजारका बीचमा भाँचेको थिएँ, तब कति डालाभरि टुक्राटाक्रीहरू तिमीहरूले उठाएका थियौ?" तिनीहरूले उहाँलाई भने, "सात।" उहाँले तिनीहरूलाई भन्नुभयो, "तब के तिमीहरू अझै बुझ्दैनौ?"

---

[54] प्रस्थान २०:१२ आफ्ना आमा-बुबालाई आदर गर ,

[55] **प्रस्थान २१:१७**: र जसले आमा-बुबाको विरुद्धमा दुष्ट कुरा बोल्छ त्यो मारिनैपर्छ।'

[56] यर्मिया ५:२१: आँखा भए तापनि के तिमीहरू देख्दैनौ? कान भए तापनि के तिमीहरू सुन्दैनौ?

**आज्ञाहरू**

- ❖ तिमीहरू सबैले मेरो कुरा सुन र बुझ।
- ❖ यदि कुनै मानिससित सुन्ने कान छ भने उसले सुनोस्।
- ❖ तिनीहरूलाई एक्लै छोडीदेओ।
- ❖ फरिसीहरू र सदूकीहरूको खमीरदेखि होशियार रहो।

**समूह छलफल:**

१. यस मण्डलीमा हामीले अभ्यास गर्ने परम्पराको नाम बताउनुहोस्?
२. यो परम्परा कसरी उत्पन्नभयो?
३. यसलाई कसले अनुमति दियो?
४. हामी किन यसलाई अभ्यास गरिरहन्छौं?

**पाठ**

परम्परा महत्वपूर्ण छ । **लिखित** निर्देशन बिना नै मुखले वा उदाहरणका साथ एक पुस्ताबाट अर्को पुस्तालाई सूचना, विश्वास र रीतिरिवाज **हस्तान्तरण गर्ने** यो एउटा तरिका हो। पृथ्वीका हरेक समाजले परम्पराको प्रयोग गर्छन्। यसले मानिसहरूलाई एकअर्कासँग सम्बन्ध गाँस्न र व्यवस्थित जीवन बिताउन मदत गर्छ। शास्त्रीहरू र फरिसीहरूले येशूका चेलाहरूले हात धुनुअघि खाना खाएकोमा आलोचना गर्दा तिनीहरूले लामो समयदेखि चलिआएको परम्परालाई जोड दिइरहेका थिए। सायद हामीमध्ये धेरैका आमाबाबु पनि त्यही परम्परामा अडिग छन्।

येशूले खाना खानुअघि हात धुने परम्परालाई **अशुद्धता**बारे वा अर्को शब्दमा "मानिसहरूलाई अशुद्ध तुल्याउने कुराहरू" बारे सिकाउने अवसरको रूपमा प्रयोग गर्नुभयो। यस विषयमा सिक्नुपर्ने तीनवटा पाठहरू छन्। ती निक्कै महत्त्वपूर्ण छन् र येशूले मानिसहरूलाई उहाँले भन्नुभएको कुरा सुन्न र बुझ्न आज्ञा दिनुभयो।

पहिलो पाठ के हो भने, मानिसले जे खान्छ त्यसले उसलाई **अशुद्ध** बनाउँदैन। यहूदी श्रोताहरूले मोशाको व्यवस्थाको कडा आहारसम्बन्धी नियमहरू (कश्रुत) पालन गर्दा यो कुरा सुन्न र बुझ्न गाह्रो थियो। येशूले यहूदी कोशेरका व्यवस्थाहरू हटाउनुभएन किनभने कोही-कोही तिनमा विश्वास गर्न इच्छुक छन्। मानिसहरूले जे खाए, त्यसले तिनीहरूलाई अशुद्ध बनाउँदैन भनेर उहाँले यति मात्र बताउनुभयो किनभने मुखमा पसेको कुरा पेटमा प्रशोधन गरिन्थ्यो र शरीरले असल कुराहरू प्रयोग गर्थ्यो र फोहरहरू हटाउँथ्यो।
प्रेरित पत्रुसले धेरै वर्षपछि गैर-यहूदीहरूको विषयमा एउटा दर्शन देखेपछि यस समस्याको प्रत्यक्ष सामना गर्नुपर्‍यो। यो सन्दर्भ प्रेरित १०:९-१५ हो।

*भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन*

*तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" तर पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।" त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।" यो तीन पटकसम्म भयो र तुरुन्तै उक्त तन्ना आकाशमा विलायो।*

पत्रुसले दर्शनको आज्ञा पालन गरे। तिनी गैर-यहूदीहरूकहाँ गए र सुसमाचार प्रचार गरे। पवित्र आत्मा तिनीहरूमाथि नआउँदासम्म र तिनीहरूले अन्य भाषामा बोल्न र परमेश्वरको प्रशंसा गर्न थाल्दा पत्रुसले तिनीहरूलाई पूर्णतया ग्रहण गर्न सकेनन्। अनि त्यसपछि पनि प्रेरित पावलले तिनलाई आमने-सामने नगरेसम्म तिनी आफ्नो पुरानै विश्वासमा फर्के। (गलाती २:११-२१)

दोस्रो पाठमा येशूले बोलेका कुरा हृदयबाट आउँछ र त्यसले मानिसलाई अशुद्ध बनाउँछ भनेर जोड दिनुभयो। किनभने दुष्ट विचार जस्तैः हत्या, व्यभिचार, दुराचार, चोरी, झूटा साक्षी र निन्दा आदि हृदयबाट निस्कन्छन्। हृदयमा के छ भन्ने कुरा शब्दहरूले प्रकट गर्छन् र एक व्यक्तिले के बोल्नुपर्छ भनेर धर्मशास्त्रले थुप्रै सल्लाह दिन्छ। यहाँ केही मात्र छन्:

*मृत्यु र जीवन जिब्रोको शक्तिमा छ, र जसले यसलाई प्रेम गर्छन् तिनीहरूले यसको फल खानेछन्* (हितोपदेश १८:२१)।

*तर कसैले पनि जिब्रोलाई वशमा पार्न सक्तैन। यो एक बेचैन दुष्टता हो र यो घातक विषले भरिएको छ। यस द्वारा हामी हाम्रा प्रभु र पितालाई आशीर्वाद दिन्छौं, र यसैद्वारा हामी मानिसहरूलाई सराप्छौं, जो परमेश्वर जस्तै बनाइएका छन्। एउटै मुखबाट आशीर्वाद र श्राप दुवै आउँछ। मेरा दाज्यू-भाइहरू हो, यी कुराहरू यस्तो हुनु हुँदैन* (याकूब ३:८-१०)।

*मूर्ख जब ऊ चुप रहन्छ र आफ्नो ओठ बन्दा गर्छ तब उसलाई पनि बुद्धिमान मानिन्छ* (हितोपदेश १७:२८)।

*तर म तिमीहरूलाई भन्दछु, मानिसहरूले बोलेका हरेक लापर्वाही शब्दहरूका हिसाब तिनीहरूले न्यायको दिनमा दिनुपर्ने हुन्छ। किनभने तिमीहरूका वचनहरूद्वारा तिमीहरू धर्मी ठहरिनेछौ अनि तिमीहरूका वचनहरूद्वारा तिमीहरू दोषी ठहरिनेछौ* (मत्ती १२:३६-३८)।

अन्यजातिहरूले अन्य भाषामा बोलेको र परमेश्वरको प्रशंसा गरेको सुनेपछि पत्रुसले परमेश्वरले तिनीहरूलाई नयाँ हृदय दिनुभएको महसुस गरे। बोलेको कुरा हृदयबाट आउँछ भन्ने येशूको शिक्षालाई उहाँले यसरी पुष्टि गर्नुभयो। त्यसैले यी मानिसहरूलाई परमेश्वरले शुद्ध मान्नुपर्थ्यो।

अन्तिम पाठमा मानव परम्परालाई परमेश्वरका आज्ञाहरू सरह वा त्योभन्दा ठूलो भनी सिकाउने विषयमा छलफल गरिएको थियो। येशूले शास्त्रीहरू र फरिसीहरूलाई स्पष्ट रूपमा देखाउनुभयो कि तिनीहरूले मौखिक व्यवस्थाको मूल्यांकन गरिरहेका थिए, जसमा मिश्ना, गेमारा र अन्य कामहरूसम्बन्धी नीतिहरू थिए जसलाई धर्मशास्त्र (तोरा) भन्दा उच्चा ठान्दथे। *"तर मानिसहरूले तिनीहरूका शिक्षालाई सिद्धान्तका रूपमा सिकाउँदै व्यर्थमा मेरो उपासना गर्छन्। परमेश्वरको आज्ञालाई बेवास्ता गर्दै तिमीहरू मानिसहरूको परम्परालाई पछ्याउँछौ।"* तिनीहरूले अरूलाई पनि त्यसै गर्न सिकाइरहेका हुनाले येशूले आफ्ना चेलाहरूलाई त्यस्ताहरूलाई एक्लै छोड्न आज्ञा दिनुभयो।

केही समयपछि येशूले चेलाहरूलाई फरिसी र सदुकीहरूको शिक्षाबाट होसियार रहन सम्झाउनुभयो। उहाँले तिनीहरूको **शिक्षालाई खमीर**सित तुलना गर्नुभयो। जसरी **खमीर** जुनमा हालिन्छ, तब त्यसका हरेक भागमा त्यो पस्छ, त्यस्तै गरी **शिक्षा** पनि हुन्छ। मानिसहरूलाई सिकाइएका कुराहरूले तिनीहरूलाई जीवनभर असर गर्छ।

फरिसीहरू र सदूकीहरू दुवैले[57] आफ्नो मौखिक परम्परालाई परमेश्वरको वचनभन्दा माथि राखे । अनि यसो गर्दा तिनीहरू **अशुद्ध, अपवित्र** र **दुषित** भए। नबिर्सनुहोस्, येशूले आफ्ना चेलाहरूलाई मानिसको मुखबाट निस्केको कुराले तिनीहरूलाई अशुद्ध पार्छ भनेर भन्नुभएको थियो। अनि आफ्ना वचनहरूद्वारा तिनीहरूले देखाइरहेका थिए कि परमेश्वरको वचनभन्दा तिनीहरूका परम्परा ठूलो तथा महत्वपूर्ण छ। त्यसैले तिनीहरूको हृदय अशुद्ध थिए।

कुनै व्यक्ति अशुद्ध हुनु एउटा कुरा हो तर शिक्षाद्वारा अर्कोलाई संक्रमित पार्नु अर्कै कुरा हो। येशूका भाइ याकूबले आफ्नो पत्रमा यस विचारलाई समर्थन गर्दै यसो भने, *भाइ हो, **तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ**।*[58] *किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ। किनकि हामी सबै धेरै भूल गर्दछौं। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ।*

**समूह छलफल:**

१. धर्मशास्त्र विपरीत मण्डली परम्पराको नाम बताउनुहोस्?
२. यो परम्परा कहाँबाट उत्पत्ति भयो?
३. यसलाई कसले अनुमति दियो?
४. मानिसहरू किन यसलाई पक्रिराख्छन्?

[57] एउटा समूहको रूपमा फरिसीहरूले सामान्यतया परमेश्वरको वचनमा जोड्दथे । यसको उदाहरण तिनीहरूले विश्रामको दिनमा काम गर्न धेरै निषेधाज्ञाहरू थपेका थिए। यीमध्ये एउटा थियो, विश्रामको दिनमा आगो बाल्नु व्यवस्था उल्लङ्घन हुनेथियो। सदूकीहरूले परमेश्वरको वचनबाट पछि हट्ने प्रवृति देखाए । यसको एउटा उदाहरण तिनीहरूले मरेकाहरूको पुनरुत्थानमा विश्वास गरेनन् भन्ने थियो।

[58] प्रशिक्षक वा शिक्षक

**पाठ सार**
तपाईंले बोल्ने शब्दहरूलाई होसियारीसाथ विचार गर्नुहोस्।

**प्रयोग:**
आफूले अँगालेको परम्पराबारे विचार गर्नुहोस् र अरूलाई सिकाउनुहोस्। के ती परमेश्वरको वचनविपरीत वा उलङ्घन गर्ने खालका छन्?

*पाठ २८*

# क्रूस बोक्नु

**परिचय:**

येशूले यर्दन नदीमा बप्तिस्मा लिनुभएको तीन वर्षपछि अर्थात् सन् ३०  सेप्टेम्बर महिनाको घटना हो। ग्रीष्मकालीन फसल लगभग पूरा भएको छ र परिवर्तनको शरद ऋतुको बतास हावामा छ। येशूले पनि परिवर्तनको महसुस गर्नुभयो। उहाँ र चेलाहरूले सुसमाचार प्रचार गरिरहेका छन् र जहाँ गए पनि तिनीहरूले मानिसहरूका सेवा गरिरहेका छन्। तर उहाँलाई थाहा छ कि पृथ्वीमा उहाँको समय छोटो छ र तिनीहरूलाई सिकाउन उहाँसँग धेरै कुराहरू बाँकी छन्। तिनीहरूलाई अनपेक्षित कुराहरूको लागि तयार पार्ने समय आएको छ अर्थात् उनको आसन्न मृत्यु। चेलाहरूलाई आफूसँगै लिएर येशूले यर्दन नदीको पच्चीस माइल माथि गालील समुद्रको बेथसेदादेखि हर्मोन पर्वतको फेदीमा रहेको कैसरीया फिलिप्पीसम्म यात्रा गर्नुभयो र यो मृत्युको विषयमा कुरा गर्ने उपयुक्त ठाउँ थियो।

सन् २० मा राजा हेरोदद महानले अगस्टस सिजरबाट कैसरीया फिलिप्पी पूरा जिल्लामाथि अधीन गर्न पाए र तिनले सम्राटको सम्मानमा एउटा मन्दिर निर्माण गरे। हेरोदका छोरा फिलिपले यस शहरलाई विस्तार गरे र यसलाई कैसरीया फिलिप्पी नाउँ दिए। यसलाई समुद्रको किनारमा रहेको आफ्नो पिताको कैसरीया शहरबाट अलग गरे। कैसरीया फिलिप्पीको महत्त्वपूर्ण कुरा के हो भने यो सुरुमा कनानीहरूको पवित्र स्थल थियो, सम्भवतः बाल हर्मोन, जुन बालको उपासनामा समर्पित थियो। र यसको सीमाभित्र एउटा ठूलो गुफा पर्दथ्यो र यसलाई मृत्तकहरूका कुण्ड (नरक जाने) पातालको ढोका भनेर चिनिनथ्यो।

**बाइबल पठन**

**मत्ती १६:१३-२८, १७:२२-२३, मर्कूस ८:२७-९:१, ९:३०-३२, लूका ९:१८-२७, ९:४३-४५**

**क्रूस बोक्नु**

**मत्ती १६:१३-२१, मर्कूस ८:२७-३१, लूका ९:१८-२२**

*बाइबलबाट परमेश्वरको सन्देश: मेरो पछि लाग*

येशू **कैसरिया फिलिप्पीको**[59] मुलुकमा आउनुभएपछि, उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, “मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्छन्?” तिनीहरूले जवाफ दिए, “कसैले बप्तिस्मा-दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक जना हुन् भनी भन्छन्।” उहाँले तिनीहरूलाई सोध्नुभयो, “तिमीहरू के भन्छौ, म को हुँ?” सिमोन पत्रुसले जवाफ दिए, “तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।” येशूले तिनलाई भन्नुभयो, “**बार्जोना**[60]

[59] **कैसरिया फिलिप्पीको** हर्मोन पर्वतको फेदमा बेथसैदाबाट लगभग २५ माइल उत्तरमा अवस्थित एउटा शहर।

[60] **बारजोना:** “योनाको छोरो”

सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। म तिमीलाई भन्दछु, कि तिमी **पत्रुस**[61] हौ। म मेरो **मण्डली** [62]यस **चट्टानमाथि**[63] स्थापित गर्नेछु, र **नरकका** [64]**ढोकाहरू**[65] त्यसमाथि **विजयी हुनेछैनन्।**[66] म तिमीलाई **स्वर्गको**[67] **राज्यका साँचाहरू**[68] दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।" उहाँ ख्रीष्ट हुनुहुन्छ भनी कसैलाई नभन्नू भनी येशूले चेलाहरूलाई कड़ा आज्ञा दिनुभयो। उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो। पत्रुसले येशूलाई एक छेउमा लगे र उहाँलाई हप्काउन थाले र भने, "हे प्रभु! तपाईंलाई यस्तो कहिल्यै हुनेछैन।" तर येशूले फर्केर पत्रुसलाई भन्नुभयो, "हे शैतान, मेरो पछि लाग! तँ मेरो लागि ठेस लाग्ने कारण बन्दैछस्; किनकि तैंले परमेश्वरको हितमा होइन, तर मानिसको हितमा ध्यान दिइरहेका छस्।"

## साँचो चेलापन

### मत्ती १६:२४-२८, मर्कूस ८:३४-९:१, लूका ९:२३-२७

*बाइबलबाट परमेश्वरको सन्देश: मेरो पछि लाग*

तब येशूले आफ्ना चेलाहरूसहित मानिसहरूलाई बोलाउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "यदि कोही मपछि आउन चाहन्छ भने उसले आफूलाई इन्कार गरोस्, र दिनहुँ आफ्नो क्रूस उठाओस् र मेरो पछि लागोस्। किनभने जसले आफ्नो जीवन बचाउन चाहन्छ उसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर र सुसमाचारको खातिर आफ्नो जीवन गुमाउँछ उसले त्यसलाई बचाउनेछ। सारा संसार

---

[61] **पत्रुस:** ग्रीक भाषामा यसको नाम पेट्रोस हो जसको अर्थ चट्टान वा सानो ढुङ्गा हो।

[62] **चट्टान:** ग्रीक शब्द पेट्रा हो जसको अर्थ आधारशिला हो। (येशूले भन्नुभयो कि उहाँको मण्डली पत्रुसको कथनको आधारशिला [सत्य, सिद्धान्त, वा तथ्य] मा निर्माण हुन गइरहेको थियो जसले येशूलाई जीवित परमेश्वरको पुत्र ख्रीष्टको रूपमा घोषणा गरेको थियो।

[63] मण्डली: ग्रीक शब्द इक्लेसिया हो जसको अर्थ "बोलाइएकाहरू" हो। हिब्रू भाषाको समकक्ष, कहलको अर्थ सभा, मण्डली वा समुदाय हो। यी दुवै शब्दले मानिसहरूलाई बुझाउँछ। ती मध्ये कुनैले पनि संस्था वा भवनलाई बुझाउँदैन।

[64] **ढोका:** किल्लाभएको ठाउँ वा किल्ला (जस्तै, पर्खालले घेरिएको शहर) को प्रवेश वा प्रस्थानद्वारहरू। शत्रुहरूले किल्लामाथि कब्जा जमाउन खोजेपछि खतरनाक समयमा ढोकाहरू बन्द गरिएका थिए। यसलाई प्रतिरक्षा जानु भनिन्छ। किल्लाको स्रोतहरू शत्रुको बिरूद्ध जाइलाग्न अनुमति दिन ढोकाहरू खोलिएका थिए। यसलाई आक्रमण गर्नु भनिन्छ।

[65] **हेडिसको ढोका:** मरेकाहरूको राज्यमा प्रवेश र प्रस्थान द्वारहरू भनिन्छ।

[66] **यसलाई परास्त गर्ने छैन:** येशूको सोझो अर्थ के हो भने मृत्युको शक्तिले मण्डलीका ढोकाहरू खोलेर र आक्रमण गरेर मण्डलीलाई मार्न सक्दैन। न त यसले मण्डलीलाई आफ्ना ढोकाहरू बन्द गरेर र किल्लाको रक्षा गरेर आत्माहरूलाई मृतकहरूको राज्यबाट बाहिर निकाल्नबाट रोक्न सक्छ।

[67] **कुञ्जीहरू:** किल्लाहरूको ढोकाहरू ताल्चा लगाउन वा अनलक गर्न प्रयोग गरिने उपकरणहरू।

[68] **स्वर्गको राज्यका कुञ्जीहरू:** एउटा कुञ्जीले स्वर्गका ढोकाहरू ताल्चा (बाँध्छ वा बन्द गर्छ) यसरी प्रवेशमा रोक लगाउँछ र यसको आशिषलाई मुक्त हुनबाट रोक्छ। अर्को कुञ्जीले स्वर्गको ढोकाहरू खोल्दछ (खोल्छ वा उघार्छ) प्रवेश प्रदान गर्न र यसको आशिष बाहिर निस्किन्छ। मरेकाहरूबाट ख्रीष्टको पुनरुत्थानपछि पेन्तिकोसको पहिलो चाडमा पत्रुसले सर्वप्रथम स्वर्गको आशिष् दिन यी कुञ्जीहरू प्रयोग गरे। उनले घोषणा गरे, "*पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा-टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ*" (प्रेरित २:३८-३९)।

लाई प्राप्त गर्न र आफ्नो प्राण गुमाउँदा मानिसलाई के फाइदा हुन्छ? मानिसले आफ्नो प्राणको बदलामा के देओस्? यस व्यभिचारी र पापी पुस्तामा जो कोही पनि म र मेरो वचनबाट लज्जित हुन्छ, मानिसको पुत्र पनि ऊसित लज्जित हुनेछ जब ऊ पवित्र स्वर्गदूतहरूसित आफ्ना पिताको महिमामा आउनेछ। **अनि प्रत्येक मानिसलाई उसको कामअनुसार दण्ड दिनेछ।**" अनि उहाँले यसो भनिरहनुभएको थियो, "म तिमीहरूलाई साँचो भन्दछु, यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन् जसले परमेश्वरको राज्य शक्तिसहित आइसकेपछि नदेखेसम्म मृत्युको स्वाद चाख्ने छैनन्।"

## येशूले आफ्नो मृत्युको भविष्यवाणी गर्नुहुन्छ

**मत्ती १७:२२-२३, मर्कूस ९:३०-३२, लूका ९:४३-४५**

*बाइबलबाट परमेश्वरको सन्देश: मेरो पछि लाग*

अनि त्यहाँबाट निस्केर उहाँहरू गालील भएर जानुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा थियो, किनकि परमेश्वरको महानता देखेर तिनीहरू सबै छक्क परे। येशूले गर्नुभएको प्रत्येक काममा सबै जना छक्क परेका देखेर, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, “यी कुरा तिमीहरूका कानमा गडून्, किनभने मानिसको पुत्र मान्छेहरूका हातमा पक्राउ पर्न आँटेको छ र तिनीहरूले उसलाई मार्नेछन्, र ऊ मारिएको तीन दिनपछि फेरि जीवित भई उठ्नेछ।” तिनीहरू निक्कै दुखित भए तर उहाँले भन्नुभएको यो कुरा तिनीहरूले बुझेनन्, र त्यो तिनीहरूबाट लुकाइएको हुनाले तिनीहरूले त्यो उहाँसँग सोध्न डराए।

**आज्ञा:**

- यी शब्दहरू तिमीहरूका कानहरूमा गडून्।

**समूह छलफल:**

१. के तपाईं कहिले मर्नुहुन्छ भनेर जान्न चाहनुहुन्छ? किन वा किन होइन?
२. तपाईं कसरी मर्न चाहनुहुन्छ?

**पाठ**

येशूले चेलाहरूलाई सोध्नुभयो कि मानिसहरूले उहाँ, मानिसको पुत्र, को हुनुहुन्छ भनेर सोच्दथे। तिनीहरू यसो भन्दै जवाफ दिन्छन् कि मानिसहरूले उहाँलाई मरेकाहरूबाट फर्केका अगमवक्ताहरूमध्ये एक ठान्छन्। त्यसपछि येशूले चेलाहरूलाई सोध्नुभयो कि तिनीहरूले उहाँलाई को ठान्दछन्। पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट, जीवित परमेश्वरका पुत्र हुनुहुन्छ।"

तिनको जवाफद्वारा, येशूले बुझ्नुभयो कि परमेश्वरले पत्रुसलाई मानिसको पुत्रको[69] पहिचानको आनन्द

[69] **दानिएल ७:१३-१४** “राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौमिक

लिने मौका दिनुभएको थियो। तुरुन्तै उहाँले धेरै आश्चर्यजनक कथनहरूका साथ जवाफ दिनुहुन्छ, जसका अर्थ मृत्युबाट उहाँको पुनरुत्थान नहोउन्जेलसम्म पूर्ण रूपमा बुझ्न सकिदैन।

१. येशूले पत्रुसलाई बर्जोना भन्नुभयो, जसको अर्थ योनाको छोरो हो। पत्रुसका लागि यो एउटा उपयुक्त उपाधि थियो जसले गैर-यहूदीहरूकहाँ सुसमाचार ल्याउने पहिलो व्यक्ति उनीनै हुनेथिए। जस्तै उनका अग्रगामी अगमवक्ता योनाले पनि आफ्नो सन्देश अन्यजातिहरूकहाँ लगेका थिए।

२. पत्रुसको वास्तविक नाम सिमोन थियो तर येशूले तिनलाई "पत्रुस" भन्नुभयो। ग्रीक भाषामा यसको नाम पेट्रोस हो जसको अर्थ चट्टान वा सानो ढुङ्गा हो। एउटा सानो ढुङ्गा ठोस र बलियो हुन्छ तर सार्न सकिन्छ।

३. येशूले पत्रुसको यो भनाइ "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र", लाई चट्टानको रूपमा उल्लेख गर्नुभयो जसमा उहाँको मण्डली निर्माण गरिनेछ। यस चट्टानको लागि ग्रीक शब्द पेट्रा हो जसको अर्थ आधारशीला हो। आधारशीला पनि ठोस र बलियो हुन्छ तर सार्न सकिंदैन ।

४. येशूले भन्नुभयो कि उहाँले आफ्नो मण्डली निर्माण गर्नुहुनेछ। मण्डलीको लागि युनानी शब्द एक्लेसिया हो जसको अर्थ "बोलाइएकाहरू" हो। हिब्रू भाषाको नजिकको शब्द कहलको अर्थ सभा, मण्डली वा समुदाय हो। यी दुवै शब्दले मानिसहरूलाई बुझाउँछ, कुनै संस्था वा भवनलाई होइन। येशूले विश्वासीहरूको आफ्नै समुदाय सुरु गर्दै हुनुहुन्छ भन्ने तथ्य चेलाहरूको लागि ठूलो आश्चर्यको रूपमा आएको थियो किनभने यो तोरा (पुरानो नियम) मा प्रत्यक्ष रूपमा प्रकट गरिएको थिएन। तथापि, यस अवधारणालाई धेरै पटक सङ्केत गरिएको थियो।[70]

५. उहाँले यो पनि भन्नुभयो कि नरकका ढोकाहरूले उहाँको मण्डलीमाथि विजय प्राप्त गर्नेछैनन्। यसो भन्दैमा उहाँले दुई-विभागीय अर्थलाई सङ्केत गर्नुभयो: १) मण्डलीलाई कहिल्यै मार्न सकिंदैन, किनकि यो सदासर्वदा रहिरहनेछ र २) मण्डलीलाई मृत्तलोकबाट आत्मा बाहिर निकाल्ने कार्यबाट पनि रोक्न सकिंदैन।

६. यसबाहेक, येशूले आफ्ना चेलाहरूलाई राज्यको साँचो दिनुहुनेछ भन्नुभयो। त्यतिबेलाका फरिसीहरूले स्वर्गको साँचो समातेको दाबी गरेकाले तिनीहरूका लागि यो आश्चर्यजनक समाचार हुने थियो।[71] एउटा चाबीले स्वर्गको ढोकाहरूमा[72] ताल्चा लगाएको थियो, यसरी प्रवेशमा रोक लगाइएको थियो र आशिष्हरू मुक्त हुनबाट रोकेको थियो। अर्को साँचोले स्वर्गका ढोकाहरू खोल्दछ[73] यसरी प्रवेश गर्न र यसको आशिष्हरू छोड्न अनुमति दिन्छ। बाँध्ने

---

शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।

[70] प्रस्थान ३२:९-१०– परमप्रभुले मोशालाई भन्नुभयो, “मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। 10अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तँबाट नै म एउटा ठूलो जाति बनाउनेछु।”
व्यवस्था ३२:२१-जो ईश्वर होइन, त्यसको कारण तिनीहरूले मलाई डाही तुल्याए, * तिनीहरूका व्यर्थका मूर्तिहरूद्वारा तिनीहरूले मलाई रीस उठाए। एउटा जाति नै नभएका मानिसहरूद्वारा म तिनीहरूलाई डाही बनाउँछु, समझै नभएको एउटा जातिद्वारा तिनीहरूको रीस उठाउनेछु।
यशैया ६५:१-“मलाई नसोध्नेहरूलाई मैले स्वयम् प्रकट गरें। जसले मलाई खोजेनन्, तिनीहरूले मलाई भेट्टाए। मेरो नाम नै नलिने जातिलाई मैले भनें, ‘म यहाँ छु। म यहाँ छु’।

[71] योसेफसले उनको पुस्तक वार्स अफ दि ज्यूज १:५:२अनुसार

[72] बाँध्नु–रोक्नु-बन्द गर्नु

[73] खुकुलो-अनुमति दिनु-खोल्नु

शब्दको अर्थ कुनै कुरालाई निषेध गर्नु र कुनै कुरालाई अनुमति दिनु हो। बाँध्ने र खुकुलो पार्ने अधिकारका दुई प्राथमिक प्रयोगहरू छन्: १) प्रार्थना र २) मण्डलीको निकायभित्र साम्प्रदायिक जीवनको सम्बन्धमा कानुनी निर्णय लिनु।

७. अन्तमा, येशूले चेलाहरूलाई भन्नुभयो कि उहाँ यरूशलेम जानुपर्छ जहाँ उहाँलाई सताइनेछ र मारिनेछ। तर त्यसपछि उहाँले तिनीहरूलाई आश्वस्त पार्नुहुन्छ कि उहाँ तेस्रो दिनमा मृत्युबाट ब्यूँताउनुहुनेछ।

यदि अघिल्ला प्रकाशनहरू पर्याप्त थिएनन् भने, येशूले आफ्ना श्रोताहरूलाई यस कथनद्वारा चुनौती दिनुहुन्छ। *"यदि कोही मपछि आउन चाहन्छ भने उसले आफूलाई इन्कार गरोस्, र हरेक दिन आफ्नो क्रूस*[74] *उठाओस् र मेरो पछि लागोस्। किनकि जसले आफ्नो जीवन बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो जीवन गुमाउँदछ, उसले नै त्यसलाई बचाउनेछ।"* चेलापन महंगो छ भनेर येशूले स्पष्ट पार्नुभएको छ । ख्रीष्टियन हुनुमा कुनै "सस्तो अनुग्रह" वा परमेश्वरको इच्छा पूरा गर्दा अनुसरण गर्नुपर्ने कुनै मौलिक मार्ग छैन । येशूले भन्नुभएको यो भनाइ आफूलाई ख्रीष्टियन भन्ने सबैका लागि गम्भीर विचार हो। अर्थात्, हामी जो ख्रीष्टको पछि लाग्दछौं। के हामी आफैलाई इन्कार गर्न सक्छौं? अरूको सेवा गर्न हामी के गर्न चाहन्छौं भन्ने त्यागेर? के हामी दिनहुँ हाम्रो क्रूसलाई अँगालो हाल्न र बोक्न सक्छौं[75] त्यो कुरा जुन गर्न हामी मरिहत्य हाल्छौं। अथवा, के हामी ख्रीष्टले भन्नुभएको कुराप्रति आज्ञाकारी भएर उहाँलाई पछ्याउन तयार हुन्छौं?

**समूह छलफल:**

१. अरूको सेवा गर्न आफूले परित्याग गर्न सक्ने कुनै एउटा कुरा के होला?
२. येशूले तपाईंलाई परित्याग गर्न अह्राउनुभएको त्यो कुरा के हो?

**पाठ सार:**

येशू ख्रीष्टको चेला हुनको लागि तपाईंले आफ्नो जीवनबाट मूल्य चुकाउनु पर्नेछ।

**प्रयोग:**

१. तपाईंको मनसाय शुद्ध छ कि छैन भनेर जाँच गर्नुहोस्।
२. आफ्नो जीवनको बारेमा डराउने वा चिन्ता गर्ने काम नगर्नुहोस्।
३. परमेश्वरले तपाईंहरूलाई जे गर भन्नुभएको छ, त्यो विश्वास गर्दै त्यसैअनुसार गर्नुहोस्।

---

[74] गैर-नागरिक कानून भङ्ग गर्नेहरूलाई मृत्युदण्ड दिने रोमी तरिका क्रूस थियो। यहूदीहरूले मृत्युदण्ड दिने चारवटा तरिका मात्र अपनाउँथे: ढुङ्गाले हान्ने, जलाउने, टाउको काट्ने र घाँटी थिच्ने। कसैलाई रूख (क्रूस) मा झुण्ड्याउनु तिनीहरूमध्ये एक थिएन। यसको कारण यो थियो कि व्यवस्था २१:२२-२३ अनुसार जब कसैलाई फाँसी दिइयो तब उसलाई परमेश्वरले श्राप दिनुभयो। यसरी प्रेरित पावलले गलाती ३:१३ मा आफ्नो भनाइ राख्न सके। *ख्रीष्टले हामीलाई व्यवस्थाको श्रापबाट छुटकारा दिनुभयो, हाम्रो लागि अभिशाप बन्नुभयो—किनकि यो लेखिएको छ,* ***"रूखमा झुण्डिने हरेक मानिस श्रापित छ"।***

[75] परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको उद्देश्य पूरा गर्नु नै हाम्रो क्रूस दैनिक रूपमा बोक्नु हो। कुनै पनि कुराले हामीलाई त्यस कामबाट अलग्गै राख्छ भने, त्यसलाई इन्कार गर्नुपर्छ। उदाहरणका लागि, येशूको उद्देश्य क्रूसमा मर्नु थियो ताकि मानिसहरूले मुक्ति पाऊन् र कुनै कुराले उहाँलाई त्यो काम पूरा गर्नबाट रोकेन ।

*पाठ २९*

# येशूको कुरा सुन्नुहोस्

**समूह चिनजान:**
के तपाईंलाई भविष्यबारे थाहा पाउने इच्छा छ? किन?

**परिचय:**
आफ्नो आसन्न मृत्यु र मण्डलीको उदयको प्रवचन समाप्त भएपछि येशूले चेलाहरूलाई एक रहस्यमय तर आशावादी बयानको साथ छोड्नुभयो। *"म तिमीहरूलाई साँचो भन्दछु, यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन् जसले* ***मानिसको पुत्रलाई उहाँको राज्यमा आउँदै गरेको नदेखेसम्म*** *मृत्युको स्वाद चाख्नेछैनन्।"* त्यतिबेला चेलाहरूलाई येशूको यो भनाइको अर्थ के हो भनेर थाहा थिएन तर केही दिनभित्रै तिनीहरूमध्ये तीनजनाले त्यो कुरा प्रत्यक्ष अनुभव गर्नेथिए।

येशूले पत्रुस, याकूब र यूहन्नालाई प्रार्थनाको निम्ति अग्लो पहाडको[76] पद यात्रामा आफूसँगै जान आग्रह गर्नुहुँदा यो घटना घटेको थियो हामीलाई थाहा छ, यो घटना यहूदीहरूको तिसरी महिनाको सुरुतिर घटेको थियो, जुन परमेश्वरको पात्रोको सातौं महीना हो।[77] यसरी कठिन परिश्रमसाथ पहाडतिर आरोहण गरिसकेपछि चेलाहरू थकित भए र निदाए। चेलाहरू सुतेपछि येशूले प्रार्थना गर्नुभयो र त्यतिबेला उहाँको रूप परिवर्तन भयो। उहाँको अनुहार घामजस्तै चम्कियो र उहाँका लुगाहरू उज्यालोजस्तै सेता भए। परमेश्वरको राज्य शक्ति र महिमाको साथ प्रकट भएको थियो।

**बाइबल पठन:**

<u>मत्ती १७:१-१३, मर्कूस ९:१-१३, लूका ९:२८-३६</u>

**रूपान्तरण**

**मत्ती १७:१-३, मर्कूस ९:१-४, लूका ९:२८-३२**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

---

[76] रूपान्तरणको पर्वत कुन पहाड हो भन्ने विषयमा विद्वानहरू आ-आफ्नो मतमा विभाजित छन्। कोही हर्मोन भन्छन् भने कोही तबोरको पक्षमा छन् । निम्न कारणहरूले गर्दा म हर्मोन पर्वततिर झुकेको छु। येशू र उहाँका चेलाहरू हर्मोन पर्वतको दक्षिणी फेदीमा पर्ने कैसरीया फिलिप्पीको इलाकामा समय बिताइरहेका थिए। अर्कोतर्फ तबोर पर्वत कैसरीया फिलिप्पीबाट पचास माइल दक्षिणमा र येशूको गृहनगर नासरतबाट लगभग छ माइल दक्षिणपूर्वमा अवस्थित छ। बाइबलले त्यो अग्लो पहाड थियो भनेर बताउँछ। हर्मोन पर्वत इजरायलको सबैभन्दा अग्लो ९,२३२ फिट अग्लो पर्वत हो भने तबोर हिमाल १,९२९ फिट अग्लो छ।

[77] "रूपान्तरण" सातौं महीनाको सुरुतिर भएको हो भन्ने कुरा धर्मशास्त्रबाट थाहा पाउन सकिन्छ। लूका र यूहन्नाका सुसमाचारका पुस्तकहरू प्रयोग गरेर, रूपान्तरणपछि हुने अर्को प्रमुख घटना येशूले सातौं महिनाको पन्ध्रौं दिनमा सुरु भएको छाप्रोवासको चाड (सुक्कोत) को लागि यरूशलेमको यात्रा थियो। दोस्रो साक्षी पत्रुसले मोशा र एलियालाई येशूसँग कुरा गरिरहेको देखेपछि भनेका थिए, "हामी तीनवटा पाल बनाऔं"। पत्रुसले बताउने पालहरू सुक्काहरू थिए, रूखका हाँगाहरूबाट बनाइएका अस्थायी पालजस्ता संरचनाहरू। यहूदीहरू प्राय: प्रायश्चितको दिन अर्थात् सातौं महिनाको दसौं दिनमा हुने बित्तिकै ती संरचना खडा गर्न थाल्दथे। तिनीहरू छाप्रोवास चाडको दौडान यी अस्थायी आश्रयस्थलहरूमा बस्थे।

## सन् ३०, सेप्टेम्बर १६ – तुरहीको पर्व[78]

यी कुराको प्राय: आठ दिनपछि पत्रुस, यूहन्ना र याकूबलाई आफूसित लिएर प्रार्थना गर्नलाई उहाँ पहाड़माथि उक्लनुभयो। उहाँले प्रार्थना गरिरहनुहुँदा उहाँको मुहारको रूप बद्लियो, र उहाँको वस्त्र बिजुली चम्केको जस्तो उज्ज्वल भयो। अनि उहाँसँग दुई जना मानिस बातचीत गरिरहेका थिए, उनीहरू मोशा र एलिया थिए। उनीहरू महिमित रूपमा देखा परी येशूका मृत्युको विषयमा बातचीत गरिरहेका थिए। यो कुरा उहाँले यरूशलेममा पूरा गर्नुपर्नेथियो। अब पत्रुस र तिनीसँग हुनेहरू निद्राले लट्ठ भएका थिए। तर ब्यूँझेपछि तिनीहरूले उहाँको महिमा र उहाँसँग उभिएका ती दुई जना मानिसलाई देखे।

अनि तिनीहरू जब उहाँबाट छुटेर गइरहेका थिए, पत्रुसले येशूलाई भने, "हे प्रभु, हामी यहाँ भएको असल छ। तपाईंको इच्छा भए म यहाँ तीन वटा वासस्थान बनाउनेछु, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" तिनी बोल्दाबोल्दै, चम्किलो बादलले तिनीहरूलाई ढाकिहाल्यो, र त्यस बादलबाट एउटा आवाज आयो, **"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन।"** जब चेलाहरूले यो सुने, तब तिनीहरू अति भयभीत भएर घोप्टो परे। तर येशूले आएर तिनीहरूलाई छोएर भन्नुभयो, **"उठ, नडराओ।"** जब तिनीहरूले आफ्ना आँखा उचाले, येशूबाहेक तिनीहरूले अरू कसैलाई देखेनन्। जब उहाँहरू पहाड़बाट ओर्लदैहुनुहुन्थ्यो, येशूले तिनीहरूलाई आज्ञा गर्नुभयो, **"जबसम्म मानिसको पुत्र मृतकबाट जीवित भई उठ्दैन, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू।"** अनि चेलाहरूले उहाँलाई यसो भनेर सोधे, "तब किन शास्त्रीहरूले पहिले एलिया आउनुपर्छ भनी भन्छन्?" उहाँले तिनीहरूलाई भन्नुभयो, "एलिया साँच्ची नै आउँछन्, र तिनले सबै कुरा फेरि सच्याउनेछन्। तर म तिमीहरूलाई भन्दछु, 'एलिया अघि नै आएका छन्, अनि मानिसहरूले तिनलाई चिनेनन्, तर तिनलाई तिनीहरूले मनमानी गरे। त्यसरी नै मानिसको पुत्रले पनि तिनीहरूका हातबाट कष्ट भोग्नुपर्नेछ।" तब तब उहाँले बप्तिस्मा-दिने यूहन्नाको विषयमा तिनीहरूलाई भन्नुभएको हो भनी चेलाहरूले बुझे। तिनीहरू चुप रहे। तिनीहरूले ती दिनहरूमा आफूले देखेका कुराहरू कसैलाई पनि बताएनन्।

**आज्ञाहरू:**

- **"यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन।"**
- "उठ, नडराओ।"
- "जबसम्म मानिसको पुत्र मृतकबाट जीवित भई उठ्दैन, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू।"

**पाठ सार:**

यो पाठ सुरु गर्दा चेलाहरूले देखेको कुरा एउटा **दर्शन** थियो भनेर हामीले बिर्सनु हुँदैन। **वास्तविक** कुरा होइन। धेरै वर्षपछि पतमोस टापुमा प्रेरित यूहन्नालाई दिइएको दर्शनजस्तै यो दर्शन **भविष्यका** घटनाहरूको

[78] **तुरही फुक्ने पर्व:** आज यहूदीहरूले यसलाई रोश हशाना (नयाँ वर्ष) भन्छन् यद्यपि बाइबलको नाम योम तेरूआ (तुरही बजाउने वा सावधानी गराउने दिन) हो। यस पर्वमा अन्य दुई नामहरू पनि छन् जसले यससँग सम्बन्धित विषयवस्तुहरूको प्रतिनिधित्व गर्दछ। ती हुन् योम हाजिकारोन (स्मरणार्थ वा स्मरणको दिन) र योम हद्दीन (न्यायको दिन)। यी सबै नाउँहरूले परमेश्वरको सार्वभौमिकता र राज्यलाई सङ्केत गर्छ र मानिसहरूले पश्चात्ताप गर्नुपर्छ र उहाँको आगमनको लागि तयारी गर्नुपर्छ भनी घोषणा गर्दछ।

चित्रण थियो। अनि त्यो प्रकाश बिना हामी चेलाहरू जस्तै रूपान्तरणको पर्वतमा के भएको थियो भन्ने हाम्रो समझमा सीमित हुनेथियौं। तथापि, प्रकाशको पुस्तक प्रयोग गरेर हामी ती घटनाहरूबारे अझ राम्ररी बुझ्न सक्छौं।

जब चेलाहरू निद्राबाट ब्यूँझिए, तिनीहरूले मोशा र एलियालाई येशूसँग कुरा गरिरहेको देखे। यसबाट हामी धेरै अवलोकनहरू गर्न सक्छौं:

१. *मोशा र एलिया प्रकाशको पुस्तकका दुई साक्षीहरू हुन्।* "म **मेरा दुइ जना साक्षीहरूलाई** अधिकार दिनेछु, र तिनीहरूले बाह्र सय साठी दिनसम्म अगमवाणी गर्नेछन्। तिनीहरूले भाङ्ग्रा लगाएर अगमवाणी गर्नेछन्।" (प्रकाश ११:३)

२. *मोशा र एलिया* "पृथ्वीका परमप्रभुको सामुन्ने उभिने दुइटा भद्राक्षका रूख र दुइवटा दीपदानहरू" हुन्। (प्रकाश ११:४)

   a) *जकरियाको पुस्तकमा जैतुनका रूखहरूबारे उल्लेख गरिएको छ।* तिनले मलाई सोधे, “तिमी के देख्छौ?” मैले जवाफ दिएँ, “जम्मै सुनको एउटा सामदान म देख्तछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि सात वटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सात वटा नली गाँसिएका छन्। **त्यसको छेउमा दुई वटा जैतूनका रूखहरू, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।”** तब मसित कुरा गर्ने ती स्वर्गदूतलाई मैले सोधें, “हे मेरा प्रभु, यी के हुन्?” तब तिनले भने, “यी दुईचाहिँ सारा पृथ्वीका **परमप्रभुको सेवा गर्न अभिषेक भएकाहरू हुन्**।” (जकरिया ४:२-४ र ११)।

   *b) मोशा र एलियालाई साक्षीको रूपमा सामदान भनिन्छ किनभने तिनीहरूले व्यवस्था र अगमवक्ताहरूको प्रतिनिधित्व गर्छन्, जसले बाँच्नको लागि स्वर्गीय ज्योति प्रदान गर्दछ।*

३. *रूपान्तरणको पर्वतमा हामी मोशालाई व्यवस्था, एलियाले परमेश्‍वरको वचन येशूसँग कुराकानी गरेका अगमवक्ताहरूलाई प्रतिनिधित्व गरेको देख्छौं। मोशा व्यवस्था र एलिया अगमवक्ता दुवैले परमेश्वरको वचन येशूको गवाही दिन्छन्।*

४. *येशूका साक्षीहरूको रूपमा मोशा र एलियाले निम्न कुराहरूको पनि प्रतिनिधित्व गर्छन्:*

| ***मोशा*** | ***एलिया*** |
|---|---|
| *पिता* | *पवित्र आत्मा* |
| *सत्य* | *आत्मा* |
| *घरेलू जैतूनको रूख* | *जंगली जैतुनको रूख* |
| *इस्राएल, जसलाई व्यवस्था दिइयो* | *मण्डली जसलाई आत्मा दिइयो* |
| *ती जो मरेका छन्* | *ती जो जीवित छन्* |

कोही यस्ता पनि छन् जसले परमेश्‍वरको राज्यमा उहाँको शासनसत्ता सक्रिय रूपले शक्तिशाली ढंगमा आएको **नदेखेसम्म** मृत्युलाई चाख्नेछैनन्।[79] दर्शनमा मोशा र एलिया दुवै आफ्नो **महिमित** अवस्थामा

[79] "परमेश्वरको राज्य सत्तामा आइसकेपछि" पृथ्वीमा ख्रीष्टको सहस्राब्दी शासनको वर्णन गर्ने अर्को तरिका मात्र हो ।

देखा परे र प्रेरितहरूले तिनीहरूको परिचय थाहा पाए। यसले दर्शनको समय प्रकाशको पुस्तकका दुई साक्षीहरू मारिएर पुनरुत्थान भए**पछिको** समय हो भनेर सङ्केत गर्छ (प्रकाश ११:७)।

1. *जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं। अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी* ***सबैको परिवर्तन हुनेछ,*** *एकै क्षणमा, आँखाको एक निमेषमा,* ***तुरहीको आखिरी*** *आवाजमा। किनभने, तुरही बज्नेछ, र* ***मृतकहरू अविनाशी भएर जीवित हुनेछन्।*** *अनि हाम्रोचाहिँ* ***परिवर्तन हुनेछ।*** *किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "* ***मृत्यु विजयमा निलिएको छ*** *(१ कोरिन्थी १५:४९-५४)।"*
2. यस भन्दा अघि कुनै पनि चेलाहरूले मोशा वा एलियालाई पृथ्वीमा देखेका थिएनन्, त्यसैले तिनीहरूले उनीहरूलाई देख्ने बित्तिकै चिन्ने थिएनन्। तथापि, चेलाहरूलाई आफू को हुँ भनेर थाहा थियो। यसले तिनीहरूको स्वर्गीय परिचय प्रेरितहरूलाई प्रकट गरिएको थियो भनेर सङ्केत गर्छ।
3. प्रकाशको पुस्तकले दर्शनको समयलाई पनि समर्थन गर्दछ किनभने साक्षीहरूको मृत्यु र पुनरुत्थानपछि हुने अर्को प्रमुख घटना सातौं र अन्तिम तुरहीको आवाज हो। स्वर्गमा तुरही बज्दै गर्दा यस्तो घोषणा हुन्छ, *"संसारको राज्य हाम्रा प्रभु र उहाँका ख्रीष्टको राज्य भएको छ; अनि उहाँले सधैंभरि राज्य गर्नुहुनेछ।"* यो पृथ्वीमा ख्रीष्टको सहस्राब्दी शासनको सुरुआत हो वा "सत्तामा आएपछि परमेश्वरको राज्य"-को सुरुआत हो।

येशूले पृथ्वीमा आफ्नो शासन ठ्याक्कै कहिलेदेखि सुरु गर्नुहुनेछ भन्ने कुरा धेरै बहसको विषय बनेको छ। यो दर्शनले हामीलाई यो घटना कहिले घट्नेछ भनेर ठ्याक्कै बताउँदैन तर यसले यो घटना कुन समय हुनेछ भन्ने कुरा उल्लेख गरेको छ। परमेश्वरको पात्रोको सातौं महीनाको सुरुतिर। अनि यो तर्क येशू, मोशा र एलियाको लागि बासस्थान (सुक्काहरू) निर्माण गर्नेबारे पत्रुसले दिएको बयानमा आधारित छ।

परमप्रभुका दुई महत्त्वपूर्ण चाडहरू छन् जुन तिसरीको सातौं महिनाको सुरुमा हुन्छ। महिनाको पहिलो दिन योम तेरूआ, अर्थात् तुरही बजाउने विश्रामको दिन हो। यस दिनलाई रोश हा शन्ना (वर्षको प्रमुख दिन वा नयाँ सालका प्रारम्भतिर) पनि भनिन्छ।

हाजिकारोन (सम्झनाको दिन) र योम हाडिन (इन्साफको दिन)। महिनाको दशौं दिन योम किप्पुर, प्रायश्चितको दिन हो। यो विश्रामको दिन पनि हो र परमेश्वरले घोषणा गर्नुभएको एक मात्र उपवास हो। परमप्रभुका यी दुई चाडहरू पछि बासस्थानहरू छन्, जुन महिनाको पन्ध्रौं दिनसम्म चलिरहन्छ। चाडको पहिलो दिन र आठौं दिन पनि विश्रामको दिन हो। पवित्रशास्त्रको प्रमाणबाट म विश्वास गर्छु कि "रूपान्तरण" योम तुरुआमा भएको थियो र त्यो तुरही फुक्ने दिन थियो। त्यसैले पृथ्वीमा येशूको शासनको आरम्भ पनि यिनै समयमा सुरु हुने छ।

१. प्रकाशको पुस्तकले उहाँको शासन सातौं र अन्तिम तुरही बजाउनुभन्दा ठीक अघि सुरु हुन्छ भनी बताउँछ। *ओन योम तेरूआमा* दिनभरि तुरही बजाइन्छ र दिन नजिकिंदै जाँदा **अन्तिम तुरहीलाई** *टेकियाह गोदोला* नोट (लामो समयसम्म ठूलो सोर) साथ बजाइन्छ। सैद्धान्तिक रूपले भन्नुपर्दा, यो नोट दस दिनपछि प्रायश्चितको दिनको अन्तमा फेरि तुरही नफुकेसम्म **समाप्त** हुँदैन।

२. दानियलको पुस्तकको सातौं अध्यायमा मानिसको पुत्रको विषयमा गरिएको भविष्यवाणीले *योम तेरूआलाई* पनि समर्थन गर्छ।

   a. जसै मैले हेरें, * सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। * हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए। "तब यो सीङ बोलिरहेको अहङ्कारपूर्ण शब्दहरूको कारणले गर्दा मैले त्यसलाई हेर्दैरहें। त्यो पशु मारिएर त्यसको शरीर नष्ट पारी आगोको ज्वालामा नफ्याँकिएसम्म मैले हेर्दैरहें। अरू पशुहरूको अधिकार खोसिएको थियो, तर केही समयको लागि तिनीहरूलाई बाँच्न दिइयो। "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।

   b. हिब्रू शिक्षा यो हो कि *योम तेरूआमा* परमेश्वरले तीनवटा पुस्तकहरू खोल्नुहुन्छ:
   जीवनको पुस्तक - यसमा फेला परेकाहरू जीवनको लागि छाप लगाइएका छन्।
   मरेकाहरूको पुस्तक - त्यसमा पाइनेहरू दुष्ट र न्यायको निम्ति छाप लगाइएका छन्।
   पश्चात्तापको पुस्तक - यस पुस्तकमा अधिकांश मानिसहरू समावेश छन् जसका कामहरू न त राम्रो न खराब छन् र उनीहरूसँग *योम किप्पुरसम्म* पश्चाताप गर्ने समय छ। यसलाई छाप लगाइनु भनिन्छ। यहूदीहरू एक-अर्कालाई आगामी वर्षको निम्ति राम्रोसँग छाप लगाउन चाहन्छन् र त्यसपछि भन्छन्, "अर्को वर्ष यरूशलेममा।"

३. रूपान्तरणको पर्वतमा, परमेश्वर आफैले ठूलो स्वरमा भन्नुभयो, *"यो मेरो पुत्र हो, मेरो चुनिएको छोरो, उसका कुरा सुन।"* यो प्राचीन दिन हो जतिबेला उहाँको पुत्र, मानिसको पुत्रलाई सारा प्रभुत्व, महिमा र राज्य प्रदान गरिन्छ।

४. चेलाहरू भोलिपल्टसम्म पर्वतबाट ओर्लेनन् र विश्रामको दिन हुन सक्छ भनेर सङ्केत गरे, त्यसैले विश्राम गर्नु आवश्यक थियो।

५. "रूपान्तरण" सम्भवतः प्रायश्चितको दिनमा भएको थिएन किनभने यसले येशूलाई बासस्थानको चाडको बीचमा यरूशलेम पुग्न केवल एक हप्ताको यात्रा मात्र दिन्थ्यो। हर्मोन पर्वतबाट यात्रा पाँच वा छ दिनको हुने थियो जसले गर्दा येशूले त्यसो गर्न सम्भव तुल्याउनुभयो। तथापि, बीचका घटनाहरू पूरा गर्न यसले केही लामो समयावधिलाई सङ्केत गर्नेछ।

६. "रूपान्तरण" पछिको दिन चेलाहरूले एउटा बालकबाट दुष्टात्मा निकाल्न सकेनन् भनेर हामी देख्छौं। येशूले तिनीहरूलाई स्पष्ट पार्नुभयो कि त्यस प्रकारको दुष्टात्मा प्रार्थना र उपवासबिना बाहिर निस्किँदैन। यसले अघिल्लो दिन चेलाहरू प्रार्थना र उपवास बसेका थिएनन् भनेर सङ्केत गर्छ र यसले प्रायश्चितको दिनलाई समाप्त पार्छ किनभने प्रार्थना र उपवास दुवै उक्त पर्वमा नितान्त आवश्यक थिए।

येशू, मोशा र एलियाले कुरा गरिरहँदा **चम्किलो बादलले** सबैलाई ढाकेको थियो। बादललाई हिब्रूभाषामा **शेकिना** भनिन्छ। यो **महिमाको बादल** हो जसले स्वयं परमेश्वरलाई घेरेको छ। यो बादल पवित्रशास्त्रमा धेरै पटक देखाइएको छ। दिनको बादल र रातमा आगोको खम्बाले इस्राएलीहरूलाई मिश्रबाट बाहिर निकाल्यो। त्यो धुवाँ र आगोले ढाकिएको सीनै पर्वत थियो जहाँबाट तुरही बज्यो र परमेश्वरको आवाजले दस आज्ञाहरू बोलिरहेको सुनियो। अनि मन्दिर अर्पण समारोहमा सुलेमानको मन्दिर धुवाँले भरिएको थियो।

जब बादल पूरै मानिसहरूमाथि ओर्लिन थाल्यो, परमेश्वरले चेलाहरूलाई एउटा आज्ञा दिनुभयो, *"यो मेरो पुत्र हो, मेरो चुनिएको, **उसको कुरा सुन।**"*[80] चेलाहरू आ-आफ्नो अनुहार भूईंमा छुने गरी ढले र डराए। तर तिनीहरूले कुरा बुझे; तिनीहरूले येशूले आज्ञा गर्नुभएका कुराहरू गर्नुपर्थ्यो। तुरुन्तै, आँखाको एक निमेषमा मोशा, एलिया र बादल गायब भयो। यसले हामीलाई प्रकाश ११:१२ मा दुई साक्षीहरूको पुनरुत्थानको सम्झना गराउँछ *"अनि तिनीहरूले स्वर्गबाट ठूलो आवाज सुने, जसले तिनीहरूलाई यसो भनिरहेको थियो, "यहाँ आओ।" त्यसपछि तिनीहरू बादलमा आकाशमा गए।"* दर्शन समाप्त भएपछि येशूले आफ्ना चेलाहरूलाई छुनुभयो र तिनीहरूलाई उठ्न र नडराउन भन्नुभयो।

**समूह छलफल:**

१. के तपाईंले कहिल्यै दर्शन पाउनुभएको छ?
२. यदि पाउनुभएको छ भने, यो कस्तो थियो?
३. धर्मशास्त्रको पुरानो नियमको भाग कसरी समाप्त हुन्छ? अन्तिम तीन पदहरू पढ्नुहोस् (मलाकी ४:४-६)।
४. येशूले चेलाहरूलाई आफू मरेकाहरूबाट बौरी नउठेसम्म कसैलाई पनि त्यो दर्शन नबताउनू भन्नुभयो। त्यो तपाईंलाई कस्तो लाग्छ?
५. पत्रुसले तीनवटा सुक्काहरू बनाउनेबारे बताइसकेपछि धर्मशास्त्रले किन यो टिप्पणी थप्छ जस्तो तपाईंलाई लाग्छ, "तिनले जे भनिरहेका थिए, त्यो बुझिरहेका थिएनन्"?
   - पत्रुसले आफूले दर्शन देखेको कुरा थाह पाएनन् तर त्यो सत्य हो भनी ठाने।
   - यो विश्रामको दिन थियो; यसैले तिनलाई सुक्काहरू निर्माण गर्न अनुमति दिइने छैन।
   - प्रायश्चितको दिन अझै आएको थिएन; यसैले परम्पराअनुसार उसले आफ्नो निर्माण सुरु गर्नु अघि त्यसको भोलिपल्टसम्म पर्खनु पर्छ।
   - अर्को कारण?

[80] सुन र आज्ञाकारी बन।

**पाठ सार**
अब येशूको कुरा सुन्नुहोस् र उहाँको आज्ञा पालन गर्नुहोस्। उहाँ फर्कनुअघि!

**प्रयोग:**
मलाकी ३:१६ - ४:६ पढ्नुहोस्
दानिएल ७ पढ्नुहोस्
प्रकाश ११ पढ्नुहोस्

*पाठ ३०*

# चित्त दुखाउनु

**समूह चिनजान**

- मानिसहरूले गर्ने कुन एउटा कुराले तपाईंलाई साँच्चै ठेस पुऱ्याउँछ?
- यसले तपाईंलाई कस्तो महसुस गराउँछ?

**परिचयः**

रूपान्तरणको पर्वतबाट ओर्लेपछि येशूले कफर्नहुममा आफ्नो यात्रा जारी राख्नुअघि दुष्टात्माले भरिएको ठीटोसँग जम्का भेट गर्नुभयो। यहाँ कर उठाउने व्यक्तिले पत्रुस र येशूलाई मन्दिरको कर तिर्नुपर्ने उनीहरूका दायित्व सम्झाउँदै बहसर गरिरहेका थिए। येशूले यस विषयमा पत्रुसलाई निर्देशन दिँदै जवाफ दिनुहुन्छ, *"...तर तिनीहरू हामीबाट नचिढ़िऊन् भन्ने हेतुले, समुद्रमा गएर बल्छी हान, र पहिले परेको माछा ल्याऊ। त्यसको मुख खोल्दा तिमीले एउटा चाँदीको सिक्का पाउनेछौ। त्यो लगेर तिम्रो र मेरो निम्ति तिनीहरूलाई देऊ (*मत्ती १७:२४-२७)।" येशूले पत्रुससितको यस कुराकानीलाई आफ्ना चेलाहरूलाई "चित्त दुखाएउनु" को विषय बुझाउने माध्यमको रूपमा प्रयोग गर्नुभयो।

**बाइबल पठनः** **मत्ती १७:१४-२७, मर्कूस ९:१४-३८, लूका ९:३७-४९**

**मन्दिर करसम्बन्धी प्रश्न**
**मत्ती १७:२४-२७**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

जब उहाँहरू कफर्नहुममा आउनुभयो, **दुई पैसाको** दरले मन्दिरको कर[81] उठाउने व्यक्तिले पत्रुसकहाँ आएर भने, "के तिमीहरूका गुरुले तिरो तिर्दैनन्?" तिनले भने, "हो, तिर्नुहुन्छ।" पत्रुस घरमा पसेपछि येशूले तिनलाई पहिले भन्नुभयो, "सिमोन, तिम्रो विचार के छ? पृथ्वीका राजाहरूले महसूल वा कर कोबाट उठाउँछन्? आफ्ना छोराहरूबाट कि अरूहरूबाट?" "अरूहरूबाट," पत्रुसले जवाफ दिए। येशूले तिनलाई भन्नुभयो, "उसो भए छोराहरूले त छुट पाएका रहेछन्। तर तिनीहरू हामीबाट नचिढ़िऊन् भन्ने हेतुले, समुद्रमा गएर बल्छी हान, र पहिले परेको माछा ल्याऊ। त्यसको मुख खोल्दा तिमीले एउटा **चाँदीको सिक्का** पाउनेछौ।[82] त्यो लगेर तिम्रो र मेरो निम्ति तिनीहरूलाई देऊ।"

---

[81] मन्दिरको मर्मतसम्भारका लागि बीस वर्ष वा त्योभन्दा बढी उमेरका सबै पुरुषहरूलाई वार्षिक रूपमा दुई-ड्राक्मा वा मन्दिर कर लगाइन्थ्यो। यो दुई दिनको ज्याला बराबर थियो।

[82] स्टेटर। टेट्राड्राचमा पनि भनिन्छ, स्टेटर ४ ड्रक्मा बराबर थियो।

## आफूलाई नम्र पार र अरूका सेवा गर

## मत्ती १८:१-५, मर्कूस ९:३३-३७, लूका ९:४६-४८

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

उहाँहरू कफर्नहुममा आउनुभयो, र घरमा हुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो, "बाटोमा तिमीहरूले के बहस गरिरहेका थियौ?" तर तिनीहरू चूप रहे, किनकि बाटोमा तिनीहरूले "हामीमा सबैभन्दा महान् को हो?" भनी आपसमा बहस गरेका थिए। तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ।" अनि एक जना सानो बालकलाई लिएर उहाँले त्यसलाई तिनीहरूका बीचमा राख्नुभयो, र त्यसलाई काखमा लिएर उहाँले तिनीहरूलाई भन्नुभयो, "जसले यस्ता साना बालकहरूमध्ये एक जनालाई मेरो नाउँमा ग्रहण गर्छ त्यसले मलाई नै ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ त्यसले मलाई होइन, तर मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ। किनभने जो तिमीहरूमध्ये सबैभन्दा सानो छ, ऊ महान् हो।"

**समूह छलफल:**

१. सधैं आफ्नो बारेमा कुरा गर्ने र आफ्नो उपलब्धिबारे मात्र घमन्ड गर्ने मानिसहरूबारे तपाईं के सोच्नुहुन्छ?
२. के यो तपाईंको लागि अपमानजनक छ? किन?

**परिचय जारी:**

चेलाहरूले आफूमध्ये सबैभन्दा महान् को हो भनेर छलफल गरिरहेका छन् भनेर थाहा पाएर पनि येशू तिनीहरूसँग रिसाउनुभएन र हप्काउनु भएन। बरु, उहाँले बिस्तारै तिनीहरूलाई महानताको विषयमा निर्देशन दिन थाल्नुहुन्छ। उहाँले तिनीहरूको अगाडि एक जना बच्चालाई राखेर त्यसबारे बताउन सुरु गर्नुहुन्छ र त्यसपछि दुई गहन कथनहरू दिनुहुन्छ:

- क) जबसम्म तिमीहरू परिवर्तित भएर बच्चाहरू जस्तै हुँदैनौ, तबसम्म तिमीहरू स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।
- ख) जसले आफूलाई यस बालकको रूपमा नम्र बनाउँछ, ऊ स्वर्गको राज्यमा सबैभन्दा महान् हुन्छ।

त्यसपछि येशूले त्यस बालकलाई आफ्नो काखमा लिनुभयो र थप तीनवटा कुरा गर्नुभयो:

- ग) जसले मेरो नाउँमा यस्तो बालकलाई ग्रहण गर्दछ, उसले मलाई ग्रहण गर्दछ।
- घ) जसले मलाई ग्रहण गर्दछ उसले मलाई ग्रहण गर्दैन, तर जसले मलाई पठाउनुभएको छ उसले उहाँलाई ग्रहण गर्दछ।
- ङ) जो तिमीहरूमध्ये सबैभन्दा सानो छ, त्यो महान् हो।

**समूह छलफल:**

३. यी पाँचवटा कथनहरूमा येशूले के भन्नुभएको थियो, त्यसबारे मनन गर्न केही मिनेट लिनुहोस् र तपाईंले गर्नुभएको कुनै पनि टिप्पणी लेख्नुहोस्।

४. केटाकेटीमा कस्ता गुणहरू हुन्छन् जुन वयस्कहरूमा कमी हुन्छ?

५. तपाईंलाई बच्चाको कुन गुण पुन: प्राप्त गर्न आवश्यक छ?

**बाइबल पठन:**

**मर्कूस ९:३८-४१, लूका ९:४९-५०**

**रिसाउनु**

**मर्कूस ९:३८-४१ र लूका ९:४९-५०**

बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"

यूहन्नाले उहाँलाई भने, "गुरुज्यू, एक जना मान्छेले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं। हामीले त्यसलाई त्यसो गर्न मनाही गर्‍यौं, किनकि त्यो हामीलाई पछ्याउने मान्छे होइन।" तर येशूले भन्नुभयो, "**त्यसलाई मनाही नगर,** किनकि मेरो नाउँमा शक्तिको काम गर्नेले तुरुन्तै मेरो विरुद्धमा खराब बोल्नेछैन। किनकि जो हाम्रो विरुद्धमा छैन, त्यो हाम्रो पक्षमा छ। किनभने जसले तिमीहरू ख्रीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउनेछैन।

**आज्ञा:**

- उहाँलाई बाधा नदिनुहोस्।

**पाठ:**

आफू ख्रीष्टियन हुँ भनी दाबी गर्ने तर आफूले गरेको विश्वासअनुसार नजिउने मानिसहरूप्रति ख्रीष्टियनहरू कहिलेकाहीं रिसाउँछन्। अर्को शब्दमा भन्ने हो भने तिनीहरू कट्टर छैनन्। आज यस ग्रहमा अस्तित्वमा रहेका ख्रीष्टियन धर्मका सम्प्रदायहरूको संख्याले यसको प्रमाण दिन्छ। ती सबै स्वतन्त्र र घरेलु मण्डलीहरू गणना गर्नुहोस् र हामी देख्छौं कि यस संसारमा ख्रीष्टलाई पछ्याउने दाबी गर्ने धेरै मानिसहरू छन् जुन सधैं सिद्धान्तका मुद्दाहरूलाई पटक्कै ध्यान दिँदैनन्।

येशूले **उस्तै** प्रकारको मुद्दालाई सम्बोधन गर्नुभयो जब यूहन्नाले यो प्रश्न सोधे: "*कसैले तपाईंको नाउँमा दुष्टात्माहरू धपाइरहेका हामीले देख्यौं र ऊ हामीलाई पछ्याउनेमध्ये थिएन, त्यसैले हामीले उसलाई रोक्न खोज्यौं।*" **येशूले आफ्ना चेलाहरूले झैं अरू व्यक्तिप्रति रिसाउनन सक्नुहुन्थ्यो** तर त्यसो गर्नुभएन । बरु, येशूले चेलाहरूलाई यसो भन्नुभयो: "जो हाम्रो विरुद्धमा छैन, ऊ हाम्रो पक्षमा छ।" तब उहाँले तिनीहरूलाई अपराध नगर भन्नुभयो जब उहाँले, *"त्यस्ताहरूलाई बाधा नपुर्‍याओ,"* भन्नुभयो।

"बाधा" भन्ने शब्द प्रयोग गरेर येशूले आफ्ना चेलाहरूलाई अरूलाई रिस ाउने तरिकाहरूबारे सोच्ने मौका दिनुभयो। **उदाहरणका लागि:**

क) उसले गरेको काममा बाधा नदेओ।

- उसलाई हाम्रो समूहको सदस्य हुने **बाध्यताले।**
- उसलाई अरूका अगि **बदनाम गर्ने** नियतले।
- उसलाई **हप्काएर।**

ख) उसलाई नियन्त्रण नगर्नुहोस्।

- सेवकाइ **गर्नबाट**।
- येशूको नाम **प्रयोग** गर्नबाट।

कोही ख्रीष्टको पक्ष वा विपक्षमा छ कि छैन भनेर **चिन्न सक्नु** ख्रीष्टियनहरूको लागि अमूल्य छ। उदाहरणका लागि, प्रेरित पावलले ख्रीष्टियनहरूलाई यसरी भनेका छन्: *"अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता* (२ कोरिन्थी ६:१४-१५)?" त्यसोभए ख्रीष्टियनहरूले **आफूले नचिनेको व्यक्ति** ख्रीष्टको पक्षमा छ कि उहाँको विरुद्धमा छ भनेर कसरी निर्धारण गर्न सक्छन्? येशूले आफ्ना चेलाहरूलाई त्यो छुट्ट्याउने दुई चिन्हहरू दिनुभयो: १) पवित्र आत्माका वरदानहरू, जुन परमेश्वरको शक्ति हो, येशूको नाउँको संयोजनमा प्रयोग गरिन्छ र २) आत्माको फल, जुन परमेश्वरको प्रेम हो, जुन येशूको नाउँको संयोजनमा प्रयोग गरिन्छ।

एक जना व्यक्ति जसले येशू ख्रीष्टमा विश्वास राखेको छ भन्ने पहिलो सूचक वा चिन्ह आध्यात्मिक वरदानहरूको प्रयोग हो। *"विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्— **मेरो नाउँमा** तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन् (मर्कूस १६:१७-१८)।* येशूको नाउँमा चेलाहरूले जब दुष्टात्माहरू धपाइरहेका थिए, तब परमेश्वरको शक्तिले गर्दा यस्तो भएको हो भनेर ढुक्क हुन सके।

येशूको समयमा भूतप्रेतहरू निकाल्ने कार्य हुने गर्दथ्यो र ती परमेश्वरको कार्यको रूपमा मान्यता दिइएको थियो। परमेश्वरको राज्य र शैतानको राज्यबीच द्वन्द्व उत्पन्न हुनुलाई भूतप्रेत निकाल्ने कामको रूपमा हेरिन्थ्यो। यसलाई इस्राएलसँग परमेश्वरले बाँध्नुभएको करारको भाग मानिन्थ्यो; कि उहाँले आफ्ना जनहरूलाई तिनीहरूका शत्रुहरूबाट बचाउनुहुनेछ वा छुटकारा दिनुहुनेछ। दुष्टात्माहरूका शासक बालजिबूलद्वारा नै दुष्टका दूतहरू निकालिरहेको आरोप लगाउने फरिसीहरूलाई येशूले दिनुभएको जवाफबाट यो कुरा प्रमाणित हुन सक्छ। तर उहाँले तिनीहरूको विचार थाहा पाएर तिनीहरूलाई भन्नुभयो, *"आपसमा फूट परेको हरेक राज्य उजाड पारिनेछ, र हरेक सहर अथवा परिवार आफ्नै बीचमा फाटो पऱ्यो भने टिक्नेछैन। यदि शैतानले शैतानलाई धपाउँछौं भने, त्यो आफ्नै विरुद्ध विभाजित हुन्छ, र त्यसो भए त्यसको राज्य कसरी टिक्न सक्छ? यदि मैले बालजिबुलद्वारा भूतहरू धपाउँछु भने, तिमीहरूका छोराहरूले चाहिँ कसद्वारा ती निकाल्दछन्? यसकारण तिनीहरू नै तिमीहरूका न्यायकर्ता हुनेछन्"* (मत्ती १२:२५-२७)।

येशूलाई यो थाहा थियो कि पवित्र आत्माले नै मानिसहरूलाई बचाउने वा छुटकारा दिने काम गर्नुहुन्छ। त्यसैले पवित्र आत्माको विरुद्धमा बोल्नु अक्षम्य पाप हो भनी उहाँले भन्नुभयो, *"जो मेरो साथ छैन, त्यो मेरो विरुद्धमा छ, र जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ। त्यसैकारण म तिमीहरूलाई भन्दछु, मानिसहरूले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन। कसैले मानिसको पुत्रको विरुद्धमा केही भन्यो भने त्यसलाई क्षमा हुनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन"* (मत्ती १२:३०-३२)। त्यसकारण, जब चेलाहरू येशूकहाँ आए र कसैले उहाँको नाउँमा दुष्टात्माहरू धपाइरहेको कुरा सुनाए, तब येशूले महसुस गर्नुभयो कि पवित्र आत्माले नै त्यस व्यक्तिमार्फत काम गरिरहनुभएको छ।

कोही-कोही मानिसहरूले चमत्कार गर्न येशूको नाउँ प्रयोग गर्छन्, तर यदि तिनीहरू उहाँका होइनन् भने त्यसले कुनै प्रभाव पार्दैन। सन् ५४ तिर प्रेरित पावल एफिससमा हुँदा एउटा घटना घट्यो। *"तर कुनै-कुनै यताउता घुमफिर गर्ने यहूदी झारफूकेहरूले भूतात्मा लागेकाहरूलाई **प्रभु येशूको नाउँ उच्चारण गर्दै** यसो भने, "पावलले प्रचार गरेका येशूद्वारा म तँलाई आज्ञा गर्दछु।" त्यहाँ एक जना स्केवास नाउँ भएको यहूदी प्रधान पूजाहारीका सात जना छोराहरूले यसो गर्थे। तब भूतात्माले जवाफ दिएर तिनीहरूलाई भन्यो, "येशूलाई म चिन्छु, र पावललाई पनि म चिन्छु, तर तिमीहरूचाहिँ को हौ?" त्यो भूतात्मा भएको मानिस तिनीहरूमाथि उफ्रँदै आयो, र तिनीहरू सबैलाई वशमा पारेर तिनीहरूलाई पछाऱ्यो र तिनीहरू त्यस घरबाट नाङ्गो र घाइते भएर भागे। यो कुरा एफिसस-निवासी, यहूदी र ग्रीकहरूमा जाहेर भयो। अनि तिनीहरू सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो* (प्रेरित १९:१३-१७)।

एक जना व्यक्ति जसले येशू ख्रीष्टमा विश्वास गरेको छ भन्ने दोस्रो सूचक वा चिन्ह त्यो हो जब उसले आत्माको फल वा परमेश्वरको प्रेमको प्रमाण दिन्छ। ***"यदि तिमीहरू एक-अर्कालाई प्रेम गर्छौ** भने, यसैद्वारा सबै मानिसहरूले जान्नेछन् कि **तिमीहरू मेरा चेलाहरू हौ"*** (यूहन्ना १३:३५)। सँगी ख्रीष्टियन भएकोले कसैले अरूप्रति दयालु व्यवहार गर्दा यस्तो हुन सक्छ। येशूले यसलाई यसरी राख्नुभयो। "ख्रीष्टका अनुयायीहरूको रूपमा तिमीहरूको नाउँको कारण जसले तिमीहरूलाई एक कचौरा पानी पिउन दिन्छ, म तिमीहरूलाई साँचो भन्दछु, उसले आफ्नो इनाम गुमाउनेछैन।"

**पाठ सार**

आफ्ना विश्वासी साथीहरूका कारणले सजिलै रीसमा पार्ने जोखिमबाट आफूलाई बचाउनुहोस्।

**प्रयोगः**

आगामी दिनमा कुनै विश्वासी साथीले तपाईंलाई ठेस पुऱ्याउँदा तपाईं रिसाउनुभयो। किन रिसाउनुभयो र त्यसलाई कसरी सम्हाल्नुभयो?

अर्को सभामा बाल्यकालमा आफ्नो फोटो ल्याउनुहोस्।

*पाठ ३१*

# ठेसका कारण[83]

**समूह चिनजानः**

आफ्ना बाल्यकालका फोटाहरू एक-अर्कालाई देखाउनुहोस्।

**परिचयः**

येशूले चेलाहरूको सामुन्ने एउटा बालकलाई राखेर ठेसबारे आफ्नो शिक्षा सुरु गर्नुभयो। उहाँले मानिसहरूलाई भन्नुभयो कि स्वर्गको राज्यमा प्रवेश गर्न **परिवर्तन हुनुपर्छ** र त्यसपछि बच्चाहरू जस्तै सरल बन्नुपर्छ। यसो भन्दै येशूले **सबै विश्वासीहरू सन्तान हुन्** भनेर तुलना गरिरहनुभएको थियो। तब येशूले बालकलाई आफ्नो काखमा लिनुभयो र कसरी उहाँले सबै विश्वासीहरूलाई मायालु ढंगमा केटाकेटीको रूपमा स्वीकार्नुहुन्छ र त्यसैअनुसार व्यवहार गर्नुहुन्छ भनेर सङ्केत गर्नुभयो। विश्वासी साथीहरूलाई कसरी व्यवहार गर्ने भन्ने विषयमा आफ्नो सम्पूर्ण प्रवचनको दौडान येशूले उक्त बच्चालाई आफ्नो काखमा नै राख्नुभयो। यो दृश्यले चेलाहरूलाई उहाँले एकअर्कासित कस्तो व्यवहार गर्नुपर्छ भन्ने चित्रण गर्दथ्यो।

**समूह छलफलः**

प्रत्येक व्यक्तिले आफ्नो अगाडि आ-आफ्नो बाल्यकालको फोटो राख्नुहोस्। अनि
कोठामा भएका प्रत्येक व्यक्तिलाई येशूले आफ्ना काखमा राखेका केटाकेटीको रूपमा हेर्नुहोस्।

१. तपाईंको मनमा के आउँछ?
२. त्यसोभए येशूले तपाईंलाई तिनीहरूसित कस्तो व्यवहार गरेको चाहनुहुन्छ होला?

**बाइबल पठनः**

**ठेसका कारण**

**मत्ती १८:६-१०, मर्कूस ९:४२-४८**

*बाइबलबाट परमेश्वरको सन्देशः "म पछि लाग"*

"तर जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लाउँछ, बरु त्यसको गलामा ठूलो जाँतोको ढुङ्गा बाँधेर त्यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ। "पाप गर्न लाउने परीक्षाहरूका निम्ति यस संसारलाई धिक्कार! पाप गर्न लाउने परीक्षा त आउँछ नै, तर धिक्कार, त्यस मानिसलाई जसद्वारा पाप गर्न लाउने परीक्षा आउँछ! तिम्रो **हात वा खुट्टाले** तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई

---

[83] ठेसका कारणका लागि ग्रीक शब्द "**स्क्यान्डलोन**" हो जहाँबाट हाम्रो अंग्रेजी शब्द स्क्यान्डल आउँछ। यस शब्दलाई "पतनको अवसर", "अपराध" वा "अपमान गर्ने कुरा" को रूपमा पनि व्याख्या गर्न सकिन्छ। यसले अपमान वा आघात माथि उक्लने कुनै कुरालाई जनाउँछ। धर्मशास्त्रमा यस शब्दलाई कुनै व्यक्तिलाई पाप गर्न, धर्मत्याग गर्न वा परमेश्वरप्रति रिस पोख्न उत्प्रेरित गर्ने कुनै कुरालाई सङ्केत गर्न प्रयोग गरिएको छ ।

**काटी मिल्काइदेऊ।**[84] दुवै हात वा दुवै खुट्टासाथ अनन्त आगो **[जहाँ त न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ[85]]** फालिनुभन्दा त बरु लुलो वा लङ्गडो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ। तिम्रो **आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ।** दुवै आँखासाथ नरकको आगोमा फालिनुभन्दा त बरु कानो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ।

**आज्ञाहरू:**

- ❖ यदि तपाईंको हातले तपाईंलाई ठेस पुऱ्यायो भने, ती काटेर मिल्काइदिनुहोस्।[86]
- ❖ यदि तपाईंको खुट्टाले तपाईंलाई ठेस पुऱ्यायो भने, ती काटेर मिल्काइदिनुहोस्।
- ❖ यदि तपाईंको आँखाले तपाईंलाई ठेस पुऱ्याउँछ भने, ती निकालेर बाहिर फ्याँकिदिनुहोस्।

**पाठ:**

येशूले यस कथनको साथ ठेस खाने अवरोधहरूबारे आफ्नो पाठ सुरु गर्नुहुन्छ। *"यदि कसैले विश्वास गर्ने यी साना नानीहरूमध्ये कसैलाई ठेस पुऱ्याउँछ भने, उसको घाँटीमा ढिकीको गह्रौं ढुङ्गा झुण्डयाइएर उसलाई समुद्रमा फ्याँकिदिएको भए राम्रो हुन्थ्यो।"* धेरैजसो मानिसहरूले धर्मशास्त्रको यस खण्डमा येशूले बच्चाहरूको बारेमा कुरा गर्दै हुनुहुन्छ भन्ने सोच्दछन्, तर यो खण्डलाई पुन: पढ्दा यसले वास्तवमा *विश्वास गर्ने यी साना नानीहरूलाई* भनेर बताइएको कुरा स्पष्ट हुनेछ।। विश्वास गर्ने साना केटाकेटीहरूलाई ख्रीष्टको पछि लाग्ने केटाकेटीहरू मानेर सङ्कीर्ण सन्दर्भमा लिन सकिन्छ। तर यहाँ आशय *सबै ख्रीष्टियनहरू* भन्ने रहेको स्पष्ट हुन्छ किनकि विश्वास गर्ने स-साना नानीहरूजस्तो नबनेसम्म कोही पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैनन् भन्ने कुरा उहाँले भर्खरै सिध्याउनुभएको थियो। यही दृष्टिकोणबाट पाठ सिकाइएको हो।

येशूले विश्वासीको सामुन्ने ठेस पुऱ्याउने व्यक्तिले भयानक परिणाम भोग्नुपर्नेछ भनी घोषणा गर्नुभयो। वास्तवमा, विश्वासीलाई ठेस पुऱ्याउनुको साटो त्यो मानिस मरेको भए राम्रो हुने थियो। धर्मशास्त्रबाट[87] हामी अरूलाई ठेस पुऱ्याउने मानिसहरूको उत्तम उदाहरण पाउँछौं। यस षडयन्त्रमा संलग्न दुई मानिसहरू अगमवक्ता बालाम र मोआबका राजा बालाक थिए। राजा बालाकले इस्राएलका मानिसहरूलाई सराप्न बालाम नियुक्त गरे तर परमेश्वरले बालामलाई त्यसो गर्न अनुमति दिनुभएन। त्यसैले बालामले आर्थिक लाभको लागि, राजा बालाकको पक्षमा परमेश्वरलाई उहाँका आफ्नै मानिसहरूलाई नाश गर्ने गरी कसरी चलाउन सकिन्छ भनेर बताए। मोआबका स्त्रीहरूले इस्राएलका मानिसहरूलाई अनैतिक काम गर्न **फकाउँथे** अनि तिनीहरूलाई मूर्तिपूजामा डोऱ्याउन सक्थे। प्रकाशको पुस्तकका सात वटा मण्डलीहरूमध्ये पर्गामको मण्डलीले पनि त्यस्तै कुरामा ठेस खाएको थियो। *'तर म तिमीहरूको विरुद्धमा केही कुराहरू भन्दछु, किनभने तिमीहरूमाझ कोही-कोही छन् जसले बालामका शिक्षाहरू पालन गर्छन्। तिनीहरूले*

---

[84] **यसलाई काटिदेऊ।** कुनै पनि चीजबाट छुटकारा पाउनुहोस् जसले तपाईंलाई पतन गराउँछ।

[85] यशैया ६६:२४. **तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन।**

[86] यसलाई काट्नु वा फ्याँक्नुको अर्थ हो, तिमीहरूलाई ठेस लाग्ने कुनै पनि कुराबाट छुटकारा पाउनु।

[87] गन्ती २२:१-२५:२

*बालाकलाई इस्राएलका मानिसहरूलाई **ठेस खान,** मूर्तिहरूलाई बलि चढाइएका चीजहरू खान र अनैतिक कार्यहरू गर्न सिकाउँथे* (प्रकाश २:१४)।

ठेस कसरी लाग्छ भन्ने कुरा मनन गऱ्यौं भने सायद हामी येशूको शिक्षाबारे अझ राम्ररी बुझ्न सक्छौं। पहिलो, **हिंडडुल गर्दा वा दौड्दा** मात्र मानिस ठोक्किन सक्छन्। दोस्रो, मानिसहरू ठेस खान्छन् किनभने तिनीहरूले **ठोक्किने कुरा देख्दैनन्।** यो निम्न मध्ये कुनै पनि कारणले हुन सक्छः १) तिनीहरू अन्धा छन् २) त्यो ठाउँ अँध्यारो छ ३) तिनीहरू गइरहेका बाटोलाई ध्यान दिइरहेका छैनन्वा ४) तिनीहरू लुकाइएको पासोमा पर्छन्। तेस्रो, प्रत्येक ठोकरले शरीरको **दिशामा परिवर्तन** ल्याउँछ। आउनुहोस्, प्रत्येक बुँदामा लागू हुने केही धर्मशास्त्रका खण्डलाई हेरौं।

**हिँड्नु र दौड्नुः**

- *किनकि हामी विश्वासद्वारा हिंड्दछौं, दृष्टिद्वारा होइन* (२ कोरिन्थी ५:७)।
- *ताकि व्यवस्थाको माग हामीमा पूरा होस्, जो शरीरअनुसार होइन तर आत्माअनुसार हिंड्दछ* (रोमी ८:४)।
- *त्यसकारण, हाम्रो चारैतिर साक्षीहरूको ठूलो बादल छ, त्यसैले आउनुहोस्, हामी पनि हरेक बन्धन र पापलाई पन्छाऔं जसले हामीलाई सजिलै फँसाउँदछ, र विश्वासका लेखक र सिद्धकर्ता येशूमा आफ्नो आँखा राखेर हाम्रो अगाडि खडा गरिएको दौडलाई **धीरजका** साथ दौडौं* (हिब्रू १२:१-२)।

**तिनीहरू ठेस लाग्ने कुरा देख्दैनन्:**

- **अन्धा** - तर जसले आफ्नो भाइलाई घृणा गर्छ त्यो अन्धकारमा हुन्छ र अन्धकारमा हिंड्छ, र ऊ कहाँ जाँदैछ भनेर जान्दैन किनभने अन्धकारले उसको आँखाअंधा बनाएको छ (१ यूहन्ना २:११)।
    - यो अन्धोपन प्रकाशको पुस्तकको सात वटा मण्डलीमध्ये एक लाओडिसियाको चर्चमा पनि हुन्छ।
    - *किनकि तिमीहरू भन्छौ, "म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन" भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, **अन्धा** र नाङ्गा छौ। यसकारण धनी हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु* (प्रकाश ३:१७-१८)।
- **किनकि अन्ध्यारो भएको छः**

*येशूले जवाफ दिनुभयो, "के दिनमा बाह्र घण्टा हुँदैनन् र? दिनमा हिँड्डुल गर्नेलाई ठेस लाग्दैन, किनभने तिनले यस संसारको ज्योति देख्तछन्, तर राती हिँड्डुल गर्नेलाई ठेस लाग्छ, किनभने त्यस मान्छेमा उज्यालो हुँदैन"* (यूहन्ना ११:९-१०)।

- **हिँडिरहेका बाटालाई ध्यान दिँदैनन्**
    - *येशूले फेरि तिनीहरूलाई भन्नुभयो, “म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ”* (यूहन्ना ८:१२)।
- **लुकाइएका पासोमा कुल्चिएर:**
    - *तिमीहरू राम्रै दौडिरहेका थियौ। कसले तिमीहरूलाई सत्यता पालन गर्नमा बाधा दियो* (गलाती ५:७)।

**दिशामा परिवर्तन:**

- *मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई **यति चाँड़ै त्यागेर** तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ* (गलाती १:६)।
- *कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्। किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् **सर्वनाशको छोरो प्रकट** नभएसम्म त्यो दिन आउनेछैन* (२थेसलोनिकी २:३)।
- *यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता **नगुमाओ*** (२पत्रुस ३:१७)।

येशूको शिक्षालाई रोचक बनाउने एउटा कुरा के हो भने, उहाँले **ठेस पुऱ्याउने विषयलाई** दुई भिन्न दृष्टिकोणबाट सिकाउनुहुन्छ: १) एक जना व्यक्तिले अर्कोलाई के गर्छ र २) एक जना व्यक्तिले आफूले आफैलाई के गर्छ। सुन्दा जति अविश्वसनीय लाग्छ, विश्वासीहरूले आफैलाई आफूलाई पासोमा पार्न सक्छन् र अरूका लागि ठेस पुऱ्याउने नियतिले दुष्टले राखेका दुर्दशा भोग्न सक्छन्।

येशू आफ्ना श्रोताहरूलाई सावधान गराउँदै निम्न कुराहरू ठेसका कारणहरू बन्न सक्छन् भन्नुहुन्छ: १) तपाईं जे गर्नुहुन्छ (हात) २) तपाईं जहाँ हिँड्नुहुन्छ (खुट्टा) र ३) तपाईंले जे देख्नुहुन्छ (आँखा)।

**समूह छलफल:**

१. विश्वासीलाई ठेस पुऱ्याउन सक्ने कतिपय कुराहरू के के हुन सक्छन्?

क) ____________________________________________

ख) ____________________________________________

ग) ____________________________________________

घ) ____________________________________________

ङ) ____________________________________________

**पाठको सार**

कसैका लागि ठेस खाने कारण नबन्नुहोस्

**प्रयोग:**

तपाईंको जीवनका के कस्ता कुराहरू अरू विश्वासीहरूप्रति अपमानजनक छन्, विचार गर्नुहोस्। तिनीहरूलाई स्वीकार गर्नुहोस् र तीबाट पश्चाताप गर्नुहोस्।

# विश्वासीलाई दण्ड दिनु

**समूह चिनजानः**

- समाजले कानुन उल्लङ्घन गर्नेहरूसित कसरी व्यवहार गर्छ?
- नियम भङ्ग गर्नेलाई त्यसरी व्यवहार गर्नुको मुख्य उद्देश्य के हो?

**परिचयः**

येशूले चेलाहरू आफैलाई वा अरूलाई ठेस पुऱ्याउनु हुँदैन भन्ने निर्देशन दिनुहुँदा, उहाँले एक जना बालकलाई आफ्नो काखमा लिनुभयो। अनि त्यसपछि, केटाकेटीहरूले गल्ती गर्न सक्छन् भन्ने कुरा बुझेर येशूले आफ्नो शिक्षालाई पापमा फसेर सत्यबाट विचलित हुने विश्वासीसित कसरी व्यवहार गर्नुपर्छ भन्नेतिर रूपान्तरण गर्नुहुन्छ। उहाँले हामीलाई दिक्दार पार्ने सानातिना गल्तीहरूका बारेमा कुराकानी गरिरहनुभएको थिएन। जस्तैः व्यक्तिको बानी, सामाजिक सीप, शिष्टाचार वा राजनीति।

**बाइबल पठन**

**मत्ती १८:११-२०**

**भट्केका विश्वासीहरूलाई नाश हुन नदिनुहोस्**

*बाइबलबाट परमेश्वरको सन्देशः "मेरो पछि लाग"*

**"होशियार रहो, तिमीहरूले यी सानाहरूमध्ये एक जनालाई पनि हेला नगर।** किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्। किनभने मानिसको पुत्र हराएकालाई बचाउन आएको हो। "तिमीहरू के विचार गर्छौ? कोही मानिसका सय भेड़ामा एउटा भड्केर गयो भने, उसले उनान्सय वटालाई छोड़ेर पर्वत हुँदो गएर त्यस भड्केर जाने एउटालाई खोजी गर्न जाँदैन र? यदि उसले त्यसलाई भेट्टायो भने, साँच्चै म तिमीहरूलाई भन्दछु, ती भड्केर नजाने उनान्सयभन्दा त्यस एउटाको लागि ऊ बढ़ी रमाउनेछ। यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट नहोस्। "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, **गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ।** त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो।

**मत्ती १८:१६-२०**

*बाइबलबाट परमेश्वरको सन्देशः "मेरो पछि लाग"*

तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र **दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्।** यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन। त्यसले

मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि **विधर्मी र कर उठाउनेसरह होस्**।[88] "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये **दुई जना कुनै कुरामा सहमत भई**[89] केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"

**आज्ञाहरू:**

- ❖ तपाईंले यी सानामध्ये एकलाई पनि घृणा गर्नुभएको छैन भन्ने पक्का गर्नुहोस्।
- ❖ जाऊ र उसलाई गोप्य ढंगमा हप्काओ।
- ❖ आफूसँग एक वा दुई जना संगै लिएर जानुहोस्।
- ❖ मण्डलीलाई त्यो कुरा भन्नुहोस्।
- ❖ त्यसलाई गैरयहूदीहरू र कर उठाउनेहरूसरह व्यवहार गर्नुहोस्।

**पाठ**

येशूले यस कथनको साथ शिक्षा सुरु गर्नुभयो।[90] *ध्यान देओ कि यी साना बच्चाहरूलाई घृणा गर्नुभएको छैन किनकि म तिमीहरूलाई भन्दछु कि स्वर्गमा भएका तिनीहरूका स्वर्गदूतहरूले मेरा पिताको अनुहारलाई स्वर्गमा निरन्तर देख्छन्।*

कसैलाई तुच्छ ठान्नुको अर्थ तिनीहरूलाई नीच ठान्नु वा हाम्रा चिन्तनको पनि लायक छैनन् भनेजस्तो गर्नु हो। मानिसहरूले अरूलाई तुच्छ ठान्नुका थुप्रै कारणहरू छन्। उदाहरणका लागि, तिनीहरू पर्याप्त चनाखो छैनन्, तिनीहरू गरिब छन्, तिनीहरू कुनै न कुनै तरिकामा असफल भएका छन् वा उनीहरूको नैतिक स्तर ठीक छैनन्। प्रत्येक अवस्थामा, तिरस्कार गर्ने व्यक्तिले घमण्डी तरिकामा व्यवहार गर्दै अरूप्रति नकारात्मक टीकाटिप्पणी गरिरहेको हुन्छ। यस विषयमा येशूले चेलाहरूलाई पहिले नै निर्देशन दिनुभएको थियो। अरूको इन्साफ नगर[91], नत्रता तिमीहरूका पनि इन्साफ गरिनेछ। पहिले आफ्नो आँखाबाट मुढा निकाल।[92]

**समूह छलफल:**

१. अपमान गर्ने विश्वासीसित व्यवहार गर्ने यो पहिलो कदम किन महत्त्वपूर्ण छ जस्तो तपाईंलाई लाग्छ?

---

[88] **एक गैर-यहूदी र कर उठाउनेको रूपमा।** सङ्गतिको लाभ पाएर इस्राएलको मण्डलीको भाग नठानिएका व्यक्तिहरू।

[89] **यदि तिमीहरू दुइजना सहमत छौ भने।** यो कथन कुनै कुरालाई अनुमति दिने वा वर्जित गर्ने हो कि होइन भनेर निर्णय गर्न भेला भएका व्यक्तिहरूसित सम्बन्धित छ।

[90] अपमानको सन्दर्भमा उनको शिक्षाको प्रसङ्गमा, येशू प्रभुले साना बच्चालाई वा नानीहरूलाई ख्रीष्टियनहरू/चेलाहरूसँग दाँज्नुहुन्छ।

[91] मत्ती ७:१

[92] मत्ती ७:५

२. मत्ती १८:११-१४ अनुसार, एक जना अपमान गर्ने विश्वासीसित व्यवहार गर्नुको उद्देश्य के हो?

**पाठ जारी:**

१) विश्वासी साथीलाई दोष दिनुभन्दा पहिले आफ्नै हृदयको जाँच गर्ने र २) अपमान गर्ने विश्वासीलाई पुनर्स्थापित गर्ने लक्ष्यको रूपमा लिने जस्ता दुई मुद्दाहरूलाई सम्बोधन गरिसकेपछि येशूले अपमान गर्ने साथीसँग व्यवहार गर्ने चार चरण प्रक्रियाको रूपरेखा प्रस्तुत गर्नुभयो। यस प्रक्रियाको प्रत्येक चरण प्रेमको नियममा आधारित छ। *"यद्यपि मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने चाहन्छौं, त्यस्तै व्यवहार तिनीहरूसँग गर्नुपर्छ"।*[93] र यस प्रक्रियाको प्रत्येक **चरण** दोषीलाई पश्चाताप गर्ने मौका दिने हेतुले तयार गरिएको छ। अपमान गर्ने व्यक्तिलाई गरिने इन्साफ उसले गरेको पापबाट पश्चात्ताप गर्छ कि गर्दैन भन्ने कुरामा आधारित हुन्छ। यो पाठ **पश्चात्ताप नगर्नेहरूसित** सम्बन्धित छ भने अर्को पाठमा पश्चात्ताप गर्नेहरूबारे छलफल गरिएको छ ।

पहिलो कदममा विश्वासीले पाप गरेको देख्ने व्यक्ति समावेश हुन्छ। उसले दोषीकहाँ गएर एकान्तमा उसलाई हप्काउने छ। यसबाट हामी देख्न सक्छौं कि दोषीलाई दण्डित गर्नु सधैं अपमानित पक्षको **जिम्मेवारी** हो। यदि उसले त्यसो गर्दैन भने ऊ आफै प्रेमको व्यवस्था पूरा नगरेकोमा दोषी छ। अर्को शब्दमा भन्ने हो भने, उसले अपराधीलाई पाप गर्ने कुरामा प्रोत्साहन दिएको र परमेश्वरको दण्ड ऊमाथि परेको देख्न चाहन्छ र त्यसपछि उसलाई दण्डित गर्दछ। यसले पापबाट प्रभावित हुन सक्ने अरूप्रति प्रेम र चासोको कमी पनि देखाउँछ।

अपराधीलाई व्यक्तिगत रूपमा सम्पर्क गर्दा, अपमानित व्यक्तिले आफ्नो लाजलाई ढाकछोप गरेर अपराधीलाई थप **लज्जित** हुनबाट रोक्न चाहन्छ भनेर प्रदर्शन गरिरहेको छ। अरूको लाजढाकछोप गर्ने पुरानो नियमका दुइटा उदाहरणहरू यस प्रकार छन्: १) आदम र हव्वाले पाप गरिसकेपछि तिनीहरूको नग्नताको लाज छोप्न परमेश्वरले जनावरको छाला उपलबध गराउनुभयो[94] र २) यापेत र शेमले आफ्ना बुबा नूहको नाङ्गोपन ढाके[95] हितोपदेशको पुस्तकको बुद्धिले पनि यस कार्यलाई समर्थन गर्छ। *घृणाले कलह निम्त्याउँछ, तर प्रेमले सबै अपराधहरू ढाक्छ*[96] *र मूर्खको क्रोध एकैचोटि थाहा हुन्छ, तर विवेकी मानिसले अनादर लुकाउँछ।*[97]

यदि अपराधीले पश्चाताप गर्दैन भने यो उसले जिद्दी गरिरहेको संकेत हो। तसर्थ, दोस्रो कदम भनेको अपराधीको सामना गर्न एक वा दुई जना थप व्यक्तिहरू लिएर सामना गर्नु हो ताकि दुई वा तीन जना साक्षीहरूको मुखबाट सबै **तथ्य पुष्टि गर्न सकियोस्।**[98] साक्षीहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्। पहिलो,

---

93 मती ७:१२

94 उत्पत्ति ३:३, २२

95 उत्पत्ति १०:२३

96 हितोपदेश १०:१२

97 हितोपदेश १२:१६

98 व्यवस्था १६:१५

तिनीहरूको निष्पक्षताको कारण, तिनीहरूले यो सुनिश्चित गर्न मद्दत गर्छन् कि पक्षहरू बीच कुनै **गलत संचार वा गलत सन्देश नजाओस्।** दोस्रो, उनीहरू शान्ति र मेलमिलापका दूतका रूपमा काम गर्छन्। अनि तेस्रो, तिनीहरूले धर्मशास्त्रको सन्दर्भमा अपराधको बारेमा तथ्यहरू सङ्कलन गर्छन्, अपमानित पक्षले के भन्छ र अपराधीले के भन्छ।

यदि अपराधीले यहाँ आइपुग्दासम्म पश्चाताप गर्दैन भने ऊ **विद्रोहमा छ** भन्ने संकेत मिल्दछ। त्यसकारण, तेस्रो चरण भनेको मण्डलीलाई भन्नु हो। मण्डलीलाई बताउँदा मण्डलीका प्रत्येक सदस्यलाई तुरुन्तै सूचित गर्न आवश्यक छैन तर मुख्य प्रशासन निकायलाई मात्र। साक्षीहरूको कुरा सुनेपछि प्रशासनिक निकायले मण्डलीको स्थितिको सम्बन्धमा **कानुनी रूपमा बाध्यकारी निर्णय** लिन्छ। येशूले यस प्रश्नलाई सम्बोधन गर्दै भन्नुभयो, *""साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"*[99]

यदि प्रशासनिक निकायले कारबाही गर्न असफल भयो भने उनीहरू आफ्नो जिम्मेवारीबाट चुकेका छन् र प्रेममा काम गर्दैनन्। अर्को शब्दमा भन्ने हो भने, तिनीहरूले अपराधीलाई पापमा जारी राखेको र परमेश्वरबाट दण्ड भोगेको र त्यसपछि उसलाई धिक्कारिरहेको हेर्न चाहन्छन्। यसले पापबाट प्रभावित हुन सक्ने मण्डलीका अरू सदस्यहरूप्रति प्रेम र चासोको कमी पनि देखाउँछ। प्रेरित पावलले कोरिन्थको मण्डलीको नेतृत्वलाई यस विषयमा हप्काए।[100]

*तिमीहरूका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरूमा पनि हुँदैन। तिमीहरूमध्ये कुनै एक जनाले आफ्नै बुबाकी पत्नी राखेको छ भन्ने सुनेको छु। तिमीहरूचाहिँ घमण्ड गर्छौ। तिमीहरूले त शोक गर्नुपर्नेथिएन र? यस्तो काम गर्नेलाई तिमीहरूका बीचबाट हटाओ। म शरीरमा उपस्थित नभए पनि आत्मामा तिमीहरूसँग छु। म उपस्थित भएझैँ गरी यस्तो काम गर्नेको न्याय मैले गरिसकेको छु। जब तिमीहरू हाम्रा प्रभु येशूको नाउँमा भेला हुन्छौ र म आत्मामा तिमीहरूसँग उपस्थित हुन्छु, अनि हाम्रा प्रभु येशूको शक्तिमा, त्यस मानिसलाई शैतानकहाँ सुम्पिदेओ, ताकि त्यसको पापमय स्वभाव नाशहोस्, अनि प्रभुको दिनमा त्यसको आत्माचाहिँ बाँचोस्। तिमीहरूको घमण्ड ठीक होइन। अलिकता खमिरले जम्मै ढिकालाई खमिरा बनाइहाल्छ भन्ने के तिमीहरूलाई थाहा छैन? नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ। यसकारण हामी पुरानो खमिरले, अर्थात् कुकर्म र दुष्टताको खमिरले होइन, तर निष्कपटता र सत्यताको अखमिरी रोटीले चाड मनाऔं।*

[99] मत्ती १८:१८-२०

[100] १कोरिन्थी ५:१-८

एक पटक प्रशासनिक निकायले आफ्नो निर्णय स्पष्ट गरिसकेपछि अपराधीले पश्चात्ताप गर्ने अन्तिम मौका पाउँछ।[101] यदि अझै पनि उसले पश्चाताप गरेन भने, **ऊ अहंकार वा ढीटपनाको** दोषी छ। येशूले भन्नुभयो कि यदि त्यो व्यक्तिले अहिलेसम्म पनि पश्चात्ताप गर्न असफल भयो भने मण्डलीका सबैले त्यसलाई गैर-यहूदी र कर उठाउने व्यक्तिको रूपमा व्यवहार गर्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने, पश्चात्ताप नगरेसम्म मण्डलीले त्यस व्यक्तिसित संगत गर्नुहुँदैनथ्यो। प्रेरित पावलले कोरिन्थीहरूलाई लेखेको आफ्नो पहिलो पत्रमा त्यो निर्णयलाई अनुमोदन गरेको छ।[102]

*मैले मेरो पत्रमा तिमीहरूलाई व्यभिचारीहरूको सङ्गत नगर्नू भनेर लेखेको थिएँ। त्यसको अर्थ, यस संसारका व्यभिचारीहरू, लोभीहरू, वा लुटाहाहरू, वा मूर्तिपूजकहरूसँग बिलकुलै सङ्गत नगर्नू भनेको होइन, नत्रता तिमीहरू संसारबाट नै निस्किजानुपर्थ्यो। तर यस्ताको सङ्गत नगर्नू भनेर मैले तिमीहरूलाई लेखे, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ, तर वास्तवमा जो व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा निन्दा गर्ने, वा मतवाला वा लुटाहा हो। त्यस्तो मानिससँग त खान पनि नबस। किनकि बाहिरकाहरूको इन्साफ गर्नु मलाई के खाँचो? के तिमीहरूले मण्डली भित्रकाहरूको न्याय गर्नुपर्दैन र? बाहिरकाहरूको न्याय परमेश्वरले नै गर्नुहुन्छ।* ***तिमीहरूले आफ्नो बीचबाट दुष्ट मानिसलाई निकालिदेओ।"***[103]

**समूह छलफल:**

३. अपमानजनक व्यवहार गर्ने विश्वासीसित बाइबलीय प्रक्रिया प्रयोग गरेर अनुशासनमा राखेका कतिवटा मण्डलीहरूलाई तपाईंले चिन्नुहुन्छ?
४. किन अधिकांश मण्डलीहरूले बाइबलीय प्रक्रिया प्रयोग गर्दैनन्?
५. प्रायजसो यस प्रक्रियाको कुन चरणमा जिम्मेवारी पूरा गर्न असफलताहरू हुन्छन्?
६. किन?

**पाठ सार:**

भटकिरहेका विश्वासीहरूलाई सुधार्नुहोस्।

**प्रयोग:**

तपाईंले जब ख्रीष्टियनले पाप गरेको देख्नुहुन्छ, तब सुधार प्रक्रियामा आफ्नो जिम्मेवारीलाई बेवास्ता नगर्नुहोस्।

---

[101] यो तेस्रो मौका थियो

[102] १कोरिन्थी ५:९-१३

[103] अपमानजनक विश्वासीहरूसित व्यवहार गर्ने आधारव्यवस्थाको पुस्तकको सत्रौं अध्यायमा अध्ययन गर्न सकिन्छ। विशेष गरी व्यवस्था १७:६-७ र १२-१३ हेर्नुहोस्। प्रेरित पावलले तिमोथीलाई लेखेको पत्रमा यसो पनि भने: *"जो पापगरिरहन्छन्, तिनीहरू सबैका सामुन्ने हप्काउँदछन्, ताकि अरूहरू पनि पाप गर्न डराऊन्।"*

*पाठ ३३*

# पश्चात्ताप गर्ने विश्वासीहरूलाई क्षमा दिनु

**समूह चिनजानः**

"मलाई माफ गर्नुहोस्" र "म पश्चात्ताप गर्छु" भन्ने दुई भनाइबीच के भिन्नता छ?

**परिचयः**

येशूले चेलाहरूलाई गल्ती गर्ने विश्वासीलाई दण्ड दिने प्रक्रियाबारे बताइसकेपछि हरेक विश्वासीको हृदयमा रहेको एउटा प्रश्न लिएर पत्रुस उहाँकहाँ आए। *हे परमप्रभु, मेरो भाइले मेरो विरुद्धमा पाप गऱ्यो भने, उसलाई कति चोटि मैले क्षमा गर्नुपर्छ? (केजेभी)* यस पाठमा हामी येशूले पत्रुसका प्रश्नको उत्तर तथा केही महिनापछि उहाँले चेलाहरूलाई यही विषयमा दिनुभएको निर्देशनहरू समेट्नेछौं।

**बाइबल पठनः**

**मत्ती १८:२१-३५, मर्कूस ९:४९-५०, लूका १७:१-१०**

**पश्चात्ताप गर्ने विश्वासीहरूलाई क्षमा दिनु**
**मत्ती १८:२१-३५, मर्कूस ९:४९-५०**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

तब उहाँकहाँ आएर पत्रुसले भने, "प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?" येशूले तिनलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट। "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे। जब तिनले हिसाब लिन लागे, **दश हजार सुनका सिक्का**[104] ऋण लिने एक जना तिनीकहाँ ल्याइयो। तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोरा-छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए। "तब त्यस नोकरले घुँडा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, 'मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु।' तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए। "तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेटयो, जो त्यसको **एक सय चाँदीका सिक्काको**[105] ऋणी थियो। उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, 'तेरो ऋण तिरिहाल्।' "तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गऱ्यो, 'ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु।' "तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो। त्यसका सङ्गी-नोकरहरूले यी सब

---

[104] **दश हजार सिक्का।** करिब ४६१५०० वर्षको ज्याला

[105] **एक सय सिक्का:** झण्डै एक वर्षको ज्यालाको १/३ भाग

देखे र तिनीहरू अति दुःखित भए। तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए। “तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, ‘ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ। मैले तँमाथि दया गरेझैँ तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्नेथिएन?’ तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुन्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए। “तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।” किनकि प्रत्येकलाई आगोले नै नुनिलो पार्छ। “नून असल हो, तर नूनको स्वाद गयो भने त्यो केले स्वादिलो तुल्याउने? **तिमीहरू आफू-आफूमा नून राख, र आपसमा शान्तिमा रहो।”**

**आज्ञाहरू:**

- ❖ तिमीहरू नूनझैं स्वादिलो बन।
- ❖ एक-अर्कासँग मिलेर शान्तिमा बस।
- ❖

**समूह छलफल:**

तपाईंको विरुद्धमा घरीघरी उही पाप गर्ने व्यक्तिलाई तपाईंले कति पटकसम्म क्षमा दिनुभएको छ?

**पाठ:**

पत्रुसले कति पटक क्षमा गर्नुपर्छ भन्ने प्रश्न सोध्नलाई येशूकहाँ जाँदा तिनले अर्को प्रश्न थपे, "सात पटकसम्म?" (केजेभी) पत्रुसले ‘सात पटक’ सम्म भनेर सात अंक उल्लेख गर्नु संयोग मात्र थिएन। हिब्रू भाषामा तिनले उल्लेख गरेका ‘सात पटक’ लाई शाबा शब्दले चिनिन्छ र यसले "सात" वा सात गुणा भन्ने अर्थ बुझाउँछ। यसको दोहोरो अर्थ हुन्छ: १) शपथ र २) संख्या सात। शाबा शब्दको शाब्दिक अर्थ हो, "पूर्ण हुनु" र यसले परिवर्तन गर्न वा तोड्न नसकिने कुरालाई बुझाउँछ। यसले कुनै व्यक्तिले शपथ खाँदा सात पटक त्यसलाई दोहोर्‍याउनुपर्छ भन्ने विचारलाई सङ्केत गर्छ।

त्यसैले पत्रुसले "सात पटक" *(शाबा वा सात गुणा)* भन्ने शब्द प्रयोग गर्दा तिनले येशूसँग स्पष्टीकरण मागिरहेका थिए। अङ्ग्रेजीमा पत्रुसले यस्तो प्रश्न लाई यसरी व्याख्या गरेका हुन सक्छन्: "आफूले सात पटकसम्म पश्चात्ताप गरेको कुरा बताउने व्यक्तिलाई क्षमा गर्नु के ठीक हो? किनभने वास्तवमा उसले अहिलेसम्म शपथ खाएको छैन?"

येशूले तिनलाई भन्नुभयो, *“म तिमीलाई भन्दछु, सात पल्ट होइन*[106], तर सत्तरी गुणा सात पल्ट (केजेभी)। अङ्ग्रेजीमा हामी उहाँको यो भनाइ यस्तो यस्तो सुन्छौं। एक जना व्यक्तिले चार सय नब्बे

---

[106] यहाँ मैले बाइबलको किङ जेम्स भर्सन प्रयोग गर्न थालेको छु किनभने यसले ग्रीक शब्द "हेओस" को अर्थलाई अझ सही ढंगमा प्रतिबिम्बित गर्दछ। केजेभीले "हेओस" शब्दलाई "जबसम्म" को रूपमा अनुवाद गर्दछ, जसले समयको बिन्दुलाई प्रतिनिधित्व गर्दछ। अधिकांश अन्य अनुवादहरूमा "हेओस" शब्दको लागि "सम्म" अर्थ प्रयोग गरिन्छ। जब शब्दल "सम्म" को अर्थ प्रकट गर्दछ, तब पाठकले निश्चित संख्यामा गणना गर्ने अवधारणालाई सोचिरहेका हुन्छन् र समयको बिन्दुको अवधारणालाई बेवास्ता गर्दछन्, जुन शब्दको अर्को अर्थ पनि हो।

पटक क्षमा गर्नुपर्छ र संख्या यति ठूलो भएकोले उसले त्यसको कुनै हिसाब राख्न सक्दैन। यसकारण उसले क्षमा गरिरहनुपर्छ। यो सोच्ने तरिका ठीकै हो, तर येशूको केही हदसम्म गुप्त जवाफमा यो भन्दा बढी गहिराइ छ।
हिब्रू भाषामा येशूले यसो भन्नुभयो, *"म तिमीलाई सात पटक भन्दिनँ, तर सत्तरी सात पटकसम्म।"* यो दानिएल ९:२४ को भविष्यवाणीको स्पष्ट सन्दर्भ हो। *"तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू'[107] को आदेश तोकिएको छ।* यो सन्दर्भमा येशूले पत्रुसलाई दानिएलको पुस्तकको अगमवाणी सत्य साबित नहोऊन्जेलसम्म आफ्ना विश्वासी साथीलाई क्षमा दिनुपर्ने कुरा भनिरहनुभएको छ।

आफ्नो कुरालाई अझ बलियो बनाउन येशूले यसलाई राज्य दृष्टान्तसित जोड्नुहुन्छ। दृष्टान्तमा एक निश्चित राजा (परमेश्वर) ले एक व्यक्तिलाई उसको ऋण क्षमा गर्नुहुन्छ[108] (पापहरू)। तर त्यो मानिसले अर्काको ऋण क्षमा गर्दैन[109] (पापहरू)। किनकि उसले अर्को व्यक्तिलाई क्षमा नदिएको हुनाले, राजा (परमेश्वर) ले त्यसलाई उसका ऋण नतिरेसम्म यातना दिनेहरूको हातमा सुम्पिदिनुहुन्छ। यस दृष्टान्तको उद्देश्य परमेश्वरले हामीलाई कति क्षमा गर्नुभएको छ र हामीले अरूलाई कत्तिको क्षमा गर्नुपर्छ भन्ने कुरा स्पष्ट पार्नु हो।

येशूले दृष्टान्तको अन्तमा यसो भन्नुभयो: *"किनकि सबै जनालाई आगोद्वारा नुनिलो पारिनेछ।"* "आगोमा नुनिलो" भन्ने शब्दले परमेश्वरलाई चढाइएका बलिदानहरूलाई बुझाउँछ। पुरानो नियममा सबै बलिदानहरू आगोमा जलाउनु अघि नुनिलो पार्नु पर्थ्यो। नुनले दुवैलाई सम्झाउने काम गर्‍यो परमेश्वर र मानिस दुई पक्षहरूबीच बाँधिएको करार सम्बन्धको अस्तित्व।[110] त्यसैले जीवित बलिदानको[111] रूपमा आफूलाई अर्पण गर्ने ख्रीष्टियनहरूको लागि आगोमा नुनिलो पार्ने प्रक्रिया पूर्णतया उचित हुन्छ।

अरूले आफ्नो विरुद्धमा पाप गर्दा उसलाई क्षमा गर्नु साँच्चिकै बलिदान हो, विशेष गरी जब हामीभित्रका सबै कुराहरूले बदलाको लागि चिच्याइरहेका हुन्छन्। जस्तै: आँखाको सट्टा आँखा र दाँतको सट्टा दाँत। येशूले त्यो कुरा चिन्नुभयो र त्यसैकारण उहाँले नुनको दृष्टान्त प्रयोग गर्नुभयो। यो उहाँका चेलाहरूलाई तिनीहरू परमेश्वरसित करारको सम्बन्धमा थिए भनेर सम्झाउन थियो। *"यदि तिमीहरूले अरूलाई तिनीहरूका अपराधहरूको निम्ति क्षमा गर्यौ भने, तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर यदि तिमीहरूले अरूलाई क्षमा गर्दैनौ भने तिमीहरूका पिताले तिमीहरूका पापहरू क्षमा*

[107] थुप्रै अनुवादकहरूले "सातहरू" शब्दको सट्टा "हप्ताहरू" भन्ने शब्द प्रयोग गर्छन्। यहूदीहरूले थुप्रै समयावधिलाई सङ्केत गर्न "सातहरू" शब्द प्रयोग गर्ने भएकोले यो भ्रामक हुन सक्छ। यसले एक हप्ता, सप्ताहहरूका चाड (पेन्टेकोस्ट), "शेमित्ता" (सात वर्षको अवधि) वा रजत वर्ष प्रतिनिधित्व गर्न सक्छ।

[108] ४६१५०० वर्ष बराबरीको मजदूरी ज्याला

[109] एक वर्षको ज्यालाको १/३ भाग

[110] गन्ती १८:१९, लेवी २:१३ र २इतिहास १३:५

[111] रोमी १२:१ *यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।*

*गर्नुहुनेछैन"* (मत्ती ६:१४-१५)।

करारको अतिरिक्त, नुनका दुई मुख्य प्रयोगहरू छन्:

- नूनिलो वा **स्वादिष्ट** बनाउन: *नूनले स्वादिलो पारेजस्तो तिमीहरूको बोलीवचन सधैँ कृपालु होस्, ताकि प्रत्येकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरू जान* (कलस्सी ४:६)।

- कुहिनबाट **बचाउन:** *मेरा भाइ हो, यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फर्काएर ल्यायो भने, त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ* (याकूब ५:१९-२०)।

येशूले चेलाहरूलाई नूनझैं स्वादिलो बनेर र आपसमा शान्तिमा रहन आज्ञा दिनुहुँदा उहाँले मूलतः यसो भनिरहनुभएको थियो, "तिमीहरू दुईबीच राम्रो सम्बन्ध स्थापित गर्दै आफ्नो जीवन रक्षा गर्ने विचारका साथ अपमानजनक पक्षसित दयालु तरिकाले कुरा गर।"

**बाइबल पठन:**

**लूका १७:१-१०**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "पाप गर्न लाउने परीक्षाहरू निश्चय आउँछन्। तर धिक्कार त्यस मानिसलाई, जसद्वारा ती आउँछन्! जुन मानिसले यी सानाहरूमध्ये एउटालाई पाप गर्न लाउँछ त्यसको गलामा जाँतोको एउटा पाटा झुण्ड्याएर त्यसलाई समुद्रमा फालिदिनु त्यसको निम्ति बेस हुनेछ। **आफ्नो विषयमा होशियार बस।** "तिम्रो भाइले अपराध गऱ्यो भने **त्यसलाई हप्काऊ,** र त्यसले पछुतो गऱ्यो भने तिमीले **त्यसलाई क्षमा गर।** यदि तिम्रो भाइले दिनमा सात पल्ट तिम्रो विरुद्धमा अपराध गऱ्यो, र सातै पल्ट तिमीकहाँ फर्किआएर 'म पछुतो गर्छु' भन्यो भने, तिमीले त्यसलाई क्षमा गर्नू।" प्रेरितहरूले प्रभुलाई भने, "हामीहरूको विश्वास बढ़ाइदिनुहोस्।" प्रभुले भन्नुभयो, "तिमीहरूमा रायोको दाना जति पनि विश्वास भएदेखि तिमीहरूले यस किम्बुको रूखलाई, 'तँ उखेलिएर समुद्रमा रोपिन जा' भन्यौ भने, त्यसले मान्नेछ। "तिमीहरूमध्ये कसैको नोकर खेत जोतेर कि भेड़ा चराएर खेतबाट आयो भने, उसले त्यस नोकरलाई 'तुरुन्त आएर खान बस्' भन्छ र? के उसले त्यसलाई बरु यसो भन्नेछैन? 'मेरो निम्ति खाना तयार गर्, र पटुका कस् र मैले खाई-पिई नसकेसम्म मेरो सेवा-टहल गर्। त्यसपछि तैंले खानपान गर्।' आफूले अह्राएबमोजिमको काम गरेकोमा के उसले त्यस नोकरलाई धन्यवाद दिन्छ र? त्यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरूले पनि यसो भन: 'हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं'।"

**आज्ञाहरू:**

- ❖ होसियार रहो।
- ❖ हप्काओ।
- ❖ क्षमा देओ।
- ❖ भन।

**पाठ जारी:**

केही समयपछि येशूले आफ्ना चेलाहरूसित गल्ती गर्ने विश्वासीलाई क्षमा गर्नुपर्ने आवश्यकताबारे फेरि चर्चा गर्नुभयो। यसपल्ट उहाँले "होसियार रहो" भन्ने शब्दहरूबाट आफ्नो निर्देशन सुरु गर्नुभयो। क्षमासम्बन्धी शिक्षा यी शब्दहरूबाट सुरु गर्दा अनौठा लाग्छ। जेहोस्, यो छोटो वाक्यांश धेरै शक्तिशाली छ र निम्न मध्ये कुनै पनि अर्थमा व्याख्या गर्न सकिन्छ: १) सतर्क रहनुहोस्, २) होसियार हुनुहोस्, ३) ध्यान दिनुहोस्, ४) खोजीमा रहनुहोस्, ५) मूर्ख नबन्नुहोस्, ६) उचित रक्षात्मक अडान लिनुहोस्, ७) आफैलाई आक्रमण गर्न नदिनुहोस्।

यो वाक्यांश र त्यसका सबै व्याख्याहरूले **रक्षात्मक** स्थितिलाई संकेत गर्दछ। तिनीहरू मध्ये प्रत्येकले यो प्रश्नको जवाफ माग्छन्, "केबाट बचाइनु?" यसको जवाफ दोहोरो छ। पहिलो, आफैलाई पापको पासोमा पर्नुबाट जोगाउनु हो। उदाहरण: सर्पहरू जस्तै बुद्धिमान्। अनि दोस्रो, पाप गरिसकेपछि पश्चात्ताप गर्ने विश्वासीलाई क्षमा नहोस् भन्ने मनासयसाथ आफ्नो हृदयलाई कठोर बनाउनु। उदाहरण: ढुकुर जस्तै निर्दोष।[112]

"होसियार रहो" भन्ने निर्देशन चिन्तनशील र शिक्षाप्रद दुवै हुनुपर्छ। एक जना ख्रीष्टियन साथीले अर्को विश्वासी साथी विरुद्ध गल्ती गरिसकेपछि, त्यो कसरी हुन गयो त भनी आत्मलोचन गर्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने, "मैले आफूलाई यो स्थितिमा **कसरी** पुऱ्याएँ भनेर स्वःप्रश्न गर्नु। दोस्रो, भविष्यमा पाप गर्नबाट आफूलाई जोगाउन उसले चाल्नुपर्ने अर्को **कदमहरू** पत्ता लगाउन उसले समय निकाल्नुपर्छ। कयौ पटक ख्रीष्टियनहरूले आफूलाई बारम्बार पाप गर्ने एउटै स्थितिमा राख्छन्। कोही-कोहीले यसलाई पागल व्यवहारको रूपमा वर्णन गरेका छन्।[113]

**समूह छलफल:**

५. यो पुरानो उखानको अर्थ के हो? एक पटक मलाई मूर्ख बनायौं, तिमीलाई लाज लाग्नुपर्ने हो। दुई पटक मलाई मूर्ख बनायौ भने, म आफै लज्जित छु।
६. एक जना ख्रीष्टियनको पापले अर्को व्यक्तिलाई चोट पुऱ्याउन सक्ने एउटा तरिका बताउनुहोस्?

---

[112] मत्ती १०:१६

[113] एक पागल व्यक्तिको लागि एक लोकप्रिय परिभाषा त्यो हो जसले फरक परिणामको आशा गर्दै बारम्बार एउटै कुरा गरिरहन्छ। अर्को शब्दमा भन्ने हो भने, "तपाईंले जल्न लागेको थाहा पाउनुअघि कति चोटि आगोमा हात हाल्नुपर्छ?"

७. अपमानित विश्वासीले के गरे जसले गर्दा तिनको विरुद्ध दुष्ट काम गरियो?
८. भविष्यमा आफू विरुद्ध अरूले पाप नगरून् भनी कस्ता कदम चाल्न सकिन्छ?

**पाठ जारी:**

कुनै अर्को विश्वासीले आफूविरुद्ध पाप गर्दा, चोट पाएको विश्वासीले चाल्नुपर्ने कदमहरूलाई येशूले तीब्रता पूर्वक सूचित गरिदिनुहुन्छ। *"उसलाई हप्काऊ; अनि यदि उसले पश्चात्ताप गर्छ भने उसलाई क्षमा गर।"* पाप गर्ने विश्वासीलाई त्यसको शिकार भएको व्यक्तिले नै पहिला हप्काउनु पर्छ। यदि अपराधीले पश्चात्ताप गरेको छ भने उसलाई सधै क्षमा दिने जिम्मेवारी चोट खाएको विश्वासीले बोकेको हुन्छ।[114]

चेलाहरूले कति पटक क्षमा गर्नुपर्ने थियो भन्नेबारे उहाँको पहिलो भनाइलाई गलत तरिकाले नबुझून् भनेर येशूले त्यसलाई अझ स्पष्ट पार्नुहुन्छ। कसै-कसैले सोचेझैं ४९० पटक मात्र होइन, तर *"यदि उसले दिनमा सात चोटि तिम्रो विरुद्ध पाप गर्छ र 'म पश्चात्ताप गर्छु' भन्दै सात चोटि तिमीकहाँ फर्कन्छ भने उसलाई क्षमा गर।"* यो आज्ञा सुनेर चेलाहरू छक्क पर्छन्। सत्तरी वर्षको अवधिमा यो कुल १,७८,८५० पटक हुनेछ।

तर येशूले यो आज्ञालाई अतार्कि ठान्नुहुन्न। उहाँका लागि विश्वासीले कति पटक क्षमा गर्छन् भन्ने कुरा होइन कि उहाँका चेलाहरू कस्तो हुनुपर्छ भन्ने कुरो हो। जस्तै: स्वर्गमा हुनुहुने तिनीहरूका पिता झैं तिनीहरू दयालु बन्नुपर्छ। यो विचारलाई समर्थन गर्न उहाँले आफ्नो यो शिक्षालाई यस कथनसाथ समाप्त गर्नुहुन्छ: त्यसरी नै तिमीहरूले जब मैले भनेका सबै आज्ञाहरूलाई पालन गर्छौं, तब यसो भन: *"हामी **अयोग्य** दासहरू हौं, किनकि हामीले तिनै कुराहरू मात्र गऱ्यौं, **जुन हामीले गर्नुपर्दथ्यो।"***

**पाठ सार:**

क्षमा दिन तत्पर रहनुहोस्।

**प्रयोग**

यदि कसैले तपाईंको विरुद्धमा पाप गऱ्यो भने, त्यो कसरी भयो भनी विचार गर्न समय लिनुहोस्। अनि त्यस्ता कुराको शिकार हुनबाट बच्न तपाईंले भविष्यमा के कस्ता कदम चाल्नुहुन्छ।

---

[114] पश्चात्तापले दिशा परिवर्तनलाई सङ्केत गर्छ। त्यसैले जब कुनै व्यक्तिले आफूले पश्चात्ताप गरेको भन्छ, यसको अर्थ उसले आफूलाई पापको बिन्दुमा पुऱ्याउने काम वा कदमहरू परिवर्तन गर्नेछ भन्ने हो।

*पाठ ३४*

# आनन्दका कारण

**समूह चिनजान**

तपाईंलाई असाध्यै आनन्दित तुल्याउने त्यस्ता कुनै कुराहरू के होलान्?

**परिचय:**

येशूले अपराधहरूबारे दिनुभएको निर्देशन पूरा गरिसकेपछि उहाँ यरूशलेममा छाप्रोवासको चाड मनाउन जानुभयो र त्यहाँ उहाँले व्यभिचारमा फसेकी एउटी स्त्रीलाई क्षमा गर्नुभयो। भोजमा उहाँले आफू संसारको ज्योति हुँ भनी घोषणा गर्नुभयो, अन्धालाई निको पार्नुभयो र आफू असल गोठालो हुँ भनी दाबी गर्नुभयो। केही समयपछि उहाँले अरू सत्तरी जना चेलाहरूलाई आफू जान लागेका शहरहरू र गाउँहरूमा सुसमाचार प्रचार गर्न पठाउनुभयो। उहाँले तिनीहरूलाई दिनुभएको निर्देशन पाठ २१-२४ मा पाउन सकिन्छ।

**बाइबल पठन:**

**लूका १०:१७-२४, मत्ती ११:२५-३०**

**आनन्द मनाउने कारण**

**लूका १०:१७-३०**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

ती सत्तरी जना आनन्दसाथ फर्केर आई यसो भने, "प्रभुज्यू, तपाईंको नाउँमा भूतहरू पनि हाम्रा वशमा आउँछन्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "मैले शैतानलाई स्वर्गबाट बिजुलीझैँ खसिरहेको देखें। *मैले तिमीहरूलाई सर्पहरू र बिच्छीहरू कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरूलाई हानि गर्नेछैन। तापनि दुष्टात्माहरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरूका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ।"*

**मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिन्छु**

**मत्ती ११:२५-३०, लूका १०:२१-२४**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

त्यही बेला येशू **पवित्र आत्मामा उल्लसित हुनुभयो**[115], र भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राखेर बालकहरूलाई प्रकट गर्नुभयो। किनकि, पिता, तपाईंलाई यही असल लाग्यो। "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पुत्र को हो भनी पिताबाहेक कसैले जान्दैन। पिता को हुनुहुन्छ भनी पुत्रले

[115] **तिनी पवित्र आत्मामा अत्यन्त आनन्दित भए।** येशू सायद चिच्याउँदै हुनुहुन्थ्यो र आनन्दले हावामा उफ्रनुभएको थियो।

बाहेक, र पुत्रले उहाँलाई जसकहाँ प्रकट गर्ने इच्छा गर्दछ, त्यसले बाहेक अरू कसैले जान्दैन।" "हे सबै थाकेका र बोझले दबिएका हो, **मकहाँ आओ**, म तिमीहरूलाई विश्राम दिनेछु। **मेरो जुवा आफूमाथि**[116] लेओ, र **मसँग सिक**[117], किनभने म विनम्र र कोमल हृदयको छु, **अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ।**[118] किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।" चेलाहरूतिर फर्केर उहाँले तिनीहरूलाई गुप्तमा भन्नुभयो, "धन्य हुन् ती आँखा, जसले तिमीहरूले देखेका यी कुराहरू देख्तछन्। किनकि म तिमीहरूलाई भन्दछु, धेरै अगमवक्ताहरू र राजाहरूले तिमीहरूले जे देख्तछौ, ती देख्ने इच्छा गरेका थिए, तर देखेनन्, र जे तिमीहरूले सुन्दछौ ती सुन्ने इच्छा गरेका थिए, तर सुनेनन्।"

**आज्ञाहरू:**

- हेर, मैले तिमीहरूलाई साँप र बिच्छीहरूमाथि र शत्रुका सबै शक्तिहरूमाथि शासन गर्ने अधिकार दिएको छु। कुनै कुराले तिमीलाई चोट पुऱ्याउने छैन।
- तर आत्माहरू तिमीहरूको अधीनमा छन् भनेर तिमीहरू आनन्दित नहोऊ।
- तर तिमीहरूको नाउँ स्वर्गमा लेखिएकोमा रमाओ।
- मकहाँ आऊ।
- मेरो जुवा बोक।
- मबाट सिक।

**पाठ:**

सत्तरी जना बाहिर निस्कँदा के हुने हो वा कस्तो परिणाम प्राप्त हुन्छ भन्ने कुरामा तिनीहरू निश्चित थिएनन्। तिनीहरूले येशूका आज्ञाहरू मात्र पालन गरे! सुसमाचारप्रचार यात्राबाट फर्केपछि तिनीहरू असाध्यै खुसी भए र येशूलाई उहाँको नाउँमा दुष्टात्माहरू समेत तिनीहरूका अधीनमा परेको कुरा बताए। त्यसको जवाफमा येशूले तिनीहरूलाई शत्रुको सारा शक्तिमाथि अधिकार दिनुभएको कुरा सम्झाउनुभयो।

यो अधिकार येशूका सबै चेलाहरूलाई दिइएको छ किनभने सुसमाचार प्रचार गर्दा तिनीहरूले प्रेममा **सत्य** बोलिरहेका हुन्छन् र आत्मिक शक्तिहरूको प्रत्यक्ष विरोध गरिरहेका हुन्छन्। वास्तवमा, येशूले पन्तियस पिलातसको सामना गर्नुहुँदा **सत्यको गवाही दिनु** नै उहाँ पृथ्वीमा आउनुभएको उद्देश्य हो भनेर भन्नुभयो। *"म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ"* (यूहन्ना १८:३७) / *अनि फेरि यूहन्नाले यसो भने, "परमेश्वरका पुत्र शैतानका कामहरू नाश गर्ने यही उद्देश्यले देखा पर्नुभयो"* (१ यूहन्ना ३:८)।

---

[116] **मेरो जुवा तिमीहरूमाथि उठाऊ।** मलाई विश्वास गर्नुहोस् र म तपाईंलाई निर्देशन गर्न दिनुहोस्।

[117] **मबाट सिक।** म तिमीहरूलाई देखाउँछु कि तिमीहरूका निम्ति कुन कुरा असल छ र परमेश्वरलाई मन पर्छ।

[118] **तिमीहरूले आफ्नो आत्माको निम्ति विश्राम पाउनेछौ।** यर्मिया 6:16"परमप्रभु यसो भन्नुहुन्छ, 'चौराहमा उभिएर हेर। पुरातन मार्गहरू माग, असल बाटो कहाँ छ भनी सोध, र त्यसमा हिंड, तब तिमीहरूले आफ्नो आत्माको निम्ति विश्राम पाउनेछौ।'"

सत्तर जनालाई पठाउनुभन्दा अघि छाप्रोवासको चाडमा येशूले शैतानका कार्यहरूको वर्णन गर्नुभयो र यसलाई उहाँका आफ्नै कामहरूसित तुलना गर्नुभयो। *चोर चोर्न, मार्न र नष्ट गर्न मात्र आउँछ। म तिनीहरूले जीवन पाऊन् र प्रचुर मात्रामा जीवन पाऊन् भनेर आएँ* (यूहन्ना १०:१०)। शत्रुको शक्ति **छलकपटद्वारा झूट हो**, जसले **पापको** परिणामस्वरूप **मृत्यु** ल्याउँछ र ख्रीष्टको शक्ति **प्रेममा** बोलेको **सत्य हो**, जसले **आज्ञाकारिताको** परिणामस्वरूप **जीवन** ल्याउँछ।

येशूले आफ्ना शत्रुहरू र तिनीहरूले मानवजातिलाई कसरी असर गर्छन् भनी वर्णन गर्न दुई प्रतीकात्मक प्राणीहरू प्रयोग गर्नुभयो: सर्प र बिच्छी। सर्पले **झूट र छलको** प्रतिनिधित्व गर्छ। *परमप्रभु परमेश्वरले पृथ्वीमा सृष्टि गर्नुभएको कुनै पनि पशुभन्दा साँप धेरै चालाक थियो* (उत्पत्ति ३:१)। *ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्* (यशैया १४:१२)। **बिच्छीले पाप र मृत्युको** प्रतिनिधित्व गर्छ। *"ए मृत्यु, तेरो विजय कहाँ?* ए मृत्यु, तेरो खील कहाँ?"* ***मृत्युको खील पाप हो,*** *र पापको शक्ति व्यवस्था हो। तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ* (१ कोरिन्थी १५:५५-५७)।

सत्तरी जना चेलाहरूले आफूलाई दिइएको अख्तियारमा रमाउनु उचित लागे तापनि येशूले तिनीहरूलाई त्यसो नगर्नू भन्नुभयो। बरु स्वर्गमा तिनीहरूका नाउँ लेखिएकोमा तिनीहरू आनन्दित हुनुपर्थ्यो। यसो भन्दै येशूले तिनीहरूलाई तिनीहरूको नाउँ जीवनको पुस्तकमा लेखिएको कुरा भनिरहनुभएको थियो। यसले उहाँका चेलाहरूलाई आनन्दित हुने कारण दिन सक्थ्यो! यहूदी शिक्षाले जीवनको पुस्तकमा साँचो धर्मी जनहरूका नाम मात्र लेखिएका छन् भन्ने मान्यता राख्दछ। हामी तिनीहरूलाई "सन्तहरू" वा लज्जित हुनुनपर्ने व्यक्तिहरूका रूपमा सम्झन सक्छौं। यहूदीहरू यो पनि विश्वास गर्छन् कि अधिकांश मानिसहरूका नाम पश्चात्ताप गर्नुपर्ने पुस्तकमा लेखिएका छन् र तिनीहरूको गन्तव्य अझै तोकिएको छैन, जबकि साँचो पश्चात्ताप नगर्ने दुष्ट मानिसहरूका नामचाहिँ मृत्युको पुस्तकमा लेखिएका छन्। येशूले तिनीहरूको नाउँ स्वर्गमा लेखिसक्नुभएको छ भन्ने कुरा सुन्नु वास्तवमा साँच्चैको सुसमाचार हो।

तब येशूले आज्ञा दिनुभयो, "*मकहाँ आऊ, जो थाकेका र भारीले दबिएका छन्। म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा बोक र मबाट सिक, किनकि म कोमल छु अनि हृदयमा नम्र।* **अनि तिमीहरूले आफ्नो आत्माको निम्ति विश्राम पाउनेछौ।** *किनकि मेरो जुवा सजिलो छ र मेरो बोझ हल्का छ।* उहाँको अपील मानिसको हरेक भागमा पुग्छ: आत्मा, प्राण र शरीर र उहाँले छाप्रोवासको चाडमा भन्नुभएको कुरासँग यसको प्रत्यक्ष सन्दर्भ छ। म तिनीहरूले जीवन पाऊन् र प्रचुर मात्रामा जीवन पाऊन् भनेर आएँ।

मानिसहरूले बोक्ने बोझ फरक-फरक हुन सक्छ। कोही-कोही जीवनको शारीरिक बोझसित संघर्ष गर्छन्। कोही-कोही पाप र मृत्युको आत्मिक बोझसित संघर्ष गर्छन्। अनि अझै पनि अरूहरू व्यवस्था पालन गर्ने आत्मिक बोझसित संघर्ष गर्छन्। येशूले शास्त्रीहरू र फरिसीहरूसित कुरा गर्दा यो अन्तिम बोझलाई पनि सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो, *"तिमी व्यवस्थाका पण्डितहरूलाई पनि धिक्कार! किनकि बोक्न नसक्ने भारी मानिसहरूमाथि तिमीहरू लाद्दछौ, तर तिमीहरू आफैचाहिँ एक औँलाले पनि ती भारीहरू छुँदैनौ* (लूका ११:४६)। प्रेरित पत्रुसले पनि सन् ५० तिर यरूशलेमको पहिलो मण्डली परिषद्मा यस

विषयमा सम्बोधन गरे। येशूले भन्नुभयो, *"यसकारण तिमीहरूले चेलाहरूको घाँटीमा एउटा जुवा राखेर परमेश्वरको परीक्षा किन गर्छौ जुन जुवा हाम्रा पिता-पुर्खाहरू र हामीले बोक्न सकेका छैनौं"*(प्रेरित १५:१०)? यो वास्तवमा बोझ के हो भन्ने कुराले कुनै फरक पार्दैन, यसलाई बोक्ने मानिसहरू सबै समान चीजहरू खोजिरहेका छन्। येशूकहाँ आउनेहरूलाई उहाँले विश्राम, साझा भार र हल्का बोझ दिनुहुन्छ। आउनुहोस् उहाँले भन्नुभएको कुरालाई नजिकबाट हेरौं।

भारी बोकेर थाकेका प्रायजसो मानिसहरू आराम गर्ने मौका खोज्छन्। तिनीहरू आफ्नो बोझ तल राख्न, बस्न वा केही समय सुत्न र ताजा हुन चाहन्छन्। येशूले भन्नुभयो, *"थकित र बोझले दबिएकाहरू सबै मकहाँ आऊ अनि म तिमीहरूलाई विश्राम दिनेछु।"* अगमवक्ता यशैयाले यो विश्रामको बारेमा चर्चा गरेका छन्, जब उनले यसरी भने: *"त्यसो हो भने, अन्य भाषा र अरू नै बोलीद्वारा परमप्रभु यस प्रजासित बोल्नुहुनेछ, जसलाई उहाँले भन्नुभयो, 'विश्राम गर्ने ठाउँ यही हो, थाकेकाहरूले यहीँ नै विश्राम गरून्। अनि आरामको ठाउँ यही हो', तापनि तिनीहरूले सुन्ने मन गरेनन्'* (यशैया २८:११-१२)।" प्रेरितको पुस्तकले आफ्नै टिप्पणी थप्छ। यसकारण पश्चात्ताप गर अनि फर्केर आऊ। तिमीहरूका पापहरू मेटिनेछन्। परमप्रभुको उपस्थितिबाट ***स्फूर्तिको समय*** आओस् (प्रेरित ३:१९)।

येशूले मानिसहरूलाई विश्राम मात्र दिनुहुन्न, उहाँले बाँकी बाटोमा तिनीहरूका बोझ बोक्न मदत गर्ने प्रस्ताव गर्नुहुन्छ। मेरो जुवा तिमीहरूमाथि उठाऊ अनि मबाट सिक, किनकि म नम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्नो आत्माको निम्ति विश्राम पाउनेछौ। *"मेरो जुवा बोक"* भन्दै येशूले आफ्ना श्रोताहरूलाई कुनै काम एकसाथ पूरा गर्न एउटै हलोमा बाँधिएको गोरुको सामान्य दृष्टान्त दिनुहुन्छ। अनि उहाँले यस्तो प्रकारले भनिरहनुभएको छ  मानौं उहाँ ती गोरुमध्ये एक हुनुहुन्छ। जब कुनै भर्खरको जनावरलाई पहिलो पटक जुवामुनि राखिन्छ, त्यसलाई एउटा पुरानो जोत्ने बानी परिसकेको गोरुसँग जुवामा बाँधिन्छ। बूढो गोरुले वास्तवमा भर्खरको गोरुलाई कुशलतापूर्वक र अरूसित मिलेर काम गर्न सिकाइरहेको हुन्छ। येशूले आफू नम्र र कोमल हृदयको हुनुहुन्छ भनेर बताउनुहुँदा, उहाँको स्वभावलाई मनन गरिरहनुभएको छ र उहाँसँग जोडिनेहरूलाई उहाँले कस्तो व्यवहार गर्नुहुनेछ भनी अरूलाई भनिरहनुभएको छ। यूहन्ना ६:४५ मा यस अवधारणालाई सङ्केत गरिएको छ। "*अगमवक्ताहरूमा यस्तो लेखिएको छ,* ***'तिनीहरू सबैलाई परमेश्वरबाट शिक्षा दिइनेछ।'***[119] *जसले पिताबाट सुनेको र सिकेको छ, ऊ मकहाँ आउँछ।*

येशूले मानिसहरूलाई विश्राम र तिनीहरूको बोझ उठाउन सहायता गर्ने आवश्वासन मात्र दिनुहुन्न, तर तिनीहरूका भार हलुका पारिदिने प्रतिज्ञा पनि गर्नुहुन्छ। *किनकि मेरो जुवा सजिलो छ र मेरो बोझ हल्का छ।* येशूको यो भनाइ सुन्दा हामीले यो कुरा याद गर्नुपर्छ कि जनावरहरू कुनै कुरा तान्नका लागि एकसाथ बाँधिएका हुन्छन्। येशूको दृष्टान्तमा यो एउटा मालावहाक गाढा हो। किन? किनभने गाढाहरू भारी बोक्न बनाइएका हुन्छन्।

[119] यशैया ५४:१३

यो कल्पना गर्न प्रयास गर्नुहोस्। तपाईं आफ्नो पिठ्युँमा काठको ठूलो भारी बोक्दै हुनुहुन्छ। विश्राम र स्फूर्तिबिना तपाईंले त्यसलाई कति टाढा लैजान सक्नुहुन्छ? त्यसोभए कल्पना गर्नुहोस् कि कोही सहायता गर्न सँगै आउँछ र तपाईंलाई बाँकी बाटोमा तपाईंको काठ बोक्न मद्दत गर्न प्रस्ताव गर्दछ। के तपाईं अब राम्रो महसुस गर्न सक्नुहुन्छ? अब उहाँले तपाईंहरूलाई भन्नुहुन्छ, "यसलाई मेरो **सानो गाढामा राखौं र हामी यसलाई सँगै तान्नेछौं**। यसले तपाईंलाई कस्तो महसुस गराउँछ? अनि थाहा छ, त्यो जसले गाढा तान्न तपाईंलाई मद्दत गर्ने प्रस्ताव गर्नुहुन्छ नि, त्यो व्यक्ति अरू कोही नभएर परमेश्वर हुनुहुन्छ। के यसले तपाईंलाई आनन्दित तुल्याउने कारण दिन्छ?

यशैया अगमवक्ताले यही कुरा मानिसहरूलाई सिकाइरहेका थिए। *के तँलाई थाहा छैन? के तैंले सुनेको छैनस्? **परमप्रभु सदासर्वदा परमेश्वर हुनुहुन्छ,** पृथ्वीको पल्लो छेउसम्मका सृष्टिकर्ता हुनुहुन्छ। **उहाँ न त थकित न हैरान हुनुहुन्छ,** र कसैले पनि **उहाँको समझलाई नाप्न सक्दैन? उहाँले थकितहरूलाई बल दिनुहुन्छ, र कमजोरहरूको शक्ति बढ़ाइदिनुहुन्छ।** युवक पनि दुर्बल र थकित हुन्छन्, र जवान मानिसहरू थाकेर लोट्छन्। **तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ। तिनीहरू गरुडझैँ माथि-माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्। तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्*** (यशैया ४०:२८-३१)।

**समूह छलफल:**

१. तपाईं आफैले कस्तो बोझ बोक्नुभएको छ?
२. के तपाईं विश्वासद्वारा तपाईंको बोझ बोक्न परमेश्वरबाट मदत माग्न सक्नुहुन्छ?
३. यदि सक्नुहुन्छ भने, कुनचाहिँ मद्दत तपाईंलाई चाहिएला?
४. निम्न कथनले तपाईंको लागि के अर्थ राख्छ? *एक-अर्काको बोझ बोक र यसरी ख्रीष्टको व्यवस्था पूरा गर्नुहोस्।*

**पाठ सार:**

स्वर्गमा बस्नुहुने हाम्रा पिताले हामीलाई आनन्दित तुल्याउने थुप्रै कुराहरू दिनुभएको छ।

**प्रयोग:**

जब बोझ धेरै ठूलो हुन्छ, तब मदतको लागि परमप्रभु र परमेश्वरका सन्तानहरूलाई सम्झिनुहोस्।

*पाठ ३५*

# विश्वासको प्रार्थना

**समूह चिनजानः**

त्यस्ता कुनै कुरा उल्लेख गर्नुहोस् जुन तपाईंले प्रार्थना गर्दा त्यो पूरा भएको छ।

**परिचयः**

येशूले सत्तरी जना चेलाहरू पठाउनुभएका शहरहरू र गाउँहरू भ्रमण गर्न थाल्नुभयो। सन् ३० को नोभेम्बरमा उहाँ बेथानी आइपुग्नुभयो र मार्था, मरियम र लाजरसको घरमा बस्नुभयो। त्यहाँबाट केही दुरी पैदल यात्रा गरेर गेतसमनीको बगैंचामा पुगिन्थ्यो र उहाँ त्यहाँ प्रार्थना गर्न रुचाउनुहुन्थ्यो।[120] कहिलेकाहीं चेलाहरू प्रार्थना गर्ने तरिका सिक्न कोसिस गर्दै उहाँकहाँ आउँथे। येशूले बाध्य भएर तिनीहरूलाई प्रार्थना गर्न सिकाउनुभयो र त्यो नै अहिले हामीले बुझेको प्रभुको प्रार्थना भएको छ। जुन उहाँले अढाइ वर्षअघि डाँडाको उपदेश दौडान सिकाउनुभएको थियो।

**बाइबल पठनः**

**विश्वासको प्रार्थना**

**लूका ११:१-४**

*बाइबलबाट परमेश्वरको सन्देशः "मेरो पछि लाग"*

उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "**तिमीहरूले प्रार्थना गर्दा यसो भन,** "'हे पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्। हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्। हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं। हामीलाई परीक्षामा नलैजानुहोस्'।"

**बाइबल पठनः**

**विश्वासको प्रार्थना**

*बाइबलबाट परमेश्वरको सन्देशः "मेरो पछि लाग"*

उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनुभएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाएझैँ हामीलाई पनि प्रार्थना गर्न सिकाउनुहोस्।" उहाँले तिनीहरूलाई भन्नुभयो, "**तिमीहरूले प्रार्थना गर्दा यसो भन,** "'हे पिता, तपाईंको

[120] बेथानी यरूशलेमबाट लगभग २ माइल दक्षिणपूर्वमा छ।

नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्। हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्। हाम्रा पाप हामीलाई क्षमा गरिदिनुहोस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं। हामीलाई परीक्षामा नलैजानुहोस्’।”

**आज्ञा:**

- ❖ जब तिमीहरूले प्रार्थना गर्छौं, यसो भन:

**समूह छलफल:**

१. आशा र विश्वासमा के भिन्नता छ?
   - आशा भनेको कुनै कुराको **चाहना** हो ।
   - विश्वास भनेको आशा गरिएका कुराहरूको **आश्वासन** हो।
   - *यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले जे चाहन्छौ, ती तिमीहरूले पाउनेछौं भन्ने* ***विश्वाससाथ प्रार्थना गर,*** *अनि ती तिमीहरूले पाउनेछौं।*

**पाठ**

प्रार्थनाको पहिलो प्रमुख तत्व भनेको चेलाहरूले झै प्रभुसँग सोध्नु हो। *"त्यसोभए हामीले कसरी विभिन्न कुराको लागि प्रार्थना गर्नुपर्छ?" किनभने यस्तो लेखिएको छ, "यदि तिमीहरूमध्ये कसैमा बुद्धिको कमी छ भने उसले परमेश्वरसँग मागोस्, जसले सबै मानिसहरूलाई उदारतापूर्वक दिनुहुन्छ, र रोक्नुहुन्न। अनि त्यो उसले पाउनेछ।* ***तर उसले विश्वासमा मागोस् र कुनै डगमगाउन नपरोस्।*** *किनभने त्यो जो डगमाउँछ त्यो समुद्रको छाल जस्तै हो, जसलाई बतासले उडाउँछ र फ्याँक्छ। अनि त्यो मानिसले परमप्रभुबाट केही पाउनेछ भनेर नसोचोस्।"*

येशूले आफ्ना चेलाहरूलाई प्रभुको प्रार्थनासाथ प्रार्थना सुरु गर्न आज्ञा दिनुहुन्छ।[121] त्यसपछि उहाँले एउटा दृष्टान्त प्रयोग गर्नुहुन्छ, जसमा परमेश्वरलाई प्रार्थना गर्ने तीनै पक्षहरू समावेश छन्: माग्ने, खोज्ने र ढकढकाउने।

यो उदाहरण दृष्टान्तको रूपमा आउँछ। यसलाई म “सुतेको साथीको दृष्टान्त” भन्न रुचाउँछ। त्यो यस्तो छ:

**बाइबल पठन**

**सुतेको साथीको दृष्टान्त**

**लूका ११:५-१३**

बाइबलबाट परमेश्वरको सन्देश: “म पछि लाग”

अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “मानिलेओ, तिमीहरूमध्ये कसैको एक जना मित्र छ। तिनी मध्यरातमा उनीकहाँ गएर भन्दछन्, ‘मित्र, मलाई तीन वटा रोटी पैंचो देऊ। किनकि मेरा एक जना साथी यात्राबाट

[121] प्रार्थना र यसका प्रभावहरू यस चेलापन शृङ्खलाको पाठ १२ मा सिकाइएको थियो

मकहाँ आएका छन्, र तिनलाई खान दिन मसँग केही छैन।’ “उनले भित्रबाट जवाफ दिएर भन्छन्, ‘मलाई नभिँज्याऊ। ढोका अब बन्द भइसकेको छ, र मेरा केटाकेटीहरू मसँग ओछ्यानमा छन्। म उठेर तपाईंलाई केही दिन सक्दिनँ।’ म तिमीहरूलाई भन्दछु, मित्रताको नाताले उनले उठेर तिनलाई केही नदेलान्, तर तिनले खुरन्धार मागिरहेकाले उठेर उनले खाँचो परे जति तिनलाई दिनेछन्। “**म तिमीहरूलाई**[122] भन्दछु, **माग**[123], त तिमीहरूलाई दिइनेछ। **खोज**[124], त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ[125], त तिमीहरूका निम्ति खोलिनेछ। किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ। “तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।”

**आज्ञा:**

- ❖ माग
- ❖ खोज
- ❖ ढकढक्याओ

**पाठ जारी:**

यो दृष्टान्त पढेपछि अधिकांश ख्रीष्टियनहरूलाई येशूले उही विषयलाई प्रार्थनामा दोहोर्‍याएको परमेश्वर चाहनुहुन्छ भन्ने विचार आउँछ। यो कुरा साँचो होइन!

येशूले धेरैजसो **तुलना** गर्ने दृष्टान्त प्रयोग गर्नुभयो। अर्को शब्दमा भन्ने हो भने, "कुनै एउटा कुरालाई अर्काको रूपक**झैं** मानेर, झैं, जस्तै वा उस्तै” शब्दहरूद्वारा एक-अर्कासँग गरिने तुलना हो।" उदाहरणका लागि, *स्वर्गको राज्य, समुद्रमा फ्याँकिएको जालजस्तै हो।* तथापि, "सुतेको साथीको दृष्टान्त" एउटा **विपरीत भाव** प्रकट गर्ने दृष्टान्त हो। अर्को शब्दमा भन्ने हो भने, कुनै एउटा कुराजस्तो छ, त्यसको **ठीकविपरीत** अर्को छ।

यस दृष्टान्तमा एक जना मानिस सुतिरहेको बेला आफ्नो साथीको घरमा केही रोटी पाइन्छ कि भनेर माग्न जान्छ। दृष्टान्तको मित्र परमेश्वरको विपरीत छ, जो हाम्रा मित्रहरूभन्दा घनिष्ठ हुनुहुन्छ। हितोपदेश १८:२४

---

[122] **अनि म तिमीहरूलाई भन्छु।** *“मलाई नसोध्नेहरूलाई मैले स्वयम् प्रकट गरें। जसले मलाई खोजेनन्, तिनीहरूले मलाई भेट्टाए। मेरो नाम नै नलिने जातिलाई मैले भनें, ‘म यहाँ छु। म यहाँ छु’। मैले मेरो हात दिनभरि नै एउटा अटेरी प्रजाको अगि फैलाएँ, जो आफ्नै कल्पनामा यस्तो बाटोमा हिँड्छन् जो असल छैन— एउटा यस्ता प्रजा, जसले निरन्तर मेरै सामुन्ने मलाई रीस उठाउँछन्, बगैँचाहरूमा बलिदान चढ़ाउँछन्, र इँटाले बनाएका वेदीमा धूप बाल्छन्,”* यशैया ६५:१– येशूको शिक्षाको मूल स्रोतबाट हामी यहाँ पढ् छौं कि परमेश्वरले आफूलाई नमाग्ने, नखोज्ने, नढक्ढक्याउने र अति सुलभ मानिसहरूलाई समेत प्रकट गर्नुहुनेछ, "म यहाँ छु, म यहाँ छु।"

[123] **माग:** नियमित मागिरहो।

[124] **खोज:** नियमित खोजिरहो।

[125] **ढकढक्याओ:** नियमित ढकढक्याइरहो।

ले भन्छ, *"धेरै मित्रहरू भएको मानिस नाश हुन आउँछ, तर एक जना मात्र छ भने, ऊ आफ्नो भाइभन्दा नजिक हुन्छ।"* दोस्रो, परमेश्वर सुत्नुहुन्न। भजन संग्रह १२१:३-४ ले यसो भन्छ, "उहाँले तिम्रा खुट्टा चिप्लन दिनुहुनेछैन, तिम्रो रक्षा गर्नुहुने कहिल्यै उँघ्नुहुनेछैन। साँच्ची नै इस्राएललाई रक्षा गर्नुहुनेचाहिँ **न त उँघ्नुहुन्छ न सुत्नुहुन्छ**"। र तेस्रो, आफ्ना साथीसँग तीन वटा रोटी सापटी माग्ने व्यक्ति र हजारौं पहाडपवर्तमा चर्ने पशुका मालिक परमेश्वरबीच जसको सापटी कहिल्यै चुकाउन सकिँदैन। दुई बीचको भिन्नता!
त्यसैले दृष्टान्तको मुल कुरा यो हो:
१) यदि कुनै मित्रले रातको जुनसुकै समय भए तापनि तपाईंलाई कुनै कुरा दिन न्यास्रो मान्दैन भने, २) तपाईंको आवश्यकता पूरा गर्न परमेश्वरले **झन् अझ** कति धेरै गर्नुहुनेछ होला!

वास्तवमा, आफ्ना चेलाहरूले यसको मुख्य कुरा **नबिर्सिउन्** भन्ने येशू चाहनुहुन्छ! त्यसैले उहाँ दृष्टान्तको अर्थलाई थप दुई तरिकाले पुन: वर्णन गर्नुहुन्छ। यसलाई ध्यान दिएर पढ्नुहोस्! *यसकारण म तिमीहरूलाई भन्दछु, "**माग,** अनि त्यो तिमीहरूलाई दिइनेछ।" **खोजी गर,** अनि तिमीहरूले भेट्टाउनेछौ; **ढकढक्याओ** र त्यो ढोका तिमीहरूका लागि खोलिनेछ। किनकि जसले **माग्छ,** उसले पाउँछ; अनि जसले खोज्छ, उसले **भेट्टाउँछ;** अनि जसले ढकढक्याउँछ, उसको निम्ति त्यो **खोलिनेछ।***

**समूह छलफल:**

१. जब तपाईं प्रार्थना गर्नुहुन्छ, के तपाईंले प्रार्थना गर्नुभएको कुरा पूरा हुनेछ वा **पक्का** हुनेछ भनेर **आशा** गर्नुहुन्छ?
२. के तपाईं अदनको बगैंचामा हव्वाले गरेझैं परमेश्वरको वचनमा थपेर पढ्नुहुन्छ कि त्यसमा कुनै घटबढ नगरी पढ्नुहुन्छ?

**पाठ जारी:**

येशूले अझ विरोधाभासहरू प्रयोग गरेर यो कुरा जारी राख्नुभयो। *"तिमीहरूमध्ये को होला जसको छोराले रोटी माग्दा बिच्छी देला? वा माछा माग्दा साँप देला? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ।"* यसो भनेर उहाँले यो व्याख्या गरिरहनुभएको छ कि यदि तपाईंले परमेश्वरसँग कुनै एउटा कुरा माग्नुभयो भने, उहाँले तपाईंलाई तपाईंले मागेको कुराबाहेक अरू केही दिनुहुन्न। र दोस्रो, यदि तपाईंले कुनै राम्रो कुरा माग्नुहुन्छ भने उहाँले तपाईंलाई नराम्रो कुरा दिनुहुनेछैन।

उहाँको कथनबाट हामीले दुई आत्मिक प्रयोगहरू पनि निकाल्न सक्छौं। येशूले यी विचारहरू व्यक्त गर्न माछा, सर्प, अण्डा र बिच्छीजस्ता प्रतीकात्मक चित्रहरू प्रयोग गर्नुभयो। अघिल्लो पाठमा येशूले साँपलाई छल गर्नेको सन्दर्भमा र बिच्छीलाई मृत्यु ल्याउने कुराको सन्दर्भमा प्रयोग गर्नुभयो। यहाँ उहाँले माछा र अण्डासँग ती तुलना गर्नुहुन्छ। त्यसैले यस खण्डलाई निम्नानुसार पढ्न सकिन्छ:

*"मानिलेओ, तिमीहरूमध्ये एक जनाले उसको पितासँग **सत्य** के हो भनी सोधेको छ। के त्यो बुबाले **असत्य** कुरालाई **सत्य** हो भनी बताउ सक्छ र? अथवा यदि उसले **जीवन** मागेको छ भने, के उसलाई **मृत्यु** देलान् र? त्यसोभए यदि तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीलाई असल वरदानहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई पवित्र आत्मा दिनुहुन्न र?"*

यस विरोधाभाषी दृष्टान्तको प्रयोग गरेर येशूले परमेश्वरसँग माग्नुपर्ने एउटा असल कुरा पवित्र आत्माको हो र जसले उहाँसँग पवित्र आत्मा माग्छन् उहाँले दिनुहुन्छ र इन्कार गर्नुहुन्न भन्ने कुरा सिकाउनुहुन्छ। पवित्र आत्माले सबै मानिसहरूलाई सत्य र जीवन दुवै दिनुहुन्छ। यो वरदान यति बहुमूल्य छ कि प्रेरित पावलले पवित्र आत्माको विषयमा यी कुराहरू लेखे:

*यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको **शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्,** र प्रेममा जरा गाडिएका र दह्रिला भएर, सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ। **उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्*** (एफिसी ३:१४-२१)। आमेन्।

*यसैकारण हामीले त्यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू **पूर्ण होओ** भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं, र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक। उहाँको महिमित शक्तिअनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यको लागि तिमीहरू सारा शक्तिसित बलिया होओ। ज्योतिमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढ़ाओ* (कलस्सी १:९-१२)।

*दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, **तर पवित्र आत्माले भरिपूर्ण होओ।** एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै सधैँ सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढ़ाओ। ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस* (एफिसी ५:१८-२०)।

विचार गर्नुहोस्! एक जना ख्रीष्टियनले पवित्र आत्मा पाउन गर्नुपर्ने एउटै मात्र कुरा भनेको पवित्र आत्मा दिनुहोस् भनेर अनुरोध गर्नु र त्यसपछि उहाँले दिनुहुनेछ भनेर विश्वास गर्नु मात्र हो।

परमेश्वरसित माग्नुपर्ने एउटा साँचो असल वरदान भनेको **प्रचुर** पवित्र आत्मा हो भन्ने चिन्तनका साथ येशू प्रभुले आफ्नो संकथनलाई समाप्त गर्नुभएको हुनाले, यसले हामीलाई "सुतेको मित्रको दृष्टान्त" बारे पुनर्विचार गर्न विराम दिन्छ। ध्यान दिनुहोस्, त्यस मानिसले आफ्नो सुतेको साथीसँग तीन वटा रोटी मागेको थियो। एक जना मात्र साथीको लागि किन तीन वटा रोटी? येशूले भन्नुभएको कुराको प्रकाशमा हामी यस विषयलाई फरक तरिकाले विचार गर्न सक्छौं। मान्छे तीन विभागीय प्राणी भएको हुनाले यात्रा गर्ने मित्रको सबै आवश्यकताहरू पूरा गर्न तीन वटा रोटीहरू आवश्यक थिए: उसको आत्मा, प्राण र शरीरको लागि एक एक वटा। परमेश्वरको **वचन**, परमेश्वरको **प्रेम** र परमेश्वरको **शक्ति**: यी आवश्यकताहरू पूरा गर्न पवित्र आत्मामार्फत परमेश्वरको यी वरदानहरूलाई यिनै तीनवटा रोटीहरूले प्रतिनिधित्व गरेका छन्।

यो पनि याद गर्नुहोस् कि त्यो मानिस मध्यरातमा सुतिरहेको साथीको घरमा आयो। उसले किन बिहानसम्म पर्खिएन? यसले देखाउँछ कि पवित्र आत्माले कुनै पनि समयमा मानिसको आवश्यकता पूरा गर्न सक्नुहुन्छ। अनि किन त्यो मानिसले आफ्नो यात्रा गर्ने साथीलाई प्रथम चरणमा केही दिन सकेन? यसले यो सङ्केत गर्छ कि हामी आफ्नै बलबुतामा सधैं अरूका आवश्यकताहरू पूरा गर्न सक्षम हुँदैनौं, तर हामीसँग जसले त्यो गर्न सक्नुहुन्छ, उहाँसमक्ष तुरुन्तै पुग्नेसक्ने पहुँच छ।। हामीले गर्नुपर्ने माग्नु, खोज्नु र ढकढकाउनु मात्र हो।

एउटा अन्तिम आत्मिक प्रयोग छ जुन "सुतिरहेको मित्रको दृष्टान्त" बाट लिन सकिन्छ। र त्यो क्रम हो: खोज्नु, ढकढकाउनु र माग्नु हो। त्यो मानिसले पहिले आफ्नो साथीलाई खोज्यो। ***"तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, तब यी सबै कुराहरू तिमीहरूमा थपिनेछन्"*** (मत्ती ६:३३)। त्यसपछि त्यस मानिसले तिनलाई जगाउन ढोका ढकढक्यायो। "*धन्यवादका साथ उहाँका ढोकाहरू र प्रशंसाका उहाँका आँगनहरूमा प्रवेश गर। उहाँलाई धन्यवाद चढाओ, उहाँको नाउँलाई धन्यको भन*(भजन १००:४)। अनि अन्तमा तिनले आफूले चाहेको कुरा मागे। "*तिमीहरूले मलाई चुनेका होइनौ तर मैले तिमीहरूलाई छानेको छु। मैले तिमीहरूलाई नियुक्त गरेको छु कि तिमीहरू गएर फल फलाउनेछौ, र तिमीहरूको फल रहिरहनेछ, ताकि* ***तिमीहरूले मेरो नाउँमा पिताबाट जे माग्यौ*** *उहाँले तिमीहरूलाई दिनु हुनेछ"* (यूहन्ना १५:१६)।

**पाठ सार:**

विश्वासका साथ प्रार्थना गर्नुहोस्।

**प्रयोग:**

त्यसैले निम्न प्रार्थना अभ्यास गर्नुहोस्। (उदाहरणका लागि)

१. प्रभुको प्रार्थना गर्नुहोस्।
२. परमप्रभुको इच्छा खोज्नुहोस्– (पिता, हामी तपाईंको बुद्धि र निर्देशन खोजिरहेका छौं।
३. ढकढकाउनुहोस् (उहाँलाई प्रशंसा र धन्यवादको साथ जगाउनुहोस्) - (किनकि तपाईं अद्भुत र दयालु हुनुहुन्छ।
४. तपाईंलाई चाहिएको कुराको लागि उहाँसँग अनुरोध गर्नुहोस् - (हामीलाई तपाईंको आत्माले भरिदिनुहोस्।)

*पाठ ३६*

# पाखण्डीपना

**समूह चिनजान:**
के अमेरिकाको यस्ता कुनै ठाउँहरू छन् जहाँ मानिसहरूले साँच्चिनै “राम्रो” कुरालाई “नराम्रो” मान्ने संस्कृति छ?

**परिचय:**
येशूले कसरी प्रार्थना गर्ने भन्नेबारे आफ्नो निर्देशन समाप्त गर्नुहुँदा चेलाहरूले माग्न सक्ने सबैभन्दा उत्तम कुरा पवित्र आत्माको भरिपूरी हो भनेर बताउनुभयो। त्यसपछि, पवित्र आत्माको महत्त्व देखाउन येशूले अन्धो र लाटो एक जना व्यक्तिबाट दुष्टात्मा निकाल्नुभयो। त्यतिबेला फरिसीहरूले उहाँलाई दुष्टात्माहरूका शासक बालजिबुलद्वारा चमत्कार गरेको आरोप लगाए। येशूले तिनीहरूको आरोपको जवाफ दिनुहुँदा शास्त्रीहरू र फरिसीहरूको विरोधको नियमित आगोको आँधी सुरु हुन्छ जुन छ महिनापछि उहाँको क्रूसमा टाँगिनुअघिसम्म बलिरह्यो।

येशूले चेलाहरूलाई जे सिकाउने तयारी गरिरहनुभएको थियो, त्यो अझ राम्ररी बुझ्नको लागि, पाठसम्म तथा उहाँको विरोध गर्ने व्यक्तिहरूसम्म पुऱ्याउने घटनाहरूका पृष्ठभूमीय जानकारी विकास गर्नु उपयोगी हुनेछ।

इस्राएलका तीन प्रमुख समूहहरूले येशूको विरोध गरे: शास्त्रीहरू, सदूकीहरू र फरिसीहरू। आउनुहोस्, प्रत्येक समूहलाई छोटकरीमा हेरौं:

**शास्त्रीहरू** मोशाको व्यवस्थामा निपुण व्यक्तिहरूको समूह थिए। धर्मशास्त्रले कहिलेकाहीं तिनीहरूलाई "वकिलहरू" को रूपमा उल्लेख गर्दछ किनकि उनीहरूका प्राथमिक कार्यहरू थिए: १) कानूनको सैद्धान्तिक विकास, २) कानूनका शिक्षकहरू र ३) कानूनविदहरू वा न्यायाधीशहरू जसले कानूनअनुसार सजायहरू पारित गर्दथे। येशूको पालामा तिनीहरूले आफ्ना विद्यार्थीहरूलाई व्यवस्था सिकाउने तरिकाको कारण तिनीहरूलाई तानैम (पुनरावर्तक) भनिन्थ्यो। तिनीहरूले आफ्ना विद्यार्थीहरूलाई मौखिक रूपमा दोहोऱ्याउन नसकुन्जेलसम्म पटक-पटक दोहोऱ्याउन लगाउँथे। थुप्रै शास्त्रीहरू इस्राएलको प्रशासनिक निकाय, महासभाका सदस्यहरू थिए र अधिकांशले फरिसीहरूलाई शतप्रतिशत समर्थन गरे। शास्त्रीहरूको तानैम काल ईसापूर्व ३०० देखि सन् २२० सम्म पाँच सय वर्षभन्दा बढी टिकेको थियो।

**सदूकीहरू** इस्राएलमा ईसापूर्व दोस्रो शताब्दीमा मकाबीहरूको शासनकालमा सुरु भएको एउटा धार्मिक दल थियो। नाउँको मूल अर्थ "धर्मी" हो। सदूकीहरू संख्यामा थोरै मात्र थिए तर मुख्यतया एक कुलीन वर्गमिलेर बनेका थिए जसले आफूलाई पूजाहारीहरूसित जोडेका थिए। तिनीहरूले मानिसको **स्वतन्त्र इच्छालाई** बढावा दिन थाले भने फरिसीहरूले मानिसको **पूर्वनिर्धारणलाई** जोड दिए। उनीहरूको प्रभाव

राजनीतिमार्फत आएको थियो। सन् ७० मा यरूशलेमको मन्दिर भत्काइएको केही समयपछि सदुकीहरूका दल मासियो भयो।

**फरिसीहरू** पनि एक धार्मिक दल थिए जुन इस्राएलमा ईसापूर्व दोस्रो शताब्दीमा मकाबीहरूको शासनकालमा देखिएका थियो। नाम को मूल अर्थ हो, "अलग्गिएको"। यस शब्दले ती मानिसहरूलाई संकेत गर्दथ्यो जसले आफूलाई "साधारण" मानिसहरू**बाट** अलग्गै राख्छन् र मोशाको व्यवस्था**मा** समर्पित गर्छन्। येशूको समयमा फरिसीहरूको सङ्ख्या लगभग ६,००० थियो र मानिसहरूले तिनीहरूलाई उच्च आदर गर्थे। जबकि सदूकीहरूको शक्ति र प्रभाव राजनीतिक पृष्ठभूमिबाट आयो भने, फरिसीहरूले उनीहरूको धर्मबाट ती प्राप्त गरे। यद्यपि यो दल अहिले अस्तित्वमा छैन, तर हामी आजका अति-रूढ़िवादी यहूदीहरूलाई तिनीहरूसँग घनिष्ठ सम्बन्ध भएको मान्न सक्छौं।

फरिसीहरूको यहूदीहरूमाझ धेरै मानिसहरूले सोचेजस्तो शानदार अभिलेख थिएन। यद्यपि तिनीहरूले आफ्नो लागि उच्च नैतिक स्तर तयार गरे तापनि सबैले यसलाई पालन गरेनन्। यरूशलेम र बेबिलोनी तल्मूदहरूका अनुसार त्यहाँ आठ प्रकारका फरिसीहरू थिए:[126]

१. **काँधको** फरिसी, जसले अहंकारसाथ आफ्नो असल कामहरू आफ्नो काँधमा बोक्दछ ताकि सबैले ती देख्न सकून्।
२. **एक-क्षण-पख** फरिसी, जसले तपाईंलाई उसको मित्जवा (राम्रो काम) नदेखाउन्जेल पर्खाउँछ।
३. **घाइते** फरिसी, स्त्रीसँग आँखा नजुदोस् भन्दै भुइँतिर हेरेर हिँड्छ र भित्तामा ठोक्किन्छ।
४. **गणना गर्ने** फरिसी जसले एउटा पापको बदलामा एउटा असल काम गरेर त्यसलाई सन्तुलनमा राख्छ।
५. **पिसिएको** फरिसी, जसको शिर सधैं झूटो नम्रतामा झुकेको छ, ठीक त्यसरीनै जसरी सिलौटामा मसला पिस्न तयार पारिन्छ।
६. यसरी सोध्ने फरिसी, "**मेरो कर्तव्य के हो ताकि म यो गर्न सकूँ**" मानौं उसले आफ्ना सबै जिम्मेवारीहरू पहिले नै पूरा गरिसकेको छ।
७. **अनाज्ञाकारीताको परिणामदेखि डराउने** फरिसी
८. **प्रेम** कारणले प्रेरित फरिसी - या त आज्ञाहरू पालन परमेश्वरले इनाम दिने प्रतिज्ञालाई प्रेम गर्ने या तोरालाई[127] प्रेम गर्ने (चाहे जे पनि होस्, यो फरिसीलाई असल फरिसी मानिन्छ)।

फरिसीहरूले येशूलाई बालजिबूलद्वारा दुष्टात्माहरू निकालिदिएको आरोप लगाएपछि पाठसम्म पुऱ्याउने घटना क्रम सुरु भए। त्यसपछि येशूले आफ्ना विरोधहरूका पाखण्डिपनालाई सृङ्खलाबद्ध

[126] स्टर्न, यहूदी नयाँ नियम टिप्पणी (१९९२) पृष्ठ ६९-७०१

[127] तोरा शब्दको अर्थ सिकाउनु हो र यसले हामी व्यवस्था, पन्चग्रन्थ वा बाइबलका सुरुका पाँच वटा पुस्तकहरूलाई बुझाउँछ।

प्रतिक्रियाहरूद्वारा प्रर्दाफास गर्नुभयो।[128] तिनीहरूले आफूलाई भक्तालु मानिस भएको दाबी गरे तर तिनीहरूको बोली र काम फरक साबित भयो।

येशूको पहिलो प्रतिक्रियाले निन्दा गर्ने वा पवित्र आत्माको विरुद्धमा बोल्ने, अक्षम्य पाप के हो भनी स्पष्ट पाऱ्यो। मूलतः यस पापमा असल कुरालाई खराब र खराबलाई असल भनी दाबी गर्ने कुरा हो। यसलाई यशैया ५:२० मा प्रत्यक्ष उल्लेख गरिएको छ, *"धिक्कार ती मानिसहरूलाई जसले खराबलाई असल र असललाई नराम्रो भन्छन्; जसले अन्धकारलाई उज्यालो र उज्यालोलाई अन्धकारको सट्टामा प्रतिस्थापन गर्छन्। जसले तीतोलाई मीठो र मीठोलाई तीतोको सट्टामा बदल्छन्!"*

बाइबलीय मानसिकताबाट हेर्दा "असल कुरालाई दुष्टताको संज्ञा दिनु भनेको हाम्रो आधुनिक समाजले ठान्नेभन्दा निक्कै गम्भीर छ। त्यसैले यसलाई ठूलो महत्त्वसाथ हेरिन्छ। धर्मशास्त्रअनुसार साँचो अर्थमा असल एक जना मात्र हुनुहुन्छ अर्थात् परमेश्वर मात्र। येशूले धनी जवान शासकसित कुराकानी गर्दा यो कुरा उल्लेख गर्नुभयो। उहाँकहाँ आएर एक जनाले भने, *“हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?” उहाँले तिनलाई भन्नुभयो, “असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर”* (मत्ती १९:१६-१७)।

त्यसैले जब फरिसीहरूले येशूलाई बालजिबूल दुष्टात्मा निकालेको आरोप लगाए (यो असल कुरा जुन परमेश्वरको शक्तिले मात्र गर्न सकिन्थ्यो) तब तिनीहरूले वास्तवमा यो भनेका थिए, "पवित्र आत्मा दुष्ट हुनुहुन्छ र बालजिबूल असल हुनुहुन्छ।" यसबाट येशूलाई उहाँका विरोधीहरू परमेश्वरका होइनन् भन्ने कुरा स्पष्ट भयो। यदि तिनीहरू परमेश्वरका हुन्थे भने, तिनीहरूले पवित्र आत्माको विरुद्धमा बोल्न सक्ने थिएनन् किनभने आफ्नै विरुद्धमा विभाजित घर टिक्न सक्दैनथ्यो। येशूले अर्को परिचित टुक्कालाई उद्धृत गर्दै त्यही कुरा बताउनुभयो। जस्तै फलद्वारा नै रूख चिनिन्छ।

येशूले भन्नुभयो कि फरिसीहरू सर्पहरू थिए। यसद्वारा उहाँले धेरै कुराहरू सङ्केत गरिरहनुभएको थियो:

- तिनीहरूका पिता शैतान थिए, जुन प्राचीन सर्प थियो।
- तिनीहरू शैतानका सन्तानहरू थिए र तिनीहरू पनि शैतानजस्तै झूटा र धोकेबाजहरू थिए।[129]
- अनि तिनीहरू सर्पहरू मात्र थिएनन्, तर गोमन पनि थिए, जो घातक सर्पहरू हुन्। यसैले तिनीहरूले झूट र छलद्वारा मानिसहरूको विनाश गर्छन्।
- शैतान परमेश्वरको विरुद्धमा घमन्डले भरिएको थियो र तिनीहरू पनि थिए।
- शैतानले परमेश्वरको निन्दा गऱ्यो र तिनीहरूले पनि त्यसै गरे।

[128] पाखण्डिपनाको विषयमा थप जानकारीको लागि यस चेलापन शृङ्खलाको पाठ ११ हेर्नुहोस्।

[129] **यूहन्ना** ८:४४-*तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।*

- तिनीहरू शैतानका सन्तान भएकोले तिनीहरू पनि दुष्ट छन्।
- अनि तिनीहरू दुष्ट भएकोले तिनीहरूले कसरी असल कुराहरू बोल्न[130] सक्छन्।

त्यसपछि, फरिसीहरूले येशूलाई तिनीहरूलाई एउटा चिन्ह देखाउन आग्रह गरे र उहाँले भर्खरै एउटा ठूलो चमत्कार गर्नुभएको थियो भन्ने तथ्यलाई पूर्णतया बेवास्ता गरे। जस्तै दुष्टात्मालाई बाहिर निकाल्नु र व्यक्तिको दृष्टि र बोलीलाई पुनर्स्थापित गर्नुभएको चमत्कार। येशूले तिनीहरूको आग्रह अस्वीकार गर्नुभयो, तिनीहरूलाई दुष्ट र व्यभिचारी पुस्ता भन्नुभयो र तिनीहरूलाई भन्नुभयो कि त्यतिबेला दिइने एक मात्र चिन्ह योनाको चिन्ह थियो।

त्यसपछि एक जना फरिसीले येशूलाई खान निम्तो दिए। त्यससित बसेर खाना खाँदै गर्दा येशूले फरिसी र शास्त्रीहरूलाई तीनवटा धिक्कार सुनाउनुभयो। धेरै ख्रीष्टियनहरू सोच्छन् कि येशूले धिक्कारका शब्दहरू बोल्नुहुँदा उहाँले शास्त्रीहरू र फरिसीहरूलाई निन्दा गरिरहनुभएको थियो, तर उहाँले त्यसो गरिरहनुभएको थिएन। "धिक्कार" भन्ने शब्दको अर्थ विलाप वा दुःख पनि हुन्छ। त्यसैले येशूले तिनीहरूको कामले गर्दा दुःख आउनेछन् भनेर मात्र भनिरहनुभएको थियो।

**बाइबल पठन:**

**लूका ११:३७–१२:३**

**फरिसीहरूलाई धिक्कार**

**लूका ११:३७-४४**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

येशू बोलिसक्नुभएपछि एक जना फरिसीले उहाँलाई भोजनमा निम्तो गरे। उहाँ घरभित्र पसेर खान बस्नुभयो। तर खान अघि उहाँले हात नधुनुभएको देखेर ती फरिसी छक्क परे। तर प्रभुले तिनलाई भन्नुभयो, "तिमी फरिसीहरू कचौरा र थालको बाहिरपट्टि त माभ्दछौ, तर तिमीहरूको भित्रचाहिँ लूट र दुष्टताले भरिएको हुन्छ। मूर्ख मानिस हो, जसले बाहिरको भाग बनायो, त्यसले नै भित्रको पनि बनाएको होइन र? तर भित्रका थोक दान स्वरूप देओ, र तिम्रो निम्ति सबै कुरा शुद्ध हुनेछ। "तर तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू पुदीना, आरूद र हरेक जडीबुटीको दशांश दिन्छौ, तर न्याय र परमेश्वरका प्रेमको उपेक्षा गर्दछौ। तर अरू कामको पनि उपेक्षा नगरी यी काम पनि तिमीहरूले गर्नुपर्नेथियो। "तिमी फरिसीहरूलाई धिक्कार! किनकि तिमीहरू सभाघरहरूमा मुख्यमुख्य आसन र बजारहरूमा अभिवादन लिन रुचाउँछौ। "तिमीहरूलाई धिक्कार! किनकि तिमीहरू ती **चिहानहरू जस्ता छौ, जो देखिँदैनन्**[131], अनि चालै नपाई मानिसहरू तीमाथि हिँड्छन्।"

---

[130] यसको समानान्तर अमेरिकी भारतीयहरूको संस्कृतिमा पाउन सकिन्छ। कुनै व्यक्तिले झूट बोल्दा तिनीहरूले यसलाई "काँटेको जिब्रोले बोल्नु" भनी वर्णन गरे। यो सङ्केत सर्पले जिब्रो काटेको तथ्यबाट लिइएको हो।

[131] लुकेका चिहानहरू। चिहानको सम्पर्कमा आएका यहूदीहरू सात दिनसम्म अशुद्ध भए (गन्ती १९:१६)। येशूले फरिसीहरूलाई लुकेका चिहानहरूसित तुलना गर्नुभयो र तिनीहरूले मानिसहरूलाई अशुद्ध तुल्याएको सङ्केत गर्नुभयो।

## धिक्कार छ शास्त्रीहरूलाई
## लूका ११:४५-५४

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

व्यवस्थाका पण्डितहरूमध्ये एक जनाले उहाँलाई भने, "गुरुज्यू, यी कुरा गरेर तपाईंले त हाम्रो पनि बेइज्जत गर्नुहुन्छ।" उहाँले भन्नुभयो, "तिमी व्यवस्थाका पण्डितहरूलाई पनि धिक्कार! किनकि बोक्न नसक्ने भारी मानिसहरूमाथि तिमीहरू लाद्दछौ, तर तिमीहरू आफैचाहिँ एक औँलाले पनि ती भारीहरू छुँदैनौ। "तिमीहरूलाई धिक्कार! किनकि तिमीहरूका पुर्खाहरूले मारेका अगमवक्ताहरूका चिहान तिमीहरू बनाउँछौ। यसरी तिमीहरू आफ्ना पुर्खाहरूका काममा साक्षी छौ, र तिनीहरूसँग सहमत हुन्छौ, किनकि तिनीहरूले उनीहरूको हत्या गरे, र तिमीहरूचाहिँ उनीहरूका चिहान बनाउँछौ। 49यसैले परमेश्वरको बुद्धिले पनि भन्दछ, 'म तिनीहरूकहाँ अगमवक्ताहरू र प्रेरितहरू पठाउनेछु। उनीहरूमध्ये कसैलाई तिनीहरूले मार्नेछन् र कसैलाई सताउनेछन्। संसारको सुरुदेखि सबै अगमवक्ताहरूका रक्तपातको लेखा यस पुस्तासँग लिइनेछ। हो, म तिमीहरूलाई भन्दछु, हाबिलको रगतदेखि लिएर, वेदी र मन्दिरको पवित्र-स्थानको माझमा मारिएका जकरियासम्मका रगतको लेखा यस पुस्तासँग लिइनेछ। "तिमी व्यवस्थाका **पण्डितहरूलाई**[132] धिक्कार! किनकि तिमीहरूले ज्ञानको साँचो लिन त लियौ, तर तिमीहरू आफै पनि भित्र प्रवेश गरेनौ, अनि अरू पस्नेहरूलाई पनि रोक्यौ।" जब उहाँ त्यहाँबाट निस्कनुभयो, तब शास्त्रीहरू र फरिसीहरूले उहाँको घोर विरोध गर्दै धेरै विषयहरूमा उहाँलाई प्रश्न गर्न थाले, र उहाँको मुखबाट निस्केका कुरामा उहाँलाई पक्रने दाउमा बसे।

## येशूले आफ्ना चेलाहरूलाई सिकाउनुहुन्छ
## लूका १२:१-३

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

यसै बीच जब हजारौँको भीड जम्मा भयो, यहाँसम्म कि एउटाले अर्कालाई कुल्चन लाग्यो, उहाँले पहिले आफ्ना चेलाहरूलाई भन्न लाग्नुभयो, **"तिमीहरू फरिसीहरूको खमिरदेखि होशियार बस।** त्यो खमिर तिनीहरूको कपट आचरण हो। छोपिएको यस्तो कुनै कुरा छैन, जो प्रकट हुनेछैन, र छिपेको कुनै कुरा छैन, जो थाहा लाग्नेछैन। यसकारण जे तिमीहरूले अँध्यारोमा भनेका छौ, त्यो उज्यालोमा सुनिनेछ। गुप्त कोठामा भनेका कुरा घरको धुरीबाट प्रचार हुनेछ।

**आज्ञा:**

- ❖ फरिसीहरूको खमिरदेखि होशियार बस।

**पाठ सार:**

शास्त्री र फरिसीहरूलाई हप्काएको केही समयपछि येशूले चेलाहरूलाई सिकाउने आफ्नो कर्तव्य फेरि सुरु गर्नुभयो। येशूले यो आज्ञाद्वारा पाठ सुरु गर्नुभयो, *"फरिसीहरूको खमिरबाट होशियार रहो, जुन कपट हो।"*

---

[132] **पण्डितहरू:** शास्त्रीहरू बुझाउने अर्को शब्द

पहिलेको विवरणमा येशूले चेलाहरूलाई फरिसीहरू र सदुकीहरूका शिक्षाहरूबारे चेताउनी दिनुभएको थियो।[133] त्यतिबेला परमेश्वरको वचनभन्दा माथि मानिसहरूका **परम्पराहरू** राख्नुसित त्यो सम्बन्धित थियो। *तर तिनीहरूले व्यर्थमा मेरो उपासना गर्छन् र मानिसहरूका आज्ञाहरूलाई शिक्षाको रूपमा सिकाउँदछन्। परमेश्वरको आज्ञालाई बेवास्ता गर्दै तिमीहरू मानिसहरूको परम्परालाई पछ्याउँछौं।* यस पटक उहाँले तिनीहरूका **पाखण्डीपनको** मुद्दालाई सम्बोधन गर्नुहुन्छ।

फरिसीहरूसित धर्मशास्त्र थियो र त्यसैद्वारा तिनीहरूले जीवन यापन गरे तापनि तिनीहरू परमेश्वरको आत्माबाट **वञ्चित** थिए। येशूले यो कुरा तिनीहरूले बोलेका शब्दहरूद्वारा थाह पाउनुभयो। फरिसीहरूले उहाँलाई परमेश्वरबाट आएको भनेर चिनेनन् वा उहाँले गर्नुभएका आश्चर्यकर्महरू स्वीकारेनन् र यहाँसम्म कि पवित्र आत्माको निन्दा समेत गरे। एकपल्ट त येशूले फरिसीहरूलाई यसो पनि भन्नुभयो: *"तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ* (यूहन्ना ५:३९-४०)। *येशूले तिनीहरूलाई भन्नुभयो,* ***" परमेश्वर तिमीहरूका पिता हुनुहुँदो हो*** *त तिमीहरूले मलाई प्रेम गर्नेथियौ, किनभने म परमेश्वरबाट निस्किआएँ। म आफ्नै इच्छाले आएको होइनँ, तर उहाँले मलाई पठाउनुभयो। मैले भनेको तिमीहरू किन बुझ्दैनौ? किनभने तिमीहरूले मेरो वचन सुन्न सक्दैनौ। तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो। म सत्य बोल्दछु, तर तिमीहरू मलाई विश्वास गर्दैनौ। तिमीहरूमध्ये कसले मलाई पापको दोष लाउन सक्छ? यदि म सत्य बोल्दछु भने, किन तिमीहरू ममाथि विश्वास गर्दैनौ?* ***जो परमेश्वरको हो, त्यसले परमेश्वरका वाणी सुन्दछ। तिमीहरू परमेश्वरका होइनौ, यसैकारण तिमीहरू सुन्दैनौ"*** (यूहन्ना ८:४२-४५)।

येशूले बुझ्नुभयो कि **फरिसीहरूले पवित्र आत्माको शक्तिबिनाको धर्मको कुनै एउटा पक्षालाई मात्र अभ्यास गरिरहेका थिए।** बाहिरबाट तिनीहरू धर्मी देखिन्थे तर भित्री रूपमा तिनीहरू धर्मी थिएनन्। त्यसैले उहाँले चेलाहरूलाई यस्ता मानिसहरूको पछि लाग्न र तिनीहरूका शिक्षाहरूमा ध्यान नदिन चेताउनी दिनुभयो। यसको कारण के हो भने मानिसहरूलाई जे सिकाइन्छ, त्यस कुराले उनीहरूलाई जीवनभर असर गर्छ। जसरी खमीर मिसाइएको पीठो पूरै खमीर हुन्छ, त्यसरी नै जे शिक्षा सिकाइन्छ, त्यो पनि पूरै फैलिन्छ।

धार्मिकताको विषयमा सिकाउने तर पवित्र आत्माबाट बञ्चित भएका यस्ता मानिसहरूबारे येशूले दिनुभएको निर्देशनलाई हामी ख्रीष्टियनहरूले ध्यान दिनु अत्यावश्यक छ। धेरैका लागि यो कल्पना गर्न गाह्रो छ कि यस प्रकारका मानिसहरूले वास्तवमा मण्डलीभित्र अधिकारका स्थानहरू धारण गर्छन्। तर हामी छक्क पर्नु हुँदैन। प्रेरित पावलले भनेका कुराहरू सुन्नुहोस्। *तर यो कुरा बुझ कि अन्तिम दिनमा कठिन समय आउनेछ। किनभने मानिसहरू आफैलाई प्रेम गर्नेहरू, पैसाका प्रेमीहरू, घमण्डी, अहंकारी, निन्दा*

---

[133] पाठ २७

*गर्नेहरू, आमाबाबुप्रति अनाज्ञाकारी, अकृतज्ञ, अपवित्र, प्रेमहीन, असहयोगी, दुर्भावनापूर्ण गफहरू, आत्म-संयम बिनाका, क्रूर, असललाई घृणा गर्नेहरू, विश्वासघाती, लापरवाह, ढीट, परमेश्वरलाई भन्दा आनन्दलाई प्रेम गर्नेहरू हुनेछन्,* ***भक्तालु देखिए तापनि,*** *तिनीहरूले* ***परमेश्वरको शक्तिलाई इन्कार गरेका छन्;*** *यस्ता मानिसबाट टाढै बस* (२ तिमोथी ३:१-५)।

तिनीहरूलाई छोड्नुअघि पावलले एफिसीहरूलाई पनि यही विषयमा चेताउनी दिए। *किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें* (प्रेरित २०:२९-३१)। अनि यदि त्यो पर्याप्त छैन भने, हाम्रा प्रभु येशू ख्रीष्टका भाइ यहूदाले त्यस विषयमा एउटा पूरा पुस्तक समर्पित गरे।

येशूले पाखण्डिको विषयलाई दुइटा गम्भीर कथनहरूद्धारा टुङ्ग्याउनुहुन्छ। *कुनै कुरा लुकाएर राख्न सकिँदैन जो प्रकट हुँदैन, अनि कुनै कुरा गुप्तमा रहँदैन जो थाहा लाग्दैन वा प्रकाशमा आउँदैन। त्यसरीनै अध्याँरोमा जे सुन्छौ, त्यो उज्यालोमा सुनाइनेछ र गुप्तमा तिमीहरूले जे कानेखुशी गऱ्यौं त्यो घरको टुप्पाबाट घोषणा गरिनेछ।* पाण्डीपना परमेश्वरबाट लुकाउन सकिँदैन।

**समूह छलफल:**

१. एक जना ख्रीष्टियन कसरी पाखण्डीपनाको दोषी हुन सक्छन्?
२. एक जना ख्रीष्टियनले पवित्र आत्माको विरुद्धमा बोल्न सक्छ भन्ने तपाईंलाई लाग्छ?
३. किन वा किन होइन?

**पाठ सार:**

कुनै पनि विचारहरूका जाँच गर्नुहोस्।

**प्रयोग:**

१ यूहन्ना ३:२३ - ४:७ मा मनन गर्नुहोस्

*अनि उहाँको आज्ञा यही हो, कि* ***हामीले उहाँका पुत्र येशू ख्रीष्टको नाउँमा विश्वास गर्नुपर्छ,*** *र उहाँले हामीलाई आज्ञा दिनुभएबमोजिम हामीले* ***एक अर्कोलाई प्रेम गर्नुपर्छ।*** *उहाँका आज्ञा पालन गर्नेहरू सबै उहाँमा रहन्छन्, र उहाँ तिनीहरूमा रहनुहुन्छ। उहाँले हामीलाई दिनुभएको पवित्र आत्माद्वारा हामी जान्दछौं, कि उहाँ हामीमा वास गर्नुहुन्छ। प्रिय हो,* ***जुनसुकै आत्मालाई विश्वास नगर,*** *तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर। किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्केका छन्।* ***यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौ कि हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्छ, सो परमेश्वरबाट हो।*** *येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा "त्यो आउँछ" भन्ने तिमीहरूले*

*सुनेका छौ। अब त्यो यस संसारमा आइसकेको छ। मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ। किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ। तिनीहरू संसारका हुन्, यसकारण तिनीहरू संसारकै कुरा गर्छन्, र संसारले तिनीहरूका कुरा सुन्छ। हामी त परमेश्वरका हौं।* ***जसले परमेश्वरलाई चिन्छ उसले हाम्रो कुरा सुन्छ,*** *र जो परमेश्वरको होइन, त्यसले हाम्रो कुरा सुन्दैन।* ***यसैबाट हामी सत्यको आत्मा र भ्रमको आत्मालाई चिन्छौं। प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं।***

*पाठ ३७*

# डरबाट मुक्ति

**समूह चिनजान**

तपाईं के कस्ता कुराहरूसँग डराउनुहुन्छ? उल्लेख गर्नुहोस्।

**परिचयः**

येशूले चेलाहरूलाई फरिसीहरूको शिक्षाबाट होसियार रहन भनिसक्नुभएको छ, जुन कपट हो। तिनीहरूले पवित्र आत्माको निन्दा गर्दा उहाँले तिनीहरूको कपटलाई बुझ्नुभएको थियो। फरिसीहरू बाहिरबाट धर्मी देखिए तापनि वास्तवमा तिनीहरू पवित्र आत्माबाट विहीन थिए। तिनीहरूले आफ्नो दुष्ट, पश्चात्ताप नगर्ने र अविश्वासी हृदयलाई धर्मको मुखौटापछाडि लुकाइरहेका थिए। येशूले भन्नुभयो कि मानिसले **लुकाउन खोज्ने** हरेक कुरा प्रकट हुन्छ, चाहे कपट होस् वा अरू कुनै कुरा। अनि त्यसमा उहाँले यो पनि थप्नु भयो कि कुनै पनि व्यक्तिले कुनै पनि समय भनेका सबै कुराहरू, चाहे गोप्य रूपले होस् वा हृदयमा **बोलेका कुराहरू** पनि प्रकट हुनेछन्।

**समूह छलफलः**

१. मानिसहरूले आफूले गरेका वा भनेका कुराहरू किन लुकाउन खोज्छन्?
२. तपाईंले अरूबाट लुकाउन खोजेका कुराहरू गर्नुभएको छ वा अहिले पनि गरिरहनुभएको छ?
३. तपाईंले अरूलाई गोप्य रूपमा वा आफ्नो हृदयमा कस्ता नराम्रा वा अपमानजनक कुराहरू भन्नुभएको छ?
४. केही मिनेट लिनुहोस् र सूची संकलन गर्नुहोस्।
५. त्यसपछि आफ्नो सूची लिनुहोस् र प्रभु येशू ख्रीष्टलाई सार्वजनिक रूपमा स्वीकार गर्नुहोस्। किनभने यो लेखिएको छ, *"यदि हामीले हाम्रा पापहरू स्वीकार गऱ्यौं भने, उहाँले हाम्रा पापहरू क्षमा गर्नुहुनेछ र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुनेछ। यदि हामी भन्छौं कि हामीले पाप गरेका छैनौं भने, हामी उहाँलाई झूटो बनाउँछौं र उहाँको वचन हामीमा छैन"* (१ यूहन्ना १:९-१०)।

**बाइबल पठन**

**डरबाट मुक्ति**
**लूका १२:४-१२**

*बाइबलबाट परमेश्वरको सन्देशः "मेरो पछि लाग"*

"मेरा मित्र हो, म तिमीहरूलाई भन्दछु, तिनीहरूदेखि **नडराओ जसले शरीरलाई मार्दछन्**, तर त्यसपछि अरू केही गर्न सक्दैनन्। तर कोदेखि डराउनुपर्छ, म तिमीहरूलाई चेताउनी दिनेछुः **तिनैसँग डराउनुपर्दछ जससँग शरीरलाई मारेपछि नरकमा फालिदिने शक्ति छ।** म तिमीहरूलाई भन्दछु, तिनीदेखि नै डराओ। के

दुई पैसामा पाँच वटा भँगेरा बिक्दैनन्? तीमध्ये एउटालाई पनि परमेश्‍वरले बिर्सनुहुन्‍न। तर तिमीहरूका त शिरका केशसमेत गनिएका छन्। **यसकारण नडराओ**, तिमीहरू धेरै भँगेराभन्दा बढ़ी मोलका छौ। “म तिमीहरूलाई भन्दछु, हरेक जसले मलाई मानिसहरूका सामुन्‍ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्‍वरका दूतहरूका सामुन्‍ने स्वीकार गर्नेछ। तर जसले मलाई मानिसहरूका सामुन्‍ने अस्वीकार गर्दछ, परमेश्‍वरका दूतहरूका सामुन्‍ने त्यो पनि अस्वीकृत हुनेछ। हरेक जसले मानिसको पुत्रको विरुद्धमा बोल्छ, त्यसलाई क्षमा हुनेछ, तर जसले पवित्र आत्माको विरुद्धमा **निन्दा गर्दछ**[134], त्यसलाई क्षमा हुनेछैन। “जब तिनीहरूले तिमीहरूलाई सभाघरहरू, शासकहरू र अधिकारीहरूका सामु ल्याउँछन्, तब तिमीहरूले कसरी र के जवाफ दिने, अथवा के भन्‍नुपर्ने, सो फिक्री नगर, किनभने त्यसै बेला तिमीहरूले के भन्‍नुपर्ने हो पवित्र आत्माले तिमीहरूलाई सिकाउनुहुनेछ।”

**आज्ञाहरू:**

- शरीर मार्नेसँग नडराओ।
- तर ऊसँग डराओ जसले मारेको छ, उसले नरकमा पठाउने अख्तियार पनि बोकेको छ।
- हो, म भन्दछु कि ऊसँग डराओ।
- भयभीत नबन।
- तिमीहरूले कसरी र के जवाफ दिने, अथवा के भन्‍नुपर्ने, सो फिक्री नगर।

**पाठ:**

जब येशूले चेलाहरूलाई भन्‍नुभयो कि एक व्यक्तिले भनेको वा गरेको सबै कुरा प्रकट हुनेछ, त्यो एकदमै डरलाग्दो कुरा थियो। किनकि को पापरहित छ र आफ्नो जीवनको कुनै न कुनै पक्षको लागि लज्जित छैन? सौभाग्यवश, त्यतिबेला र अहिलेका सबै चेलाहरूलाई[135] येशूले आफ्ना मीत्रहरू भनी सम्बोधन गरेर यो पाठ सुरु गर्नुभयो। यो तिनीहरूका लागि एउटा शक्तिशाली र आश्वासनदायी सन्देश हो। किनभने जब कुनै व्यक्तिले स्वेच्छाले अर्कासित मित्रको रूपमा सम्बन्ध गाँस्छ, तब उसले आफ्नो मित्रको भलाइको रेखदेख गर्न आफूलाई कटिबद्ध बनाएको हुन्छ। अनि जीवित परमेश्वरका पुत्र येशूको लागि, तपाईंलाई मित्र भन्‍नु वास्तवमा एउटा उत्तम आशिष् हो।

---

[134] **निन्दा गर्दछ:** *(स्ट्रॉन्गस नं. ९८८ – निन्दा): सहीलाई गलतको लागि (गलतलाई सही) को लागि गरिने "परिवर्तन", अर्थात् परमेश्वरले अस्वीकार गर्नुभएको कुरालाई "सही" भनिन्छ, जसले "झूटको लागि परमेश्वरको सत्यलाई आदानप्रदान गर्दछ" (रोमी १:२५) (यशैया ५:२० - "तिमीहरू जसले दुष्टलाई असल र असललाई नराम्रो भन्छौ, जसले अन्धकारलाई उज्यालोको सट्टामा र ज्योतिलाई अन्धकारको सट्टामा प्रकाश राख्छौ"। शाब्दिक रूपमा, ढिलो (सुस्त) राम्रोलाई नराम्रो भन्न र नराम्रोलाई राम्रो भन्न - र वास्तवमा खराब के हो भनेर पहिचान गर्न ढिलो (जुन वास्तवमा खराब छ) छौ। (थायरको ग्रीक शब्दकोशमा (βλασφημία: दुर्वचन र निन्दा ) : क. विश्वव्यापी रूपमा, निन्दा, अवहेलना, अर्काको राम्रो नाउँको लागि हानिकारक बोली। ("अक्षम्य पाप" वा "पवित्र आत्माको निन्दा" र "क्षमायोग्य निन्दा" बीचको भिन्नतालाई बुझ्दा "अक्षम्य निन्दा" ले असललाई खराब र नराम्रोलाई असल भनिरहेको छ ("असल मात्र छ - (परमेश्वर एक्लै)" मत्ती १९:१७ र "जसले पवित्र आत्माको विरुद्धमा बोल्छ उसले क्षमा पाउनेछैन" (मत्ती १२:३२)। जबकि "क्षमायोग्य निन्दा" कुनै कुरालाई असल वा नराम्रो भन्न ढिलो भइरहेको छ (जस्तै मत्ती १२:३१, "मानिसहरूले हरेक पाप र निन्दाको लागि क्षमा पाउनेछन्" (मर्कूस ३:२८-२९, लूका १२:१०)।*

[135] चेला त्यो हो जसले आफ्नो गुरुबाट सिक्छ र त्यसपछि आफूले दिएको आज्ञा पालन गर्छ। "यदि तिमीहरूले मेरो आज्ञा पालन गर्यौ भने तिमीहरू मेरा मित्रहरू हौ।" (यूहन्ना १५:१४)

**समूह छलफल**

- साँचो मीत्रका केही गुणहरू के कस्ता हुन्छन्? भन्नुहोस्।

**पाठ जारी:**

येशूलाई थाहा छ कि उहाँका चेलाहरूले सतावट र मृत्युको सामना गर्नेछन् किनभने तिनीहरूले सन्देश सुनाउनेछन्। त्यसैले उहाँले तिनीहरूलाई यस घटनाको लागि तयार पार्नुहुन्छ। मृत्यु मानिसको स्वाभाविक डर भएकोले येशूले चेलाहरूलाई केही सत्यता प्रस्तुत गर्न यसको प्रयोग गर्नुभयो। पहिलो, उहाँले तिनीहरूलाई आज्ञा दिनुहुन्छ कि मानिसहरू, तिनीहरूका शत्रुहरूसित पनि नडराओ, किनकि तिनीहरूको अधिकार र शक्ति शरीरको हत्यामा मात्र सीमित छ। बरु तिनीहरूले **परमेश्वरको मात्र डर मान्नु पर्छ**, किनकि उहाँसँग शरीरलाई मार्ने र नरकमा फ्याँक्ने अधिकार र शक्ति दुवै छ।[136]

यसपछि येशूले चेलाहरूलाई नडराउनू भनेर आश्वस्त पार्नुभयो किनभने तिनीहरू परमेश्वरका लागि धैरै मूल्यवान् छन् । तिनीहरू डराउनु नपर्ने दुइटा कारण उहाँले तिनीहरूलाई दिनुहुन्छ। १) तिनीहरूले उहाँमा विश्वास गरेका र उहाँलाई स्वीकारेका छन्, २) तिनीहरूले पवित्र आत्माको निन्दा गरेका छैनन्। चेलाहरूका लागि यो आश्वासन भए तापनि उहाँको अनुसरण नगर्ने अरूलाई यसले भयभीत तुल्याउँछ।

मानिसहरूले किन परमेश्वरको डर मान्नुपर्छ भनेर येशूले भन्नुभएको कुरा सुन्नुहोस्:

१. *म तिमीहरूलाई भन्दछु, "जसले मलाई मानिसहरूको सामुन्ने **स्वीकार गर्दछ,** मानिसको पुत्रले उसलाई परमेश्वरका स्वर्गदूतहरूको सामुन्ने पनि **स्वीकार गर्नेछ।** तर जसले मानिसहरूसामु मलाई **इन्कार गर्छ,** ऊ परमेश्वरका स्वर्गदूतहरूका सामु **इन्कार गरिनेछ।** प्रेरित पावलले तिमोथीलाई लेखेको आफ्नो दोस्रो पत्रमा यस कारणबारे यस्तो लेखे: "यो विश्वासयोग्य कुरा हो: किनकि यदि हामी उहाँसँग मर्यौं भने हामी पनि उहाँसँगै बाँच्नेछौं। यदि हामीले दुःख भोग्यौं भने, हामी पनि उहाँसँगै शासन गर्नेछौं। यदि हामीले उहाँलाई इन्कार गर्‍यौं भने उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ। यदि हामी विश्वास गर्दैनौं भने, तैपनि ऊ विश्वासी रहन्छ। उसले आफूलाई इन्कार गर्न सक्तैन* (२ तिमोथी २:११-१३)।

२. *अनि जसले मानिसको पुत्रको **निन्दा गर्छ** (एक शब्द बोल्छ) उसले उसलाई क्षमा गर्नेछ। तर जसले पवित्र आत्माको **निन्दा गर्छ (एक शब्द बोल्छ)** उसले क्षमा पाउनेछैन। प्रेरित पावलले तिमोथीलाई त्यस समयको बारेमा पनि लेखे: अगाडि **मैले**[137] निन्दा गरें, खेदो गरें र उहाँको अपमान गरें, तर मैले यी अजान र अविश्वासमा गरेको हुनाले **मैले कृपा पाएँ।** ख्रीष्ट येशूमा भएको विश्वास र प्रेमको साथ मेरो निम्ति हाम्रा प्रभुको अनुग्रह प्रशस्त मात्रामा उर्लिआयो। यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ* (१तिमोथी १:१३-१५)।

---

[136] **नरक**। (यो लेख हेर्नुहोस्: के नरक बाइबलमा छ? मृत्युपछिको जीवन कस्तो हुन्छ होला?)

[137] प्रेरित पावल

बाइबलबाट के देखिन्छ भने परमेश्वरले मानिसलाई नरकमा फ्याँक्ने दुइटा कारणहरू छन्: १) येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरालाई जानीजानी इन्कार गर्नु र २) जानाजानी पवित्र आत्माको विरुद्धमा बोल्नु। अर्को शब्दमा भन्ने हो भने, उहाँ जो असल हुनुहुन्छ, उहाँलाई दुष्ट ठान्नु र दुष्टलाई असल मान्नु हो।

पाठको सुरुमा येशूले चेलाहरूलाई मानिसहरूसित डराउनु पर्दैन भन्नुभएको थियो। अनि मानिसहरूले तिनीहरूलाई शासक र अधिकारीहरूसामु ल्याउँदा आफ्नो प्रतिरक्षामा के गर्ने नगर्ने चिन्तित हुनुपर्दैन किनभने पवित्र आत्माले तिनीहरूलाई बोल्नुपर्ने बेलामा के भन्नु पर्छ सो दिनुहुनेछ भनेर बताउनुभयो।

**पाठ सार:**

येशूका अनुयायीहरूलाई परमेश्वरसँग डराउनुपर्ने कुनै कारण छैन।

**प्रयोग:**

तपाईंले भन्नु भएको वा गर्नुभएका सबै कुराहरू प्रकट हुने भएकोले, ती कुराहरू, जसको लागि तपाईं लज्जित हुनुहुन्छ, अब येशूसामु स्वीकार गर्नुहोस् (प्रकट गर्नुहोस्) ताकि ती सबै उहाँको रगतले ढाकिन सकून्।

*पाठ ३८*

# जीवनका चिन्ताबाट छुटकारा

**समूह चिनजानः**

- कस्ता कुराले तपाईंलाई चिन्तित बनाउँछ?
- तपाईं किन चिन्तित?

**परिचयः**

येशूले आफ्ना चेलाहरूलाई परमेश्वरको डर मान्नुपर्ने कुनै कारण छैन किनभने तिनीहरू उहाँका मित्रहरू थिए भनेर भनिसक्नुभएको छ। र उहाँको मित्रताको साथ मानिस, मृत्यु र सार्वजनिक भाषणको डरबाट मुक्ति आउँछ।

**बाइबल पठनः**

**लूका १२:१३-३४, मत्ती ६:२४-३४**
**सम्पत्ति भण्डार गर्नु**
**लूका १२:१३-२१**

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

भीडमा कसैले येशूलाई भने, "गुरुज्यू, मेरो भाइलाई परिवारको सम्पत्ति मसित बाँड्न भन्नुहोस्।" तर येशूले तिनलाई भन्नुभयो, "हे मानिस, कसले मलाई तिमीहरूमाथि न्यायकर्त्ता वा मध्यस्थ नियुक्त गऱ्यो?" येशूले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो अनि सबै प्रकारका लोभहरूबाट होशियार रहो। किनकि जब मानिससित प्रशस्त सम्पत्ति हुन्छ, तब पनि उसको जीवन उसको सम्पत्तिले भरिएको हुँदैन।" येशूले तिनीहरूलाई एउटा दृष्टान्त सुनाउनुभयो। उहाँले भन्नुभयो, "एउटा धनी मानिसको भूमि अत्यन्त फलदायी थियो। येशूले आफैलाई तर्क गर्न थाल्नुभयो, 'म के गरूँ, किनभने मसित अन्न भण्डारण गर्ने ठाउँ छैन?'" येशूले भन्नुभयो, "म यही गर्नेछु। म मेरा खलिहानहरू भत्काउनेछु अनि ठूला-ठूला घरहरू बनाउनेछु। म त्यहाँ मेरो सबै अन्न र सामानहरू भण्डारण गर्नेछु। "अनि म मेरो प्राणलाई भन्नेछु, "हे प्राण, तिमीले धेरै वर्षसम्म धेरै सामानहरू राखेका छौ। आफ्नो आराम लिनुहोस्, खानुहोस्, पिउनुहोस् र आनन्दित हुनुहोस्। तर परमेश्वरले त्यसलाई भन्नुभयो, "हे मूर्ख! आजकै रात तिम्रो आत्मा तिमीसँग आवश्यक छ। अनि अब तिमीले तयार पारेका कुराहरूको मालिक को हुनेछ?' त्यो मानिस पनि त्यस्तै हो जसले आफ्नो निम्ति धन-सम्पत्ति राख्छ, र परमेश्वरप्रति धनी हुँदैन।"

## डरबाट छुटकारा
## मत्ती ६:२४-३४, लूका १२:२२-३४

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

"कसैले पनि दुई मालिकको सेवा गर्न सक्दैन। किनभने कि त उसले एउटालाई घृणा गर्छ र अर्कोलाई प्रेम गर्छ, अथवा ऊ एक जनासँग टाँसिएर अर्कोलाई तुच्छ ठान्छ। तिमीहरूले **परमेश्वर र धन दुवैको** सेवा गर्न सक्दैनौं।[138] "यसैकारण म तिमीहरूलाई भन्दछु, 'के खाउँला, के पिउँला' भनी आफ्नो प्राणको निम्ति र 'के लगाउँला' भनी **आफ्नो शरीरको निम्ति फिक्री नगर।'** के जीवन खानेकुराभन्दा र शरीर लुगाफाटाभन्दा उत्तम होइन? आकाशका **चराचुरुङ्गीलाई हेर।** तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? तिमीहरूमध्ये कुनचाहिँले फिक्री गरेर आफ्नो आयुमा एक घड़ी पनि थप्न सक्छ? "अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका **लिली फूललाई हेर**, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? **यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर फिक्री नगर।** किनकि अन्यजातिहरूले यी सब थोक खोज्दछन्, र तिमीहरूका स्वर्गमा हुनुहुने पिताले तिमीहरूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ। **तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर,** र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। **यसकारण भोलिको निम्ति फिक्री नगर, किनकि भोलिको दिनले आफ्नो फिक्री आफै गर्नेछ।** आजको दुःख आजको निम्ति पर्याप्त छ।" **"सानो बगाल, नडराओ!** किनभने तिमीहरूलाई राज्य दिन तिमीहरूका पिता प्रसन्न हुनुहुन्छ। **तिमीहरूको सम्पत्ति बेचेर दान देओ।** आफ्नो **निम्ति थोत्रो नहुने थैलीहरू बनाओ।** स्वर्गमा कहिल्यै नष्ट नहुने धन स्वर्गमा सञ्चय गर। त्यहाँ चोर आउँदैन र कीरा पनि लाग्दैन। किनकि जहाँ तिम्रो धन छ, त्यहीँ तिम्रो मन पनि हुनेछ।

**आज्ञाहरू:**

- ❖ आफ्नो जीवनको लागि चिन्तित नहुनुहोस्।
- ❖ कागहरूलाई विचार गर्नुहोस्।
- ❖ लिलीहरूलाई विचार गर्नुहोस्।
- ❖ तिमीहरूले के खानु पर्छ र के पिउनु पर्छ भनेर नखोज अनि चिन्ता नगर।
- ❖ तर उहाँको राज्यको खोजी गर।
- ❖ त्यसैले भोलिका लागि चिन्तित नहुनुहोस् ।

**पाठ:**

उहाँले एउटा दृष्टान्त सुनाएर पाठ सुरु गर्नुहुन्छ:

*"धनी मानिसको भूमि धेरै फलदायी थियो। येशूले आफैलाई तर्क गर्न थाल्नुभयो, "म के गरूँ, किनभने मसित अन्न भण्डारण गर्ने ठाउँ छैन?" तब येशूले भन्नुभयो, "म यही गर्नेछु। म मेरा खलिहानहरू भत्काउनेछु अनि*

138

*ठूला-ठूला खलिहानहरू बनाउनेछु। म त्यहाँ मेरो सबै अन्न र सामानहरू भण्डारण गर्नेछु। अनि म मेरो प्राणलाई भन्नेछु, "हे प्राण, तिमीले धेरै वर्षको लागि धेरै सामानहरू राखेका छौ। आफ्नो आराम लिनुहोस्, खानुहोस्, पिउनुहोस् र आनन्दित हुनुहोस्। तर परमेश्वरले तिनलाई भन्नुभयो, "हे मूर्ख! आजकै रात तिम्रो आत्मा तिमीसँग आवश्यक छ। अनि अब तिमीले तयार पारेका कुराहरूको मालिक को हुनेछ?' त्यो मानिस पनि त्यस्तै हो जसले आफ्नो निम्ति धन-सम्पत्ति थुपार्छ, र परमेश्वरप्रति धनी हुँदैन"* (लूका १२:१६-२१)।

यो दृष्टान्तबाट स्पष्ट हुन्छ कि मानिसहरूले छनौट गर्छन्। तिनीहरू कि त परमेश्वरको सेवा गर्न वा आफैलाई नै रोज्ने गर्छन्। येशूले यसलाई अर्कै तरिकामा राख्नुभयो। *"कसैले पनि दुई मालिकको सेवा गर्न सक्दैन। किनभने कि त उसले एउटालाई घृणा गर्छ र अर्कोलाई प्रेम गर्छ, अथवा उसले एउटाप्रति समर्पित हुन्छ र अर्कोलाई तुच्छ ठान्छ। तिमीहरू परमेश्वर र धनको सेवा गर्न सक्तैनौ* (मत्ती ६:२४)।

**समूह छलफल:**

१. के तपाईं परमेश्वरको सेवा गर्दै हुनुहुन्छ कि धनको?
२. तपाईंलाई कसरी थाहा भयो?

**पाठ जारी**

मानिसहरूले सेवा गर्न दुई जना मालिकहरूमध्ये एकलाई छान्न सक्छन् भन्ने गम्भीर सोचाइका साथ पाठ सुरु गरेपछि येशूले चेलाहरूलाई[139] तिनीहरूले परमेश्वरको सेवा गरिरहेका छन् भनेर आश्वस्त पार्नुभयो। उहाँले तिनीहरूलाई एउटा आज्ञा दिएर त्यो गर्नुहुन्छ। *यसकारण म तिमीहरूलाई भन्दछु, "तिमीहरूले के खानेछौ भनी आफ्नो जीवनको चिन्ता नगर।*[140] *न त तिमीहरूको शरीरको निम्ति, तिमीहरूले के लगाउनेछौ। किनभने जीवन भोजनभन्दा बढी छ, र शरीर लुगाफाटाभन्दा बढी छ।"* अर्को शब्दमा, "किनकि मैले तिमीहरूलाई मित्र भनेको छु र तिमीहरूले मलाई पछ्याइरहेका छौ; तिमीहरूले खाना र लुगाफाटाको चिन्ता गर्नु पर्दैन किनभने परमेश्वरले तिमीहरूका निम्ति प्रबन्ध गर्नुहुनेछ।"

परमेश्वरले उहाँको अनुसरण गर्ने मानिसहरूलाई प्रदान गर्नुहुन्छ भन्ने अवधारणा चेलाहरूका लागि नौलो थिएन । तिनीहरूका पुर्खाहरूले मोशालाई पछ्याउँदै मिश्र छोडे र उजाडस्थानमा चालीस वर्षको दौडान तिनीहरूले कहिल्यै खाना वा लुगाफाटाको अभाव महसुस गरेनन्। साथै, इस्राएलमा **पूजाहारीको** रूपमा सेवा गर्ने लेवीहरूलाई काम गर्नु आवश्यक थिएन तर परमेश्वरले तिनीहरूका निम्ति मानिसहरूका बलिदानहरू र स्वतन्त्र इच्छाअनुसार चढाएका बलिदानहरूबाट खुवाउनुभयो।

धेरै वर्षपछि प्रेरित पत्रुसले ख्रीष्टियनहरूको परमेश्वरसितको यस विशेष करारको सम्बन्धबारे यसो भने:

---

[139] चेला त्यो हो जसले आफ्नो गुरुबाट सिक्छ र त्यसपछि आफूले दिएको आज्ञा पालन गर्छ। *"यदि तिमीहरूले मेरो आज्ञा पालन गर्यौ भने तिमीहरू मेरा मित्रहरू हौ।"* (यूहन्ना १५:१४)

[140] चिन्ता नगर्नुहोस् - चिन्तित नहुनुहोस् - कुनै विचार नगर्नुहोस् - विचलित नहुनुहोस्।

तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। प्रत्येक ख्रीष्टियनले मिश्रबाट निस्केका इस्राएलीहरूको कथा बुझ्नु अनिवार्य छ किनभने यो सबै ख्रीष्टियनहरूको जीवनसँग मिल्दोजुल्दो छ। कोरिन्थीहरूलाई आफ्नो पहिलो पत्र लेख्दा प्रेरित पावलले यो सल्लाह प्रयोग गरे। *यी कुराहरू तिनीहरूलाई एउटा उदाहरणको रूपमा घटित भयो। यी कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए। तिनीहरूमाथि युगको अन्त आइपुगेको छ* (१ कोरिन्थी १०:११)।

आउनुहोस् समानताहरूका सम्झना गरौं:

१. इस्राएलीहरू मिश्रमा बस्दा दासत्वमा थिए।

क. ख्रीष्टियनहरू संसारमा बस्दा पापको बन्धनमा थिए।

२. इस्राएलीहरूले छुटकारा पाएको रात आफ्नो घरको ढोका र ढोकामा निष्खोट थुमाको रगत लगाए। त्यसपछि तिनीहरू ढोकाबाट भित्र पसे र मृत्युका स्वर्गदूतले तिनीहरूको ढोकामा रगत देखेपछि तिनीहरूलाई बचाइयो (प्रस्थान १२)।

ख. येशू ख्रीष्ट परमेश्वरको निष्खोट थुमा हुनुहुन्छ। इस्राएलीहरूले प्रयोग गरेझैं कलवरीको क्रूसमा उहाँको रगत खन्याइयो। काँडाको मुकुटले उहाँको शिरबाट रगत बगायो र ढोकाका खम्बाहरू जहाँ काँटीहरूले उहाँका हातहरू छेडेका थिए, त्यहींबाट रगत बग्ने बाटो बन्यो। येशूले भन्नुभयो, *"ढोका म नै हुँ, यदि कोही मबाट भित्र पस्छ भने उसले उद्धार पाउनेछ* (यूहन्ना १०:९)।

३. इस्राएलीहरू सबै बादलमुनि थिए[141] र सबैले समुद्र तरे।[142] अनि सबैले बादल र समुद्रमा मोशामा बप्तिस्मा लिए (१ कोरिन्थी १०:१-२)।

ग. सबै ख्रीष्टियनहरूले पवित्र आत्मा र पानीमा येशू ख्रीष्टमा बप्तिस्मा लिएका छन्। *किनभने त्यहाँ तीनवटा गवाहीहरू छन्: आत्मा, पानी र रगत; र तीनै जना सहमत छन्* (१ यूहन्ना ५:७-८)।

४. इस्राएलीहरूले सीनै पर्वतमा ढुङ्गाको पाटीमा लेखिएको मोशाको व्यवस्था पाए।

घ. ख्रीष्टियनहरूले सियोन पर्वतमा आफ्नो हृदयमा लेखिएको ख्रीष्टको व्यवस्था प्राप्त गरे।

५. सबै इस्राएलीहरूले एउटै आत्मिक भोजन खाए। मन्ना, स्वर्गबाट आएको रोटी।

ङ. ख्रीष्टियनहरू सबैले एउटै आत्मिक भोजन खान्छन्। प्रभुभोको रोटी, जुन ख्रीष्टको शरीर हो।

६. इस्राएलीहरू सबैले त्यही आत्मिक पेय पिए, किनभने तिनीहरूले आफूलाई पछ्याइरहेको आत्मिक चट्टानबाट पिउँदै थिए। र त्यो चट्टान ख्रीष्ट हुनुहुन्थ्यो।

च. ख्रीष्टियनहरू सबैले एउटै आत्मिक पेय पिउँछन्। प्रभुभोजको दाखमद्य, जुन ख्रीष्टको रगत हो।

७. परमेश्वर **अधिकांश** इस्राएलीहरूसित प्रसन्न हुनुभएन र तिनीहरू मरूभूमिमा मरे। ती मानिसहरू १) दुष्ट

[141] हिब्रू भाषामा जुन विशेष बादलको चर्चा गरिएको छ, त्यसलाई शेखिना भनिन्छ: महिमाको बादल। यो त्यही बादल हो जसले इस्राएलीहरूलाई उजाडस्थानमा घुमफिर गर्न डोऱ्यायो, रातको समयमा आगोको खम्बा बन्यो र परमेश्वरको मन्दिर भरियो। यसले जहिले पनि परमेश्वरको उपस्थितिलाई सङ्केत गर्छ।

[142] लालसमुद्र

कुराहरूको लालसा गर्थे, २) मूर्तिपूजकहरू थिए, ३) अनैतिक कामहरू गरे, ४) परमप्रभुको परीक्षा लिए, र ५) उहाँको विरुद्धमा गनगन गरे। तिनीहरू आफ्नो अविश्वास (विश्वासको कमी) को कारण प्रतिज्ञा गरिएको देशमा प्रवेश गरेनन्।

छ. ख्रीष्टियनहरूलाई यस्ता कुराहरू नगर्न चेतावनी दिइएको छ।

८. इस्राएलीहरूले आफ्नो यात्रामा कहिल्यै पनि खाना, लुगाफाटा वा बासस्थानको अभाव खड्केन।

ज. ख्रीष्टियनहरूले आफ्नो जीवनमा खाना, लुगाफाटा वा बासस्थानको अभाव हुनेछैनन् ।

९. जब इस्राएलीहरू युद्धमा भाग लिन्थे, तिनीहरूले सधैं जित्थे।

झ. ख्रीष्टियनहरू आत्मिक युद्धमा संलग्न हुँदा तिनीहरूसधैं विजयी हुन्छन् ।

१०. इस्राएलीहरूले थुमाको शिरमाथि हात राख्दा ती पापहरू स्वीकार्दा तिनीहरूले आफ्ना पापहरू क्षमा पाएका थिए।

ञ. ख्रीष्टियनहरूले परमेश्वरको थुमा येशूसामु स्वीकार्दा आफ्ना पापहरू क्षमा हुन्छन्।

११. इस्राएलीहरूले विश्वासद्वारा डण्डामा राखिएको काँसाको साँपलाई हेरेपछि तिनीहरूले भोगेका कष्टहरूबाट निको भए।

ट. क्रूसमा क्रूसमा टाँगिनुभएका येशू ख्रीष्टलाई हेर्दा ख्रीष्टियनहरू निको हुन्छन्।

१२. यहोशूलाई पछ्याउँदै इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा प्रवेश गरे।

ठ. ख्रीष्टियनहरू यहोशूलाई पछ्याउँदै प्रतिज्ञा गरिएको देश (स्वर्ग) मा प्रवेश गर्नेछन्।[143]

**पाठ जारी**

येशूले पाठलाई जारी राख्नुहुँदा उहाँले चेलाहरूलाई थप आश्वासन दिनुहुन्छ जब उहाँले तिनीहरूलाई भन्नुहुन्छ, *"कागहरूको विचार गर।"*

- तिनीहरूले न त बीउ छर्छन्, न कटनी गर्छन्। तिनीहरूले आफ्नो खाना आफै बनाउन सक्दैनन्।
- तिनीहरूको न त भण्डार छ, न त भकारी नै छ। तिनीहरूले आफूले पाएको कुनै पनि खानेकुरा भण्डारण गर्न सक्दैनन्।
- तैपनि परमेश्वरले तिनीहरूलाई खुवाउनुहुन्छ। यद्यपि तिनीहरू अशुद्ध पशुहरू हुन्। *कागले*

[143] मैले यहाँ यहोशू नाउँ प्रयोग गर्नुको कारण हिब्रूभाषामा येशूको नाउँ यहोशू (यहोशू) हो, जसको अर्थ हो, "म मुक्ति हुँ"। मोशाले आफ्नो अनाज्ञाकारिताका कारण इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देशमा लैजान सकेनन् भनेर तपाईंलाई सम्झाउनुपर्छ। यो तब भयो जब उहाँले चट्टानमा प्रहार गर्नुभयो, जुन ख्रीष्ट थियो, दोस्रो पटक पानी ल्याउनको लागि। परमेश्वरले मोशालाई चट्टानसित कुरा गर्न भन्नुभएको थियो र त्यसले पानी निकाल्नेछ। यसको प्रभाव यो भयो कि मोशाले एउटा झूटो भविष्यसूचक चिन्ह दिए: ख्रीष्टलाई दुई चोटि प्रहार गरिनेछ भनेर। तथापि, परमेश्वरले आफ्ना पुत्र येशू ख्रीष्टलाई एकचोटि मात्र प्रहार गर्न दिनुभयो: प्रभुको निस्तार चाडमा। उहाँका परीक्षाहरूमा, कष्ट सहनु र क्रूसमा टाँगिनु। मोशाले इस्राएलीहरूलाई यसो पनि भने, "परमेश्वरले तिमीहरूका दाज्यू-भाइहरूबाट मजस्तै अगमवक्ता खडा गर्नुहुनेछ" (व्यवस्था १८:१५)। गन्ती २७:१२-२३ को पुस्तकले यहोशूलाई परमेश्वरले छान्नुभयो र उहाँले नै इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देशमा डोऱ्याउनुभयो भनेर सङ्केत गर्छ। यहूदीहरूले आज येशू (यशुवा वा यहोशू) ख्रीष्टलाई प्रतिज्ञा गरिएको देश (स्वर्ग) मा मानिसहरूलाई डोऱ्याउने एक अगमवक्ताको रूपमा यो सम्बन्ध कहिल्यै बनाएका छैनन्।

*परमेश्वरलाई पुकार्दा र खाना नपाएर यताउता भौंतारिंदा त्यसको पोषणको लागि कसले तयारी गर्छ?* (अय्यूब ३८:४१)

- कागहरूले आफ्नो दैनिक प्रबन्धको लागि परमेश्वरमा भर पर्नुपर्छ। यर्मियाले परमेश्वरका जनहरूको सन्दर्भमा पनि यही कुरा बताए। *परमप्रभुको दयालु अनुग्रहहरू कहिल्यै समाप्त हुँदैनन्, किनकि उहाँका कृपाहरू कहिल्यै असफल हुँदैनन्।* ***तिनीहरू हरेक बिहान नयाँ हुन्छन्;*** *तपाईंको विश्वासनीयता महान् छ* (विलाप३:२२-२३)।
- अनि नबिर्सनुहोस्, परमेश्वरले कागहरू (अशुद्ध चराहरू ) पनि प्रयोग गर्नुभयो। अनिकालको समयमा अगमवक्ता एलियालाई खुवाउनका लागि प्रयोग गरिएका ती चरा र तिनीहरूका भोजनहरू गैर-कोशेर हुन् (१ राजा १७:१-६)।
- येशूले चेलाहरूलाई यसो भन्नुभयो, *"लिलीहरूलाई विचार गर।"*
- तिनीहरू कसरी हुर्कन्छन्? तिनीहरूले परमेश्वरलाई बीउ, माटोमा पोषक तत्वहरू, घाम र वर्षा आपूर्ति गर्न अनुमति दिन्छन्।
- तिनीहरू न त परिश्रम गर्छन्, न त कात्छन्। तिनीहरू आफ्नो लागि लुगा हरू बनाउँदैनन्।
- तिनीहरू सुन्दर छन्। तैपनि मानिसहरूले आफ्नो लागि बनाउन सक्ने उत्तम लुगाहरू पनि त्यति सुन्दर हुँदैनन्।
- लिलीहरू आफ्नो दैनिक प्रबन्धको लागि परमेश्वरमा भरोसा गर्छन्। यर्मियाले परमेश् वरका जनहरूको सन्दर्भमा पनि यही कुरा बताए । *परमप्रभु मेरो अंश हुनुहुन्छ, मेरो आत्मा ले भन्छ, यसैले म उहाँमा आशा राख्दछु। उहाँलाई पर्खनेहरू, उहाँलाई खोज्ने हरूलाई प्रभु असल हुनुहुन्छ* (विलाप३:२४-२५)।
- अनि याद राख्नुहोस्, आदम र हव्वाले पाप गर्दा पनि तिनीहरूलाई लुगा लगाउन पर्याप्त ध्यान दिनुभएको थियो।

जब येशूले पाठलाई निष्कर्षमा ल्याउन थाल्नुहुन्छ उहाँले चेलाहरूलाई खाना, पानी र लुगाफाटाजस्ता आवश्यक कुराहरूको चिन्ता नगर्न फेरि सम्झाउनुहुन्छ। यदि तिनीहरूले आफ्नो जीवनमा उहाँको शासन स्थापित गर्न खोजे भने परमेश्वरले तिनीहरूको प्रबन्ध गर्नुहुनेछ। त्यसपछि यसमा उहाँ थप्नुहुन्छ, कि चेलाहरूले भोलिको लागि कुनै विचार गर्नु पर्दैन किनभने मन्ना जस्तै उहाँका आशिषहरू हरेक दिन नयाँ छन्। अनि चिन्तित भएर वा फिक्री गरेर कसैले  आफ्नो आयु बढाउने आशा गर्न सक्छ र?

**समूह छलफल:**

१. असल सरकारहरूले जनताका लागि कस्ता कुराहरू गर्न खोज्छन्?

२. परमेश्वरले आफ्ना जनहरूका लागि कस्ता कुराहरूको प्रबन्ध गर्नुहुन्छ?

**पाठ सार**

परमेश्वरले तपाईंको आवश्यकतापूरा गर्नुहुनेछ।

**प्रयोग:**

भजन संग्रह १०३ पढ्नुहोस्

*पाठ ३९*

# सेवकपन

**समूह चिनजान**

- धनी व्यक्तिको हैसियतले, तपाईंको निजी कामदारमा कस्ता गुणहरू होस् भन्ने तपाईंले चाहनुहुन्छ?
- तपाईंको निजी कामदारको रेखदेख गर्ने जिम्मेवारी कसको हो?

**परिचय:**

जब येशूले अघिल्लो पाठको निष्कर्ष निकाल्नुभयो, उहाँले आफ्ना चेलाहरूलाई पहिले परमेश्वरको राज्यको खोजी गर भन्नुभयो। यो भन्नु झण्डै यो जस्तै थियो, "पहिले, आफ्नो जीवनमाथि परमेश्वरको शासन स्थापित गर।" एक चोटि चेलाले त्यो प्रतिज्ञा गरिसकेपछि परमेश्वरले उसका लागि जीवनका आवश्यकताहरू पूरा गर्ने जिम्मेवारी स्वीकार्नुहुन्छ। यसो गर्दा उसले चिन्ता गर्नुपर्ने कुनै कारण हुनेछैन र आफ्नो समय र ध्यान परमेश्वरको सेवामा लगाउन सक्नेछ।

**बाइबल पठन:**

**लूका १२:३२-५९**
**सेवकपन**
**लूका १२:३२-३४**

*बाइबलबाट परमेश्वरको वचन: "मेरो पछि लाग"*

**"सानो बगाल, नडराओ!** किनभने तिमीहरूलाई राज्य दिन तिमीहरूका पिता प्रसन्न हुनुहुन्छ। **तिमीहरूको सम्पत्ति बेचेर दान देओ। आफ्नो निम्ति थोत्रो नहुने थैलीहरू बनाओ।** स्वर्गमा कहिल्यै नष्ट नहुने धन स्वर्गमा सञ्चय गर। त्यहाँ चोर आउँदैन र कीरा पनि लाग्दैन। किनकि जहाँ तिम्रो धन छ, त्यहीँ तिम्रो मन पनि हुनेछ।

**बाह्रमासै तयार रहनुहोस्**
**लूका १२:३५-४०**

*बाइबलबाट परमेश्वरको वचन: "मेरो पछि लाग"*

"**तिमीहरूका आफ्ना कम्मर कस** र तिमीहरूका बत्ती बालिराख। **तिमीहरू ती मानिसहरू जस्ता होओ, जसले आफ्ना मालिक** विवाहको भोजबाट फर्किआएर ढकढक्याउँदा तिनको निम्ति झट्टै ढोका खोलिदिन्छन्। ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले आफ्नो पटुका कसेर तिनीहरूलाई खान बसाउनेछन्, र

आएर तिनीहरूको सेवा गर्नेछन्। **यदि तिनी मध्यरात वा त्यसभन्दा अझ ढिलो आउँदा पनि**[144] नोकरहरूलाई जागै भेट्टाए भने, तिनीहरू धन्यका हुन्। तर यो जान, कि चोर कुन बेला आउँछ भनेर घरका मालिकले जानेका भए तिनी जागा बस्नेथिए, र चोरलाई घर फोरेर पस्न दिनेथिएनन्। **तिमीहरू पनि तयार रहो,** किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ।"

## वफादार र चेतनशील भण्डारे

## लूका १२:४१-४८

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

तब पत्रुसले भने, "हे प्रभु, के यो दृष्टान्त हाम्रै निम्ति मात्र बताउनुभएको हो, कि अरू सबैका निम्ति?" प्रभुले भन्नुभयो, "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्? त्यो दास धन्यको हो, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्। तर त्यस दासले आफ्नो मनमा "मेरा मालिक आउन ढिलाउनुहुनेछ" भनेर कमारा र कमारीहरूलाई पिट्न लाग्यो, र त्यो खान, पिउन र मात्न लाग्यो भने, त्यसले आशा नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक आउनेछन्, र त्यसलाई दण्ड दिनेछन्, र त्यसको दशा अविश्वासीहरूको जस्तो हुनेछ। "आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ।"म पृथ्वीमाथि आगो खन्याउन आएको हुँ, त्यो त बरु अघिबाटै सल्किसकेको भए हुनेथियो! एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ। त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु! के तिमीहरू सम्झन्छौ कि म पृथ्वीमा शान्ति ल्याउन आएँ? होइन, म तिमीहरूलाई भन्दछु, बरु म विभाजन ल्याउन आएँ। किनभने अब उसो एक परिवारमा पाँच जना एक-अर्कामा विभाजित हुनेछन्, तीन जनाका विरुद्धमा दुई, र दुई जनाका विरुद्धमा तीन। तिनीहरूमा विभाजन हुनेछ— बाबुको विरुद्धमा छोरा, र छोराको विरुद्धमा बुबा, आमा छोरीको विरुद्धमा र छोरी आमाको विरुद्धमा, सासू आफ्नी बुहारीको विरुद्धमा, र बुहारी त्यसकी सासूको विरुद्धमा।"

## समझदार बन्नु

## लूका १२:५४-५६

*बाइबलबाट परमेश्वरको सन्देश: "मेरो पछि लाग"*

---

[144] दोस्रो घडी, वा तेस्रो पनि। येशूले सम्भवतः रातलाई घडीमा विभाजन गर्ने यहूदी विधिको कुरा गरिरहनुभएको होला। यहूदीहरूले रातलाई चार-चार घण्टाको तीन घडीमा विभाजन गरेः पहिलो - ६ बजे - १० बजे, दोस्रो - १० बजे - २ बजे, तेस्रो - २ बिहान - ६ बजे। रोमीहरूले रातलाई तीन-तीन घण्टाको चारवटा घडीमा विभाजन गरे।

उहाँले भीड़लाई पनि भन्नुभयो, “तिमीहरू पश्चिमतिर बादल उठ्दैगरेको देखेर झट्टै भन्दछौ, ‘पानी पर्ने रहेछ,’ र त्यसै हुन्छ। जब दक्षिणी बतास चल्छ तब तिमीहरू भन्छौ, ‘गर्मी हुनेछ, र त्यसै हुन्छ। ए कपटी हो! तिमीहरू आकाश र पृथ्वीका लक्षणहरू बताइदिन सक्छौ, तर वर्तमान समयको अर्थ लाउन किन जान्दैनौ? “कुन कुरा ठीक हो भनेर तिमीहरू आफै किन निर्णय गर्दैनौ? तिमीहरूको उजूरवालासँग हाकिमकहाँ जाँदा, बाटैमा त्यससँग मिलाप गर, नत्रता त्यसले तिमीलाई न्यायाधीशकहाँ तानेर लैजानेछ, र न्यायाधीशले तिमीलाई अफिसरको हातमा जिम्मा दिनेछ, र अफिसरले तिमीलाई झ्यालखानमा हालिदिनेछ। म तिमीलाई भन्दछु, तिमीले एक-एक पैसा नतिरुञ्जेल त्यहाँबाट छुट्नेछैनौ।”

**आज्ञाहरू:**

- नडराऊ! सानो बगाल।
- आफ्ना सम्पत्ति बेच।
- दान देऊ।
- आफ्नो निम्ति बलियो झोला बनाऊ।
- तम्तयारीका पहिरन लगाऊ।
- दियो बालिराख।
- आफ्ना मालिकको प्रतिक्षामा बस।
- तिमीहरू पनि तयार रहो।

**समूह छलफल**

१. के तपाईं परमेश्वरको सेवक हुनुहुन्छ?
२. परमेश्वरले तपाईंको लागि जीवनका आवश् कताहरू पूरा गर्नुहुनेछ भन्ने कुरामा के तपाईं विश्वास गर्नुहुन्छ?

**पाठ: भाग १ - परमेश्वरद्वारा नियुक्त गरिएको**

येशूले आफ्ना चेलाहरूलाई परमेश्वरले तिनीहरूलाई नियुक्त गर्नुभएको छ भनी आश्वासन दिएर सेवकपन पाठ सुरु गर्नुहुन्छ। परमेश्वरको राज्य तिनीहरूलाई दिन उहाँले **खुसीसाथ** छनौट गर्नुभएको छ, त्यसैले तिनीहरू डराउनु पर्दैन। उहाँले तिनीहरूका आवश्यकताहरू पूरा गर्नुहुनेछ। अनि परमेश्वरले चेलाहरूलाई स्वतन्त्र तवरमा नियुक्त गर्नुभएको हुनाले तिनीहरूले आफ्नो सम्पत्ति बेचेर कमाएको पैसा गरिब तथा खाँचोमा परेकाहरूलाई दिन स्वतन्त्र महसुस गर्न सक्छन्।

प्रारम्भिक मण्डलीमा उद्दारचित्तले दान दिने कार्यहरू निकै प्रचलित थिए किनभने प्रेरितको पुस्तकले यसलाई प्रमाणित गर्छ:

*विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे (प्रेरित २:४४-४५)। विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि*

*आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए। ती प्रेरितहरूले बड़ो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो। तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गा जमिन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे (प्रेरित ४:३२-३५)।*

**पाठ: भाग २ - कामको विवरण**

येशूले आफ्ना चेलाहरूलाई गर्न लगाउनुभएको अर्को कुरा भनेको आफ्नो लागि झोला बनाउनु हो, जुन नबिग्रने, स्वर्गमा अटुट धन थुपार्ने व्याग हो। यो आज्ञा सुनेर चेलाहरू केही छक्क परे होलान्। तर येशूले भनिरहनुभएको कुरालाई एकैछिन् सोचविचार गरेर के थियो त भनी थाहा पाउन सक्छौं। यसलाई विश्लेषण गरौं।

- धर्मशास्त्रअनुसार केवल तीन वटा चीजहरू छन् (सम्पत्ति[145]) जसको अनन्त मूल्य वा मान्यता छ। तिनीहरू विश्वास आशा र प्रेम हुन् (१ कोरिन्थी १३:१३)। यी तीनै स्वर्ग र पृथ्वी दुवैमा अमूल्य खजानाहरू हुन्। कुनै पनि चोरले तिनीहरूलाई चोर्न सक्तैन र कुनै कीरा वा धमिराले तिनीहरूलाई नष्ट गर्न सक्दैन।
- विश्वासको आशा र प्रेमलाई सधैंभरि थाम्न सक्ने झोला बनाउने सामग्रीहरू खोज्नु अर्को कदम हो। योग्य सामाग्री केवल मानिस मात्र हुन्। तिनीहरूलाई येशू ख्रीष्टको चेला बनाउन सकिन्छ, जसले तिनीहरूमा भण्डार गरिएका धन-सम्पत्तिहरू लिएर स्वर्ग जानेछन्:

> *तब येशू माथि जानुभयो र तिनीहरूलाई भन्नुभयो, "मलाई स्वर्ग र पृथ्वीमा सबै अधिकार दिइएको छ। यसकारण जाऊ अनि सबै जातिका मानिसहरूलाई चेला बनाऊ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ। मैले तिमीहरूलाई जे आज्ञाहरू दिएको छु त्यो पालन गर्न तिनीहरूलाई सिकाऊ। र हेर, म सधैं तिमीहरूका साथमा छु, युगको अन्तसम्म पनि"* (मत्ती २८:१८-२०)।

**पाठ: भाग ३ - दैनिक जिम्मेवारीहरू**

पाठको अन्तिम भागमा येशूले चेलाहरूलाई दैनिक जिम्मेवारीहरूबारे बताउनुभयो। पहिलो, तिनीहरू तयारी पोशाकमा हुनुपर्छ। यसको तात्पर्य के हो भने चेलाहरू सधैं तयार रहनुपर्छ र धर्मशास्त्रको एउटा प्रसिद्ध खण्डलाई यसले औंल्याउँछ:

*यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार*

[145] यसै चेला सृङ्खलाको पाठ १३ हेर्नुहोस्

*लेओ, जोचाहिँ परमेश्वरको वचन हो। सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो* (एफिसी ६:१३-१८)।

दोस्रो, उहाँले तिनीहरूलाई आफ्नो बत्ती बालिराख भन्नुहुन्छ। येशूको गवाही अरूसामु ल्याउँदा चेलाहरूको ज्योति चम्किन्छ भनेर पाठ ४ मा थाहा पायौं। प्रकाश चम्काउन तेलको निरन्तर आपूर्ति आवश्यक छ। सम्पूर्ण धर्मशास्त्रमा तेललाई प्रतीकात्मक रूपमा पवित्र आत्माको प्रतिनिधित्व गर्न प्रयोग गरिएको छ। उदाहरणका लागि, जकरिया अध्याय ४ मा हामी सातवटा हाँगा भएको सुनौलो सामदानको चित्र देख्छौं, जसको छेउमा दुइटा जैतूनका रूखहरू छन्, जसका नलीहरूबाट सामदानका दीयोसम्म तेल बगिरहेको छ। तब हामी परमेश्वरले यसो भन्नुभएको सुन्छौं, "बल र शक्तिद्वारा होइन, तर मेरो आत्माद्वारा।" चेलाहरूले आफ्ना बत्तीहरूलाई उज्यालो राख्न निरन्तर परमेश्वरको आत्माले भरिपूर्ण हुनु आवश्यक छ। चाखलाग्दो कुरा त के छ भने, केही महिनापछि येशूले चेलाहरूलाई **पाँच बुद्धिमान र पाँच मूर्ख कन्याहरूका दृष्टान्त** सुनाउनुहुँदा तेल नसिद्धाओ भनी चेतावनी दिनुभयो।

तेस्रो, येशूले चेलाहरूलाई आफ्नो मालिकलाई पर्खिरहेका नोकरहरूजस्तै होओ भन्नुभयो। यस आदेश भित्र दुई अवधारणाहरू छन्: **अपेक्षा र प्राथमिकता।** चेलाहरूले दिनहुँ चेला बनाउने काम गर्नुपर्छ। तथापि, तिनीहरूले आफ्नो मालिकको आगमनको लागि सतर्क रहनुपर्छ जसले तिनीहरूलाई अहिले गरिरहेको काममा थप निर्देशनहरू दिन सक्छन्। ख्रीष्टियनहरूका रूपमा हामीले निरन्तर हाम्रा प्रभुको आवाज सुन्नुपर्छ र हामीले गरिरहेको काम तुरुन्तै रोक्नुपर्छ र त्यसको जवाफ दिनुपर्छ।

येशूले तिनीहरूलाई भन्नुभएको कुराबाट थप सङ्केत पाउन सकिन्छ:

*तिमीहरू ती मानिसहरू जस्ता होओ,* ***जसले आफ्ना मालिक विवाहको भोजबाट फर्किआएर ढकढक्याउँदा तिनको निम्ति झट्टै ढोका खोलिदिन्छन्*** (लूका १२:३६)।

प्रकाशको पुस्तकमा येशू फर्कनुअघि मण्डलीलाई दिइएको अन्तिम सन्देश यही विषयसित सम्बन्धित छ। मण्डली धनी, उदासीन र आत्म-सन्तुष्ट भएको छ। तैपनि परमप्रभु तिनीहरूको सेवकाइबाट अप्रसन्न हुनुहुन्छ र तिनीहरू अभावमा खड्किएको देख्नुहुन्छ। के तिनीहरूले अब उहाँको आवाज सुन्छन्? के तिनीहरूले उहाँलाई आफ्नो बीचमा स्वागत गर्नेछन्? लाओडिसियाको[146] मण्डलीलाई दिइएको सन्देशमा के लेखिएको छ, सुन्नुहोस्:

*जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर।* ***हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु, र त्यसले मसँग खानेछ।*** *जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा*

[146] लाओडोसियाको अर्थ “मानव अधिकार” हो।

*मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु। जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ* (प्रकाश ३:१६-२२)।

**समूह छलफल:**

३. येशूले आफ्ना चेलाहरूले आफ्नो सम्पत्ति बेचेर दान गरेको किन चाहनुहुन्छ जस्तो तपाईंलाई लाग्छ?

४. कसरी तपाईंले नच्यातिने प्रभावकारी झोला (चेलाहरू) बनाउन सक्नुहुन्छ?

५. के तपाईं प्रत्येक दिन परमप्रभुको वचनको अपेक्षा गर्दै पर्खिरहनुभएको छ?

६. के तपाईं आफ्नो कामभन्दा उहाँको वचनलाई प्राथमिकता दिन इच्छुक हुनुहुन्छ?

**पाठ सार:**

असल सेवक बन्न सिक्नुहोस्।

**प्रयोग:**

प्रकाश ३:१४-२२ पढ्नुहोस्

# के बाइबलमा “नरक” भन्ने कुरा उल्लेख छ? मृत्युपछिको जीवन कस्तो देखिन्छ?

### परिभाषा

पुनरुत्थान शब्दलाई युनानी शब्द "अनास्तासिस" बाट अनुवाद गरिएको हो जसको अर्थ "**उठ्नु**" **वा** "**ब्यूँतनु**" हो। यसले मरेका मानिसहरूलाई फेरि जिउँदो बनाइने कुरा बताउँछ।

### स्पष्टीकरण

मरेकाहरूको पुनरुत्थान र अनन्त न्यायबारे अध्ययन थाल्नुअघि हामी पवित्रशास्त्रमा प्रयोग गरिएका केही शब्दहरू नरक वा मरेकाहरूको बासस्थानसित सम्बन्धित छन् भनेर स्पष्ट पार्ने कोसिस गर्नेछौं। बाइबलले छवटा फरक-फरक शब्दहरू प्रयोग गरेको छ उस्तै हुनाले अलमल्लिन सकिन्छ। ती हुन्:

१. पाताल (शिओल)
२. नरक (हेडिस)
३. मृतलोक (टार्टारोस)
४. रसातल (अबीस)
५. नरककुण्ड (गेहन्ना)
६. अग्नी कुण्ड (लेक अफ फायर)

धर्मशास्त्रमा कहीँ पनि "नरक" शब्द प्रयोग गरिएको छैन। "नरक" शब्द "**लुकाउनु**" अवधारणाको अंग्रेजी अनुवाद हो। यसलाई दुष्ट मरेकाहरूको बासस्थानका साथै शैतान र त्यसका प्रेतहरूको वासस्थानको रूपमा पनि चिनिन थालेको छ। बाइबलका विभिन्न संस्करणको आधारमा नरक शब्द, माथि उल्लिखित कुनै पनि शब्दको लागि प्रयोग गर्न सकिन्छ।

### शिओल

शिओल एक हिब्रू शब्द हो र पुरानो नियममा मरेकाहरूको बासस्थानलाई परिभाषित गर्न मात्र प्रयोग गरिन्छ। दुष्ट र धर्मी दुवै जना आफ्नो मृत्युपछि त्यहाँ गए भनेर बाइबलले भनेको छ, जस्तो देखिन्छ। यो शब्द  चिहानसँग अलमल्लिनु हुँदैन, जुन पार्थिव शरीर गाड्ने स्थान हो। मरेकाहरूबाट पुनरुत्थान हुनुभन्दा अघि यो आत्माहरूको **अस्थायी** वासस्थान हो जस्तो देखिन्छ।

### हेडिस्

हेडिस एक ग्रीक शब्द हो, जसको अर्थ "अदृश्य" हो र यो मरेकाहरूको बासस्थानको वर्णन गर्न प्रयोग गरिन्छ। यो हिब्रू शब्द शिओलसँग घनिष्ठ रूपमा सम्बन्धित छ। तथापि, येशूले प्रयोग गर्नुभएको शब्दअनुसार धर्मी र अधर्मीहरूको विभाजन छ। अधर्मीहरूको वासस्थान हेडिस हो। धर्मीहरूको वासस्थानलाई अब्राहामको काँख **(लूका १६:२२-२६)** वा स्वर्गलोक **(लूका २३:४३)**

भनिन्छ। हेडिस र अब्राहामको काँख वा स्वर्गलोक मरेकाहरूबाट पुनरुत्थान हुनुअघि आत्माहरूको अस्थायी वासस्थान जस्तो देखिन्छ। अन्तिम इन्साफ र नयाँ स्वर्ग र पृथ्वीको सृष्टिपछि धर्मीहरूको अनन्त गन्तव्य नयाँ यरूशलेम हो।

**(मत्ती ११:२३, मत्ती १६:१८, लूका १०:१५, लूका १६:२३, प्रेरित २:२५, प्रकाश १:१७,प्रकाश ६:८, प्रकाश २०:१३)**

**टार्टारोस**

टार्टारोस एक ग्रीक शब्द हो जसले पतन भएका स्वर्गदूतहरूको **अस्थायी** वासस्थानलाई बुझाउँछ **(२ पत्रुस २:४)।**

**अबीस (रसातल)**

रसातल एक ग्रीक शब्द हो, जसको अर्थ "गहिरो" हो र यसमा अथाह वा अमापनीय गहिरो भन्ने विचार समावेश छ। अगाध खाडल भन्ने शब्दले पतन भएका स्वर्गदूतहरू भएको अस्थायी ठाउँको वर्णन गरेको जस्तो देखिन्छ, जबकि टार्टारोस ठाउँको व्यक्तिवाचक नाम हो।

**(लूका ८:३१, रोमी १०:७, प्रकाश ९:११, ११:७, १७:८ र २०:१)**

**गेहन्ना**

गेहेन्नालाई नयाँ नियमभरि चरम यातना दिने ठाउँको रूपमा वर्णनको गरिएको छ। यो शब्द दुई हिब्रू शब्द "गे" र "हिन्नोम" को प्रयोगबाट लिइएको हो र हिन्नोमलाई घाटीको वर्णन गर्न प्रयोग गरिन्छ। यो उपत्यका यरूशलेमको दक्षिण र पश्चिमतिर अवस्थित छ र सियोन पर्वतलाई दुष्ट सल्लाहको पहाडबाट छुट्याउँछ। यो बेंसी यहूदीहरूको धर्मत्याग गर्ने ठाउँ थियो, जहाँ मोलेकको आगोबाट केटाकेटीहरूलाई पार गर्ने संस्कार चल्थ्यो **(१राजाहरू ११:७)**। राजा योशियाहले त्यसलाई घृणित ठाउँमा परिणत गरे जहाँ लाशहरू फालिन्थ्यो र जलाइन्थ्यो **(२राजाहरू २३:१३-१४)।** मरेकाहरूबाट पुनरुत्थान र अन्तिम इन्साफपछि दुष्ट आत्माहरूको यो अनन्त गन्तव्य भएको देखिन्छ। यो शब्द हाम्रो अङ्ग्रेजी शब्द "नरक" सँग नजिकबाट सम्बन्धित छ।

**(मत्ती ५:२२, मत्ती ५:२९, मत्ती १०:२८, मत्ती १८:९, मत्ती २३:१५, मत्ती)**

**आगोको ताल**

शैतान, दुष्टात्माहरू, पतन भएका स्वर्गदूतहरू, ख्रीष्टविरोधी, झूटा अगमवक्ता, मृत्यु, हेडिसमा रहेकाहरू र ती व्यक्तिहरू जसको नाउँ जीवनको पुस्तकमा लेखिएको छैन, तिनीहरूका अनन्त गन्तव्य अन्तिम इन्साफपछि आगोको कुण्ड हो। यो शब्द अङ्ग्रेजी शब्द "नरक" को हाम्रो अवधारणासँग नजिकबाट सम्बन्धित छ। आगोको ताल शब्द अनन्त यातना वर्णन गर्ने स्थान हो जस्तो देखिन्छ जबकि गेहेन्ना त्यस स्थानको व्यक्तिवाचक नाम हो।

**( प्रकाश १९:२०, प्रकाश २०:१०, प्रकाश २०:१४, प्रकाश २१:८ )**

**इतिहास**

पुरानो नियमको दौडान थुप्रै इस्राएलीहरूले शारीरिक पुनरुत्थानमा विश्वास गरे। वास्तवमा येशूको समयमा अस्तित्वमा रहेको यहूदी धर्मको एक मात्र प्रमुख सम्प्रदाय जसले मरेकाहरूबाट शारीरिक पुनरुत्थानमा विश्वास गर्दैनथ्यो, ती सदूकीहरू मात्र थिए (मत्ती २२:२३)। यरूशलेमको पूर्वमा जैतुन पर्वतको धेरै भाग ओगटेको विशाल चिहान यस व्यापक विश्वासको एउटा प्रमाण हो। धेरै धर्मात्मा यहूदीहरू वर्षौंदेखि यहाँ गाडिएका छन् किनभने तिनीहरूले विश्वास गरे कि जब मसीह आउनुहुन्छ, तब उहाँ पहिले यही नै आउनुहुन्छ र तिनीहरूलाई अरूभन्दा पहिले मरेकाहरूबाट जीवित पार्नुहुन्छ।

**मसीहको पुनरुत्थान**

प्रेरित पावलले मसीह तेस्रो दिनमा मरेकाहरूबाट बौरी उठ्नुहुनेछ भनेर धर्मशास्त्रले साक्षी दिएको **बताए ( १ कोरिन्थी १५:४)**। तिनले उल्लेख गरेको मुख्य खण्ड **भजन संग्रह १६:८-११ हो**। प्रेरित पत्रुसले पेन्तिकोसको दिन यहूदी मानिसहरूलाई सुसमाचारको प्रस्तुतिमा उद्धृत गरेको खण्ड पनि यही हो **(भजन १६:८, भजन ७१:२०-२१)।**

अब्राहामले इसहाकलाई बलिदान चढाउन लाग्दा परमेश्वरले तिनको ठाउँमा भेडा उपलब्ध गराउनुभएदेखि सुरु भएको पुनरुत्थानको दिन भनेको तेस्रो दिन हो बन्ने धेरै सङ्केतहरू छन् **(उत्पत्ति २२:४)।**

इस्राएलीहरूले मिश्र छोडेपछि, परमेश्वर तेस्रो दिन सीनै पर्वतमा तिनीहरूसँग भेट गर्न आउनुभयो र मोशा बादलमा उहाँकहाँ गए **(प्रस्थान १९:११)।**

.

एस्तरले उपवासको तेस्रो दिन राजासामु आफ्ना जनहरूको उद्धारको लागि बिन्ती गरिन् **(एस्तर ५:१)।**

अगमवक्ता योना सुख्खा भूमिमा ओकलिनु अघि तीन दिन र तीन रात एउटा ठूलो माछाको पेटमा थिए (योना १:१७)।

मसीहका अगमवाणीहरू पूरा गर्न येशूले आफ्नै मृत्यु र पुनरुत्थानको भविष्यवाणी गर्नुभयो **( मत्ती १७:२२-२३, मत्ती २०:१८-१९ र लूका १८:३१-३३) ।**

### मरेकाहरूबाट पुनरुत्थान हुने अरूहरू

( अय्यूब १९:२५, यशैया २६:१९, इजिकेल ३७:१-१४, दानियल १२:१-४, होशे ६:२, २ पत्रुस ३:८, प्रेरित ४:१ )

### मरेकाहरूबाट पुनरुत्थान चरणबद्ध रूपमा हुन्छ

(१ कोरिन्थी १५:२०-२६) .

**पहिलो चरण - मसीहको पुनरुत्थानमा - पहिलो फल।**

१. येशू ख्रीष्ट
२. अरूहरू (मत्ती २७:५२)।
   - (येशूको पुनरुत्थानभएको पचास दिनपछि पेन्तिकोसको दिन राजा दाऊद आफ्नो चिहानमा नै थिए भनी पत्रुसले घोषणा गरेकाले यस पुनरुत्थानमा पुरानो नियमका सबै सन्तहरू समावेश थिएनन्।)

**दोस्रो चरण - येशू ख्रीष्टको दोस्रो आगमनमा।**

१. ख्रीष्टको दोस्रो आगमनमा भएको यस पुनरुत्थानलाई प्रकाशको पुस्तकमा "पहिलो पुनरुत्थान" भनिएको छ। यो येशू ख्रीष्टको पुनरुत्थानबाट सुरु हुन्छ, फसलको पहिलो फल र उहाँको दोस्रो आगमन, बाँकी कटनीको साथ समाप्त हुन्छ।
२. यो पुनरुत्थान ती मानिसहरूको आत्माको लागि हो जसलाई येशूको गवाही बनेका र परमेश्वरको वचन प्रचार गरेका हुनाले शिर काटिएका थिए (*तिनीहरूको विश्वासको लागि मारिएका थिए*), र ती मानिसहरूका लागि हो जसले त्यो पशु वा त्यस मूर्तिको पूजा गरेका थिएनन् र आफ्नो निधार वा हातमा त्यसको चिन्ह लगाएका थिएनन्। तिनीहरू जीवित भए र ख्रीष्टसँग एक हजार वर्ष (यरूशलेममा) शासन गरे। हजार वर्षको अन्त नहुञ्जेल बाँकी मरेकाहरू जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। पहिलो पुनरुत्थानमा सहभागी हुने व्यक्ति धन्य र पवित्र भएको छ! यस्ता व्यक्तिहरूमाथि दोस्रो मृत्युले हाबी जमाउँदैन। तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी हुनेछन्, र तिनीहरूले एक हजार वर्षसम्म उहाँसँग राज्य गर्नेछन् (प्रकाश २०:४-६)।

३. येशूले आफ्नो आगमनमा पुनरुत्थानको दुई-तह प्रकृतिको बारेमा पनि बताउनुभयो (यूहन्ना ११:२५ - मरेकाहरूको पुनरुत्थान र जीवितहरू सिधैं हावा लगिने)।

**तेस्रो चरण - अन्तमा - पृथ्वीमा ख्रीष्टले हजार वर्ष शासन गरिसकेपछि।**

अनि अघिनै पुनरुत्थान नभएका सबैलाई तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आ-आफ्ना कामअनुसार इन्साफ भयो। मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए। यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो। जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो (प्रकाश २०:११-१५)।

मरेकाहरूको पुनरुत्थान ख्रीष्टियन विश्वासको केन्द्रबिन्दु हो।

१. परमेश्वरले येशूको पुनरुत्थानलाई मृत्युबाट पुनरुत्थान हुनेछ र मानवजातिमाथि न्याय हुनेछ भन्ने प्रमाणको रूपमा प्रयोग गर्नुहुन्छ (प्रेरित १७:३०-३१)।
२. प्रेरित पावलले कोही-कोही ख्रीष्टियनहरूलाई हप्काए किनभने तिनीहरूले पुनरुत्थान छैन भनिरहेका थिए (१ कोरिन्थी १५:१२-१४)।
३. सुसमाचारमा विश्वास गर्ने ख्रीष्टियनहरूको लागि यो प्रतिज्ञा हो (यूहन्ना ६:४०)।
४. ख्रीष्टियन बप्तिस्माले आफूलाई पुनरुत्थानसित चिनाउँदछ (रोमी ६:६-१०).

**अन्य अवलोकनहरू**

१. जब मरेकाहरूले परमेश्वरका पुत्रको आवाज सुन्छन् (यूहन्ना ५:२५-२६).
२. पुनरुत्थान अघि र पछि हाम्रो शरीरको विपरीत (१ कोरिन्थी १५:४१-४४).
    a. हाम्रो शरीर एक अर्काभन्दा फरक हुनेछ।
    - हाम्रो शरीर सधैंभरि रहिरहनेछ।
    - हाम्रो शरीर महिमामय हुनेछ।
    - हाम्रो शरीर शक्तिशाली हुनेछ।
    - हाम्रो शरीर आत्मीय हुनेछ।
    - हाम्रो शरीर उड्न सक्षम हुनेछ। (येशू स्वर्गमा जानुभयो)
    - हाम्रो शरीर भौतिक वस्तुहरूबाट छिरेर पारित गर्न सक्षम हुनेछ। (येशू एउटा बन्द कोठामा चेलाहरूसामु देखा पर्नुभयो।
    - हाम्रो शरीर फरक देखिनेछ। (मरियम मग्दलिनीले बगैंचामा येशूलाई चिनेकी थिइनन्, न त तिनका काका क्लियोपासले इम्माऊस जाने बाटोमा। बन्द कोठामा उहाँको उपस्थिति देखेर उहाँका चेलाहरू छक्क परे र डराए। चेलाहरूले पत्रुससित गालील समुद्रमा माछा मार्न जाँदा येशूलाई धेरै दिनअघि यरूशलेममा देखेपछि किनारमा उभिरहेको तिनीहरूले चिनेनन्। येशू बोल्नुहुँदा मानिसहरूले उहाँलाई चिन्न सकेजस्तो देखिन्छ)

# बाइबलका पदद्वारा चेलापनका पाठहरू

पुस्तक २

# कटनीमा

**मत्ती १३:१-२३, मर्कूस ४:१-२०, लूका ८:४-१५**
पाठ १८

**मर्कूस ४:२१-२९, लूका ८:१६-१८**
पाठ १९

**मत्ती १३:२४-५२, मर्कूस ४:३०-३४**
पाठ २०
**मत्ती ८:२३-३४ र ९:३५-३८, मर्कूस ४:३५-५:२०, लूका ८:२२-३९**
पाठ २१

**मत्ती १०:१-१५, मर्कूस ६:७-१३, लूका ९:१-६, १०:१-१६**
पाठ २२

**मत्ती १०:१६-२३, लूका १०:३**
पाठ २३

**मत्ती १०:२४-४२**
पाठ २४

**मत्ती १४:१५-२१, मर्कूस ६:३५-४४, लूका ९:१२-१७, यूहन्ना ६:३-१४**
पाठ २५
**मत्ती १४:२४-३३, मर्कूस ६:४७-५२, यूहन्ना ६:१४-२१**
पाठ २६

**मत्ती १५:१-२०, १६:५-१२, मर्कूस ७:१-२३, ८:१३-२१**
पाठ २७

**मत्ती १६:१३-२८, १७:२२-२३, मर्कूस ८:२७-९:१, ९:३०-३२, लूका ९:१८-२७, ९:४३-४५**
पाठ २८

**मत्ती १७:१-१३, मर्कूस ९:२-१३, लूका ९:२८-३६**
पाठ २९
**मत्ती १७:१४-१८:६, मर्कूस ९:३८-४१, लूका ९:४६-५०**
पाठ ३०

**मत्ती १८:६-९, मर्कूस ९:४२-४८**
पाठ ३१

**मत्ती १८:१०-२०**
पाठ ३२
**मत्ती १८:२१-३५, मर्कूस ९:४९-५०, लूका १७:१-१०**
पाठ ३३

**मत्ती ११:२५-३०, लूका १०:१७-२४**
पाठ ३४

**लूका ११:१-१३**
पाठ ३५

**लूका १२:१-३**
पाठ ३६

**लूका १२:४-१२**
पाठ ३७

**मत्ती ६:२४-३४, लूका १२:२१-३१**
पाठ ३८
**लूका १२:३२-५९**
पाठ ३९

**आज हामी पवित्र आत्माको शक्तिमा हिँड्दा, येशूले हामीलाई के सिकाउनुहुन्छ र त्यसको अर्थ के हो र कसरी त्यो हाम्रो जीवनमा लागू हुन्छ? आउनुहोस् सिकौं।**


कटनीमा पुस्तकले ख्रीष्टियनहरूलाई सेवकाईको माध्यमबाट मानिसहरूसित जोड्दछ। येशूले आत्मिक तवरमा परिपक्व चेलाहरूको जीवनमा संरचना थप्न, तिनीहरूलाई परमेश्वरको राज्य, सुसमाचार प्रचार, मानिसहरूको हेरचाह, मण्डलीको अनुशासन, डरबाट मुक्ति, विश्वासका साथ प्रार्थना र सेवकपन आदि बारेमा सिकाउन पाठ १८ देखि ३६ सम्म प्रयोग गर्नुहुन्छ।

- ***येशूका शिक्षाहरूले मेरो जीवनलाई पूर्णतया परिवर्तन गरिदिएको छ। (एम.एम.)***
- ***येशूले तपाईंलाई उहाँसँग हिंड्न र उहाँबाट सिक्न आमन्त्रण गर्नुहुन्छ। (जे.जी.)***
- ***म ३० वर्ष भन्दा बढी समयदेखि मण्डलीमा जाँदै छु र यस भन्दा पहिले कहिल्यै पनि यस्तो सुनेको थिइनँ। मण्डलीहरूले यो कुरा किन सिकाउँदैनन्? (जे.आर.)***

३३ वर्षको उमेरमा येशू ख्रीष्टमा विश्वास गरेपछि, माइकल गिब्सनले विश्वासमा कसैले उहाँलाई चेला बनाओस् भन्ने चाहन्थे । कोही पनि नभेट्टाउँदा, तिनी एक विद्यार्थी भए, र त्यसपछि परमेश्वरको वचनको शिक्षक भए।

विशेष गरी एउटा भनाइले तिनको ध्यान खिच्यो: *"जाऊ . . . चेला बनाओ. . . तिनीहरूलाई बप्तिस्मा देओ. . . तिनीहरूलाई मैले तिमीहरूलाई जे आज्ञा दिएको छु, त्यो पालन गर्न सिकाओ"* (मत्ती २८:१९-२०)। त्यसैबाट उनले आफ्नो पहिलो पुस्तक "मलाई पछ्याऊ" (१९९९) लेखे, जसमा येशूले आफ्ना चेलाहरूलाई गर्न र सिकाउन आज्ञा गर्नुभएका २६३ वटा निर्देशनहरू मध्ये प्रत्येकलाई जोड दिँदै चारवटा सुसमाचारका पुस्तकहरूलाई एउटै खातामा गाभियो। यसपछि तिनले तीन भागको शिक्षण शृङ्खला, "येशूसँगकोको यात्रा" र अरू थुप्रै पुस्तकहरू लेखेका छन् जसले विश्वासीहरूलाई सेवकाईको काम गर्न सुसज्जित गर्न मदत गर्छ।

Key2Changes.com
3472 Research Parkway, Ste 104 PMB 436
Colorado Springs, CO 80920




Key 2 Changes
Obeying the commands of Jesus is the Key 2 Changes in people's lives.